ISSN 2091-2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक




किरण पुस्तकालय
तम्घास, गुल्मी




५८औं पुस्तकालय सभाको समुद्घाटन गर्दै लुम्बिनी प्रदेश सभा सदस्य माननीय डिल्लीराज भुसाल ।



किरण पुस्तकालयको ५७औं वार्षिकोत्सवका अवसरमा रु. एक लाखको चेक हस्तान्तरण गर्दै लुम्बिनी प्रदेश सभा सदस्य माननीय डिल्लीराज भुसाल ।



५८औं पुस्तकालय सभामा प्रतिवेदनमाथि छलफल भइरहेको एक दृश्य ।

# हाम्रो पुरुषार्थ

त्रैमासिक

वर्ष : ५३ अङ्क : १ सम्पूर्णाङ्क : १०८ कार्तिक-पुस : २०८२

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक-सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**लेआउट**

झवीन्द्र पन्थी

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३

**प्रकाशक**

## किरण पुस्तकालय

तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२९७७८७

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य रु. १५०/-

आवरण : किरण पुस्तकालय भवन, गुल्मी ।

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

## काठमाडौं प्रतिनिधि
**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७
**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५
**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६
**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६
**डा. कृष्ण भण्डारी 'मुमुक्षु'**
फोन नं. ९८५६०३२४७७

## रुपन्देही प्रतिनिधि
**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८
**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११
**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४
**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि
पूर्णप्रसाद अधिकारी
फोन नं. ९८५५०६१८६३

## दाङ प्रतिनिधि
प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

## पाल्पा प्रतिनिधि
कमल खत्री
फोन नं. ९८४७३०८९०८

## पोखरा प्रतिनिधि
शङ्कर ज्ञवाली
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि
**महेश आचार्य**
**सन्सफ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका**
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
**के. २२/१८ पञ्चगङ्गाघाट**
**वाराणसी, उत्तरप्रदेश, भारत**
फोन नं. ००९१८००५३११०७२

**महेन्द्रकुमार लम्साल**
**लेनकास्टर स्ट्रीट-२२**
**सिड्नी, अस्ट्रेलिया**
फोन नं. ०६१४१२००१७६९

**शंकरप्रसाद शास्त्री**
**गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला**
**देहरादून, उत्तराखण्ड, भारत**
फोन नं. ००९१९९९७२०७४८४

**विष्णु शर्मा**
**पी. डब्लू. डी. कोलोनी**
**डिफू,कर्बी, एङ्गलो, आसाम, भारत**
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# साहित्य र राजनीति

- भन्छन् साहित्य हितले युक्त हुन्छ । साहित्यले समाजको हित गर्छ । साहित्य समाजको हितैषी हुन्छ । मान्छेलाई शान्ति, समता, करुणा र विश्वबन्धुत्वको भाव दिन्छ साहित्यले । मान्छेलाई ज्ञान र नैतिक चेतले सिंगार्छ साहित्यले । मान्छेका मन र मस्तिष्क माफेर सद्विचार र सदाचार भर्छ साहित्यले । मान्छेलाई मान्छे बनाउँछ साहित्यले ।

- राजनीति नभई नहुने नीति हो । यो एउटा सत्य हो - जसमा केही अहं, केही लालसा, केही राग, केही उन्माद र प्रवञ्चना पनि रहेका हुन्छन् । हो यथार्थ आदर्शजस्तो हुँदैन । आदर्श एउटा सुन्दर परिकल्पना हुन्छ सधै । यथार्थ सधै सुन्दर नहुन सक्छ । सपनाफैं विपना नहुन सक्छ । राजनीति कहिले विद्रूपमय बनिदिन्छ, कहिले ढोंग बनिदिन्छ, कहिले सपना बनिदिन्छ । मान्छेहरू सपनामा हराउँछन् ।

- कठोर हुन्छ राजनीति ढुंगाफैं । नरम हुन्छ साहित्य नौनीफैं । साहित्य भन्छ - जलमा, थलमा, नभमा सर्वत्र शान्ति होस् । राजनीति भन्छ म र मेरामा मात्र शान्ति होस् । साहित्य भन्छ - निर्धामाथि करुणा गर । अराजक हुन्छ साहित्य । राजनीति भन्छ - निर्धामाथि हमला गर । साहित्य भन्छ - संगसंगै हिडौं, बाँडीचुंडी खाऔँ, द्वेष नगरौं । राजानीति भन्छ - निर्धाले मात्रै शान्ति र समताको कुरा गर्छ । साहित्यले परोपकार भन्छ । राजनीतिले आत्मोपकार भन्छ ।

- साहित्यविना समाज निरस हुन्छ, भावविहीन हुन्छ, विचारविहीन हुन्छ । समाजलाई गतिशील, मतिशील र उन्नतिशील बनाउन साहित्य चाहिन्छ । साहित्य मनमस्तिष्क हो समाजको । राजनीति शरीर र इन्द्रियहरू हुन् समाजका । मनमस्तिष्कको खटनमा चल्नुपर्छ शरीर र इन्द्रियहरू । साहित्य राजनीतिको अनुचर होइन बरु राजनीतिलाई पनि बाटो देखाउने उज्यालो हो । साहित्य सधैं सत्य, समता र शान्तिको राजमार्गमा हिड्छ । समाजलाई सधैं ज्ञान र चेतनाको सन्देश दिइरहन्छ । राजनीतिलाई सधैं आदर्श, नीति र धर्मको पथमा हिड्न फक्फकाइरहन्छ साहित्यले । हो हितले युक्त साहित्य होस् , सहित्यले युक्त राजनीति होस् । यही कामना गरौं ।

-ooo-


## कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको ? | कहाँ ? |
|---|---|---|---|
| | **अन्तर्वार्ता** | | |
| | १. मात्र एउटा सम्झौताको पुलिन्दा . . . | प्रा. डा. दयाराम श्रेष्ठ | १ |
| | २. आफ्नै गाउँ-ठाउँ जाती | एकमाया मरासिनी | १३७ |
| | **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण/जीवनी/पुरावृत्त** | | |
| | १. 'भूकम्प' ले प्रकम्पित कविहृदय . . . | केशवराज आमोदी | ९ |
| | २. 'शून्यको मूल्य' कृतिभित्रका . . . | प्रा. कपिल अज्ञात | १३ |
| | ३. सदा अमर अक्षरको पूजामा . . . | अनिता पन्थी | २२ |
| | ४. युद्ध र घाउहरू | दीन पन्थी | ३२ |
| | ५. स्मृतिको पीडामा अन्तिम सत्य | नैध्रुव शर्मा | ३७ |
| | ६. डायस्पोरिक जीवनको आत्मकथा | छत्रमान सुब्बा | ४२ |
| | ७. गुल्मी जिल्लामा रहेका एक . . . | रेणुका पन्थी | ४९ |
| | ८. देशान्तर कि डायस्पोरा | हरिराज भट्टराई | ६२ |
| | ७. सिकलेस यात्रा | जीवननाथ ढुङ्गाना | ६८ |
| | ८. पुस्तकालयको अवलोकन . . . | रेशमबहादुर पोखरेल | ७५ |
| | ९. सिलगढी देवकोटा भवनमा . . . | वीरेन्द्र थोक्लिहाङ | ९० |
| | १०. पूर्वी नेपालको मनकामना र . . . | ऋषभदेव शर्मा | ९७ |
| | ११. नेपालको प्रथम होमस्टे र . . . | पूर्णप्रसाद अधिकारी | १०२ |
| | १२. कविताको भूगोल . . . | माधव काफ्ले | १११ |
| | १३. भुईंमान्छेका सुखदु:ख | लीलाराज दाहाल | ११६ |
| | १४. मुकुन्डो | काशीनाथ मिश्रित | १२१ |
| | १५. कवि नारद गौतमको शब्दका छर्रा . . . | प्रा.डा. हिरण्यलाल झवाली | १२५ |
| | १६. हुलाक टिकटमा स्व. पं. ऋषिराम पन्थी | डा. रामराज पन्थी | १३१ |
| | **कथा/लघुकथा** | | |
| | १. विशालको स्वभाव | पद्मप्रसाद शर्मा | ७४ |
| | २. स्वर्णाक्षरी | मित्र 'उराठी' गौतम | १३६ |

| कति ? के ? | कसको ? | कहाँ ? |
|---|---|---|
| **गीत/कविता/गजल/मुक्तक** | | |
| १. बिसौनीमा | खगेन्द्र गिरि 'कोपिला' | २० |
| २. मेरो देश | विनोद नेपाल | ३१ |
| ३. हजुरलाई मेरो अनुरोध | सिजन श्रेष्ठ | ३५ |
| ४. कसको धर्म के हो ? | कृष्णशरण उपाध्याय पौडेल | ४७ |
| ५. गुल्मी उठे पुग्दछ | भरतराज पौडेल | ६० |
| **स्थायी स्तम्भहरू** | | |
| १. सम्पादकीय | सम्पादक | iii |
| २. भेटघाट | शिवशरण झवाली | १ |
| ३. अनुभव/अनुभूति : एकमाया मरासिनी | शशि पन्थी | १३७ |
| ४. पुस्तकालय परिचय | विश्वनाथ बराल | १४२ |
| ५. किरण पुस्तकालयको पातो | सचिव | १४६ |
| ६. नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १४७ |
| ७. यताउताबाट | रेडियो रेसुङ्गा, दैनिक निर्णय | १५६ |
| ८. पाठक-प्रतिक्रिया | पत्रिका निकै नै उपयोगी | १६१ |
| ९. किरण पुस्तकालयका आजीवन सदस्यको परिचय | | १६२ |
| १०. हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकहरूको नामावली | | १६२ |


ooo


**नेपालका सुप्रसिद्ध चार**
**धाममध्येको एक**
**ऐतिहासिक पवित्र तीर्थस्थल**
**रुरुक्षेत्रको बारेमा विस्तृत**
**जानकारी प्राप्त गर्न**
**किरण पुस्तकालयद्वारा प्रकाशित**
**'हाम्रो पुरुषार्थ'को**
**रुरुक्षेत्र विशेषाङ्क**
**खोजी खोजी पढ्नुहोस् ।**



# प्रतिलिपि अधिकार संरक्षण गरौं ।

- ◆सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं ।
- ◆सिर्जनालाई बचाऔँ, सर्जकलाई सम्मान गरौं ।
- ◆अर्काको सृजना वा रचना चोरी नगरौं ।
- ◆प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं ।
- ◆बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- ◆सृजनाको संरक्षण गरौं ।

**सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।**

## नेपाल सरकार

# विज्ञापन बोर्ड

# मात्र एउटा सम्झौताको पुलिन्दा पो रहेछ जीवन



✍प्रा. डा. दयाराम श्रेष्ठ 'सम्भव'

वि. सं. २००० मा धनकुटाको सिरान बजारमा जन्मनुभएका दयाराम श्रेष्ठ 'सम्भव' नेपाली भाषा, साहित्य तथा नेपाली वाङ्मयका विद्वान् हुनुहुन्छ । उहाँका 'नेपाली साहित्यका केही पृष्ठ' (२०३२), 'साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ' (२०६१), 'नेपाली कथा र कथाकार' (२०७०), 'साहित्यको अनुसन्धान व्यवस्थापन' (२०७७), 'यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिक कालको प्रणयन' (२०७८) आदि कृतिहरू प्रकाशित छन् । 'नेपालको राष्ट्रिय झन्डा' कृतिका लागि उहाँलाई वि. सं. २०५३ मा मदन पुरस्कार प्राप्त भएको थियो । नेपाली साहित्य तथा वाङ्मयका अध्येता उहाँ त्रिभुवन विश्वविद्यालयका प्राध्यापक पनि हुनुहुन्छ । नेपाली साहित्यको कथा विधामा विद्यावारिधि गर्नुभएका श्रेष्ठ विश्वविद्यालय सेवामा रहँदा नेपाली केन्द्रीय विभागको विभागीय प्रमुख बन्नुभएको थियो । विश्वविद्यालयबाट सेवानिवृत्त हुनुभएपछि पनि उहाँ नेपाली साहित्य तथा वाङ्मय क्षेत्रको अध्ययन अनुसन्धानमा निरन्तर क्रियाशील हुनुहुन्छ । ८३ वर्षीय प्राध्यापक डाक्टर दयाराम श्रेष्ठ 'सम्भव' सँग 'हाम्रो पुरुषार्थ' का लागि शिवशरण ज्ञवालीले गर्नुभएको कुराकानी :

**१. गुरु, नमस्कार ! अन्तर्वार्ताका लागि हजूरलाई भेट्न पाउँदा खुशी लागेको छ । हाम्रो तर्फबाट यो अवसरका लागि धन्यवाद ! यहाँको पारिवारिक पृष्ठभूमिसहित सङ्क्षिप्त परिचय पाऊँ न ?**



❁ मेरो जन्मस्थान धनकुटाको सिरान बजार हो । मेरो जन्म वि.सं. २००० श्रावण शुक्ल नवमीका दिन भएको हो । मेरो माताको नाम नैनकुमारी श्रेष्ठ हो, पिताको नाम सूर्यबहादुर श्रेष्ठ हो । सं. २००७ को क्रान्तिपछि मैले स्थानीय 'गोकुण्डेश्वर हाई इङ्लिस स्कुल' मा पढ्न सुरू गरी सं. २०१६ मा एस. एल. सी. उत्तीर्ण

गरेको थिएँ । त्यसपछि स्थानीय 'धनकुटा कलेज' बाट आई. ए. र बि. ए. उत्तीर्ण गरी सं. २०२६ मा त्रिभुवन विश्वविद्यालयबाट एम. ए. नेपाली उत्तीर्ण गरेको हुँ । मैले सं. २०३९ मा त्रि. वि. बाटै विद्यावारिधि गरेको हुँ ।

**२. गुरुले नामका पछाडि 'सम्भव' लेख्नुहुन्छ । यो शब्द जोड्नुका पछाडि कुनै कारण त छैन ?**

- सम्भव' उपनाम जोड्ने प्रेरणा मैले बौद्ध पद्मसम्भव र संस्कृत नाटक 'कुमारसम्भव' बाट पाएको हुँ । यस शब्दको अर्थ हुन्छ....सम्भवामि युगेयुगे (श्रीमद्भगवद्गीता) । मैले यो शब्द Possible भन्ने अर्थमा पनि मन पराएको थिएँ ।

**३. गुरुले आजसम्म लेख्नुभएका मुख्यमुख्य पुस्तकहरू कुनकुन हुन् ? सबैभन्दा सन्तुष्टि प्रदान गरेको पुस्तक कुन हो ?**

- मैले लेखेका मुख्य-मुख्य पुस्तकहरू हुन् :

नेपाली कथा र कथाकार
नेपाली लघुकथा र कथाकार
प्रज्ञा आधुनिक नेपाली कथाकोश
अभिनव कथाशास्त्र
नेपाली राष्ट्रिय झन्डा
साहित्येतिहासको सिद्धान्त

**कथा-दर्शन ।**

पाठ्यपुस्तकहरू समेत गरी पुस्तकहरू ६० भन्दा बढी छन् । तीमध्ये कथा-दर्शनले मलाई सबैभन्दा बढी आत्मसन्तुष्टि दिएको छ ।

**४. तपाईंका किताब पढ्दा नेपाली, संस्कृत र अङ्ग्रेजी भाषाको विज्ञता झल्कन्छ ? यी भाषाको ज्ञान गुरुले कसरी आर्जन गर्नुभयो ?**

- इङ्लिस हाई स्कुलको शिक्षाले मलाई अङ्ग्रेजी सिकायो, गुरुवर श्री हेमचन्द्र पोखरेलको शिष्यत्वबाट मैले संस्कृत सिकें र म आफू नेवार जातिको भएर पनि नेपाली भाषा मेरो पहिलो भाषा भयो । नेपाली विषय प्राध्यापन गर्ने व्यक्तिले यी तीनै भाषाहरू जानेको हुनुपर्दछ ।

**५. नेपाली साहित्यको परम्पराले यसको विकासको जग राखिसकेको छ वा नेपाली साहित्य जगनिर्माणकै चरणमा छ ?**

- नेपाली साहित्य-परम्पराको प्राणप्रतिष्ठा भइसकेको छ, किनभने यसको मूल जरो संस्कृत वाङ्मय बलियो छ ।

**६. नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- वर्तमान नेपाली साहित्यको आख्यान विधा झन्डै विश्वसाहित्यकै स्तरको छ । यसपछि आउँदछ क्रमशः नियात्रा र कविता । निबन्ध र समालोचना विधाहरू निकै पछाडि छन् ।

**७. कतै नेपाली साहित्य आत्मकथा वा जीवनीमा सङ्कुचित हुँदै गएको त होइन ?**

- नेपाली साहित्य जीवनीमा सङ्कुचित भएको होइन, बरू लघुकथा र गजलका क्षेत्रमा देखिएको अराजकताको रोग आख्यानमा पनि सर्ला कि भन्ने पो डर छ ।

**८. गुरुका नेपाली आख्यानका पुस्तकमा रुचि र रीति क्षेत्रको अवधारणा पाइन्छ । यी भनेका के हुन् ? सामान्य भाषामा बुझाइदिनुहोस् न ।**

- रुचिक्षेत्र (Range of Interest) र रीति क्षेत्र (Range of Manner) को सिद्धान्त कथाका प्रकार वा वर्गीकरणका आधारसँग सम्बन्धित छ । समाज, मनोविज्ञान, जीवन र मृत्यु, लिङ्ग, नारी आदि रुचिका क्षेत्र हुन् भने यथार्थवाद, स्वच्छन्दतावाद, प्रगतिवाद आदि वादहरू रीतिका क्षेत्रहरू हुन् । रुचि विषय हो भने रीति शैली वा विधि वा तरिका हो ।

**९. नेपाली साहित्यको इतिहासको कालविभाजनमा मतैक्य पाइँदैन । उदाहरणका लागि आधुनिक काल लेखनाथ कि देवकोटाबाट भन्ने विवाद सुनिन्छ । पछिल्लो समयमा पनि समसामयिक र उत्तरवर्ती भनेर अलमल गरेको पाइन्छ । यो विषयलाई अलिकति प्रष्ट पारिदिनुहोस् न ।**

- साहित्यको कालविभाजन भन्ने कुरा प्राप्त सामग्रीका आधारमा तयार पारिने प्राक्कल्पना (Hypothesis) मात्र हो । तसर्थ भोलि थप अरू प्रामाणिक सामग्रीहरूको अनुसन्धान भएर प्रकाशमा आएमा प्राक्कल्पनाको स्थापना हुन सक्दछ । साहित्येतिहासको लेखनक्रममा यस्तो कामको अन्त्य हुँदैन,

निरन्तर चलिरहन्छ । विश्वविद्यालयहरूका पाठ्यक्रमहरूमा तत्काल पढाइ–सिकाइलाई सहज र सरल बनाउन पूर्ववर्ती र उत्तरवर्तीको अवधारणा लागू गरिएको हो । यो अवधारणा नाम चलाउनका लागि हो ; यसमा कुनै वैज्ञानिकता छैन ।

**१०. यहाँले लामो समय त्रिभुवन विश्वविद्यालयमा बिताउनुभयो । अवकाशपछि पनि यहाँको प्राज्ञिक काममा प्रत्यक्ष अप्रत्यक्ष संलग्नता रहेको पाइन्छ । कतै विश्वविद्यालयमा अनुसन्धानका नाममा सिर्जनालाई कुण्ठित गरिएको त छैन ?**

❁ म त्रि. वि. बाट सेवानिवृत्त भएको पनि पुग नपुग दुई दशक भयो, तर के वाङ्मयको सेवामा समर्पित व्यक्ति सेवानिवृत हुन्छ र ? ८३ वर्षको भएर पनि मेरा पाखुरा बलिया छन् । प्राज्ञिक काम गर्दा मलाई कत्ति पनि थकाइ लाग्दैन । मलाई लाग्दछ– म युवावस्थामै छु, सिक्दैछु, लेख्दैछु । शोधकार्यले मलाई वृद्धावस्थाको अनुभव गर्न दिँदैन । शोधनिर्देशक भएर २७ जना शोधकर्ताहरूलाई विद्याको वारिधिबाट पार लगाइसकें, अझै छ जनालाई पार लगाउनुछ ।

**११. सेवामा रहँदा र अवकाशपछिका प्राज्ञिक काममा कुनै अन्तर रहेको अनुभव छ कि ?**

❁ सेवामा रहँदा र निवृत्त भइसकेपछि यो फरक भनेको विभागमा उपस्थित भएर सही गर्नुपर्ने र नपर्नेभन्दा बाहेक अरू केही छ र ? अझै पढाउँदैछु, पढाएर अघाइन्छ र ? भने फरक कत्ति पनि छैन । फरक रहन दिनु हुँदैन पनि ।

**१२. अनुसन्धानको वर्तमान अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

❁ वर्तमानमा अनुसन्धान कार्यले एउटा गतिलो र सन्तोषजनक गति लिइरहेको छ । यसका विभिन्न कारणहरू छन् ; जस्तै :

(क) दर्शनाचार्य (M. phil) को कार्यक्रम सञ्चालन भई यसप्रतिको आकर्षण बढ्नु जसको परिणामस्वरूप विद्यावारिधि शोधकार्य गर्न उत्प्रेरितहुनु,
(ख) पदोन्नतिका लागि परियोजना कार्य गर्नु र शोधलेखहरू प्रकाशन गराउन उन्मुख हुनु,
(ग) शोधविधिसम्बन्धी मानक सिद्धान्तबारे ज्ञान हुनु र प्रयोगसमेत गर्नु,
(घ) सम्बन्धित संस्था र निकायहरूले शोधकार्यलाई महत्त्व दिनु, र

(ङ) विश्वव्यापीकरणको क्रमले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा शोध उपाधिप्रतिको आकर्षणमा वृद्धि हुनु ।

**१३. नेपाली भाषा, साहित्य र लोकसाहित्यको अध्ययन अध्यापनको गुणस्तर पहिलेभन्दा खस्किएको आरोप लगाइन्छ । यो वास्तविकता नै हो कि आरोप मात्रै हो ? यहाँलाई के लाग्दछ ?**

❁ शैक्षिक बजारमा घट्दो माग, प्रोत्साहनको अभाव, घट्दो विद्यार्थी सङ्ख्या, ए. आई (कृत्रिम बौद्धिकता) र गुगलले ल्याएको विसङ्गति, पढ्ने संस्कृतिमा ह्रास र शिक्षाको व्यापारीकरणले वर्तमानमा नेपाली विषयको अध्ययन-अध्यापनमा नकारात्मक प्रभाव पारेकै हुन् ।

**१४. गत वर्ष नेपाली केन्द्रीय विभागले आयोजना गरेको वनभोज कार्यक्रममा यहाँले संस्कृत सूक्ति उद्धृत गर्दै 'रिन गरेर भए पनि खाऊ ध्यु' भनेर शैक्षिक सन्दर्भलाई जोड्नुभएको थियो । त्यसलाई बिस्तारमा बताइदिनुहोस् न ।**

❁ "ऋणं कृत्वा घृतं पिवेत्" को अभिधेयार्थतिर होइन, लक्ष्यार्थतिर जाऊ भन्न खोजेको थिएँ । मेरो भन्नुको तात्पर्य थियो-नेपाली विषय पढ्दा-पढाउँदा पूरै समर्पित भएर लाग ; यताउति नगर, पूरै समय दिएर र अन्य काम त्यागेर पूरा तयारी गर र कक्षाकोठाभित्र विद्यार्थीहरूलाई सन्तुष्ट पार । इमान्दार होऊ, सत्यवादी बन, कक्षाकोठाभित्र पसेपछि सुम्पेको जिम्मेवारी पूरा गर । झारो टार्ने काम नगर, पलाईन प्रवृति त्याग । जसरी हुन्छ कक्षाकोठालाई परिणाममुखी बनाऊ, फलदायी बनाऊ । विद्यार्थीहरू खुशी देखियून् । ऋण लिएरै भए पनि घिउ खाऊ अथवा , नसुतेरै र नखाएरै भए पनि पूरा अध्ययन गरेर कक्षाकोठाभित्र पस र विद्यादान गर , मात्र विद्यादान । यही कुरालाई मैले वनभोज कार्यक्रममा स्पष्ट पार्न खोजेको थिएँ । मेरो आशय थियो कागजी प्रमाणपत्रले मात्र सफल प्राध्यापक बनाउँदैन, रुचि र अभिवृत्तिसमेतले मात्र तिमीलाई एक उच्चस्तरीय प्राध्यापक बनाउँछ ।

**१५. विश्वविद्यालयका शिक्षक कर्मचारीहरूले राजनीति गरेको गुनासो पाइन्छ । यसप्रति गुरुको धारणा के छ ? आफूले राजनीति नगरेकै कारण पछि परें भन्ने त भएको छैन गुरूलाई ?**

❁ राजनीति गर्ने हो भने पार्टी कार्यालयमै गएर झन्डा बोक्नुपर्छ । शिक्षण संस्था त सरस्वतीको मन्दिर हो, पार्टीको नारा लगाउने थलो होइन ।

सरस्वती माताको हातमा रहेको वाणीको तारको झङ्कारबाट ज्ञान, विद्या प्रज्ञा, विवेकका स्वरहरू गुन्जनुपर्दछ - इन्कलाब जिन्दावाद र मूर्दावादका नाराहरू कदापि होइनन् ।

**१६. नेपालका विश्वविद्यालयका अनुसन्धानमा पाश्चात्य क्षेत्रको अनुकरण गरिएको पाइन्छ । अनुसन्धानको पूर्वीय पद्धति किन अबलम्बन नगरिएको होला ?**

❁ आज देशभरि नै पाश्चात्य शोध प्रविधि र शैलीको सर्वोपरि स्थान रहनुका कारणहरू यस प्रकार छन् :

(क) पाश्चात्य प्रविधि र शैली वैज्ञानिक र व्यवस्थित हुनु,
(ख) देशका विश्वविद्यालयहरू पाश्चात्यमुखी हुन मन पराउनु, र
(ग) पौरस्त्य वाङ्मयमा शोधदर्शनबारे यथेष्ट सामग्रीहरू भएर त्यतापट्टि ध्यान नपुग्नु ।

**१७. 'कथादर्शन' भनेको के हो ? 'कथादर्शन' र 'कथासिद्धान्त' मा के फरक छ ?**

❁ कथा सिद्धान्तको जरो वा आधार कथादर्शन हो । उदाहरणका लागि लिऊँ - कथामा कथावस्तु वा पात्र वा दृष्टिविन्दु वा सारवस्तु, तत्त्वका रूपमा रहेका हुन्छन् । यीमध्ये कुनै पनि तत्त्वको आधारशिला वा जग वा उद्‌गम स्थिति के हो ? यस प्रश्नको उत्तर कथादर्शनले दिन्छ । कथामा कथावस्तु किन हुन्छ ? यस प्रश्नको उतर दर्शन हो । तसर्थ सिद्धान्तमा परिणामबारे मात्र उल्लेख हुन्छ, तर दर्शनमा कारण दिइएको हुन्छ ।

राम मर्‍यो ? 'मर्नु' परिणाम हो ।
मान्छे मरणशील हुन्छ- कारण भएकाले यो दर्शन हो ।
कथाका तत्त्वहरू- कारण नभएर परिणाम,
तत्त्वहरू कसरी रूपायन भए- कारण दर्शन हो ।

**१८. हिजोआज के लेख्दै हुनुहुन्छ ?**

❁ मेरो लेखनको क्षेत्र साहित्य (विशेषतः नेपाली आख्यान) मात्र नभएर संस्कृति पनि हो । हिजोआज मैले यी कामहरू गर्दैछु -

(क) नेपालको राष्ट्रिय झन्डाको दोस्रो परिशोधित संस्करण
(ख) हाम्रो जातीय हतियार खुकुरीबारे अनुसन्धान, र
(ग) सगरमाथाबारे अनुसन्धान ।

## १९. यी अनुसन्धान गर्नुका कारण के होला ?

❁ कुनै पनि प्रबुद्ध नेपाली नागरिकले गर्नुपर्ने काम मैले गरेको हुँ, किनभने-

(क) हाम्रो राष्ट्रिय झन्डा आयाताकारको नभएर द्विपताकायुक्त हुनुका कारण हामीलाई थाहा हुनु पर्दैन ?

(ख) खुकुरी किन हाम्रो राष्ट्रिय हतियार हो भन्ने प्रश्नको उत्तर हामीलाई थाहा हुनुपर्दैन ?

(ग) सगरमाथालाई हाम्रो गौरव मान्नुका आधारबारे हामीलाई लक्ष्य कुराको जानकारी हुनुपर्दैन ?

म एक नेपाली नागरिक भएको नाताले मैले उपर्युक्त तीन शोधकार्यहरू गरेको हुँ ।

## २०. गुरूले सेवानिवृत्त दिनहरू कसरी बिताउँदै हुनुहुन्छ ?

❁ विश्वविद्यालयका प्राध्यापक मानसिक रूपले सेवानिवृत्त हुँदैनन् । प्राज्ञिक क्षेत्रका कर्मवीरहरूका हतियारमा कदापि खिया लाग्दैन । गतिशील कलमको मसी कहिल्यै रित्तिदैन । लेख्ने, पढ्ने, निर्देशन र परामर्श दिने यस्तै-यस्तै काममा दिनहरू बित्दैछन् । खुशी छु, सन्तुष्ट छु ।

## २१. जीवन के रहेछ ?

❁ मात्र एउटा सम्झौताको पुलिन्दा पो रहेछ जीवन ।

## २२. कथा के हो ?

❁ कथा एउटा यस्तो कथात्मक गद्य सङ्कथन हो जुन कार्य-कारण सम्बन्धको सूत्रमा उनिएर पाठकलाई भाव वा विचारलोकमा विचरण गराउँदछ ।

## २३. अनुसन्धान दर्शनको आधार के हो ?

❁ तत्त्वमीमांसा (Ontoloyg), ज्ञानमीमांसा (Epistemoloyg), मूल्यमीमांसा (Axioloyg) अनुसन्धान दर्शनका आधार हुन् । यस आधारविना अनुसन्धान सम्भव हुँदैन ।

## २४. तपाईं आफूलाई प्राध्यापक भन्नुमा गौरव गर्नुहुन्छ कि लेखक वा शोधकर्ता भन्नुमा ?

❁ दुबैमा, किनभने म पहिले प्राध्यापक हुँ र त्यसपछि लेखक वा शोधकर्ता हुँ । मेरो प्राध्यापकले नै मलाई लेखक वा शोधकर्ता बनाएको हो । प्राध्यापक भएरै म

लेखक वा शोधकर्ता बन्न सकें । म प्राध्यापक नबनेको भए व्यापारी, नेता, वकिल के हुन्थें होला- थाहा छैन । प्राध्यापकसहितको लेखक म लेखकसहितको प्राध्यापक एक बुद्धिजीवीको सच्चा पहिचान हो भन्ने लाग्दछ ।

**२५. पार्टीको झन्डा किन नबोक्नुभएको ? झन्डा बोक्नेहरू के-के भइसके, कहाँ-कहाँ पुगिसकें । पछुतो हुँदैन ।**

- स्वाभिमानले मलाई पार्टीको झन्डा बोक्न दिएन । आज म जहाँ छु, त्यो मेरो आफ्नै स्वाभिमानको कमाइ हो । राजनीतिमा लागेर अर्काको कमाइमा आर्जन र मोजमस्ती गर्न मेरो विवेकले मानेन । म जे छु, जहाँ छु - सन्तुष्ट छु ।

**२६. हाम्रो पुरूषार्थबारे तपाईंको धारणा के छ ?**

- 'हाम्रो पुरूषार्थ' ले रचेको इतिहास लोभलाग्दो मात्रै छैन, रहरलाग्दो पनि छ । यसले देखाएको धैर्य, त्याग र समर्पणको साथै उदारता प्रशंसनीय छ । जीवेत शरद शतम् ।

ooo


## अनुरोध

मिति २०८२ फाल्गुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा सबै मतदाताहरूले आफ्नो अमूल्य मददानको सही सदुपयोग गरी निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित तवरले सफल पारौं ।

**निर्वाचन आयोग**

**जिल्ला निर्वाचन कार्यालय**

**गुल्मी, तम्घास ।**

# 'भूकम्प' ले प्रकम्पित कविहृदय र प्रकृतिको रौद्रता

✍केशवराज आमोदी

ज्वलदुज्वल वाक् प्रसरः सरसं कुर्वन् महाकवि काव्यम् ।
स्फुटमाकल्पमनल्पं प्रतनोति यशः परस्याति ॥
-आचार्य रुद्रट ।

वि. सं. २००० चैत्र १३ शुभ मुहूर्तका दिन पिता पं. यादवनाथ कोइराला र माता चन्द्रिका कोइरालाका पुत्र- रत्नको रूपमा पोखराथोक पाल्पामा कृष्णप्रसाद कोइरालाको जन्म भएको हो । सम्पूर्णानन्द सं. वि.वि. वाराणसीबाट साहित्यमा आचार्य र त्रि. वि. वि.बाट शिक्षाशास्त्रमा स्नातक गर्नुहुने कोइराला सम्प्रति बुटवल ११, होराइजन चोक रूपन्देहीमा बसोबास गर्दै साहित्यको आराधना-अध्ययन-सृजन, पत्रकारिताको सम्पादन-अनुशीलन-अनुगमन, सामाजिक सेवाप्रति द्रुततर अवलोकन-सम्वर्धन-सङ्गमनसहित विवरण-सहचरण र जागरणमा निस्पृह र निष्काम-भावले अहोरात्र समर्पित हुनु उहाँको दैनिक दिनचर्या रहेको छ ।

कवि, लेखक, पत्रकार, सामाजिक तथा शैक्षिक अभियन्ताका रूपमा परिचित हुनुहुने कृष्णप्रसाद कोइरालाका नेपाली भाषामा लिखित कृतिहरू निम्नानुसार रहेका छन् -

- हिन्दु चिन्तन ( शास्त्रीय सामान्य ज्ञान , २०४३ )
- वीचि माला ( कवितासङ्ग्रह , २०६३ )
- सुस्केरा शतक ( मुक्तककाव्य , २०६७ )
- जिन्दगीका मोडहरू ( सामाजिक उपन्यास , २०७२ )
- भूकम्प ( खण्डकाव्य , २०७९ )
- मातृकाव्याञ्जलि ( लघुकाव्य , २०८० )

लगभग दुई दर्जन जति प्रशंसापत्र , कदरपत्र , अभिनन्दन तथा सम्मानपत्रहरू विभिन्न सङ्घ-संस्थाबाट पाउनुहुने लब्धप्रतिष्ठित साहित्य-साधक कृष्णप्रसाद

कोइरालाद्वारा उत्तर महाभारतको लागि संस्कृतमा निम्न तीन कृतिहरू रचना गरिएका छन् । जस्तै-

- पाल्पावृत्तम्
- तामाङ जातीय संस्कृति
- स्वर्गद्वारिमहाप्रभु चरितम् ।

यतिखेर म समीक्षक नभए पनि कवि कृष्णप्रसाद कोइरालाको ' भूकम्प '(खण्डकाव्य , २०७९) का सम्बन्धमा पाठकीय धर्मानुसार मनोधारणा राख्ने असफल प्रयास गर्दै छु । कृतिको बाह्यावरणमा भूकम्पले क्षतविक्षत भएका मठमन्दिर , घर , टहरा, महल र अकालमै ज्यान गुमाउन विवश मृतकहरू र तिनलाई ओसारपसार गर्ने सुरक्षादल र स्वयंसेवकहरूको कहाली लाग्दो परिदृश्यले हृदयगति नै बन्द हुने खालको कारुणिक बिम्ब रहेको छ । शुभकामना मन्तव्यका क्रममा प्रा. गोपीकृष्ण शर्माले ' निर्माण र विकासलाई प्रश्रय दिने गहकिलो काव्य ' शीर्षकबाट काव्य संरचनाको उद्‌गम , विस्तृति , विनाशन र विपदाका साथै जन-उद्धारण , जन-आश्वासन र पुनर्निर्मितिजन्य उद्वेलनका सहकार्य र सहगमनमा सहभागी हुँदै गर्दा 'भूकम्प खण्डकाव्य' नै तयार भएको तथ्यलाई समुद्घाटित गर्नुभएको छ भने प्रा.डा. हिरण्यलाल ज्ञवालीद्वारा ' शब्दसम्मति ' मार्फत अनुष्टुपीय छन्दमा नौ श्लोकसम्मको आयातमा कविवर कृष्णप्रसाद कोइरालाको कवितात्मक सौन्दर्य, शिल्प र काव्यगत विशिष्टताका बारेमा सुललित शैलीमा चित्राङ्कन गरिएको छ । 'आफ्नो भनाइ ' बाट स्वयं काव्यकारले काव्य सृजनाको हेतु र प्रयोजनबारे दुइटा प्रसङ्गलाई कोट्याउँदै पहिलो प्रसङ्‍गानुसार भन्नुहुन्छ- "२०७२ साल वैशाख १२ गते दिउसो १२ बजे गएको ७.८ रेक्टरको महाभूकम्पले नेपाली धर्तीलाई र नेपाली मन-मस्तिष्कलाई हल्लाईदिएको छ । "र दोस्रोमा" २०४५ साल भदौ ५ गते धरान-धनकुटा क्षेत्रलाई केन्द्रविन्दु बनाएको महाभूकम्पले हाम्रा पूज्य पिताज्यू कवि पं. यादवनाथ कोइरालाको मन-मस्तिष्कमा पनि गहिरो चोट पुग्दा जसको फलस्वरूप "कालचरित " खण्डकाव्य जन्मिन पुग्यो । २०७२ साल वैशाख १२ गते गएको महाभूकम्पले मलाई पनि रन्थन्यायो जसको प्रतिफल प्रस्तुत "भूकम्प खण्डकाव्य" जन्मिएको छ । यसरी यो काव्य जन्मनुमा अप्रत्यक्षतः पिताको प्रेरणा- अनुकरण रहेको तथ्य उद्घाटन गर्नुभई पितामा निहित कवित्व-प्रतिभाप्रति पनि असीम श्रद्धा-भक्ति प्रकट गर्नुभएको छ ।

भूकम्प आउँदा सम्पूर्ण सुन्दर मानवीय संरचना मात्र बिगार्दैन अपितु मानव जीवनका सघन-धन-जन- मनसहित जपना-तपना र सपनाहरू धूलिसात् हुन पुग्दछन् । विस्तारै थप उद्धार र पुनर्निर्माणका अथक सार्थक प्रयासहरू हुँदै मानव जीवन र भौतिक विकासका नव-द्वारहरू खुल्दै जान्छन् ।

सामान्यार्थमा काव्यको रचना गर्नेलाई कवि भनिएझैं छन्दमा लेखिएको काव्य (कविको रसात्मक रचना) लाई पद्य र काव्यतत्त्वलाई (काव्यगुण), भनिन्छ । आचार्य विश्वनाथका मतानुसार संस्कृत, प्राकृत भाषा वा बाह्लीका आदि विभाषाका नियमानुसार रचिएको एउटा कथाको निरूपक, पद्यबद्ध ,सर्गमय ग्रन्थ- जसमा सबै सन्धिहरू नभएको होस् - त्यसलाई काव्य भनिन्छ । 'खण्डकाव्यं भवेत्काव्यस्यैक देशानुसारि च" काव्यको एक अंश अनुसरण गरिने कवि कर्मलाई खण्डकाव्य भनिन्छ । आख्यान र निरपेक्ष आख्यानका रूपमा लेखिएका महाकवि देवकोटाको ' मुनामदन' राष्ट्रकवि माधव घिमिरेको ' गौरी लाई लिन सकिन्छ ।

कवि कृष्णप्रसाद कोइरालाको ' भूकम्प ' मा तीन तरङ्ग (अध्याय वा सर्ग)को आयामअन्तर्गत पहिलो तरङ्गमा महाभूकम्पले मच्चाएको विध्वंसले धरती नै डगमगाएको अतिशय भयजन्य स्थिति देखाइएको छ। पहिलो तरङ्ग त्रिसठ्ठी श्लोकसम्म विस्तारित छ । सबै श्लोकमा भूकम्पको रौद्र रूपको वर्णन समाहित रहेको छ । उदाहरणार्थ दुई पद्य

श्लोकहरू-

**यो देह मेरो परिवार मेरो**
**सम्पति मेरो अनि शान मेरो**
**भूकम्पले हेर ! टुटेर घेरो**
**तत्काल भाग्यो मनको अँधेरो । १/१२**

**नेपालको मौलिक वास्तुशिल्प**
**दर्बार , देवालय ती अनल्प**
**लडी कठै ! भूतलमाथि छित्रे**
**यो शून्यमा शून्य बनेर भित्रे । १/१४**

काव्यको दोस्रो तरङ्गमा छपन्न श्लोकहरू रहेका छन् । यसमा कविले उद्धार-राहत प्रकरणको सन्दर्भलाई उजिल्याउन शिखरिणी , स्रग्धरा र मालिनी छन्दको उपयोग गरी काव्यलाई अभिराम भावाभिव्यञ्जनामयी भाषिक शिल्प-सौन्दर्यले शिखरमा पुऱ्याउनुभएको छ । नमूनास्वरूप केही श्लोक-

**अहो ! आफ्नै सामू विविध वयका लासहरू छन्**
**गलामा अड्केको कतिपय अझै सासहरू छन्**
**कुनै बेला आफू पनि यसरी नै जानु छ भनी**
**नसोच्ने हा तृष्णा ! नर अमर झैं ठान्दछ जुनी । २/११**

**जन-धन-खति ठूलो देशको अर्थ लूलो**
**कसरि अब समेट्ने जो बन्यो बास धूलो**
**भनिकन सब चिन्ताग्रस्त भै जल्न थाले**
**मन र मगज नेता वर्गका चल्न थाले । २/५६**

स्रग्धरा र शिखरिणी छन्दलाई अभियोजन गरी अन्तिम सर्ग अर्थात् तेस्रो तरङ्गमा भने पुनर्निर्माण प्रकरणमा जोड दिइएको छ । संविधान निर्माणको खिचातानी, दलीय भागबन्डाको स्वार्थपूर्ण गठजोड, सङ्घीय सीमाको तानातान, भूकम्पपीडित नागरिकको दयनीय अवस्थिति तथा कमिसनखोर सरकारको लुछाचुँडी तन्किंदै गर्दा भूकम्प पीडित जनताको राहतका नाममा आएको सहयोग पनि यिनै सत्ता र भत्ता-लिप्सु नेताहरू आ-आफैंले लुकाएर र सडाएर फालेका चर्तिकलालाई पनि कविले काव्यमा व्यङ्ग्यात्मक पाराले प्रकट गर्नुभएको छ । यिनै लुछाचुँडीले भरिएको मार्मिक पद्यरचना -

**अहो सत्ता-भत्ता कति सुखद आकर्षक छ यो**
**लुछाचूँडी नेताहरू बिच यसैमा नित भयो**
**समस्याको थुप्रो नित छ चुलिंदै देश भरमा**
**समस्या नै थप्छन् हल त उनको छैन करमा । ३/१८**

अन्त्यमा कवि कृष्णप्रसाद कोइरालाले पाँचदशक पूर्वदेखि छन्द कविताको साधना गर्दै आउनुभएकोले पनि काव्य रचना कौशलमा सहज सिद्धि हासिल हुनुको तथ्य 'भूकम्प' खण्डकाव्यमा प्रस्फुटित काव्य-कला-कमनीयताको प्राञ्जल प्रागल्भ्यद्वारा अनभूत गर्न सकिन्छ । शब्दसंयोजन- चातुरी, आलङ्कारिक प्रयुक्ति र नवनवोन्मेषशाली भाषिक सौष्ठवले काव्य सङ्ग्रहणीय र पठनीय बनेको यति सुन्दर काव्य उपहार दिनुहुने गुरुवरको आरोग्यमय, सुखमय यशोभिवृद्धिको कामनासहित लेखनी थाम्दछु । भवतु सब्ब मङगलम्....... ।

**चितवन ।**

०००

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका "हाम्रो पुरुषार्थ"मा विज्ञापन दिई लाभ उठाउनुहोस् ।**

समीक्षा

# 'शून्यको मूल्य' कृतिभित्रका कलात्मक विशेषता



✍प्रा . कपिल अज्ञात

डा.नवराज के.सी.को साङ्ग्रिला मिडिया ग्रुपद्वारा प्रकाशित शून्यको मूल्य (२०७९) गैरआख्यानको सृजनात्मक कृति हो । एक साहित्यिक कार्यक्रममा जाँदा दुई साहित्यिक पाठकबीच भएको संवाद सुनेँ-"अहिले बजारमा आएको शून्यको मूल्य कति मर्मस्पर्शी र प्रभावशाली कृति रहेछ । शैली पनि त्यस्तै काव्यात्मक । जति पढ्दै गयो कहीँ कत्ति दिक्क नलाग्ने, जति पढ्यो पढिरहूँ लाग्ने किसिमको रहेछ । कसरी त्यति राम्रो लेख्न सकेको पहिलो कृति भएर पनि त्यति दमदार मैले पढेकी थिइनँ ।" त्यो सुनेर मलाई पनि त्यो कृति त पढ्नै पर्ने कृति हो भन्ने लाग्यो । अचेल सोधे-बुझेरै राम्रो कृतिको खोजी गर्नुपर्छ । बजारमा आए जतिका र उपहार पाए जतिका कृति पढ्न सम्भव पनि छैन । राम्रा कृति पढे राम्रै ऊर्जा मिल्छ । समीक्षा गर्न सके त्यसको छुट्टै महत्त्व हुन्छ । त्यसले लेखक र समीक्षक दुबैलाई उठाउँछ भनिन्छ । त्यसैले म उत्कृष्ट कृतिकै खोजीमा हुन्छु । त्यस्ता कृति पढ्न पाउँदा मन पनि रमाउँछ । उमेर-अवस्थाले पनि दृष्टि क्षीण हुँदै जाँदा अचेल पढ्नमा पनि असजिलो महसुस भइरहेछ, लगातार पढिरहन पनि सक्दिनँ । जीवनभर पढ्ने-पढाउने र नयाँ कृति पढेर प्रतिक्रिया जनाउने प्रवृत्ति भएकाले त्यही प्राकृतिक धर्म निर्वाहका निम्ति समीक्षा गर्न गइरहेछु ।

'काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम्' भनेझैं धरै पढे-लेखेरै समय बिताउन मनलाग्छ । आफ्नो रुचि र स्वभावअनुसार अध्येता हुन पनि इच्छा जाग्छ तर इन्द्रियहरूले साथ दिन गाह्रो मानिरहेकाले दिनहुँ पुस्तक पढ्नु पनि सङ्घर्ष गरिरहनु जत्तिकै भएको छ । सामान्य र सतही प्रकृतिका बजारू पुस्तक पढ्दा

समय त्यसै खेर गएझैं लाग्छ । उत्कृष्ट र उपयोगी प्रकृतिका पुस्तक खोजेर पढ्न सक्यो भने आफैभित्र शान्ति र सन्तोषको अनुभव हुन्छ । कतिपय पुस्तक पढ्दा मनै रोमाञ्चित हुन्छ र खुसी पनि मिल्छ । उत्कृष्टस्तरका कृति पढ्दा आफ्नो सृजनात्मकस्तरमा पनि सघाउ पुग्छ । त्यसैले अचेल धेरै राम्रा पुस्तक पढ्नुपर्छ भन्ने मान्यतामा छु । अघि साइडबाट उभिएर जसबाट संवाद सुनें । उनी पाठकमात्र नभई प्रबुद्ध समीक्षक पनि रहिछन् । कार्यक्रममै प्रमुख वक्ताको रूपमा प्रस्तुत हुँदा थाहा भयो, त्यसपछि त्यो त पढ्नै पर्ने पुस्तक रहेछ भन्ने अठोट जाग्यो । समय पाउनेबित्तिकै 'सम्पूर्ण पुस्तक पसल', नारायणगढबाट ल्याएर पढ्न प्रारम्भ गरें । कृतिभित्र के-कस्ता कलात्मक विशेषता छन्, त्यस विषयमा टिपोटसमेत गर्न थालें ।

जीवनजगत्का कुनै वस्तु निरर्थक छैनन् । हरवस्तुको आफ्नै मूल्य हुन्छ । त्यस्तै मूल्य बुझ्ने वा मूल्यको पारख गर्ने दृष्टि सूक्ष्म हुनुपर्छ । शीर्षक नै दार्शनिक प्रकृतिको लाग्दछ । महाकवि देवकोटाले "म शून्यमा शून्यसरि बिलाएँ" भन्दै आखिर श्रीकृष्ण रहेछ एक भनी महाशून्यको महत्त्व प्रतिपादित गरेका छन् । लेखकले पक्कै पनि शून्य दर्शनको महत्त्व बुझेरै कृतिको शीर्षक शून्यको मूल्य राखेका हुन सक्छन् । केही छैन भन्ने शून्यमा पनि केही छ । गणितमा अङ्कको पछि हुने शून्यको पनि आफ्नै अर्थ छ । पछि आउने शून्यको भने विशेष महत्त्व रहन्छ । शून्य समयकै एक विम्ब पनि हो र यहाँ आर्थिक स्थिति नै शून्यझैं भएकी अभाव र सङ्घर्षमैं जीवन गुजार्न परेकी जहाँ औषधिको नाममा सिटामोलसम्म पनि पुग्न सकेको छैन । बाटो-घाटो र बिजुलीको राम्रो व्यवस्था त परै जाओस् अति नै दुर्गम र विकट क्षेत्रकी एक नारीका मातृवात्सल्यको पनि कथा छ । कृतिभित्र प्रवेश गरी शून्यको मूल्य खोज्दा केही तथ्यहरूले यसको पुष्टि गर्छन्, जस्तै :

- संसारमा आधा मानिसले भुल्नै लागेको एउटा गहिरो रहस्य मनुष्य जातिको सबैभन्दा ठूलो प्रेरणा स्रोत उसको जीवनको अभाव हो (पृ. ७४) ।
- शून्य धन भएको कोलडाँडा गाउँमा डाक्टरले खुसीको समुद्र देखेको थियो (पृ. ७४) ।
- नाम नभनी चुप लाग्नु पनि मूल्य हुन्छ कुनै बेला (पृ. २२७) ।

यसबाट शून्य नै प्रेरणा स्रोत हो । अभावले शून्यलाई जनाउँछ । हामी भौतिक वस्तुमा मात्र मूल्य खोज्छौं । मूल्य त्यसैमा मात्र निहित छ भन्ने ठान्दछौं । अभावै-अभाव जेलीरहेकी आमामा माया-ममताको कति मूल्य हुन्छ ?

शून्यको मूल्य भनेर कथाकारले त्यसै विषयलाई लक्ष्यित गरिरहेको हुनुपर्छ । यसरी अनेक अर्थ र आशयमा लक्ष्यित शीर्षक नै सटीक र सार्थक देखिन्छ ।

विधागत रूपमा शून्यको मूल्य भनिएको पछि त्यसलाई अझ पष्ट्याउँदै सास, साहस र स्नेहको कथा भनिएको छ । कथाको रूपमा यो रोचक र मर्मस्पर्शी एवम् प्रेरणादायी छ तर मूलशीर्षक र उपशीर्षकपछिको कोष्ठमा सृजनात्मक गैर आख्यान पनि भनिएको छ । यो आफैमा विरोधाभासजस्तो पनि लाग्छ । कथा भनेपछि त्यो कल्पनाको उपज हो भन्ने लाग्छ भने गैर आख्यान भनेपछि कथा नभएर सुदूर कर्णाली भेगका जनजीवनको वास्तविक यथार्थता हो भन्ने बुझिन्छ । जेहोस्, कर्णालीका पिछडिएका र उत्पीडित पात्रको इतिवृत्त प्रस्तुत गर्ने क्रममा अभाव र सङ्घर्षको मार्मिक चित्र खिचिएको छ । एक डाक्टर, डाक्टरको प्राविधिक भूमिकामा मात्र सीमित नरही अन्धकारबाट सामाजिक अभियन्ताका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

'बुधेकी फुपूआमा', 'बुबालाई चिठी', 'भेडिनी कान्छी', 'मृत्युपछिको जीवन', 'पुतली आमा' जम्मा पाँचवटा शीर्षकमा यो समेटिएको छ । 'बुबालाई चिठी'मा डाक्टरले गर्भको बच्चाले बुबालाई सम्बोधन गरी लेखेको प्रेरणादायी, मर्मस्पर्शी भावना निहित छ । 'भेडिनी कान्छी'मा भेडासँगको प्रेमले गर्दा राखिएको नाम हो - भेडिनी कान्छी । उनको नाम कुनै मानवीय अर्थको नाममा किन रहेन भन्ने चर्चा छ । 'मृत्युपछिको जीवन'मा कर्किनी बज्यैको कारूणिक कथा छ । आफनो जीवन नै पाठशाला हो र त्यसैबाट जिउने कुरा सिकिन्छ भन्ने सन्देश छ । 'पुतली आमा' भावना र भरोसाको चुम्बकको रूपमा छन् । यसमा प्रकृति रहस्यमय छ भन्ने बुझाइएको छ । बलात्कारमा परेर मानवीय विचलन भएकी दुःखी लाटी केटीको कथा छ । जो पढ्न आएकी पुतलीको कथा पढेर फर्किन्छन् । कथामा साहित्यमा कति शक्ति हुन्छ यसबाट बुझ्न सकिन्छ । सबै कथाहरू सागरको गहिराइबाट रत्न निकालेझैं गरी लेखिएका छन् । बच्चाका मनोविज्ञानको, गर्भवती महिलोका सिहार, आमाको मर्मदर्शी भावना र स्नेहालु व्यवहारको चित्रणले कृतिको सौन्दर्य चम्किएको छ ।

सरसता त सामान्य कृतिमा पनि हुनसक्छ । कथाका वर्णन, विवरणहरू सामान्य लेखकले पनि उन्न सक्छन् । तर सामान्य लेखकको कृतिमा भन्दा यसमा यस्ता विशेष गुणहरू सन्निहित देखिन्छन्, जसले कृतिको गुणस्तर निकै उच्च कोटिको देखापर्छ । कथा पनि त्यस्तै मार्मिक र महत्त्वको पाइन्छ । सबै पक्ष यसमा सुन्दर र सशक्त छन् तापनि सबैभन्दा अधिक उभ्रिएको लाग्ने यसको

अभिव्यक्ति कला हो । यस्तो अभिव्यक्ति कलाको उत्कर्ष रूप नेपाली साहित्यका बिरलै कृतिमा देख्न सकिएला । यसका केही नमुनाहरू यहाँ प्रस्तुत छन् :

- यही बच्चाको उपचार गर्न उनी चिप्लिने पहाड उक्लेर, बगाउने नदी तरेर, हराउने जङ्गल कटेर अस्पतालको लामो लाईन पार गर्दै डाक्टर सामु पुगेकी छन् (पृ. १५) ।
- बगे हलुङ्गो हाउभाउले पृथ्वीभन्दा पनि गह्रौं कुरा उनले सजिलै भुइँमा झारिदिइन् (पृ. १३) ।
- एकै सासमा उनले आफ्नो शब्द भकारीका सबै कुरा खन्याउने प्रयास गरिन् (पृ. ११५) ।
- उनको शरीरमा जुकोझैँ टाँसिएको बच्चाले उनको शरीरमैं मुतेको थियो (पृ. १३) ।
- मोटो किताब घनाजङ्गलजस्तै हुन्छ । त्यो जङ्गलमा केही दिन हराउन पनि सकिन्छ । मोटो किताबभित्रको यात्रामा निद्रा राम्रो लाग्छ (पृ. १९) ।
- अनि ट्याप-ट्याप टिपिन् एकएक शब्दका टुक्राहरू भँगेराले चामलका दाना टिपेझैँ (पृ. २३) ।
- डोको उघारेर चारा छरेका चल्लाहरूझैँ विद्यार्थीहरू एक दिन बाहिर तितरबितर हुन्छन् । कोही गेटबाहिर चुइगम किन्न हुरी-बतासझैँ उडेर पुग्छन् (पृ. ३०) ।

डा. नवराज के.सी. एक लेखक मात्र नभएर बालरोग विशेषज्ञ पनि हुन् । यसमा बालकहरूको मानसिक विकास कसरी हुन्छ । त्यसका निम्ति कस्तो वातावरण आवश्यक पर्छ । गर्भवती आमा र नवजात शिशुहरूको कसरी हेरचाह पुऱ्याउनुपर्छ भन्ने सैद्धान्तिक ज्ञान पनि निहित छ । एक डाक्टर लेखक हुनु र त्यसमाथि कर्णालीको अँध्यारोमा जन्मिएका बालबालिकालाई उज्यालो क्षितिजतिर डोऱ्याउने परोपकारी भावनासमेतको त्रिआयामिक चित्रणले कृतिको गुणवत्ता बढेको पाइन्छ । वातावरणले बालबालिकामा कस्तो प्रभाव पार्छ भन्ने सन्दर्भमा महत्त्वपूर्ण सन्देशहरू यसमा प्रशस्तै पाइन्छन्, जस्तै :

- विकसित हुँदै गर्ने न्यूरोनहरूले जीवनको शुरूवातमा भनौं पहिला महिनाहरू कस्तो वातावरण पाउँछन् त्यसले उनीहरूको जीवनभरको स्वभावमा स्थायी प्रभाव राख्ने रहेछ (पृ. ३०) ।

देशमा असल नागरिक जन्माउनु छ भने शिशु स्याहार सुत्केरीमा राज्यले ठूलो लगानी गर्नुपर्छ भन्ने धारणालाई पनि यसले स्पष्टसँग उल्लेख गरेको छ ।

वस्तुपक्ष, विचारपक्ष, शैलीपक्ष तीनैलाई उच्चस्तरीय ढङ्गले मिलाएर मन-मस्तिष्कलाई सिरिङ्ग पार्दै जाने कथानक पाइन्छ । यसमा ज्ञानका कुरा छन्, प्रेरणाका कुरा छन् । दलितभन्दा पनि दलितका मार्मिक यथार्थ छन्, जुन पक्ष हेऱ्यो, विचार बुन्यो र घटना सम्झियो मनै रसाएर आउँछ । हरेक पात्र र परिस्थितिप्रति सहानुभूति गराउन सक्नु लेखकको उत्कृष्ट क्षमता हो । शून्यको मूल्यका समस्त वस्तुतथ्यलाई पर्गेलेर हेर्दा यो कुरा स्पष्ट हुन आउँछ । 'प्रतिभा, सीप, अनुभव र जाँगर हुनेले यस्तो पो लेख्नुपर्छ'को यो उत्कृष्ट नमुना हो । यसमा विषयवस्तु प्रतिपादनका क्रममा जीवनको मार्गदर्शन गर्ने सुन्दर सूक्तिहरू प्रस्तुत भएका छन् । तिनका केही नमुना :

- विकसित हुँदै गर्ने न्यूरोनहरूले जीवनको शुरूवातमा वा भनौँ पहिला महिनाहरूमा कस्तो वातावरण पाउँछन् त्यसले उनीहरूको जीवनभरको स्वभावमा, विवेकमा स्थायी प्रभाव राख्ने रहेछ। (पृ. ५३)
- माटाको यात्रा हो जिन्दगी । सास रहँदासम्म माटोपछि सास रोकिएपछि माटोमुनि । मर्नु र बाँच्नुमा केही अन्तर छैन । यात्रा हो यात्रा । माटोको यात्रा (पृ. ६७) ।
- वास्तवमा संसार राम्रो हुन संसार परिवर्तन हुन नपर्ने रहेछ । अनुभूति गर्ने मान्छेको मन थोरै परिवर्तन भए संसार हिजोको भन्दा अचानक बहुत सुन्दर पो हुँदो रहेछ (पृ. ७७) ।
- पृथ्वीमा जीवन पाउन मात्र होइन जीवन दिन पनि रुनुपर्छ । जीवनको यो अर्को सत्य हो । नियम नै हो (पृ. ८५) ।
- महिलाहरू अझ आमा भएपछि पुरुषभन्दा बढी क्षमाशील, बढी उदार हुन्छन् (पृ. ९४) ।
- संसारका कुनै पनि बाआमा छोराछोरीबाट केही चिताउँदैनन् तर छोराछोरीले माया गरिरहेको क्षण उनीहरूको स्वर्ग हो (पृ. ९७) ।

यसमा डाक्टर कस्तो हुनुपर्छ भन्ने तथ्यको अनुपम दृष्टान्त स्वयम् डाक्टर छन् । उनी बालरोग विशेषज्ञ हुन् तर कार्य गर्दागर्दै समाजसेवा र अध्ययनमा लागेका देखिन्छन् । दुनियाका हरेक विद्या-विषयको अध्ययन सकिएपछि समाजविज्ञानको ढोका खोलिनुपर्छ । खोलिएन भने अध्ययनले पूर्णता पाउँदैन भन्ने उनको धारणा छ । सामान्यतया डाक्टरले रोगको उपचार गर्छन्, औषधि

सेवनको विधि बताउँछन् । त्यो भन्दा अन्य कुनै विषयको सरोकार राख्दैनन् तर यहाँ उनी विशेष महत्त्वका पात्र बनेका छन् । उनले रोगको मात्र उपचार गर्दैनन् जीवनको समेत उपचार गर्छन् । राजी-खुसीपूर्वक सीमान्तीकृत वर्गको सेवामा आफूलाई सक्रिय र समर्पित तुल्याउँछन् ।


डाक्टरले बच्चासँग गरेको संवादमा बच्चालाई कसरी खुसी तुल्याउनु पर्छ । उनीहरूको बुद्धिविकास कसरी हुन्छ भन्ने तथ्यहरूलाई उजागर गर्दै गएका छन् भने गर्भवती आमाले ख्याल राख्नुपर्ने कुरा र नवजात शिशुहरूलाई गर्नुपर्ने सिहार-सुसारका बारेमा पनि बताएका छन् । डाक्टर र उपचार गर्ने व्यक्तिबीचका पारस्परिक संवादमा जीवनका महत्त्वपूर्ण संवाद व्यावहारिक मार्गदर्शनका सूत्रहरू पनि चमत्कारमयी भाषामा प्रस्तुत भएका छन् । कृति पढेर घटना विवरणको आस्वादन एवम् ज्ञानप्रद र प्रेरणाप्रद पङ्क्तिहरूबाट जीवनको मार्गदर्शन गराउनुले कृति हुनसम्मको अब्बल बनेको छ । पढ्दै र गम्दै जाँदा यसका विशेषताका बारेमा जति शब्द खर्च गरे पनि कमै हो जस्तो लाग्दछ ।

लेखकले अध्ययन गरेको विषय हो - बालरोग । अनुभव गरेको विषय हो - बालचिकित्सा । देखे-बुझेर प्रत्यक्ष भोगेको विषय हो - कर्णालीबासीका अभाव र विपन्नता । पढाइ भन्ने कुरा अङ्क र अक्षरमा मात्र सीमित हुँदैन । प्रत्यक्ष देखे-भोगेका परिवेशमा हुन्छ र कर्णालीमा जन्मे-हुर्किएका लेखक डाक्टरले डिग्री लिएपछि कर्णालीमैं प्रवेश गर्छन् र कर्णालीबासीको अवस्था बुझ्छन् । कर्णाली विद्यालय र महाविद्यालयमात्र होइन आफैमा यो एक विश्वविद्यालय नै रहेछ । यहाँको जीवन सङ्घर्ष र सिकाइ नै ज्ञानको ठूलो डिग्री रहेछ । लेखक स्वयम्ले यो तथ्य प्रकट गरेका छन् । लेखकको सम्पर्कमा आएका पात्र भयङ्कर अन्धकारबाट उज्यालोतर्फ आएका छन् र ती स्वयम्ले उज्यालोको खोजी पनि गरेका छन् । लेखकले तिनलाई उज्यालोतर्फ ल्याउन आफ्नो बुद्धि-बर्कत, सद्भाव र सत्प्रयासले यथेष्ट सघाएका छन् । लेखक, चिकित्सक र सामाजिक अभियन्ता तीनैरूपमा लेखकले आफूलाई प्रस्तुत गरेका छन् र उनले आफूसँग सम्बन्धित पात्र र तिनका पृष्ठभूमिको जति गहिराइसँग चित्रण गरेका छन्, त्यो अद्भुत सीप र सामर्थ्य अन्य कुनै कृतिमा विरलै पाउन सकिएला । जीवनको पहिलो कृतिमै दक्ष चिकित्सक, अब्बल लेखक र कुशल सामाजिक अभियन्ताको रूपमा आफूलाई प्रतिष्ठापित गराउनु महान् उपलब्धि हो । उन्मुक्तता, उत्कृष्टता र उपयोगिता तीनै दृष्टिले कृतिको महत्त्व उच्च छ । पहिलो कृतिलाई नै आफ्नै स्वर, शैली र सीप-सामर्थ्यले साहित्यिक रत्न तुल्याउन सफल लेखक धन्य छन् । रत्न भएकैले पठनीय र सङ्ग्रहणीय रहेको छ । पहिलो कृतिमै यसरी सफल हुनु डा. नवराजको सौभाग्य हो ।

अन्त्यमा शून्यमा पनि मूल्यको स्रोत हुन्छ भन्ने सिद्धान्तसहित आएको यो कृति सामान्य नभई कृतिरत्न हो । सन्निहित गुण र विशेषताले यसको पुष्टि हुन्छ । कर्णालीको दूरदराजमा पुगी उज्यालोको खोजी गर्ने सीमान्तीकृत वर्गको ओठमा मुस्कान उमार्न खोज्ने, सास, साहस र स्नेहका प्रेरणादायी कथाहरू लेख्ने लेखकको रूपमा मात्र नभई चिकित्सक र अभियन्ताको रूपमा बहुआयामिक व्यक्तित्व बनेर आफ्नो गौरव-गरिमा बढाएका छन् । आमाले बच्चालाई दूधपान गराएझैँ पाठकलाई ज्ञान र अनुभवको अमृतपान गराएका छन् । वास्तवमा यसका कथा कोरा कथामात्र नभई कथामृत बनेका छन् । यसमा रोग, उपचार, स्वास्थ्य, व्यवस्था, स्नेह, आत्मनिर्भरता, अभाव, कष्ट, पीरजस्ता अनेकौँ विषय र पृष्ठभूमिका ज्ञान, अनुभव र सन्देश सन्निहित छन् । आनन्दप्रदायी, ऊर्जाप्रदायी र प्रेरणाप्रदायी भावहरूले गुम्फित यस कृतिको आफ्नै महत्त्व र चमक छ । आफ्नो ज्ञानलाई, अनुभवलाई शोधखोजका निष्कर्षलाई कलात्मक विशेषतासहित साहित्यमा ढालेर साहित्यको सुन्दर रूप दिनु सामान्य कुरा होइन र नेपाली साहित्य परम्परामा यो उनको महत्त्वपूर्ण देन हो । यस उत्कृष्ट र गहन कृति सृजनाका निम्ति लेखकलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**भरतपुर-१२, चितवन**

ooo



# बिसौनीमा



✍खगेन्द्र गिरि 'कोपिला'

सपनाको भिक्षापात्र बोकेर
अपरिचित बाटो पछ्याउँदै
आएको हुँ म यहाँ
अनगिन्ती सपना रोपिए यहीँ
सयौँ विपना गोडिए यहीँ
रहरमा मलजल गरियो यहीँ
सिंचाइ गरियो
आफ्नै रगत पसिनाले
यहीँ आशाका टुसाहरू पलाए
यहीँ आकाङ्क्षाहरू फले, फुले र ओइलाए
यहीँ खाँबो गाडियो
यहीँ कपाल फुल्यो
यहीँ पैतला खिइए
कहिले सुतेर बिताइए दिन
कहिले जाग्राम भएर काटिए रात
सडक बौलाएको यहीँ देखियो
विकृति मौलाएको यहीँ देखियो
यहीँ जिन्दावाद भनियो
यहीँ मुर्दावाद सुनियो
आगो बलेको पनि यहीँ देखियो
बाढी पसेको पनि यहीँ देखियो
कसैसित झगडा भयो यहीँ
कसैसित मिलापत्र पनि भयो यहीँ
समयका अनौठाअनौठा हुरीबतासले
हायलकायल पनि पारे मलाई यहीँ

जीवनका आनन्द यहीँ भेटिए
हृदयका पीडा यहीँ चिनिए
गोल्डेल उदभासका गजल यहीँ सुनियो
सरोज शार्दूलका कविता यहीँ पढियो
यहीँ अक्षरको अलख जगाइयो
यहीँ भेटिए
उस्तै उस्तै नदीका उस्तै उस्तै छालहरू
यहीँ व्यग्र चाँदनी देखियो
यहीँ लहर लहर गनियो
यहीँ आफ्नै छाल आफ्नै किनारा बटुलियो
यहीँ कालध्वनि सुनियो
यहीँ पर्जन्यमास भेटियो
यहीँ अतीत आमन्त्रण गरियो
यहीँ महामुनिका पदचाप पछ्याइयो
यहीँ ऋतुदर्शन भयो
यहीँ मधुप्रदक्षिणा गरियो
यहीँ अश्रुअर्घ चढाइयो
यहीँ राग वसुन्धरा लेखियो
यहीँ गरियो अस्वीकृत रहर
यहीँ थाह पाइयो 'डुबे पनि डुब्दैन घाम' ।

**नेपालगन्ज, बाँके ।**

ooo


**आफ्ना साना नानी–बाबूहरूलाई**

# किरण पुस्तकालय

**तम्घासमा लगी**

**पढ्ने बानीको विकास गराउनुहोस् ।**

# सदा अमर अक्षरको पूजामा समर्पित सानु लामाको सम्झनामा



✍अनिता पन्थी

कुनै पनि कृतिको अध्ययनमा; अघि यस्तो बोध मलाई कहिल्यै भएको थिएन । आज एउटा जीवन्त अनुभूति भयो । कला साहित्य भन्ने कुरा कति ठूलो रहेछ, जसले कवि कलाकारलाई किञ्चित मर्न नदिंदो रहेछ । हुन त यस्तो कुरा पहिले ज्ञान नभएको होइन । परन्तु त्यो पारिभाषिक ज्ञान थियो । यतिखेर त्यस पारिभाषिक ज्ञानलाई प्रत्यक्षतः अनुभूत गर्न सकेँ । श्रद्धेय साहित्यकार सानु लामालाई पढ्दै गर्दा मैले यस्तो अनुभव गरेँ । यस अघि पनि उहाँलाई पढ्दै आएको हो । तथापि यसपालाको अध्ययनमा केही भिन्न अनूभति भयो ।

यतिखेर हामीले भारतीय नेपाली साहित्यमा एउटा अपूरणीय क्षति भोग्नु परेको छ । नचाहेरै सर्जक सानु लामाको भौतिक उपस्थिति गुमाउनुपर्‍यो । जुन कुरा बिर्सिएर उहाँको 'आँगन परतिर-२' नियात्रा कृति पढ्दै गर्दा उहाँ सशरीर हामी माझ हुनुहुन्छ भन्ने आभास भइरह्यो । ती प्रत्येक शब्द शब्दमा मैले उहाँको उपस्थिति भेटेँ । मलाई ती हरेक पङ्क्तिमा उहाँसँग संवाद गर्दैछु जस्तो भयो । अनि मैले विश्वास गर्न सकिनँ उहाँ अहिले हुनुहुन्न भनेर । त्यसपछि बल्ल थाहा पाएँ कवि कलाकारको मृत्यु कहिल्यै नुहँदो रहेछ ।

विभिन्न समयमा विभिन्न देशमा गरिएको नियात्रा-सङ्ग्रह 'आँगन परतिर-२' कृति, जसमा केही युरोपियन मुलुक जस्तो बेलाईत, स्वीडेन, ब्राजिल, डेनमार्क हुँदै एसियातिर जापान, ताइवान, हङकङ, श्रीलङ्कादेखि नेपालसम्मका भ्रमण रहेका छन् । यात्राको सिलसिलामा कति देशहरू दोहोरिएका छन् । यी यात्रा कति पारिवारिक भेटघाटका त कति सामाजिक, सांस्कृतिक, धार्मिक तथा सरकारी

जिम्मेवारीले गरिएका छन् । उहाँ एक सरकारी कर्मचारी भएर; धेरैभन्दा धेरै मुलुक घुम्ने मौका पाउनुभएको प्रसङ्ग, नियात्रा पढ्दा थाहा हुन्छ ।

यस पहिले नै लेखक लामाको 'आँगन परतिर' नियात्रा कृति आइसकेको हुँदा, उहाँले त्यसैको क्रमिकता मानेर यसलाई 'आँगन परतिर-२' भनी नामकरण गर्नुभएको छ । उहाँले नियात्रामा आफूसँगै त्यस ठाउँ विशेषको सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक तथा सांस्कृतिक पक्षलाई सन्दर्भमा जोड्दै, मिसाउँदै लग्नुभएको छ । त्यस्तै कवि कलाकार र तिनका सिर्जनालाई पनि हार्दिकतासाथ स्मरण गर्नुभएको छ ।

यात्रा गरिरहने भएर होला उहाँलाई देश विदेश जानु, पानी पँधेरो गर्नु जतिकै लाग्छ । त्यसैले ती विभिन्न देशहरू उहाँलाई आँगन नजिकै त्यहीँ परतिर लाग्छन् । स्वीडेन त उहाँलाई झन् बढी नजिक र आत्मीय मुलुक लाग्छ । किनकि त्यो छोरीको देश हो । स्वीडेन निवासी छोरीलाई भेट्न गइरहने हुँदा उहाँलाई त्यो अरू बढी निकट लाग्छ ।

त्यस दिन लेखक झण्डै पच्चीस हजार द्वीप तथा उपद्वीपले निर्मित स्टकहोममा अवस्थित, प्रसिद्ध स्थल सिटी हल पुग्नुभएको छ । जुन हलमा प्रत्येक वर्ष नोबेल पुरस्कार वितरणसँगै नोबेल लरेटहरूलाई रात्रिभोज दिइन्छ । यसै प्रसङ्गमा लाग्यो, हाम्रो नेपाली साहित्यले नोबेल पुरस्कार प्राप्त गरी, त्यस ठाउँमा रात्रिभोज गर्ने दिन कहिले आउला ? आशा छ कुनै दिन अवश्य आउला ।

नियात्रा लेखनमा सर्जक लामाले पाठकलाई पनि ध्यान दिनुभएको छ । उहाँले केही विशेष जानकारी सम्प्रेषणसँगै, प्रत्यक्षताको अनुभूति पनि दिनु भएको छ । परन्तु त्यति घनीभूत प्रत्यक्षता त होइन नै । जेहोस् उहाँ त्यसप्रति सचेत देखिनुहुन्छ ।

देश विदेश गरिरहने भएर होला उहाँलाई खासै कुनै पनि कुरा आश्चर्यजनक र अपरिचित लाग्दैन; आफ्नै गाउँठाउँ घुमेजस्तै सहज लाग्छ । तर स्वीडेनका राजपरिवारको निजी महल घुम्दा भने उहाँलाई केही आश्चर्य लाग्छ । सर्वसाधारणले पनि निःशुल्क अवलोकन गर्न पाउने गरी खुला गरिएको; त्यहाँ कस्तो उदार नीति रहेछ । म चाहिँ यस कुराले छक्क परेँ । अनि पुलैपुलको शहर भनेर चिनिने स्टकहोमप्रति उत्सुक भएँ । यसलाई उत्तरको वेनिस पनि भनिँदो रहेछ । वासा म्युजियमको इतिहास पनि उस्तै उत्सुकमय रहेछ ।

विदेश भ्रमण गरी लेखिएका साहित्यिक कृतिमा प्रायः म एउटा साझा सन्दर्भ पाउँछु । त्यो के भने; समृद्ध मुलुकका नागरिकहरू विकासको तीव्र गतिसँगै आफ्नो

पहिचानप्रति पनि उतिकै सचेत हुँदा रहेछन्, अर्थात् आफ्नो भाषा, धर्म, संस्कृति र मौलिकताप्रति उतिकै ध्यान दिँदा रहेछन् । जुन कुरा हामीले मनन गर्न जरूरी छ । हामी परिवर्तन तथा आधुनिकता भनौँ या त विकासको नाउँमा आफ्नो पहिचान भुलेर मौलिकताप्रति उपेक्षा गर्न अभ्यस्त भएका छौँ ।

अर्को दिन लेखक म्युजियम अफ् नेचरल हिस्ट्रीको अवलोकनमा पुग्नुहुन्छ । स्वीडेनकै सबैभन्दा विशाल सङ्ग्रहालय, जसको महत्त्व विशेष रहेको छ । त्यसको आडैमा रहेको छ कस्मोनोभा चलचित्र कक्ष । त्यो पनि उस्तै विशेष छ । जहाँ 'एडभेन्चर, बाह्य अन्तरिक्ष यात्रा, मङ्गल ग्रह तथा जीव-जन्तुसम्बन्धी अध्ययन, समुद्री विज्ञान आदिको चलचित्र देखाइन्छ । त्यस दिन कस्मोनोभामा बसेर लेखकले मङ्गल ग्रहको यात्रा गर्नुभएको छ ।

स्वीडेनको यात्रापछि भ्रमण दल डेनमार्क पुगेको छ । घुम्ने क्रममा लेखकलाई प्रायः अघिल्लो पटक घुम्दाको स्मृति ताजा भएर आएको छ । लगभग पाँच सय द्वीपहरूको समग्र रूप डेनमार्क र त्यसको सबभन्दा ठूलो शहर कोपेन्हागेनमा उहाँलाई त्यस्तै भएको छ । फेरि त्यस्तै विश्वकै प्रतिष्ठित साहित्यकार ह्यान्स ख्रिश्चियन एन्डर्सन (१८०५-१८७५) को आवास गृह पुग्दा आफूले स्कूले जीवनमा पढेका उनका कृतिहरूको सम्झना भएको छ ।

ह्यान्स ख्रिश्चियन डेनमार्कका कति सम्मानित स्रष्टा रहेछन् ! उनको पात्र मर्मेडको सालिक बनिनु र सम्पूर्ण राष्ट्रकै राष्ट्रिय प्रतीक मानिनु कति ठूलो गौरवको कुरा ! एउटा अमर स्रष्टाले रचेको पात्र हुन पाउनु पनि आफैँमा प्रतिष्ठित विषय रहेछ । विदेशमा कवि कलाकारलाई गरेको त्यो कदर, हाम्रो लागि आश्चर्यपूर्ण कुरा लाग्छ ।

मनमा उत्कट इच्छा राख्नु भनेको आफैँमा आधा लक्ष्यले पूर्णता पाउनु रहेछ । हाम्रा पुर्खाले 'तँ आँट म पुऱ्याउँछु' त्यसै भनेका होइन रहेछन् । लाग्छ लेखकको तीव्र अभिलाषाले नै उहाँलाई नर्वेको बर्गेन फ्योर्ड पुऱ्याएको छ । यसै प्रसङ्गमा स्वीडेन, डेनमार्क, फिनल्याण्ड घुम्दा त्यहीँ नजिकैको नर्वे घुम्ने साइत जुरेको थिएन उहाँ भन्नुहुन्छ, 'धेरै अघिदेखि नै स्काण्डिनेवियी राष्ट्र, नर्वेको फ्योर्ड (Fjord) बारे सुन्दै आएको, पुस्तक/उपन्यास, पत्र-पत्रिकामा पढेको तर उत्कट इच्छा हुँदाहुँदै पनि त्यहाँ गएर हेर्ने अवसर भने कहिल्यै जुरेको थिएन । फ्योर्डको सुन्दरता, त्यसको आकर्षण–अझ भन्ने हो भने त्यसको सुन्दरतामाथि लेखिएका वर्णनले मेरो उत्सुकता अनि मनको चञ्चलतालाई झन् माथि माथि उचालिदिन्थ्यो (पृ-२३) ।'

अन्ततः उहाँको अभिलाषाले त्यस दिन मूर्तता पाउँछ । नातिनी आनाताराको दीक्षान्त समारोहको उपलक्ष्यमा उहाँ त्यसभूमि पुग्नुहुन्छ । त्यहाँ पुग्दा उहाँलाई महान् नाटककार तथा निर्देशक हेनरीक योहान इब्सेन अनि लोकप्रिय बाल साहित्यकार रूअल् डाल्को सम्झना हुन्छ ।

यतिखेर विश्वमै पर्यावरणप्रतिको चिन्ता अत्यन्तै तीव्र भएको छ । तर पनि हामी पर्यावरणप्रति त्यति सचेत छैनौँ । 'प्रकृतितर्फ फर्क' भन्ने रूसोको धारणा अहिले विश्वमै एक मन्त्र जस्तो भएको छ । यस सन्दर्भमा मेरो बुझाइ छ, प्रकृतिप्रेमी हुनकै लागि भए पनि समृद्धि चाहिने रहेछ । मानिस सम्पन्नताको चरणमा पुगेपछि मात्र प्रकृतिको सुन्दरता बोधमा पुग्ने रहेछ । अभावमा, गरिबीमा मान्छेलाई सुन्दरता होइन आवश्यकता ठूलो हुने गर्छ । सुन्दरता कहिल्यै प्राथमिकतामा पर्न सक्दैन त्यो त द्वितीय कुरा हो ।

पर्यावरणप्रति लेखक लामाको सचेतता पनि उतिकै प्रखर लाग्छ । प्रकृतिप्रेमी तथा नियमप्रति कटिबद्ध युरोपियनहरूको चरित्रमा उहाँ आफैँलाई प्रश्न गर्नुहुन्छ 'सोच्छु हामी र यिनीहरूमा किन यति ठूलो भिन्नता ?' अनि त्यससँगै फ्योर्डको सौन्दर्यमा आकृष्ट भई उहाँ भन्नुहुन्छ '... उसले फ्योर्डहरू अरू देशहरूमा जस्तैः ग्रीनल्याण्ड, अलास्का, क्यानाडा, न्यूजिल्याण्ड आदितिर पनि छन् तर नर्वेली फ्योर्ड जति सुन्दर फ्योर्ड संसारमा अरू ठाउँ कतै छैन भन्दै योर्ड हिमनदी (ग्लेसियर) द्वारा सिर्जना भएको कुरा पनि बतायो । हजारौँ वर्षदेखि हिमालबाट बग्दै आउँदा ग्लेसियरले जमिन पनि खोतल्दै आयो । तर पृथ्वीको तापमान बढ्दै जाँदा ग्लेसियर पछि हट्दै गयो अनि त्यसले खोतलेको खालि ठाउँमा समुद्रको पानी भरिँदा फ्योर्डको सृष्टि भएको रहेछ (पृ-२९) ।'

नर्वेपछिको अर्को नियात्रा छ पेलेको देश अर्थात् ब्राजिलको यात्रा । अतिथिको रूपमा लेखक त्यहाँ पुग्नु भएको छ; संयुक्त राष्ट्र अमेरिकाको क्यालिफोर्नियामा मुख्यालय भएको 'बुद्धज् लाईट इन्टर्नेशनल एसोसिएशन'बाट आमन्त्रित भएर । त्यस हिसाबले यो धार्मिक तथा प्रशासनिक यात्रा बनेको छ ।

जगत्मा धेरै किसिमका नामले परिचित ब्राजिल, जसप्रति स्रष्टा लामाका केही दुःखेसाहरू छन् । विश्वलाई चाहिने पाँच भागमध्ये एक भाग अक्सिजन उत्पादन हुने एमाजोन (वर्षावन) मा, ब्राजिल सरकारको गतिविधिप्रति उहाँका केही आपत्तिहरू छन्, 'सुनको अण्डा दिने पोथीजस्तो एमाजोन वर्षावनलाई विगतको एक ब्राजिल सरकारले त विकासको गतिरोधक हो पनि भनेको पाइयो । एमाजोन एक प्रकारले ब्राजिलको जीवन रेखा हो भन्ने विद्वान्हरू पनि छन् । राष्ट्रलाई विकसित

तुल्याउने नाममा जङ्गल फाँड्ने, आगो लगाउने, खनिज पदार्थहरूको आफलताफल गर्ने सिलसिलामा ब्राजिलले धेरै चिज गुमाइसकेको छ (पृ-३५) ।'

सुरक्षाको हिसाबले ब्राजिल कति खतरा ठाउँ रहेछ । चोरी डकैती तथा महङ्गी जेसुकै होस् लेखकलाई ब्राजिलप्रति बडो श्रद्धा छ । किनकि त्यो पेलेको देश हो । त्यस्तै रोनाल्डो तथा फुटबलको देश हो । बिहानको रातिमा त्यस्तै तीन चार बजेदेखि नै क्यासिनो, पार्टी र डान्सबारबाट फर्किनेहरूको भीडले सडक अवरूद्ध हुने; ब्राजिलप्रति मेरो कुतुहलता अरू थपिँदै गयो ।

त्यस्तै अर्को कुतुहलता छ ईगासु झरनाप्रति । शब्दमा वर्णन गर्न तथा तस्वीरमा उतार्न नसकिने कति विशाल होला ईगासु ! प्रकृतिको सिर्जना शक्ति पनि बडो अद्भुत छ, 'यो छाँगो ब्राजिल, अर्जेन्टिना अनि परागुवे तीन राष्ट्रको संयुक्त सीमानामा पराना अनि ईगासु दुई नदीको सङ्गम स्थलमा छ । जम्मा दुई सय पचहत्तरवटा छाँगाले बनेएको यो प्रकृतिक सौन्दर्य तीन किलोमिटर चौडा अनि अस्सी मिटर अग्लो रहेछ । भिक्टोरिया (जाम्बिया-अफ्रिका) छाँगोभन्दा विस्तृत एवं चौडा अनि नियागरा (संयुक्त राष्ट्र अमेरिका) छाँगोभन्दा अग्लो अनि यी दुवै विश्व प्रसिद्ध छाँगोहरूभन्दा अति सुन्दर यो ईगासु छाँगो ... (पृ-३८) ।'

मध्याह्नको समय हुँदैछ । लेखक फेरि अर्को आश्चर्यपूर्ण दृश्यमा हुनुहुन्छ । संसारकै सबैभन्दा ठूलो इतापू बाँध तथा पावर हाउस अवलोकन पश्चात् त्यस्तै उहाँको अर्को गन्तव्य छ–एटलान्टिक महासागर र त्यस पछाडिको चट्टानी पहराको बीचमा अवस्थित, ब्राजिलको सान भनेर चिनिने सुन्दर शहर रिओ डिजेनिइरो ।

मानव सभ्यताको विकास क्रममा कस्ताकस्ता निन्दनीय घटनाहरू घटे । त्यसको किञ्चित हिसाब हुन सक्दैन । प्रायः देशका ठूला ठूला प्राचीन शहरहरू, जुन कहिल्यै नमेटिने मानवताहीन इतिहास बोकेर बाँचिरहेका छन् । ती दासदासीले भोग्नुपरेको अमानवता इतिहासले कहिल्यै भुल्न सक्ने छैन ।

ब्राजिलबाट फर्किए पश्चात् लेखक केही दिनका लागि छोरीको देश (स्वीडेन) मा पुनः यात्रा बिसाउन पुग्नुभएको छ । हो त्यही बेला एउटा गज्जबको ग्लोबल दृश्य निर्माण भएको छ । भारतीय नेपालीकी एक चेली, जसले आफ्नो जातीय पर्व (दशैं)मा, आयोजना गरेको स्वीडेनी उत्सव विश्वग्रामीकरणको एक दृष्टान्त बनेको छ । यसरी विमातृ भाषा, धर्म, संस्कृति आपसमा मिसिएर तेस्रो संस्कृति कसरी निर्माण हुँदैछ ? त्यो देख्न सकिन्छ ।

भारतीय नेपालीको एक स्वीडेनी ज्वाइँ होकान र उनका मित्र, गोत्र, आफन्त र नेपाली जातिबीचको त्यो सहअस्तित्वले; जातीय, राष्ट्रिय तथा सांस्कृतिक

सीमानाबाट निर्बन्ध भई वसुधैव कुटुम्बकम्को एक सद्भावपूर्ण दृश्य देखाउँछ । मःम, पुदिनाको अचार, दालभात, आलुदम यी यस्ता अनेक परिकार ती स्वीडेनवासीलाई कस्तो लाग्यो होला ? विश्वको हरेक कुरा यसरी संयुक्त हुँदैछन् । अबको विश्व सहअस्तित्वविना निमेषभर पनि चल्न नसक्ने भएको छ । ती स्वीडेनी महिला बैगुन भाजा, मःम, आलुदम, पुदिनाको अचार बनाउने तरिका सिक्दैछन् र नेपाली गीत सङ्गीतमा झुम्दै पनि ।

ग्लोबल फ्यामिली उत्सव मनाएर साहित्यकार लामा अघिकै बाटो पुनः बेलाईत फर्किनुहुन्छ । उहाँको पहिलेदेखि योर्क, योर्कशायरडेल; स्कार्बोरो अनि थर्स्क अथवा 'डेरोबाई' घुम्ने इच्छा थियो । पशु चिकित्सक तथा महान् साहित्यकार डा. जेम्स अल्फ्रेड व्हीटको भेटरीनेरी साइन्स म्युजियम हेर्ने रहर पनि थियो । जुन सम्पूर्ण ग्रेट ब्रिटेनकै एक मात्र भेटरीनेरी साइन्स म्युजियमको रूपमा विशेष छ । जेम्स अल्फ्रेडलाई साहित्यिक जगत्मा जेम्स ह्यारिएटको नामले चिनिन्छ ।

स्रष्टा सानु लामाको नेपाल यात्रा मलाई अरूभन्दा केही विशेष महत्त्वपूर्ण लाग्छ । उहाँ आफ्नो पुर्खाको थातथलो खोज्दै नेपाल आउनुभएको छ । हुन त यस पहिले नै दुई तीन पटक नेपाल आइसकेको उहाँ बताउनुहुन्छ । परन्तु उहाँका ती यात्रा काठमाडौँमै सीमित भएका छन् ।

म उत्कण्ठित छु । मलाई हतार छ, उहाँलाई बाजे बराजुको देश कस्तो लाग्यो ? त्यो जान्न । 'नेपाल मुलुक पुर्खाको' यस नियात्रामा केही पुराना इतिहास पनि उहाँले उल्लेख गर्नुभएको छ । नेपाल, सिक्किम र कम्पनी सरकारबीचको सन्धि सम्झौताका प्रसङ्ग पनि जोड्नुभएको छ । सिक्किममा नेपालीहरू कसरी पुगे र अन्ततः त्यहीँको नागरिक भए ? त्यसको केही सारांश पनि छ ।

नेपालीहरू किन त्यसरी पुर्खाको देश छोडेर मुगलानिए ? अहिले त्यो अवस्था झन् बढ्दै गएको छ र यसले एउटा संस्कारको रूप लिएको छ । त्यतिखेर नेपालीले चाहेको भविष्य भनेको; एक पेट ढुक्कले खानु र एक हर लगाउनु, केवल यति नै थियो, भविष्य लक्ष्य जे भने पनि । यस्तो नगण्य भविष्यसमेत कठोर हुँदै जाँदा नेपालीहरू मुलुक छोड्दै हिँड्न थाले । मुगलानले लोभ्याउन थाल्यो । त्यही क्रममा लेखकका बाजेले सानै उमेरमा गाउँ छोडे । सधैँको लागि दोलखाको मुदीमिर्गेलाई माया मारे र कहिल्यै फर्केर आएनन् ।

पुर्खाको देश भनेपछि कति प्यारो हुने रहेछ । त्यही प्यारले डोरिएर लेखक दम्पती कठिनताको वास्ता नगरी, बाजेको थलो (खोज्दै) मुदीमिर्गे पुग्नुभएको छ । त्यहाँ लेखकले भुइँको माटो उठाएर, त्यसमा बाजेको ढुकढुकी खोज्नुभएको छ, तब प्रेमले अभिभूत भई त्यसलाई जतनले झोलामा राख्नुहुन्छ; त्यतिखेर उहाँलाई तीर्थ

गएको महसूस हुन्छ । भावुकतासँगै बडो रोमाञ्चित हुँदै एक ठाउँ उहाँ भन्नुहुन्छ, 'कोशी तर्दा कमला र मैले प्रार्थना गर्दै ढोग गर्‍यौँ । मेरो आपा आजभन्दा अस्सी-नब्बे वर्षअघि यही कोशी तरेर सिक्किम पसेका थिए । आज प्रौढ बन्न लागेको उमेरमा यही कोशी तरेर मैले आपाको सम्झनालाई उनको मुदीमिर्गेमा छरिदिएँ (प-५८) ।'

नेपाल फर्किएर गएपछिको अर्को यात्रा छ विदेशको । रामायणको कथा सुनेर हुर्किनु भएका लेखक । उहाँलाई रावणको देश (श्रीलङ्का) पुग्दा एक किसिमको आत्मीय अनुभूति भएको छ । रामायणमा वर्णित ठाउँहरू यथार्थमा छन् कि छैनन्, त्यसप्रति उहाँको उत्सुकता छ ।

मिथक नै सही श्रीलङ्का पुगेर राम र रावणका कथाबारे सोधखोज गर्ने, लेखकसँग पहिल्यैदेखिको इच्छा थियो । छोरी ज्वाइँको सौजन्यमा त्यो इच्छा श्रीलङ्का पुगेको छ । त्यतिखेर स्वीडिस् कम्पनी स्कान्स्काले त्यहाँको मूलकावा भन्ने ठाउँमा हाइड्रोपावर (प्रोजेक्ट) निर्माण कार्य शुरू गरेको थियो । उहाँका सिविल इञ्जिनियरि ज्वाइँ होकान, त्यस प्रोजेक्टको निर्माणार्थ त्यहाँ सरूवा भएका थिए । त्यसै समयमा लेखक दम्पती छोरी ज्वाइँ भेट्न त्यहाँ पुग्नुभएको छ ।

सम्भवतः कुनै पनि कुरा आफैँमा विशिष्ट या विशिष्टता विहीन नहुँदो रहेछ । त्यसलाई हेर्ने दृष्टिकोणले नै त्यो निर्माण हुने रहेछ । विशेष तरिकाले हेर्दा त्यो स्वतः विशेष नै हुन्छ । हामी विशेष तरिकाले हेर्न नजान्दा रहेछौँ, त्यसैले विशेष हुन नसकेका रहेछौँ । श्रीलङ्काको दोस्रो ठूलो शहर क्याण्डी–जुन मठ, मन्दिर र बिहारले विश्व प्रसिद्ध रहेको प्रसङ्गलाई, मैले यसरी नै बुझेँ । हाम्रो काठमाडौँ पनि त मन्दिरै मन्दिरको शहर हो नि । तर हामीले त्यसरी चिनाउन सकेका छैनौँ, विशिष्टीकृत गर्न जानेनौँ ।

हेर्नु त श्रीलङ्काले आफूप्रति आकर्षित गर्ने तरिका कसरी जानेको रहेछ । त्यस क्याण्डी शहरको दालादा मालीगावा मठमा, भगवान् बुद्धको दाँतको अवशेष राखेर, वर्षमा लाखौँको पर्यटकलाई आकर्षित गर्छ । यसै बेला म फेरि सोच्न पुग्छु; दाँत त 'दाँत' सबै उस्तै हो नि ! तर व्यक्ति विशेष त्यसको महत्त्व कति फरक हुने रहेछ । भोलि हाम्रा दाँतहरू त्यसै खेर जानेछन् । बुद्धको दाँत हाम्रै जस्तो भएर पनि कति मूल्यवान् छ । आखिर कुनै पनि थोक आफैँमा केही होइन रहेछ । ठूलो र सानो भन्ने कुरा त व्यक्ति तथा स्थान विशेषले निर्धारण गर्ने रहेछ ।

हामीले श्रीलङ्काबाट पनि केही थोक सिक्नु छ । धार्मिक, सांस्कृतिक सम्पदालाई विशेषीकरण गरी पर्यटकीय क्षेत्र बनाउन सकिने कुरा जान्नु छ ।

हामीमा अझै त्यस्तो चेतना आउन सकेको छैन । हाम्रा धार्मिक, सांस्कृतिक सम्पदाहरू कति वैभवपूर्ण छन् । दुःखको कुरा ती त्यसै मूल्यहीन भएका छन् । हामीले आफ्नो अमूल्य प्राचनैताप्रति कृतज्ञ भाव राख्नै सकेनौँ । बरू उल्टै प्राचीनकालीन वैभव तहसनहस गर्न उद्यत छौँ । त्यसको जरा उखेलेर, विगत विहीन वामपुड्के हुन लागेका छौँ । अनि कसरी धार्मिक सांस्कृतिक सम्पदाप्रति हामी आस्थावान् हुन सक्छौँ ? आफूसँग जे छ त्यसैमा टेकेर उठ्ने रणनीति हामीलाई थाहै छैन । हामी त आफूसँग भएको कुरालाई हेय दृष्टि गर्छौं र त्यसलाई मिल्काउँछौँ । अनि कुन आधारमा हामी अस्तित्ववान् हुन सक्छौँ ?

विश्वको यति ठूलो मानव समुदायमा एक अर्काबाट पृथक् हुने प्रमुख आधार भनेकै; उसको भाषा, धर्म, संस्कृति हो । जातीय चिनारी यसैमा अडिएको हुनेछ । कुनै पनि जाति आफ्नो भाषा, धर्म, संस्कृतिबाट विच्छिन्न हुँदा ऊ प्राणवान् हुन त सक्छ नै तर अस्तित्ववान् हुन कदापि सक्दैन । त्यस बखत ऊ जीवित समुदायको जीवित जाति हुन सक्दैन । अपरिचयको अवस्थामा जीवित हुनुको प्रमाण नै कहाँ रहन्छ ? त्यसरी आफू जीवित हुनुको प्रमाण नहराउन हङकङजस्तो व्यस्त शहरमा; देउसी भैलो खेलेर नेपालीहरू तिहार मनाइरहेका छन् । हङकङमा लक्ष्मीपूजा नियात्रा पढ्दा त्यो दृश्य देख्न सकिन्छ । त्यस घरी लेखकलाई आफू हङकङमा होइन, आफ्न गाउँ ठाउँमा छु जस्तो आभास हुन्छ । उहाँको यस यात्रामा, हङकङमा बसेर नेपाली साहित्य रचना गर्दै आएका स्रष्टा दाजु गुरूङको हङकङेली परिवेशका कथा मेरो स्मृतिमा आउँदै जाँदै गरे । अनि उनको ओसन पार्कको यात्रा पनि सम्झनामा आयो ।

त्यसपछिको अर्को यात्रा छ ताइवानको । वर्ल्ड फेलोशिप अफ् बुद्धिष्टको वार्षिक अधिवेशनमा लेखक त्यहाँ पुग्नुभएको छ । त्यस अधिवेशन लगत्तै घुम्नकै लागि भनेर उहाँ जापान जानुभएको छ । यसरी उहाँको यात्रा निरन्तर चलिरहेको छ । जापानमा भाषाको समस्याले कठिन पारे पनि, त्यहाँको स्वच्छता र उच्च दर्जाको शिष्टाचारले उहाँ एकदम प्रभावित हुनुभएको छ ।

अब अन्त्यको यात्रा रहेको छ, इण्डोनेशियाको बाली । बाली शहरमा गरिएको यात्राबारे यस पहिले नै मैले एक दुई आलेखहरू पढेको थिएँ । बालीको विषयमा लेखिएका सबैका प्रसङ्गहरू प्रायः मिल्दाजुल्दा हुने रहेछन् । विशेषतः तत्सम शब्दका नाम तथा ठाम ठेगानहरूको सन्दर्भ उस्तै हुँदा रहेछन् । 'बालीको सेरोफेरो' शीर्षक नियात्रामा उल्लेख गरिएको ट्याक्सी चालकको नाम पनि त्यस्तै रहेको छ । परिचयसँगै ऊ आफ्नो नाम सुत्री भएको बताउँछ ।

यतिखेर लेखक सानु लामालाई पढिसकेपछि, म एउटा बुझाइको अवस्थामा छु । कुनै पनि स्रष्टाले जे सोच्छ, जे बोल्छ त्यही साहित्य बनिदिँदो रहेछ अर्थात् त्यसले साहित्यिक रूप लिँदो रहेछ । उसले बस् त्यसलाई शाब्दिक मूर्तता दिन सक्नुपर्छ । त्यसका लागि जति सकिन्छ उसले लेख्नै पर्छ । लेख्नु उसको धर्म हो । लेखेर नै त उसले स्रष्टा व्यक्तित्व आर्जेको हो । भरे उसलाई त्यही व्यक्तित्वले नै जीवन्तता दिने रहेछ । अन्त्यमा एउटै पुस्तकभित्र थरी थरीका देश र विविध विषयवस्तु पढ्न पाउनु राम्रो कुरा छ । कृति पठनीय छ । तर बेलाबेला मुद्राराक्षसले जिस्क्याउन चाहिँ खोजिरहन्छ । त्यति मात्रै ।

**राइनास नगरपालिका-३, लमजुङ**


०००

**तपाईंको घर सुन्दर बनाउन रङ्ग लगाउनुपर्‍यो भने हामीलाई संझनुहोस्**



कविता

# मेरो देश



✍विनोद नेपाल

एक पाइला अघि बढ्न खोज्दा
हटेको छ दुई पाइला पछाडि
पटक-पटक,
बहेको छ रगत निहत्थाको
र,
खेर गएका छन् आन्दोलनका आँधीहरू,
पटक पटक,
बलेको छ आगो
र,
खेर गैरहेको छ धुवाँ बनेर विश्वास
पटक-पटक,
खोइ कहिले सुध्रन्छ ग्रहदशा ?
हिड्दाहिड्दै
हराएको छ बाटो एकाएक
र,
अलमलिएको छ,
फेरि एकपटक भुवँरीमा फँसेको छ,
र लाग्दैछ,
गन्तव्यहीन यात्री बनेको छ मेरो देश !

**पोखराथोक,माडी,पाल्पा ।**

# युद्ध र घाउहरू



✍दीन पन्थी

- संसारमा युद्ध भइरहेछ र युद्धको विरोध पनि भइरहेछ । शान्तिका आवाजहरू पनि उठिरहेछन् र अशान्तिका बादलहरू पनि गर्जिरहेछन् । एकातिर न्यायनिसाफका कुराहरू उठिरहेछन् अर्कोतिर बलियाहरूको बलमिच्याइ पनि चलिरहेछ । एकातिर दया र परोपकारका चर्चा चलिरहेछन् र अर्कोतिर क्रूरता र हिंसा पनि चलिरहेछन् । हरेक युगहरू छातीमा युद्धका घाउ देखाएर रोइरहेछन् ।

- राज्यका यी सीमा रेखाहरू मान्छेका रगत्ले कोरिएका छन् र युद्धका साक्षी छन् । योद्धाहरूको प्रशंसामा काव्यहरू लेखिएका छन् । विजयहीरूका स्मारकहरू ठडिएका छन् । उनीहरूका प्रशस्तिहरू गाइएका छन् । राम र रावणको युद्ध भयो । रामले जिते, रावणले हारे । रावणायण लेखिएन ; रामायण लेखियो । दुर्योधनले हारे , युधिष्ठिरले जिते । महाभारतमा भीमसेनले भाइ दुःशासनको रगत् पिएको पनि जायज मानियो । रामायणमा रामले लुकेर बाण हानी बालिलाई मार्दा पनि जायज मानियो । भनिन्छ युद्धमा सब जायज हुन्छ ।

- महाभारत होस् वा रामायण, श्रीमद्भागवत होस् वा देवीभागवत इलीयड होस् वा ओडिसी सबै वीर गाथा हुन् जसलाई हामीले रुचिपूर्वक पढ्छौँ । तिनका विजयी पात्रहरूप्रति हाम्रो आदर र सम्मान छ । अर्थात् हाम्रो मन पनि युद्धको पक्षमा छ । हरेक देवताहरू किन हतियार बोकेर हिँड्छन् ? युद्धको जगजगी छ जगत्मा । युद्ध रोक्न पनि युद्ध चाहिन्छ । मान्छेको इतिहास नै युद्धको दस्तावेजझैँ लाग्छ ।

- हामी पृथ्वीनारायण शाह , बहादुर शाह, भक्ति थापा वा बलभद्र कुँवरका देशभक्ति र वीरताका कथाहरू पढ्छौं इतिहासमा । दयाका परोपकारका, लोककल्याणका र

शान्तिका कथाहरूभन्दा युद्धका कथाहरू चाखले पढ्छन् मान्छेहरू । अर्थात् मान्छेको मनमस्तिष्कमा युद्ध छ, ईर्ष्या छ, अहङ्कार छ, द्वेष छ , राग छ । हिजो युद्ध भए । सिकन्दर वा चंगेज खानका क्रूरताहरू पढ्यौं । मुसोलिनी वा हिटलरका अत्याचारहरू सुन्यौं । पोलपोट वा चाउचेस्कुका हिंसाहरू देख्यौं । अहिले हामी देखिरहेछौं युद्धका नाममा भएका बीभत्स हिंसा, अन्याय र ध्वंसहरू । युद्ध असभ्यता र बर्बरता भन्थ्यौं हामीहरू । ज्ञान-विज्ञानले चुलिएको र सभ्यताले सिँगारिएको यस युगमा पनि युद्धको त्रासदी झन् बढिरहेछ । मान्छेको ज्ञानविज्ञान मान्छेकै अस्तित्वको संकटतिर अग्रसर भइरहेछ ।

- हामी देखिरहेछौं- अहिंसालाई हिंसाले जितिरहेछ । नीतिलाई अनीतिले थिचिरहेछ । शान्तिलाई युद्धले मिचिरहेछ । न्यायले पनि शक्तिलाई नै सलाम गर्दो रहेछ । लाग्छ - जगत् बलले, छलले, जुक्तिले र सौर्यले चल्दो रहेछ । कलम पनि कहिलेकाहीँ तरबारको प्रशस्ति लेखेर बस्दो रहेछ ।

- युद्धका निहुँहरू अनेक हुनसक्छन् । युद्ध जमिनका लागि पनि लडिएका छन् । देशभक्ति र स्वतन्त्रताका लागि पनि युद्ध लडिएका छन् । सबै युद्धको अन्तर्यमा राग छन् , द्वेष छन् र अहंकार छन् । जे निहुँमा युद्ध भए पनि परिणति विध्वंस, विनाश, हिंसा, मृत्यु र दुःख नै हुन्छ । युद्ध सृजना होइन सदा विध्वंस हो ।

- हाम्रा देवताहरू प्रायः हतियार बोक्छन् । ब्रह्मा किताब बोकेर हिँड्ने भएकोले होला उनलाई धेरैले पुज्दैनन् । सृष्टि, स्थिति र प्रलय तिनैलाई अधीनमा राखेका महादेवलाई के डर होला ? त्रिशूल नलिई हिड्दैनन् । भगवान् विष्णु नै गदा र चक्र बोकेर हिँड्छन् । सम्भवतः तनीताक स्वर्गमा युद्धको जगजगी थियो । दानवसँग युद्धमा देवता पराजित भएपछि देवी भगवतीले हतियार बोकेर दानवहरूलाई दमन गरेकी थिइन् । यो युद्ध हिजो पनि हुन्थ्यो आज पनि छ । आज विध्वंस थोकमा हुने गर्छ , हिजो फुटकरमा हुने गर्थ्यो । हिजो लड्नेहरू मर्थे मैदानमा , आज नलड्नेहरू पनि मर्छन् ।

- श्रीकृष्णले आफ्ना मामालाई मारे, भगवान् भए । रामले रावणको वंशनाश गरे, पुरुषोत्तम भए । मामा माथवरलाई मार्ने जङ्गबहादुर श्री ३ महाराज बने । क्षत्रीयहरूको कत्लेआम गर्ने परशुराम भगवान्का अवतार मानिए । युद्ध नगरी कोही यशस्वी र सम्मानित बन्न नसक्दो रहेछ ।

- नाटकहरूमा, काव्यहरूमा, पढ्दा हेर्दा हामी पनि पक्षपाती बनिदिन्छौं । रावण ढल्दा ताली पिट्छौं, लक्ष्मण बेहोस हुँदा आँसु झार्छौं । सूर्पणखाका नाककान काटिँदा रमाउँछौं, सीता अशोक बाटिकामा मैली दुब्ली देख्दा करूणार्द्र बन्छौं ।

हामी तटस्थ बन्न सक्दैनौं । हाम्रो मन पहिलै रामतर्फ छ किनकि राम विजयी हुन् । हरूवाको पक्ष कसले लिन्छ ?

- नीत्से भन्छ - शुभ त्यही हो जसले जित्छ, अशुभ त्यही हो , जसले हार्छ । हार्नुभन्दा ठूलो अशुभ केही छैन जगत्मा । जो उत्कृष्ट छ त्यहीँ बाँच्छ, निर्बलहरू भेंडा बाखा झैँ काटिन्छन्, मारिन्छन् । निर्बलमाथि दमन गर्नु प्राकृत नियम हो । जसरी बाघले मृग खान्छ, जसरी बाजले पक्षीहरू खान्छ, जसरी बिरालाले मुसा खान्छ । युद्ध जारी छ- जलमा, थलमा, नभमा पनि । युद्ध शहरमा पनि छ, जंगलमा पनि छ, गाउँमा पनि । युद्ध बाहिर पनि छ भित्र पनि । मन मस्तिष्कमा छ युद्ध । हामी विस्फोट देख्छौं, घाउहरू देख्छौं । घाइते शरीरहरू देख्छौं । घाइते मनहरू देख्दैनौं । मान्छेले बनाएका रचनाका भग्नावशेषहरू र क्रूरता, निर्ममताका कथाहरू सम्भिएलान् केही कालसम्म ।

- युद्ध रोमाञ्चक हुने रहेछ पढ्नेहरूलाई । हामीले महाभारतका युद्ध कथाहरू रुचिपूर्वक पढ्छौँ । युद्ध बीभत्स हुने रहेछ भोग्नेहरूलाई । पढेको र सुनेको भन्दा त्रासद र शोकमय हुन्छ युद्ध । युद्ध घाउ हुन् मानव जातिका । धेरै लडिए युद्धहरू । क्षतविक्षत बन्यो मानवता । अब एउटा युद्ध लड्नु छ । त्यो युद्धमा मान्छे- मान्छेमा युद्ध हुने छैन । त्यस युद्धमा मान्छेका द्वेषहरूसँग, लोभहरूसँग, भोकहरूसँग, रोगहरूसँग, अहंकारहरूसँग र अनन्त दुर्भावनाहरूसँग युद्ध हुनेछ । हो तेस्रो विश्वयुद्ध यसरी नै लडियोस् जसमा मान्छेका शरीर र मनमा घाउहरू नलागून् ।

ooo


# किरण पुस्तकालय

## तम्घास, गुल्मीलाई

## आफ्ना प्रकाशनहरू उपलब्ध गराई

## सहयोग गर्नुहोस् ।

कविता

# हजुरलाई मेरो अनुरोध

✍सिजन श्रेष्ठ

हजुरलाई मेरो एउटा स्यानु अनुरोध छ-
कृपया !
हजुरले हजुरका मनका कुरा
हजुरको मनमा नै थुनेर राखिसियोस्,
डोरीले टनटनी कसेर राखिसियोस्, बाँधेर राखिसियोस्
त्यतिले नि भएन भने
बरू हजुरको मनको वरिपरि खनेर
डिल लगाइसियोस्,
कान्ला बनाइसियोस्,
बाँध बाँधिसियोस् ।
कृपया ! तर हजुरले हजुरका मनका कुरा
हजुरसितै सँगालेर राखिसियोस्, अँगालेर राखिसियोस्
त्यसलाई चुहिन नदिइसियोस्
अलिकति पनि
पोखिन नदिइसियोस्,
बग्न नदिइसियोस्
एक थोपा पनि ।
मलाई थाहा छ-
यदि हजुरका मनका कुरा बगेर गए भने
हजुर सागर बनिसिन्छ
त्यसपछि-
हजुर र हजुरका मनका कुराहरू पनि धमिलिन्छन्
र, पृथ्वीको कुनै गर्तमा
हजुर हराइसिन्छ ।
त्यसरी एकाएक हजुर हराइसिँदा
हजुरसँगै हराइजान्छन्
हजुरका मनका
सा....रा.... कुराहरू ।

मलाई मन्जूर छ बरू
हजुर सधैँभरि
भ्यागुतो बनिसियोस्
भुइँबाट पर्खालमा पटक पटक उफ्रिँदै
फेरि भुइँमा नै झरिसियोस्
कुवाकै चार कुनामा/दिवारमा रमाइसियोस्
र, मैले सोचेजस्तै/चाहेजस्तै
हजुर सधैँ-सधैँ कुवाको पानीझैँ
कञ्चन रहिसियोस्,
सङ्लो रहिसियोस्,
निश्छल रहिसियोस् ।
हजुरलाई मेरो यत्ति अनुरोध......

ooo


# जिल्ला हुलाक कार्यालय गुल्मीको सादर अनुरोध

१. छिटो, छरितो, कम मूल्यमा चिठ्ठीपत्र, पार्सल आयात-निर्यात गर्न हुलाक सेवाको प्रयोग गरौं ।
२. विदेशमा रहने नेपालीहरूले आफ्नो घरपरिवारमा पार्सल पठाउन हुलाक सेवाको प्रयोग गरौं ।
३. हुलाक सेवाबाट प्रदान गरिने सेवाका बारेमा प्रतिक्रिया लिन दिन हुलाक कार्यालय गुल्मीको फो. नं. ९८५७०६७१९५ / ०७९-५२०१८२ मा सम्पर्क गरौं ।

**जिल्ला हुलाक कार्यालय**
गुल्मी, तम्घास

# स्मृतिको पीडामा अन्तिम सत्य

✍ **नैध्रुव शर्मा**

काश्यप गोत्रीय उपाध्याय ब्राह्मणको प्रजातिमध्येको यो स्मृति श्रद्धा र स्मृति दुःखमा केन्द्रित रहने छ । संसारमा वर्तमान समयमा आठ अरबभन्दा बढी मानिसहरू छन् । यी सबैको मृत्यु, काल वा अकालबाट हुन्छ । मानवसभ्यताको आगमनदेखि नै यो क्रम जारी छ । इतिहासको कालखण्डमा विभिन्न युगपुरुषहरूको आगमन भयो । रामायण र महाभारतका अनेकौँ चरित्र मर्ने र मार्ने क्रमको यात्रा जारी रह्यो । मानव जातिको उत्पत्ति र विकासक्रम दस हजार वर्षको मात्र अनुमान गरिन्छ । लिपिको विकास भएपछि संवत्सरहरू आरम्भ भए, जसमा वि.सं., सन्, मुस्लिम मुख्य रहे । आज इसवी संवत्लाई व्यवस्थित, तथ्यपरक र वैज्ञानिक मान्ने गरिएको छ । यो संवत्को आरम्भ भएपछिका अनेकौँ विद्वान्, दार्शनिक, वैज्ञानिकहरूले जीवन र मृत्युका बारेमा अनेकौँ बहस चलाउँदै गए । सिकन्दर महान्देखि वर्तमानसम्मका चर्चित पात्रहरूको मृत्युचिन्तन आफैमा गहनतापूर्ण बनेको छ । जुन १२, २०२५ को भारतीय विमान दुर्घटनाले संसारलाई आश्चर्यचकित बनायो, जसमा २४२ जनाले मृत्युवरण गरेको यो घटना वर्तमान सामाजिक सञ्जालमा अत्यन्तै चर्चाको विषय भएको छ । यो ध्रुवसत्यरूपी जन्म, मृत्यु र जीवनचक्र आफैमा नियमित आकस्मिकता हो । जन्मसँगै मृत्युसमेत जोडिएर आएको हुँदा जेजस्ता र जस्तोसुकै पीडा र पश्चात्ताप भए तापनि आफन्त, परिवारजन, र शुभचिन्तकहरूले पीडा र पश्चात्तापका बीच जीवन भोग्नुबाहेक कुनै विकल्प छैन ।

सन्दर्भ पं. नारायणदत्तको वंशवृक्षका ज्येष्ठ पुरुष नरहरि अधिकारीको मृत्युपश्चात् पङ्क्तिकारको परिवारमा उनले गरेका सुकर्मसँगै पीडा र पश्चात्तापका भावना पनि मसँग छन् । सबै मान्छेहरू यस धराधाममा केही दिनका पाहुना हुन् । एक दिन आउने र एक दिन जाने भएका कारणले होला, हाम्रो जीवनलाई दुई दिनको जिन्दगी भनिएको हो । पैँचालीस वर्षको उमेरमा दोस्रो बिहे गरी नारायणदत्तको वंशवृक्षमा चार छोरा थिए । गिरीधारी बाल्यकालमा बिते भने लक्ष्मण बाह्र वर्षको उमेरमा शिलाङ, भारत गएका उतै दिवंगत भए । बालविवाहमा बाँधिएकी सेतो धरती कुशी आमाको सत्ताइस वर्ष सेवामा मेरो सक्रियता सदैव रहिरहन्थ्यो । कृष्णलालका तीन छोरा र बलभद्रका पाँच छोरामध्येका गरी नारायणदत्तदेखि नौ

पुस्ताका टङ्कनारायण अधिकारीसम्म एक सयको आसपास वंशवृक्षको विस्तार भएको छ ।

ज्योतिष, कर्मकाण्ड र भागवतका विशिष्ट अध्येता नारायणदत्तको नारायणीय प्रभावबाट यो वंशको यात्रा विस्तार भएको हो । कृष्णलालका ज्येष्ठ पुत्रको रूपमा नरहरि दादा वि.सं. १९९४ असारमा यस धर्तीमा आएका हुन् । नाम, नक्षत्र र राशिमा कडा, आक्रामक, प्रतिरोधी प्रवृत्ति भएका कारण तीनवटी श्रीमती विवाह गरे पनि दुई श्रीमतीको मृत्यु र कनिष्टले छोडेर गएका कारण अडतीस वर्षको उमेरमा विधुर भई पचास वर्षसम्म एकल पुरुषका रूपमा उनको जीवनचक्र चल्यो । प्रथम विवाह सल्यान, दोस्रो धिताल र तेस्रो पुरुनचौरमा केन्द्रित थिए । दुई श्रीमतीतर्फ तीन छोरा र एक छोरी भए । ती सबैका छोरा–छोरीतर्फ समेत गरी दुई दर्जनभन्दा बढीको वंशवृद्धिपश्चात् २०८२ साल जेठ ३१ गतेका दिन उनले यो धरती छोडे ।

चौध वर्षकै उमेरमा कविवर मुकुन्दशरण उपाध्यायसँग वृन्दावन संस्कृत पठन हेतु गएका नरहरि तीन महिनाको अध्ययनपश्चात् पुनः कास्कीमा आए । कर्मकाण्डी र कुशल पुराणवाचकका कला हुनु, चौध वर्षकै उमेरमा भागवत सप्ताह पुराणवाचन गरेका व्यक्ति हुनु, प्रमाणपत्रीय विशिष्ट अध्ययन नहुनु, सामान्य तोते बोली, कठोर मन–मस्तिष्क, दुःखदायी जीवन भोगाइ, दस महिनाको बच्चा छाडेर माहिली श्रीमतीको मृत्यु हुनु, साढे दुई–दुई र डेढ वर्षका छोराछोरी छाडेर जेठीको मृत्यु हुने, पारिवारिक विखण्डन र पीडाका बीच पनि उनले हिम्मत हारेनन् । तेस्रो विवाहमा पनि चम्कौली श्रीमती परेका कारण सम्पत्ति समाप्त गरी बेपत्ता भइन् । कान्छी ज्यामै भनिने वयोवृद्ध हजुरआमाले चेतमणि घनश्याम पनाति र दुर्गा पनातिनीको संरक्षण गरिन् । अन्त्यकालमा आफ्नो सम्पत्ति पनि यी दुई पनातिका नाममा २०४४ सालमा बकसपत्र दिइन् । २०४५ सालमा उनले पनि संसार छोडिन् । नरहरि दादाले आफ्नो जीवनमा ससुरालीको आडभरोसका बीच हाउसे पण्डितकी छोरीको पूँजी झैंझगडाका बीच हात पारे भने, सल्यानेकी छोरी भनिने कान्छी हजुर आमाको सम्पत्ति उनकै नातिनी भतिजी विवाह गरी ल्याएका कारण हात पारे । जमिन कि अमिन भन्ने उनको जीवनको ऊर्जाशील समयको उद्घोष थियो । माहिली श्रीमती ताराको दस महिने शिशुलाई एकल महिलाको जीवन भोगेकी नातामा माइजू र दिदीसासुको संरक्षण, लालन–पालन र शिक्षा–दीक्षा प्रदान गरिएका कारण हाल भरतपुर–६, पारसनगरका पं. खेमराज अधिकारी पङ्कज कुशल पुराणवाचक बनेका छन् । नरहरिको खेमराजप्रतिको आर्थिक पक्ष उपेक्षापूर्ण नै रह्यो । उनले पिताश्रीतर्फको कुनै सम्पत्ति भोगचलन गरेनन् ।

नरहरि कुशल पुराणवाचक भए पनि स्वभावमा महाभारतमा कौरव पक्षको चरित्र हावी थियो । हुन त मान्छेको जीवनचक्र र शत्रुता जीवित अवस्थामा मात्र हुन्छ, मृत्युपछि ती सबै विस्मृत हुन्छन् । व्यवहारमा कतिपय यस्ता घटना हुन्छन्, जो जीवनभर पीडादायी बन्न पुग्छन् । परपीडक प्रवृत्ति र दैवी न्यायको सिद्धान्त दण्डसंहिता पूर्ण हुन्छ, भएको छ र हुने पनि छ । मधुवनको विवाहमा जन्त गएका दस वर्षे बालकले समयको चरित्रसँगै युधिष्ठिर चरित्रका मधुवनलाई उनले जे-जस्तो व्यवहार गरे त्यो पुस्तौँपुस्तासम्म पनि अविस्मरणीय रहने छ, जुन कुरा २०१७ सालको स्वर्णपुष्प घटनासँग सम्बन्धित छ ।

वि.सं. २०४१ मा भर्भराउँदो उमेर, अवस्थाकी बुहारी भगवतीको अकस्मात् मृत्युवरणले मधुको परिवार शोकसन्तप्त बन्न पुग्यो । उनले पुनः अर्को पाण्डित्यको उद्घोष गरे । विक्री भइसकेको घरमा अन्त्येष्टि कर्म गर्न हुन्न भनी सोझा र सरल स्वभावका मधुवनलाई उनले कथित पौराणिक र शास्त्रीय चिन्तनकेन्द्रित भनी पाखण्डपूर्ण व्यवहार गरे । परिणामस्वरूप मधुवनले भाउजूको घरको पिँढीमा कोरो बारेर १३ दिनको किरियाकर्म सम्पन्न गरे । हाम्रा कान्छा बाबाको घडेरीमा उम्रिएको सिस्नु टोपकुमारका सन्ततिले फाँड्ने उद्घोषपूर्ण कथित प्रचारबाजीले मूर्तरूप लियो । यही पीडा र प्रहारका बीच मधुवनले अर्को घर निर्माण गरे । परिस्थितिवश उक्त नवनिर्मित घरमा पाँच वर्ष मात्र बसेर त्यो पनि विक्री गरी मधुको परिवार पूर्णरूपले बसाइँ सर्न बाध्य भयो । २०४७ सालमा सेतो धरतीकी उपज माइली आमा संरक्षण र दस महिनाको टुहुरो नाति साथमा लिएर तराइको दुर्गम बर्दियामा मधुवनको परिवार बसाइँ सर्‍यो । २०५४ सालमा पुनः मधुवन कास्की आए तथापि उनको मन स्थिर थिएन । अन्ततः २०५५ देखि २०६० सालका बीच पूर्वी नवलपरासीको भैँडाबारीमा रहिरहँदा मधुवनले गणेश पुराण र गायत्री पुरश्चरण गरे ।

वि.सं. २०६० असोजमा पुत्र वत्सराज कश्यपले भरतपुर-१० मा मातापितालाई आफ्नो संरक्षणमा सेवा गरिरहेको समयमा विजया दशमीको भोलिपल्ट कालगतिले आफ्ना ज्येष्ठ र मध्य पुत्रको काखमा मधुवनको स्वर्गारोहण भयो । यही माटोमा माहिली आमा र आफ्नी आमाको अन्त्यकालसम्म वत्सराजले सेवा-सत्कार गरिरहे । यसबीचमा मधुवनको देहावसानपछि तेह्रौँ दिनसम्म उनले देहत्याग गरेको माटोमा आएर किरियाकर्ममा सरिक भएका पञ्चपाण्डव भाइलाई सहयोग गरे । यो हुनसक्छ, अतीतमा मधुवनप्रति गरिएको व्यवहारको प्रायश्चित्त थियो कि ! २०८२ साल जेठ ३१ गते (मसान्तका दिन)नरहरिको पनि देहावसान भयो । यसभन्दा पूर्वको एक महिनाअगाडि पुत्र पङ्कजको लघुरुद्री महायज्ञमा पङ्क्तिकारलाई सशरीर दर्शन र साक्षात्कारसँगै पुनर्मिलनको अवसर प्राप्तिका बीच धर्मदर्शन र नीतिबारेको ज्ञानगुनका

अभिव्यक्ति सुन्ने-सुनाउने अवसर मिलेको थियो । यमराजले निमन्त्रणा गरेको अन्तिम पन्ध्र दिनका बीच वत्सराज भेट्न पुग्यो । कुलमन्दिर निर्माणका विषयमा गम्भीर छलफल हुँदा उनको जीर्ण शरीर, विचलित मनोदशापूर्ण व्यवहारलाई वत्सराजले देखे ।

मानवीय नाताले म आफू अन्तिम दर्शनका लागि जेठ २५ गतेको मितिमा पुगेँ, जतिबेला उनको अवस्था अत्यन्तै गम्भीर थियो । पङ्कज पुत्र र म सँगसँगै थियौँ । अन्तिम गन्तव्यका बीच उच्च रक्तचापका कारण बाह्र दिनसम्म मणिपाल अस्पतालमा रही अन्तिम सत्यको प्रतीक्षामा रहे । पुनः घरमा पुगेको एघार दिनपश्चात् नरहरिले संसार छोडे । म आफू दस दिनभित्र उनका सन्ततिलाई भेट्न पुगेँ तर वत्सकी श्रीमती र पङ्कजकी श्रीमती भने पाञ्चभौतिक मृत शरीरको दर्शनार्थ रातारात कास्की पुगेका थिए ।

मृत्यु अन्तिम सत्य हो । ढिलो-चाँडो हामी सबैले संसार छोड्नु छ । भौतिक जीवनमा कसैलाई पनि सताउने कुकर्म नगरौँ, सकिन्छ राम्रो कर्म गरौँ, सकिँदैन नराम्रो कर्म नगरौँ । अन्तिम सत्यलाई संस्मरण गरिरहौँ । खाली हात आएर, खाली हात जाने सांसारिक नियमलाई नबिर्सौं । मान्छेको मृत्यु हक हो, एक दिन सबैले जानुपर्दछ । नरहरि दादाका धेरै अविस्मरणीय गुणहरू थिए । जो माथि उल्लेख पनि भए । माइजूका दिदीसासूको चौथो पुण्यतिथिमा चितवन आइरहेको समयमा म आफूले उनीसँग ज्ञानका कुरा लिन पुगेँ, उनले बताएको बहुचर्चित संस्कृतको एउटा श्लोक आजसम्म पनि मेरो स्मृतिमा गुञ्जिरहेको छ :

**नागो भाति मदेन कञ्जलधरैर्पूर्णेन्दुना शर्वरी**
**शीलेन प्रमदा जवेन तुरगो नित्योत्सवं मन्दिरम् ।**
**वाणी व्याकरणेन हंस मिथुनै नद्य सभा पण्डितै**
**सत्पुत्रेण कुलं नृपेन वसुधा लोकत्रयं भानुना ॥** (भोजप्रबन्धबाट साभार)

अर्थ : हात्तीको शोभा मदले हुन्छ, आकाशको शोभा जलधर बादलले हुन्छ, पूर्णचन्द्रले रात्रि सुशोभित हुन्छ, नारीको शोभा शीलले हुन्छ, घोडाको शोभा गतिमयताले हुन्छ, मन्दिरको शोभा प्रतिदिनको उत्सवले हुन्छ, व्याकरणले वाणीको शोभा बढ्छ, नदीको शोभा हाँसको जोडाले बढ्दछ, पण्डितहरूको उपस्थितिले सभाको शोभा बढ्छ, सुपुत्रले कुलको शोभा वृद्धि हुन्छ, पृथ्वीको शोभा राजाद्वारा हुन्छ भने त्रिलोकीको शोभा सूर्यद्वारा हुन्छ ।

यसरी जीवनको अन्त्यकालमा आएर नरहरि दादासँग यस उक्तिका बारेमा अर्थसहित व्याख्याको बेलिविस्तार पनि भएको थियो । ४९ वर्षसम्मको एकल पुरुषको

जीवन भोगाइलाई पुत्रहरू र पुत्रवधूहरूले जे जस्तो सेवा गरे त्यो केवल छोरा-बुहारीको कर्तव्य मात्र थिएन, विधुर बाबाको आदरपूर्वक गरिएको सम्मान, समर्पण र सत्कार पनि थियो । चितवन आएको समयमा म आफूले इतिहास जे-जस्तो भए पनि विष्णु सहस्रनामको पङ्क्ति ईशान प्राणदो प्राण ज्येष्ठ श्रेष्ठ प्रजायति । हिरण्यगर्भ युगर्भोमाधवो मधुसूदन भनेर सम्मान गर्थे । आफ्ना समकालीन र विद्वत् वर्गका मित्रहरूलाई पनि 'तँ' आदरार्थी शब्द प्रयोग गर्नुहुन्थ्यो । "दादाजी, तपाईं हाम्रो वंशकै ज्येष्ठ-श्रेष्ठ हुनुहुन्छ 'तँ' आदरार्थी प्रयोग गर्न भएन नि" भन्ने धृष्टता प्रकट गर्दा "मलाई 'तिमी' भन्न आएन, 'तँ' या 'तपाईं' भनेर सम्बोधन गर्दछु भाइ ।" म आफूले "जे-जस्तो वागवाणी आयो, त्यही प्रयोग गर्ने हो" भनेर मन बुझाएँ । शिष्य छोरा बलराम सुवेदी खत्रौलीमा म आफूले मोटर साइकलमा राखेर सहस्र चन्द्रदर्शनमा पुग्यौँ/पुऱ्याएँ । "दादाश्री, चौरासी पूजा (सहस्र चन्द्रदर्शन) त गर्नुभयो । यस यज्ञमा श्रीमद्भागवत पाठ पारायण र लक्ष्यबत्ती गर्नुभएनछ । यज्ञ पूर्ण भएन नि" भनेर प्रतिवाद गर्दा "त्यो त्यस्तै भयो" भनेर उत्तर दिएपछि म आफूले कुनै प्रतिक्रिया जनाइनँ ।

यसरी दादाको जन्मदेखि मृत्युपर्यन्तसम्मका कथा-व्यथा वा जीवनी तयार गर्ने हो भने २०० पृष्ठ बराबरको पुस्तक बन्न सक्दछ । म आफूले जान्ने भएदेखि हाम्रो परिवारमा पुऱ्याएको योगदानलाई मात्र स्मृतिको गर्तमा व्यक्त गरिएको हो । अब त यस संसारबाट ज्येष्ठ दादाले अन्तिम समाधि लिनुभयो । दादाको सायुज्य मुक्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥

ooo

किरण पुस्तकालय तम्घास, गुल्मीलाई आफ्ना गाउँपालिका र नगरपालिकाबाट प्रकाशित सबै प्रकारका राजपत्र, योजना पुस्तिका, पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य प्रकाशनहरू उपलब्ध गराइदिई सहयोग गर्नुहुन अनुरोध छ ।

**किरण पुस्तकालय**

तम्घास, गुल्मी ।

# डायस्पोरिक जीवनको आत्मकथा

**✍छत्रमान सुब्बा**

मानिसले जतिसुकै दुःख-कष्ट भोगे पनि यो दुनियाँ सुन्दर छ भन्ने मोह हृदयमा हुर्काएर हिड्न छोडेका छैनन् । अनि कहाँ र कता त्यो सुन्दर दुनियाँ पाइन्छ भनेर संसारभरि घुम्दै हिडेको युगौंदेखि हो मानिसले । जीवजन्तु पनि यसरी खाद्यान्न खोजेर संसार डुल्दा-घुम्दा हुन् । परन्तु मानिसले जस्तो वाहन-साधन बनाउन नसकेपछि सागर-महासागर अनि हिउँ पहाड उक्लन नसकेर केही सीमा धेराभित्रै जीवन धाउँदा हुन् । कति त मानिसले मेरो र तेरो भनेर भौगोलिक सीमावर्ती अञ्चलमा काँडेतार र बन्दुके सीमा सुरक्षा बलको बाधाले पनि अन्यत्र घुम्न जान सक्दैनन् अथवा खोजी खान जान नसकेर मानिसको साँगुरो मनले निर्माण गरेका देश अथवा राष्ट्रभित्रै जीवनलाई टुङ्गो लगाउनु पर्ने बाध्यता हुन्छ । त्यहाँ पनि उनीहरूलाई एउटा सानो र साँगुरो क्षेत्रमै सीमित रहनुपर्छ नत्र कतै मानिसको आवादीतर्फ हिड-डुल गरेको देखेभने उनीहरूलाई कुट-पिट गरेर भएन भने गोली पनि ठोक्नसम्म पछि हट्तैनन् यी मानिस भनाउदा त । परन्तु मानिस कहिले यसरी रोकिनु परेको छ होला ? रोकिनु परे पनि उसैले बनाएको कानुन नामको व्यवस्थाले रोक्छ । फेरि जाने बाटो पनि सोही कानुनले खोलिदिएको हुन्छ । यति सोचेर नाजम निकैबेर चिन्तामग्न भयो । उसले पनि सुन्दर र सम्पन्न संसार खोजेर आज यतिका उमेर काटिसक्यो तर त्यो ठाउँको टुङ्गो लगाउनु सकेको छैन जुन ठाउँमा पुगेर मानिसले आनन्दले, सुख-चैनले जीवन बिताउन सकोस् । बरू जहाँसम्म पुगे पनि अझ दुःख र कष्टले आफैलाई झन्झन् गाजेको महसुस हुँदै जाँदो रहेछ मानिसलाई । आज पनि उसले यसरी सोचिरहेको छ । अनि आफैंलाई एकपल्ट प्रश्नचिह्न लगाएर नाजम गहिरो सोचाइमा डुब्न पुग्यो ।

उसले यसरी सोच्नुपर्ने कारणभित्र एउटा मुख्य कारण दक्षिण अमेरिकाको वर्णवाद पनि एउटा हो भन्ने उसलाई आफैंलाई लाग्दछ । जब उसले त्यहाँको वर्णवादको विषयमा अलिकता पढ्यो उसको हृदयले निर्दयी र निष्ठुरी मानवतालाई धिक्कान नदिईकन रहन सकेन । एकजना मानिसले अर्कोलाई यति निच व्यवहार गरेको देखेर उसको हृदय धुरूधुरू रोएर आउछ । उसले कतै पढेको थियो मानिस पनि पशुबाटै विकास भएको हो र उसले पशुत्व लुकाएर राखेको हुन्छ । अहिले उसलाई यस्तै लागिरहेको छ । नाजमले सुनेको थियो अमेरिका विश्वको सबैभन्दा विकसित देश हो । परन्तु त्यस्तो देशको यस्तो हरकत पढेर उसलाई साँच्चिकै आफैंलाई विश्वास हुन सकेन । अनि यतिखेर नाजमको विवेक अलमलिएको जस्तो भान भएको छ ।

उसले अमेरिकाको त्यो अवर्णनीय घटना नै त देखेको हैन । परन्तु डेल कार्नेगी लिखित ग्रन्थ (Lincoln The unknown) अविदित लिङ्कनमा वर्णित कृतदासहरूमाथि गरिएको पाशविक अत्यचार सम्झिएर उसको आङ सिरिङ भएको छ यतिबेला । त्यस ग्रन्थमा यसरी लेखिएको छ (जो नेपालीमा डा०विष्णु भण्डारीले अविदित लिङ्कन शीर्षकमा अनुवाद गरेका छन्) –"कृतदासहरूमाथि समग्र देशव्यापी चलेको अमानवीय अत्यचारको प्रवाह जति भयङ्कर थियो त्यति नै निष्ठुर तथा दयनीय पनि थियो । अह्राएको नमान्ने वा भनेको नटेर्ने अर्थात् केही अट्टेरी कृतदासलाई उम्लिँदै गरेको पानीमा हात चोब्न लगाएर सजाय दिने गरिन्थ्यो । यस्तो सजाय त्यस समय स्वाभाविक थियो । आगोको तापले रातो भएको फलामको छडीले शरीरका हरेक ठाउँमा डामेर डाम्रा बनाउने गरिन्थ्यो । उनीहरूलाई जतिखेर पायो त्यतिखेर विना कारण कुटपिट गर्नु ,सजाय दिनु वा अन्याय गर्नु त्यस समयमा सामान्य घटना बनेको थियो ।

यस्तो यातना ,अन्याय–अत्यचार विरुद्ध कुनै प्रतिवाद,धर्ना,आन्दोलन गर्ने अधिकार कृतदास वा कृतदासीहरूलाई थिएन । चक्कुले प्रहार गरी शरीरको कुनै अङ्ग क्षत–विक्षत पार्दा पनि उनीहरू मौन रहेर सहन गर्नपर्थ्यो । ––

गोराहरूले काला कृतदासीहरूका गर्भमा जुन सन्तानको खेती लगाउँथे, त्यसबाट उत्पादित फसललाई वर्णशङ्कर भनेर जानिन्थ्यो । उनीहरू न गोरा हुन सके, न त काले नै । बजारमा यस्ता तरुणीहरूको खुबै दाम हुन्थ्यो । धनसम्पत्तिले मात्तिएका गोरा मानिसहरूले खुल्ला रूपमा यस्ता नारीहरूमाथि यौन शोषण गर्दै जीवन आनन्दमा बिताउने गर्थे । यति जघन्य अपराध हुँदाहुँदै पनि यस्तो कुकर्मलाई रोक्ने कुनै किसिमको प्रयास हुँदैनथ्यो । "

कुकर्मलाई रोक्ने कुनै प्रयास हुँदैनथ्यो ? नाजम एकक्षण रोकिएर सोच्न बाध्य भयो । सबै अमेरिकन निर्दयी थिए होलान् त? । मानवतारहित त थिएन होला सिङ्गो अमेरिका । त्यस समय पनि दयावान् र मानवताका पक्षधर मानिसहरू थिए होलान् निश्चय नै । किनभने त्यसताका पनि एकजना नारी जसको नाम थियो हारिएट बिसार स्टो । उनले कृतदासहरूमाथि भएको उत्पीडनको कथा–व्यथा पुस्तकको रूपमा प्रकाशित गरेकी थिइन् । पुस्तकको शीर्षक थियो "अङ्कल टम्स केबिन । यो पुस्तक सारा संसारमा लाखौंलाख बिके र हलचल नै मच्चाएको थियो । युरोपमा पनि यो अङ्कल टम्स केबिन किताब विभिन्न भाषामा पाठकले अध्ययन गरेर अमेरिका जस्तो विकसित राष्ट्रमा यस्तो अमानवीय, घृणनीय र जघन्य कार्य भएको देखेर यसको आलोचना गरेका थिए । परन्तु त्यतिले मात्र त्यो वर्णवाद समस्या समाधान हुन सकेन । यो दासप्रथा निर्मूल हुने अवस्था आइपुगेको थिएन । यो लाभदायक व्यवसाय थिएछ र थामिने कुरै थिएन । यत्ति सजिलोसँग

यो कृतदास प्रथा कसरी हट्ने । कुरा पनि भएन, सकेन । यसका अनेकौं कारणहरू थिए । तीमध्ये केही कारण यसरी उल्लेख गरेको पाइन्छः

(१) अमेरिकाको दक्षिणी क्षेत्रका मालिकहरूले दासको व्यवसाय गरेर प्रशस्त धन कमाएका थिए ।
(२) हरेक याक्साका गोरे तथाकथित प्रभुका लागि यो वरदानभन्दा कम थिएन ।
(३) उनीहरूका लागि यो एउटा सौभाग्यको प्रतीक थियो ।

(४)सबैभन्दा विस्मयकारी कुरा के थियो भने देशका राष्ट्रप्रधानलगायत कानून रक्षकहरूले पनि यो प्रथा सही हो भनेर स्वीकार गरिसकेका थिए । त्योभन्दा पनि आश्चर्यजनक कुरा यो थियो कि पुरोहितवर्ग पनि यस कलङ्कबाट मुक्त थिएनन् वा हुन सकेका थिएनन् ।

यसरी अनैकौ कारणले त्यहाँ भयङ्कर हृदयविदारक यो पाशविक प्रथा उन्मूलन गर्नु त्यही एउटा गरीब परिवारमा एकजना देवदूतको जन्म हुन पर्‍यो । चरम गरिबीले छाएको अत्यन्तै दयनीय स्थितिमा रहेको परिवारमा एकजना देव शिशुको आगमन हुन्छ । त्यो दिन थियो १९०८ सन्को १२ फरवरी आइताबारको बिहानीपख । उनी थिए अमेरिकाका महान् मानवतावादी भूतपूर्व राष्ट्रपति अब्राहम थोमस लिङ्कन ।

उनले त्यो अमानवीय दासप्रथाको निर्मूल गर्न अनेकौं कष्ट सहेर जालझेल, दुःख-पीडामा पनि आफ्नो जीवनको लक्ष्य त्यागेनन् । एकपल्ट लिङ्कनले आफ्नो जीवनको लक्ष्य के थियो र किन यसरी दुःख झेल्नु परिरहेकोछ भन्ने विषयमा उनी बोलेका थिए -"केवल यही एउटा कामको लागि मैले निष्ठुर, दयाहीन र कष्टदायक जीवन खप्नुपरेको थियो । असङ्ख्य मानिसका लागि मैले अप्रिय बन्नुपरेको थियो ।

उनले आफ्नो जीवनकाल मै जीवनको महत्तम् लक्ष्य पूरा गरेर त्यो मुलुकमा रहेका चालीस लाख कृतदासलाई मुक्ति दिएका थिए । त्यस समय ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरेर उनले आफ्नो मनको कुरा यसरी पोखे -" कुनै कारणले यदि मेरो नाम इतिहासको पन्नामा कोरियो भने त्यो केवल यही कारणले नै हुनेछ । मेरो समग्र सत्ता ,आत्मा यसैको लागि समर्पित हुनेछ । "

त्यसकारण म उनको यो मानव कल्याणकारी र युगान्तकारी कार्यको अमर कथा यसरी इतिहासको पन्नामा चिरकालसम्म लेखिनेछ । एकजना महान् व्यक्ति लिङकनलाई अमेरिकाको कृतदासहरूको वेदनापूर्ण जीवनका व्यथाहरूले छातीमा सधै सधै आघात दि रहन्थ्यो । त्यसकारण कृतदासको कालो कलङ्क मेट्नलाई उनी सधै तत्पर थिए । किनभने यो कुरा उनले राम्रोसँग बुझेका थिए कि देशको अर्थव्यवस्था कृतदासहरूको कठोर परिश्रमले विकसित भएको हो । परन्तु उनीहरूको जीवनको कुनै मूल्य थिएन । उनीहरूमाथि अत्याचार र उत्पीडन चरममा थियो । त्यसकारण

उनीहरूलाई न्याय दिनु नै उनको जीवनको लक्ष्य थियो । मलाई लाग्छ अब्राहम लिङ्कन जस्ता महामानवको यो संसारमा घरिघरि जन्म भइरहोस् भन्ने कामना गर्दछु ।

विलियम एच हर्नडन उनका न्याय व्यवसायका सहयोगी थिए । उनले अब्राहमसम्बन्धमा लेखेका छन् यसरी- "कुरैकुरा प्रसङ्गवश उनले आफ्नी आमाको बारेमा उल्लेख गरेका थिए । उनी आफ्नी आमालाई साह्रै मायासँगै अत्यन्तै श्रद्धा गर्दथे । उनकी आमाका प्रचुर गुणहरू थिए । ती गुणहरूमध्ये धेरजसो उनमा समाहित भएका छन् । उनकी हजुरआमा लुसी हेन्क्स अत्यन्त दृढचित्तकी र तेजस्वीनी महिला थिइन् । लुसी हेन्क्सले एउटा अवैध सन्तान जन्म दिएकी थिइन् । नेन्सी हेन्क्स नामक कन्या भर्जिनियाको एउटा फार्म हाउसका मालिकसँगको संसर्गबाट जन्मिएकी हुन् र अब्राहम तिनै नेन्सी हेन्क्सका पुत्र हुन् । –

आमाको सम्झना लिङ्कनको मनमा निरन्तर रूपमा आइरहन्थ्यो । ईश्वरसँग बारम्बार प्रार्थना गर्दै दुःखी आमाको चिरशान्तिको कामना गर्दथे । लिङ्कनको त्यस मनोवेदना वा त्यस समयको आवेगलाई मैले बिर्सन सकेको छैन ।

नाजमले यी जम्मै कुराहरू पढेर बुझ्ने चेष्टा गरे पनि एउटा कुराले उसलाई टुङ्गोमा पुऱ्याउन सकेको छैन । त्यो के हो भने कसरी अफ्रिकी मानिसहरू सुख-समृद्धि खोज्दै लाखौंको सख्यामा अमेरिका पुगेका थिए र यसरी उनीहरूमाथि थिचोमिचो भए त ? उसको मनमा यस कुराले धेरै खैलाबैला मच्चाएपछि ऊ थामिनसक्नु भयो । त्यसर्थ यस्ता कुरा बुझ्न र मनको जिज्ञासा मेटाउन अनेकौं पुस्तक पढ्दै गयो । यसरी पढ्दै जाँदा डा०गोविन्दराज भट्टराईको डायस्पोरा सिद्धान्त र समालोचना पुस्तकमा अफ्रिकाःआधुनिकता र द्वैध चेतना,ब्ल्याक एटलान्टिकःमोडर्निटी एण्ड डबल कन्सस्निस(१९९३) को विश्लेषण पढेपछि भने नाजमको जिज्ञासा पूर्ण हुने आशा पलायो । अनि रक्ष राईको डायस्पोरा : अवधारणा र अभ्यास (गोर्खाली आप्रवासनको सन्दर्भमा ) पुस्तक पनि खोजेर ध्यानपूर्वक पढ्दै गयो । कारण यी पुस्तकहरूका कतै उसको प्रश्नको जवाफ पाए जस्तै अनुभवले मनमा केही शान्तिको आभास पायो । रक्ष राईको पुस्तकमा अफ्रिका भन्ने अध्याय पढ्दा अफ्रिकी सम्बन्धमा यसरी लेखिएको रहेछ । उसले पढ्दै गयो -"मानव पुर्खाको उदविकास अफ्रिकाबाट आरम्भ भए पनि आधुनिक मानव समाजको क्रान्तिकारी विकास र राजनीतिक परिवर्तनमा सबैभन्दा पीडित महादेश हो - अफ्रिका । --

आधुनिक कालको बसाइँसराइ ,आप्रवासन र डायस्पोरा निर्माणमा शास्त्रीय कालको यहुदीपछिको सर्वाधिक पीडित समुदायमा पर्दछन् अफ्रिकी मूलका मानिसहरू । दोस्रो चरणमा आधुनिक कालको सुरुवातसँगै अफ्रिकी जातिको दास व्यापारको प्रचलनले

तिनको मूलभूमिबाट बलात् निष्काशनको ईतिहास सुरु हुन्छ । त्यसपछि अफ्रिकाका मानिसहरू दास व्यापर,औपनिवेशन घटना,प्रजातन्त्र र राजनीतिक अभ्यास ,अनिकाल वा भोकमरी, मानव तस्करी, देह-व्यापार, भ्रष्टाचार र सैनिक तानाशाहका कारण देश निष्काशनका शृङ्खलाहरू लगातार बढ्दै गए ।

त्यसपछि युरोपेले ८ प्रसान्त दास व्यापार८ नामक दासहरूको व्यापारिक संस्थाको स्थापना गरेर सारा अफ्रिकी दासहरूको व्यापार गरेर काला समुदायलाई अमेरिका,अफ्रिका,युरोप र अष्ट्रेलियासम्म पुऱ्याए भने टर्क साम्राज्यले मध्य एसियासम्म पुऱ्याएको देखाएको पाए ।

यसरी कसरी र कहाँ कहाँ मानिस विभिन्न कारणमा देश निकाला अथवा वहिर्गमन गर्दा रहेछन् र अफ्रिकाका काला दासहरू कसरी अमेरिका पुगेका रहेछन् भन्ने कुरा विस्तृत रूपमा बुझ्दै गएपछि अब अरू कुनै कुरामा समय खेर नफालेर यस विषयको नयाँ तथ्यांक खोज्ने विचार लिएर नाजम विश्वविद्यालयतर्फ मोडियो ।

**बालिपरा,तेजपुर, असम**

ooo


# अनुरोध

विद्युतीय दुर्घटना हुन सक्ने कतिपय जोखिम स्थानका बारेमा यस कार्यालयलाई जानकारी नभएको वा जानकारी गराउँदै पनि जोखिम न्यूनीकरणका लागि मर्मतका कार्यहरू नभएको हुनसक्छ । विद्युतीय दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आफूसँग भएका सूचना वा जनगुनासो कार्यालयको सम्पर्क नं. ०७९-५२०२०८ र मोबाइल नं. ९८५७०२६२७५ मा जुनसुकै समयमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछौं । साथै विद्युत् प्रवाह भइरहने संरचनाहरूको नजिकमा जाने, छुने वा कार्यालयलाई जानकारी नगराई मर्मत-सम्भार गर्ने कार्य नगर्नसमेत अनुरोध गर्दछौं ।

**अनुरोधक**
**नेपाल विद्युत् प्राधिकरण**
**गुल्मी वितरण केन्द्र, तम्घास, गुल्मी ।**

कविता

# कसको धर्म के हो ?



✍कृष्णशरण उपाध्याय पौडेल

आगाको निज धर्म हो दहनता या ऊष्मता धर्म हो
पानीको निज धर्म हो तरलता या शीतता धर्म हो
पृथ्वी गन्धवती र उर्वरवती , बन्ने कुरा धर्म हो
वायु स्पर्श सँगै प्रवाहित भई , बग्ने कुरा धर्म हो ।१।

ऊखूको निज धर्म हो मधुरता , हो निम्बको तिक्तता
अम्बाको निज धर्म हो लवणता,हो निम्बुको अम्लता
यस्तै नै हर बोट फूल फलका , आफ्नै निजी धर्म छन्
सोही प्राकृत धर्मबाट जगका,अस्तित्वका कर्म छन् ।२।

आलु स्याउ किमार्थ हुन्न अमला ,हुन्छन् निजी धर्ममा
अम्बा आँप कदापि हुन्न त्रिफला,बस्छन् निजी धर्ममा
मौरीले निजधर्म छाड्दछ भने , त्यो हुन्छ मौरी कहाँ ?
चौंरीले निज धर्म फाल्दछ भने , त्यो हुन्छ चौंरी कहाँ ? ।३।

लाखौं जीव र जन्तुका सृजनका,तत्तत् निजी धर्म छन्
लाखौं वस्तु पदार्थका र कणका,तत्तत् निजी धर्म छन्
त्यस्ता धर्म टुटे छुटे प्रकृतिमा , के हुन्छ हेक्का गरौँ
त्यस्ता धर्म हटे कटे भुवनमा , के हुन्छ पक्का बुझौं ।४।

मान्छेको निज धर्म प्रेम करुणा , सेवा दया दान हो
उस्तै धर्म सहिष्णुता सुजनता , विज्ञान हो ध्यान हो

रोगीको उपचार औषधि दिने नै मानवी धर्म हो
दु:खीको उपकारमा मति दिने नै मानवी धर्म हो ।५।

मान्छेको निज धर्म भोक भयमा,सच्चा दिने शान्ति हो
हो अन्याय विरूद्ध जागृत हुने , गर्ने महान् क्रान्ति हो
मान्छेको निज धर्म देव पथमा , हो लम्किने भक्तिले
चम्काएर जगत् , स्वयं शशि भई , हो चम्किने शक्तिले ।६।

ooo

# जोन/सुपरजोनको कमाण्ड क्षेत्र

| क्र.सं | स्थानिय तह | मकै अनुसरण | सुन्तलाजात फलफूलजोन | कफी सुपरजोन | बाख्रा जोन | मकै जोन |
|---|---|---|---|---|---|---|
| १ | मालिका गा.पा | ५,६, ७,८ | - | ६,७,८ | ५,६,७, ८ | - |
| २ | मदाने गा. पा | ३,४, ६, ७ | ४, ६, ७ | २,३ | ३,४,६,७ | - |
| ३ | इश्मा गा. पा | १,२,३,४,५,६ | - | १,३,४, ५,६ | १,२,३,४,५,६ | - |
| ४ | धुर्कोट गा. पा | ५,७ | १,२,३,५,६ | ४ | ४,५,६,७ | - |
| ५ | रेसुङ्गा न. पा | ४,५,१० | ३,४,५,६,७, १४, | १०,११,१४ | - | - |
| ६ | मुसिकोट न. पा | – | ८,९ | २,५,६ | १ | १,२,३,४ ५,६,७ |
| ७ | चन्द्रकोट | - | २,३,४,५,६ | ६,७,८ | – | ४,७,८ |
| ८ | सत्यवती गा. पा | - | ८ | १,२,३,४, ५, ६, ७ | - | १,२,५,६, ७ |
| ९ | कालिगण्डकी गा. पा | - | १,२,३,४,७ | १,३,४,५ | - | - |
| १० | छत्रकोट गा. पा | – | १,२,३,४ | १,३,४,५,६ | - | १,३,४,५ |
| ११ | रुरु गा. पा | - | ४ | १,२,३,४, ५,६ | - | २,५,६ |
| १२ | गुल्मीदिरवार | - | १,२,३,४ | ३,५,६,७ | – | १,२,३,४ |
| जम्मा वडाहरु | | १९ | ३६ | ४६ | १९ | २६ |

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई,
गुल्मी, तम्घास

# गुल्मी जिल्लामा रहेका एकल महिलाहरूको सामाजिक र आर्थिक अवस्थाको अध्ययन

✍रेणुका पन्थी



**लेखसार :**

विभिन्न प्रकृतिबाट श्रीमान् वा कसैको साथ नपाएकी महिलालाई एकल महिला भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा अनेक कारणले एक्लै रहेर पनि समाजमा घुलमिल भएर आफनो जीवन सञ्चालन गरिरहेका महिलालाई एकल महिला भनिन्छ । प्रस्तुत लेख गुल्मी जिल्लाका एकल महिलहरूको सामाजिक र आर्थिक अवस्थामा केन्द्रित रहेको छ । पूर्व अध्ययनबाट प्रस्तुत शीर्षकसम्बन्धी कुनै अध्ययन अनुसन्धान नभएको अन्तराल पत्ता लगाई वैज्ञानिक दृष्टिकोणबाट अध्ययन गरिएको छ । कथ्यवस्तुमा नेपालको एकल महिला सुरक्षाकोष नियमावलीअनुसार गुल्मी जिल्लामा रहेका विधवा, पैतीस वर्षसम्म विवाह नगरी बसेका, पतिसँग सम्बन्ध विच्छेद भएका, श्रीमान्सँग छुट्टिभिन्न भएर बसेका र पाँच वर्षभन्दा बढी समयदेखि पति बेपत्ता भएर बसेका महिलाहरूको सामाजिक र आर्थिक अवस्थालाई आधार बनाई विश्लेषण गरी निष्कर्ष निकाल्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत अनुसन्धान महिलाको जीवनसँग अन्तर्सम्बन्धित रहेकोले यो गुणात्मक लेखको रूपमा रहेको छ । यसको अध्ययनको लागि पुस्तकालयीय खोज अन्वेषणात्मक विधिको प्रयोग गरिएको छ । यो लेख कुनै पुस्तकाकारको रूपमा नआइसकेको हुनाले यससँग सम्बन्धित पूर्व प्रकाशित तथा अप्रकाशित लेख, समीक्षात्मक गोष्ठीपत्र, जिल्लामा भएका अभिमुखीकरण गोष्ठी, स्थलगत अध्ययन, भेटघाट, त्यससँग निकटवर्ती पुस्तक आदिलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । गुल्मी जिल्लामा रहेका बाह्रवटै स्थानीय निकायहरूमा रहेका पाँचै प्रकारका एकल महिलाको सामाजिक र आर्थिक अवस्था, उनीहरूको सामाजिक

रहनसहन, संस्कार, संस्कृति आदिलाई अँगालेर पनि एक्लै घुलमिल भएर आफ्नो जीवन सञ्चालन गरिरहेका उनीहरूले पारिवारिक र प्रशासनिक तहबाट पाइरहेको सहयोगको बारेमा यस लेखमा उल्लेख गरिएको छ ।

यस गुल्मी जिल्लाका बाह्रवटै स्थानीय तहसम्म पुगेर सबै प्रकारका एकल महिलाहरूसँगको भेटघाट, बहस, छलफल तथा उनीहरूको जीवनशैली र जीवनयापनका तौर तरिकाहरू उल्लेख गरेर समाजिक र आर्थिक अवस्थाको चित्रण गर्नु यस लेखको मुख्य विशेषता रहेको छ । यस अध्ययनबाट गुल्मी जिल्लाका एकल महिलाको सामाजिक र आर्थिक क्षेत्रलाई आधार बनाएर खोज अन्वेषण गर्न चाहने अनुसन्धानकर्ताहरूलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी विश्लेषण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

**सैद्धान्तिक पर्याधार :**

कुनै पनि कारणबाट श्रीमान्को साथ नपाएर एक्लै सामाजिक, सांस्कृतिक, रीतिरिवाजअनुसारको व्यवहार गरेर समाजमा घुलमिलका साथ बसेकी महिलालाई एकल महिला भनिन्छ । विधवा, चालीस वर्षसम्मका अविवाहित, सम्बन्ध विच्छेद, छुट्टिभिन्न र पति बेपत्ता भएर एकल भएका महिलाहरू गरी पाँच प्रकारका एकल महिलाहरूलाई नेपालमा कानुनी मान्यता दिइएको छ । अन्य महिलाको तुलनामा विधवा महिलाहरू धेरै रहेको पाइन्छ र उनीहरूको साथमा बालबच्चाहरू पनि रहेको पाइन्छ । नेपालमा २०५२ सालमा लिली थापाको अध्यक्षतामा मानवअधिकारका लागि एकल महिला संस्थाको गठन भएको पाइन्छ । हाल देशका सबै जिल्लामा यो संस्था गठन गरिएको छ । यसको प्रधान कार्यालय काठमाडौंको बुढानीलकण्ठमा छहारी भवनका नामले रहेको पाइन्छ । हाल यो संस्था कविता पाण्डेको अध्यक्षतामा संचालित छ ।

यसैगरी गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा मीना पन्थीको अध्यक्षतामा मानव अधिकारका लागि एकल महिला संस्थाको गठन भएको पाइन्छ । यस संस्थाले सबै प्रकारका एकल महिलालाई समेटेको पाइन्छ । यस जिल्लामा पाँच प्रकारका एकल महिलाहरूमध्ये सबैभन्दा धेरै एकल महिला रेसुङ्गा नगरपालिकामा र सबैभन्दा कम मदाने गाउँपालिकामा रहेको पाइन्छ । समग्र जिल्लाको स्थिति र २०७८ को जनगणनाको तथ्यांकलाई हेर्दा कूल महिला जनसंख्याको १४ प्रतिशत एकल महिला रहेको पाइन्छ, त्यसमा पनि १२ प्रतिशत विधवा र २ प्रतिशत अन्य एकल महिला रहेको पाइन्छ । अहिले सामाजिक सञ्जाल तथा अन्य मिडियाहरू प्रयोग गरी बेपत्ता भएका पतिहरूलाई खोज्ने र जीवित भएसम्म भेटिने र दोस्रो विवाह गर्ने प्रक्रिया चलिरहेका हुनाले पति हराएर एकल भएका महिलाहरूको संख्या घट्दो क्रममा रहेको पाइन्छ । अर्कोतिर लामो समयसम्म पनि पतिको कुनै खबर

पाउन नसकेमा पत्नीले मृत्युको स्वघोषणा गर्न पाउने कानुनी व्यवस्था भएअनुसार यस जिल्लाका स्थानीय निकायहरूले सोहीअनुसार कानुनी प्रक्रिया पुर्‍याएर एकल महिला घोषणा गरी सामाजिक सुरक्षाको दायरामा ल्याएको पाइन्छ ।

सामाजिक र आर्थिक दृष्टिकोणले समग्रमा हेर्दा यस जिल्लाका एकल महिलाहरूको अवस्था कमजोरै रहेको पाइन्छ । आर्थिक अवस्था बलियो रहेका एकल महिलाको सामाजिक अवस्था पनि मजबुत रहेको देखिन्छ । उनीहरूले सबैतिरबाट सहयोग पाइरहको देखिन्छ । अर्कातिर आर्थिक अवस्था कमजोर भएका महिलाहरू रोगी, तिरस्कृत तथा कतिपय महिलाहरू विभिन्नखाले हिंसामा रहेको पाइन्छ । त्यस्तै कतिपय एकल महिलाहरू पढेलेखेका, शिक्षित हुनाले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा जागिर पनि गरिरहेका छन् भने कोही वैदेशिक रोजगारीमा पनि गएको पाइन्छ । कसैले दोस्रो विवाह पनि गरेको देखिन्छ । विकट बस्तीका एकल महिलाहरूको सामाजिक र आर्थिक अवस्था निकै जटिल रहेको छ । जागिर गरम् पढाइ छैन, खेति गरम् समयमा पानी पर्दैन वन्यजन्तुले खाइदिन्छ, सरकारले भत्ता बढाएर दिए हुन्थ्यो भन्दै दुःखेसो पनि पोखेको पाइन्छ । अधिकांश एकल महिलाका बालबच्चाहरू रहेका छन् । तर कतिपय एकल महिलाले पतिको मृत्यु भए पनि विभिन्न बहानामा आफ्नो संस्कारअनुसारको काज किरिया पूरा नगरी घर परिवार सबैलाई डर, त्रास देखाई कानुन हातमा लिएर जवर्जस्ती विधवा भत्ता खाएकोमा सामाजिक सुरक्षा ऐन लागु गर्न अप्ठेरो भएको विज्ञहरू बताउँछन् ।

यस जिल्लामा एकल महिलाहरूको सामाजिक र आर्थिक अवस्था पहिलेको भन्दा सुधारोन्मुख भएको देखिन्छ । उनीहरू संगठित भएर सामूहिक खेती गर्ने, सहकारी तथा विभिन्न संघ-संस्थामा आबद्ध हुने, सामाजिक काममा अग्रसरता देखाउने गरेको पाइन्छ । यति मात्रै नभएर उनीहरूको मनोबल उच्च राख्न रातो टीका र दोसल्लाले सम्मान गरेको पनि पाइन्छ । हिजोआज छोराछोरीले एकल भएर नचिनिन र अरू सरह भएर हिड्न आग्रह गरेबमोजिम एकल आमाहरू त्यसरी नै घुलमिल भएर हिडेका छन् । अलि पाको उमेरका आमाहरूले भने हामीले रातो लगाउदैनौ भर्खरको उमेरकाले रातो लगाओ भनेर आफ्ना एकल भएर बसेका छोरी बुहारीहरूलाई अनुमति दिइको पाइन्छ । कसैले रातो लगाउँदैमा खुशी आउँदैन, खुशी अन्तरमनबाट आउनुपर्ने कुरा सुझाएका छन् । सदरमुकामदेखि अलि पश्चिमका मालिका, मदाने गाउँपालिकाका गाउँघरमा बसाइसराइ र घट्दो जन्मदरका कारण बस्ती पातलो हुँदै गयो । समयमा पानी नपर्ने, खेतीपातीमा वन्यजन्तुको आक्रमण आदि यिनै विविध समस्याले प्रभाव पारेको छ । यिनै समस्यासँग जुध्न कठिन भएर एकल महिलाहरू पनि शहर बजारतिर बसाईं सरेको पाइन्छ । अझै पनि एकल महिलालाई हेर्ने दृष्टिकोण नबदलिएका कारण दुःख

झेल्न परिरहेको बताएका छन् । कतिपय एकल महिलाहरूले आर्थिक गर्जो टार्न घरेलु मदिरा बनाएर बेचबिखन गरिरहेका छन् । उनीहरूको झनै धेरै दुःखेसो छ, भन्छन् पनि हामीहरू पनि यति छिटै एकल भएको कारण पनि यही मदिरा हो । यो हाम्रो बाध्यता हो, सरकारले यसको उचित व्यवस्थापनमा ध्यान दिन सके हुने थियो भन्दै गुनासो पोखेको पाइन्छ । पछिल्लो समयमा बढ्दो सवारी दुर्घटना पनि एकल महिलाको एउटा कारक तत्त्व बनिरहेको पाइन्छ । अशक्त, अविवाहित एकल महिलाहरू झनै पीडामा छन् । उनीहरूको पीडामा कानुनले अझ राम्रोसँग मलम पट्टी गर्न सकेको देखिदैन । सम्बन्ध विच्छेदका महिलाहरू धेरै शहर बजारतिरै देखिन्छन् । प्रायः उनीहरूले दोस्रो विवाह गरेका छन् भने केहीले बालबच्चा आफन्तको जिम्मामा दिएर खर्चपानीको लागि विदेश गएका छन् । त्यसैले गुल्मी जिल्लामा रहेका एकल महिलाहरूको आर्थिक र समाजिक अवस्था केही सुधारोन्मुख देखिएको पाइन्छ ।

यिनै विविध विषयवस्तुहरूलाई उठान गर्दै यस लेखमा गुल्मी जिल्लाका एकल महिलाहरूको सामाजिक आर्थिक समस्या र त्यसको पहिचान गर्न खोजिएको छ । सामाजिक र आर्थिक अवस्था एकल महिलाको लागि एक अर्काका परिपूरक जस्तै देखिएका छन् । यिनै विषयलाई सैद्धान्तिक पर्याधार (पृष्ठभूमि) बनाइएको छ । यस गुल्मी जिल्लामा रहेका यिनै पाँच प्रकारका एकल महिलाहरूको सामाजिक र आर्थिक जीवनको बारेमा सोध खोज हुँदैछन् र अझै हुनेछन् भन्ने ठूलो अपेक्षा गरिएको पाइन्छ ।

## विषय परिचय :

विभिन्न प्रकृतिबाट श्रीमान् वा कसैको साथ, सहयोग नपाएकी महिलालाई एकल महिला भनिन्छ । नेपालका सात प्रदेशमध्ये प्रदेश नं. ५ लुम्बिनी अन्तर्गतका जिल्लाहरूमध्ये पश्चिम पहाडी भूभागमा पर्ने गुल्मी जिल्लामा दुई नगरपालिका र दश गाउँपालिका गरी बाह्र स्थानीय निकाय छन् । नेपालको संविधान २०७२ मा उल्लेख गरिएअनुसार विधवा, ३५ वर्ष उमेर पूरा भएका अविवाहित, श्रीमान्सँग सम्बन्ध विच्छेद भएर बसेका, श्रीमान्सँग मानो छुट्टिई एक्लै बसेका, श्रीमान् बेपत्ता भएर एक्लै बसेका महिलाहरूलाई एकल महिलाभित्र राखिएको छ । गुल्मी जिल्लामा उक्त पाँचै प्रकारका एकल महिलाहरू रहेका छन् । उनीहरू समाजमा आफ्ना सन्तानसहित अरू महिलासरह संघर्षपूर्ण जीवन बाँचिरहेका छन् । नेपालमा २०५१ सालमा मानव अधिकारका लागि एकल महिला संस्थाको गठन भएको छ । यसको संस्थापक अध्यक्ष लिली थापा रहेको पाइन्छ । अहिले यो संस्था सम्पूर्ण एकल महिलाको लागि छहारी बनेको पाइन्छ । अहिले सबै जिल्लाका प्रत्येक स्थानीय निकायहरूमा यो संस्था गठन भएको छ । एकल महिलाहरूको जीवन चुनौतीपूर्ण

रहेको देखेर २०५१ सालम तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले एकल महिला सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेका थिए ।

यस गुल्मी जिल्लामा पनि प्रत्येक स्थानीय तहमा मानव अधिकारका लागि एकल महिला संस्थाको गठन गरिएको पाइन्छ । यीमध्ये कुनै ठाउँमा सक्रिय छन् भने कुनैमा निष्क्रिय रहेको पाइन्छ । आर्थिक अभाव सबै तह र तप्कामा देखिन्छ । यस जिल्लाका एकल महिलाहरूको सामाजिक र आर्थिक अवस्था निम्न मध्यम रहेको छ । त्यसैले सामाजिक र आर्थिक अवस्था एक आपसमा परिपूरक रहेको पनि पाइन्छ । यहाँका सबै प्रकारका एकल महिलाहरूलाई दया माया मात्रै नभएर आत्मनिर्भर बन्न सक्ने सहयोग, स्वरोजगार तथा विभिन्न तालिमको आवश्यकता रहेको पाइन्छ । अन्य एकल महिलाहरूको तुलनामा विधवा एकल महिला धेरै रहेको पाइन्छ । उनीहरूको साथमा ससाना बालबच्चा पनि रहेका छन् । आर्थिक अभावका कारण राम्रो पालनपोषण तथा शिक्षादीक्षाबाट वञ्चित रहेकोले छुट्टै ऐन बनाएर सम्बोधन गर्नुपर्ने देखिएको छ ।

यस जिल्लाका अधिकांश भूभाग भिर पहाडहरू रहेको, खेतीपाती गर्दा समयमा पानी नपर्ने, बालीनाली वन्यजन्तुले खाइदिने, बाक्लो बस्ती नभएको, बसाइसराइ जस्ता विभिन्न कारणले सामाजिक अवस्था निम्न रहेको छ । अझै पनि सामाजिक सुरक्षाकोषको दायराभित्र सबै प्रकारका एकल महिलाहरू पर्न सकेका छैनन् । प्राप्त आर्थिक सहयोग पनि कम भएका कारण आफ्ना छोराछोरीहरूलाई सानै उमेरमा काममा लगाउनु परेको दुःखेसो सबै प्रकारका एकल महिलाहरूको रहेको पाइन्छ । विभिन्न समयमा ऐनहरू नियमहरू पारित भए पनि कार्यान्वयनमा आउन नसकेका कारण सबैले सामाजिक सुरक्षा भत्ता नपाएको देखिन्छ । उनीहरूलाई आयआर्जनको लागि शिक्षादीक्षा मात्रै नभएर सक्षम भएर बाँच्नको लागि सहयोग गर्नुपर्ने देखिन्छ । यिनै विषयवस्तुहरूको उठान यस लेखमा गरिएको छ ।

**गुल्मी जिल्लामा रहेका एकल महिलाहरूको सामाजिक अवस्था :**

नेपालको प्रदेश नं ५ लुम्बिनीको पाल्पा र स्याङ्जा जिल्लाको पश्चिमी भेगसँग जोडिएको गुल्मी जिल्ला धार्मिक र पर्यटकीय रूपमा परिचित छ । यस जिल्लामा २ नगरपालिका र १० वटा गाउँपालिका गरी १२ वटा स्थानीय निकायहरू रहेका छन् । यहाँ सबै प्रकारका एकल महिलाहरूको बसोबास रहेको पाइन्छ । राज्यले सम्बोधन गरेका र गर्न बाँकी रहेका एकल महिलाहरूको समाजिक अवस्था बसोबास गरेको स्थानअनुसार फरक-फरक रहेको पाइन्छ । सबै प्रकारका एकल महिलाहरूलाई राज्यले सामाजिकीकरणमा सहयोग पुर्‍याउनु पर्ने देखिन्छ । यस जिल्लामा बसोबास गर्ने एकल महिलाहरू कतिपय अलि सुगम बस्तीहरूमा आफैं संगठित भई विभिन्न संघ -संस्थाहरू खोलेर चलाएको पनि

पाइन्छ, त्यसमा राज्य वा अन्तर्राष्ट्रिय निकायहरूले पनि सहयोग गरेको पाइन्छ । यो जिल्ला भौगोलिक हिसावले केही पछाडि रहे तापनि प्राकृतिक, धार्मिक तथा पर्यटकीय हिसावले केही अगाडि रहेको पाइन्छ । डाँडाँपाखा,नदी र खोलानालाहरूले गाउँ, ठाउँ र पालिकाका सिमानाहरू छुट्टयाएको पाइन्छ ।

यस गुल्मी जिल्लाका एकल महिलाहरूमा आर्थिक र सामाजिक पाटो एक आपसमा परिपूरक जस्तै रहेको पाइन्छ । जो आर्थिक रूपमा सबल छन् उनीहरूको सामाजिक वातावरण पनि सहज रहेको पाइन्छ । त्यस्तै जसको आर्थिक अवस्था कमजोर छ, उनीहरूको सामाजिक अवस्था पनि कमजोर रहेको छ र उनीहरू सबैतिरबाट तिरस्कृत रहेका छन् । पहिले विधवा एकल महिलाहरू पहिरन, भेषभूषाबाट चिनिन्थे भने अहिले केही परिवर्तन भएको देखिन्छ । अलि पाको उमेर भएका आमाहरूले पहिरन फेर्न मान्नुभएको छैन, हामी अब कति बाँचिन्छ र कर्ममा नभएपछि अब हामीले लगाउँदैनम् भर्खरकाले लगाओ भनेर सहयोग गरिरहनुभएको छ । लोकतन्त्रको स्थापनापछि विधवा एकल महिलालाई रातो टीका र कपडाले सजाउने काम त नभएका पनि होइनन्, तर यति गर्दैमा जिन्दगी सुखमय हुन्छ भन्ने त पटक्कै होइन, आत्मबल र स्वरोजगारबाट सामाजिक र आर्थिक रूपमा सम्पन्न भएमा मात्र उनीहरूको जीवन सुखमय हुने निश्चित छ । समाजमा शारीरिक तथा आकृतिगत रूपमा कमजोर भएका कारण विवाह हुन नसकेका अर्थात् स्वेच्छाले अविवाहित हुन पुगेका एकल महिलाको सामाजिक अवस्था अझ दयनीय हुन पुगेको छ । अविवाहित एकल महिलालाई पारिवारिक तथा सामाजिक रूपमा बूढीकन्याको आक्षेप लगाउने चलन पनि रहेको छ । त्यस्ता महिला पारिवारिक हिंसामा परेका छन् । यस्तै अनेकौ पीडा भोगेर बसेका महिलाहरू समाजमा थुप्रै भेटिन्छन् । आफू सक्षम भएर स्वेच्छाले विवाह नगरी बसेका एकल महिलाहरूलाई समाजले पनि राम्रै दृष्टिकोणले हेरेको पाइन्छ । उनीहरू गाँसबास र कपासको व्यवस्था आफै गरी आफू खुशी भएर एक्लै जन्मघरमा नबसी छुटटै घर बनाएर बसेको पनि पाइन्छ ।

विधवा र सम्बन्ध विच्छेदित महिलालाई माइतमा कुनै स्थान हुदैन । उनीहरूसँग राम्रो श्रीमान् छ भने सबैतिरबाट हाइ हाइ हुन्छन्, यदि साथमा श्रीमान् छैन एक्लै छ भने कतिपय घर परिवारले अलच्छिनी, लोग्ने टोकुवाइ तथा समाजले यो राँडी हो यसलाई देख्दा साइत पर्दैन, विध्वाइ आइमाई नुन र बेसार नहालेको तरकारीसरह हुन्छ, भन्दै डाइना, बोक्सीको आरोप लगाउदै अति तुच्छ र कलङ्कित शब्दरूपी बाणले मुटु नै छेड्ने गरी प्रहार गरेको पाइन्छ भने कतिपय परिवारमा घरका सदस्यहरू विशेष गरी सासू ससुराले छोरीसरह मानेको र सुहाउँदो पुरुष खोजेर विवाह गरिदिएको पनि देख्न सुन्न पाइएको छ । सम्बन्धविच्छेद गरेका महिलाहरूको अवस्था त अझै दर्दनाक देखिएको छ । छुट्टी

भिन्न भएका एकल महिलाहरू कतिपयले अंशमुद्दा हालेर आफ्नो भाग लिएर बसेका छन् भने कतिपय खाली हात भएका छन् । संविधानमा समान अधिकार छ भनिए तापनि उनीहरूले न्याय पाएर बाँचेका छैनन् ।

गुल्मी जिल्ला प्राकृतिक रूपले धनी छ तर यहाँका एकल महिलाहरू सामाजिक रूपले गरिबै रहेको पाइन्छ । कतिपय एकल महिलाले आफ्नो सिप,क्षमता र बलबुताले कुनै राम्रो स्थान, पद वा सम्पत्ति आर्जन गरे कुनै न कुनै परपुरुषको काँध चढेर हो भन्ने नकारात्मक सोच समाजमा धुँवा सरी फैलिएको पाइन्छ । कतिपय परिवारका सदस्यले पनि हौसला दिनुको साटो हतोत्साही गराउन ठूलै भूमिका खेलेको पाइन्छ र नचाहिदो शंका उपशंका गरी प्रश्नै प्रश्नको चाङ लगाएको पाइन्छ । समाज, घरपरिवार र आफन्त, साथीभाइविना कसैको जीवन पनि हाँसी खुशी रहन सक्दैन । त्यस्तै सरकारी निकायबाट पनि कुनै एउटा पक्षका एकल महिलालाई मात्रै तोकेर राहत दिनुको सट्टा एकल महिलाको परिभाषाभित्र पर्ने सबै प्रकारका एकल महिलाको पारिवारिक अवस्थाको अध्ययन गरेर सोहीअनुरूप राहत रकम शिक्षादीक्षा सिपका निम्ति पहल गरिनुपर्दछ । त्यस्ता एकल महिलालाई गुल्मी जिल्लाले पनि पहिचान गरी समय सापेक्षताअनुरूप ससम्मान बाँच्न पाउने अधिकार प्रवर्धनका निम्ति रणनीति र कार्यक्रमहरू तर्जुमा गर्नुपर्दछ ।

यस्तै समस्याहरू धेरै रहेको यस जिल्लाका एकल महिलाहरू धेरैले दोस्रो विवाह गरेका छैनन्, किनभने एकातिर छोराछोरी हुर्काउनुपर्ने दायित्व छ भने अर्कोतिर सामाजिक तथा धार्मिक रूढीवादी प्रवृत्ति अझै तगारोको रूपमा रहेको छ । विधवा एकल महिलासँग विवाह गर्ने पुरुषलाई पनि दोस्रो दर्जाको रूपमा लिएको पाइन्छ । पुरुषहरू पनि यस्तो जोखिम भनेर स्वीकार्न हत्तपत्त चाहदैनन् । महिलाले पनि आफू सुहाउदो पुरुष फेला पार्न सजिलो छैन । जनतन विवाह गरे पनि परिवारले स्वीकार्ने अवस्था छैन । यस्तो अवस्थामा समाजले पनि धार्मिक संस्कार भनेर सामेल गराउन चाहदैनन् । त्यसैले झनै मानसिक तनावमा उनीहरू रहेको पाइन्छ ।

पति विदेशिएका एकल महिलाको सामाजिक अवस्था पनि उस्तै दयनीय रहेको पाइन्छ । गुल्मी जिल्लामा यस्ता महिलाहरू प्रायः ४० वर्ष नाघेका भेटिएका छन् । उनीहरू धन कमाउन परदेश गएका वर्षौ बितिसक्दा पनि घर नआएका तर आउने आशामा लामो समय बित्यो खबर आएन । उनीहरूका सन्तान पनि छन्, सुरूमा त घर परिवारले नागरिकता पनि नबनाइदिदा ठूलो पीडामा थिए तर पछिल्लो समय यस जिल्लामा सबैको नागरिकता रहेको पाइएको छ । पालिकाहरूले पतिको मृत्युको स्वघोषणा गर्न सक्ने महिलालाई कानुनअनुसार एकल

महिला भत्ता दिलाएका छन् । पहिले पीडामा भएका यस्ता महिला अहिले फरक तरिकाले बाँच्न थालेको उनीहरूले बताएका छन् ।

पछिल्लों समयमा गुल्मी जिल्लाका एकल महिलाहरू पनि संगठित हुन थालेका छन् । व्यवहार पनि परिवर्तन भएको पाइएको छ । आफू समाजबाट एक्लिने डरले हिंसामा पर्दा पनि अरूलाई पीडा सुनाउन सकेका छैनन् । घर परिवारमै ससुरा, देवर, जेठाजु, बाबा, दाजु, भाइ तथा आफन्त नातेदार आदिबाट यौन हिंसामा परेका तर घटना बाहिर ल्याउन नसकेका धेरै छन् । कतिपय एकल महिलाहरू भने घरको अंश लिएर बालबच्चाका साथ छुट्टै बसेको पनि पाइन्छ । रेसुङ्गा र मुसिकोट नगरपालिकाका एकल महिलाहरू संगठित भएर विभिन्न तालिमहरू लिएर स्वरोजगार बनेको पाइन्छ । रुरुक्षेत्र र छत्रकोट गाउँपालिकाका एकल महिलाहरूले कृषिसम्बन्धी विभिन्न तालिम लिएर आत्मनिर्भरताको बाटोतिर अग्रसर रहेको पाइन्छ । त्यस्तै सत्यवती र चन्द्रकोट गाउँपालिकामा एकल महिलाहरू धेरै रहेको, उनीहरू पनि हिंसामा परेको तर हिम्मत निकालेर आफ्नो पीडा अरूसँग बताउन सकेका छैनन् । कतिपय ठाउँमा प्रायः दलित तथा जनजातिका एकल महिलाहरूले अवैध घरेलु मदिरा बनाएर बेचिरहेको र उनीहरूलाई यस्तो नगर्न सम्झाइ बुझाइ पनि गरिएको छ । धुर्कोट र इस्मा गाउँपालिकाले एकल महिलालाई सुन्तला र अदुवा खेतीमा सहयोग गरेको पाइएको छ ।

प्रायःजसो कलिलो उमेरमा विविध कारणले एकल भएका महिलाहरूका १/२ वटा सन्तान पनि रहेका छन् । पछिल्लो समय उनीहरू आफ्नो सन्तानको भविष्यको लागि बालबच्चाहरू आफन्तका जिम्मा लगाई विदेश जाने क्रम बढ्दो रूपमा देखापरेको पाइन्छ । अचेल प्रायः विधवा एकल महिलाहरूले सिंदुर बाहेक सबैथोक लगाउन थालेका छन् । कतिपय एकल महिलाहरूले विभिन्न बहानामा पतिको मृत्युपछि काजकिरिया नगरी संस्कार मिचेर घर परिवारलाई धम्काई कानुन हातमा लिएर विधवा भत्ता खाएको हुनाले पनि सामाजिक सुरक्षाकोष पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन अप्ठेरो परेको कानुनविज्ञहरू बताउँछन् ।

पछिल्लो समय आधुनिक जीवनशैली, आनीबानी, रहनसहन तथा बढ्दो सवारी दुर्घटनाका कारण कलिलो उमेरमा मृत्यु हुने पुरुषको संख्या बढ्दो छ, तसर्थ भर्खरका कलिला नानीहरू विधवा भएको पाइन्छ । उनीहरू कतिपय शिक्षित,सरकारी तथा गैरसरकारी सेवामा काम गरिरहेको पाइन्छ । यस्ता महिलाहरूले आफनो जिम्मेवारी अनुशासित र पारदर्शी रूपमा पूरा गरेको देखिएको छ । यस्ता महिलाहरूलाई सबैले हौसला र सहयोग गर्ने हो भने राष्ट्रनिर्माणमा टेवा पुग्ने देखिन्छ ।

शारीरिक रूपमा अशक्त, अपांग भए तापनि जो अपांगको परिभाषाभित्र परेका छैनन् त्यस्ता एकल महिलाहरूको पीडा झनै दर्दनाक रहेको छ । कतिपय पालिकाहरूले कानुन बनाएर केही सम्बोधन गरेको पनि पाइएको छ । तर राज्यले नै कानुन संशोधन गरी सम्बोधन गर्न सकेको खण्डमा सबैले समान रूपमा न्याय पाउने थिए । आर्थिक विपन्नता नभनेर सरकारले सबै प्रकारका एकल महिला भन्ने कानुन बनाएर सहयोग गर्नुपर्दछ । समाजमा सबैले आ–आफ्नो स्थानबाट सहयोग गरी एकल महिला पनि यो देशका नागरिक हुन्, उनीहरूले पनि बाँच्न पाउनुपर्दछ भनेर हौसला दिई अगाडि बढाउने काममा तपाईं हाम्रो ठूलो भूमिका रहनेछ । आउँदा दिनहरूमा पनि सहयोगको अपेक्षा गरिएको छ । यसरी गुल्मी जिल्लामा रहेका सबै प्रकारका एकल महिलाहरूको सामाजिक अवस्था मध्यम रहेको पाइन्छ ।

## गुल्मी जिल्लामा रहेका एकल महिलाहरूको आर्थिक अवस्था

गुल्मी जिल्लामा रेसुङ्गा र मुसिकोट २ नगरपालिका, रुरुक्षेत्र, छत्रकोट, सत्यवती, कालिगण्डकी, चन्द्रकोट, गुल्मीदरबार, इस्मा, धुर्कोट, मदाने र मालिका गरी १० वटा गाउँपालिका छन् । ती सबै पालिकाहरूमा सबै प्रकारका एकल महिलाहरूको छरिएको बस्ती पाइन्छ । त्यसमा पनि सबैभन्दा धेरै विधवा एकल महिलाहरू रहेका छन् । पछिल्लो समय सम्बन्ध–विच्छेदका बच्चासहितका एकल महिलाहरूको संख्या पनि बढ्दो क्रममा रहेको पाइन्छ । प्रायः श्रीमान्ले कमाएर ल्याउने श्रीमतीले घर तथा बालबच्चाको हेरचाह गर्ने परिपाटी रहेको हुन्छ, संयोगवश कुनै पनि कारणले श्रीमान्को मृत्यु भयो भने महिलाहरूलाई ठूलो चोट परेको हुन्छ । आयआर्जन ठप्प हुन्छ र आफूहरू करोडपतिबाट रोडपतिमा झरेको महसुस गर्दछन् । उनीहरू छट्पटाउदै अरूको सहारा खोजिरहेका हुन्छन् । कतिपयको घर व्यवहार आफन्त, घरपरिवार, छरछिमेक आदिको सहयागले राम्रै चलिरहेको हुन्छ । तर कतिपयलाई त्यस्तो सहारा केही मिलेको हुँदैन । नगद आम्दानी नभएका कारण बालबच्चालाई हुर्काउन, पढाउन समस्या भएको देखिन्छ । आफूहरूले नपढेको हुनाले पेशा, व्यवसाय गर्न नपाएको, समाजिक सुरक्षाभत्ता थोरै भएको कतिपयको गुनासो गरेको पाइन्छ । यही अभावलाई टार्नको लागि बालबच्चा माइती वा दिदीबहिनीको जिम्मामा छोडी आफू विदेश जानुपरेको र विदेशमा पनि आफूहरू हिंसामा परेको गुनासो पोखेको पाइन्छ । गुल्मी जिल्लामा अधिकांश ग्रामीण इलाका रहेको हुनाले बालीनाली लगाउदा बाँदर तथा अन्य वन्यजन्तुले खाइदिने, पानी प्रशस्त नभएको कारण ठूलो आर्थिक समस्या भएको अवस्थामा समाजिक सुरक्षा भत्ता त हात्तीको मुखमा जिरा जस्तो भएको छ । विदेश जान तथा दोस्रो विवाह गर्न पनि छोराछोरीले दुःख पाउँछन् कि भनेर त्यतातिर लाग्न सकिएको छैन, सरकारले भत्ता बढाइदिए हुन्थ्यो भन्ने सबै प्रकारका एकल महिलाको गुनासो पाइन्छ । स्थलगत अध्ययनमा कतिपय एकल महिलाहरू

छोराछोरी जनतन हुर्काएर दायाँबायाँ लाए, मलाई जेनतेन निर्वाह भएकै छ भनेर खुशी पनि व्यक्त गरेको पाइएको छ ।

यस जिल्लाको सदरमुकामबाट अलि टाढा विकट मानिएको मदाने गाउँपालिकाका धेरै जसो एकल महिलाहरूले आयआर्जनको बाटो भएन, नगद कारोवार गर्न दुःख भयो, सरकारले भत्ता थपेर दिए हुन्थ्यो भन्ने गुनासो गरेको पाइयो भने कतिपय एकल दिदीबहिनीहरूले भत्ता बुझेपछि बिजुली, पानीको बिल तिर्न र एकपटक बजार जान पाएको खुशी पनि व्यक्त गरेका छन् । तर महङ्गीअनुसार अलि अपुग भएको पनि दुखेसो व्यक्त गरेका छन् । कतिपय एकल आमाहरूले छोराछोरीको ड्रेस, किताब, कापी, कलम, झोला, न्यानो कपडा र टिफिन बट्टाको लागि विद्यालय र विभिन्न संघ-संस्थाहरूले सहयोग गरेका छन् भन्दै खुशी व्यक्त गरेको पनि पाइन्छ । विकट मानिएको कालीगण्डकी गाउँपालिकाका एकल महिलाहरूले आफूहरूलाई खान नपुगेको बताए । त्यस्तै रेसुङ्गा नगरकालिकाका एकल महिलाहरूले पहिला विभिन्नखाले हिंसामा परेको, धेरै दुःख पाएको तर अहिले एकलः महिलालाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन आएकोले बाँच्न अलि सहज भएको अनुभूति व्यक्त गरेका छन् । कतिपय ५० वर्ष उमेर काटेका एकल महिलाहरू श्रीमान्ले दोस्रो विवाह गरेर शहर पसेको र वास्ता नगरेपछि अंश मुद्दा हालेर केही रकम लिएर सम्बन्ध-विच्छेद गरेर बसेको बताएका छन् । त्यस्तै ४० वर्ष उमेर पुगेका अविवाहित तथा पति विदेशिएका एकल महिलालाई पनि निश्चित मापदण्ड बनाएर पालिकाहरूले आर्थिक सहयोग गरेको पाइएको छ ।

त्यस्तै यस जिल्लामा गुल्मी महोत्सव हुँदा एकल महिलालाई टिकटमा ४० प्रतिशत रकम छुट दिएको, महिला सशक्तीकरणका तालिमहरू दिएर सक्षम बन्न प्रेरणा दिएको देखिन्छ । आजभोलि एकल महिलाहरू विभिन्न समूह, सहकारीहरूमा आबद्ध भै मासिक बचत गर्ने, विना धितो ऋण लिएर विभिन्न पेशा, व्यवसाय गरेर आर्थिक पाटो उकास्ने काम पनि गरेको पाइन्छ । यस जिल्लामा पनि एकल महिलाको परिभाषाभित्र परेका महिलाहरूलाई मासिक रू २६६० का दरले सामाजिक सुरक्षाभत्ता वितरण गरिएको प्रशासनले बताएको छ ।

यसरी गुल्मी जिल्लाका एकल महिलाहरूको आर्थिक अवस्था सुगम ठाउँहरूमा मध्यम रहेको छ भने अलि विकट ठाउँहरूमा निम्न रहेका पाइन्छ । समग्र रूपमा हेर्दा यस जिल्लाका एकल महिलाहरूको आर्थिक अवस्था निम्न मध्यम स्तरको रहेको देखिन्छ ।

**निष्कर्ष :**

१२ वटा स्थानीय निकाय रहेको यस गुल्मी जिल्लामा अधिकांश पहाडी बस्तीहरू रहेका छन् । जिल्लामा विभिन्न प्रकृतिले एकल हुन पुगेका सबै प्रकारका एकल महिलाहरू रहेका छन् । उनीहरूको आर्थिक र समाजिक जीवन निम्न मध्यम रहेको पाइएको छ । सबैको आर्थिक जीवनसँग सामाजिक जीवन पनि गाँसिएको पाइन्छ । जसमध्ये विधवा एकल महिला धैरै रहेका छन् । पहिलाको भन्दा पछिल्लो समयका एकल महिलाहरूमा समाजबाट हेरिने दृष्टिकोण फरक रहेको स्थलगत अध्ययन अनुसन्धानबाट पाइएको छ । महिलाहरू एकल हुनुमा वंशज, जटिल रोग, मदिरा, डिप्रेसन, आधुनिक जीवनशैली, प्राकृतिक प्रकोप, बढ्दो सवारी दुर्घटना आदि रहेको पाइएको छ । सबै प्रकारका एकल महिलाहरूलाई यस जिल्लाका सबै पालिकाहरूले सामाजिक सुरक्षा ऐन नियमावलीअनुसार विभिन्न कानुनहरू बनाई सामाजिक सुरक्षा भत्ता दिएको पाइएको छ । पछिल्लो समय पालिका, समाज तथा विभिन्न संघ-संस्थाहरूबाट आफूहरूले सहयोग पाइरहेको बताएका छन् । यसरी समग्र रूपमा यस जिल्लाका एकल महिलाहरूको अवस्थालाई केलाउँदा उनीहरूको आर्थिक र सामाजिक पाटो एक अर्काको परिपूरक रहेको निष्कर्ष निकालिएको छ ।

**सन्दर्भ ग्रन्थसूची :**


१, नेपाल मानव अधिकार वर्ष पुस्तक २०१०, अनौपचारिक सेवा केन्द्र, एकल महिला क्षमता अभिवृद्धि सहयोगी पुस्तिका, मानव अधिकारका लागि महिला एकल महिला समूह : केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौ नेपाल ।

२, थापा, लिली, नेपालमा शान्ति निर्माणमा महिलाको भूमिका, २००८ ।

३, थापा, लिली, नेपालमा एकल महिलाको स्थिति २०१० ।

४, नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९, अनौपचारिक सेवाकेन्द्र (इन्सेक) ।

५, पन्थी, पुष्पा, निर्दोषीका कथा २०७६ ।

६, पन्थी, रेणुका, प्यारो नेपाल खण्डकाव्य २०७९ : सनातन प्रेस काठमाडौं ।

७, पोखरेल, हरिहर, नेपालको संविधान २०७२ : ब्रदर बुक्स प्रकाशन काठमाडौं ।

८, विद्यालय प्रतिभा प्राथमिक, प्रतिभा दीप २०७९ :श्री प्रतिभा प्रथमिक विद्यालय, रुरुक्षेत्र ३ गुल्मी ।

९, शर्मा मोहनराज,खगेन्द्रप्रसाद लुइटेल, शोधविधि २०५२ : साझा प्रकाशन काठमाडौं ।

१०, हातेमालो सेवा पहिचान गर्ने पुस्तिका : मानव अधिकारका लागि महिला, एकल महिलासमूह, बुढानीलकण्ठ काठमाडौं ।

११, ९१औं अन्तर्राष्ट्रिय नारीदिवस, श्री ५ को सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सिंहदरबार काठमाडौ, फागुन २५: २०५७ ।


**रूरूक्षेत्र गा.पा.-१, रिडी ।**

ooo

# गुल्मी उठे पुग्दछ

✍भरतराज पौडेल



१. रेसुङ्गामुनिको सुरम्य थल ता तम्घास हो जान्दछु
गुल्मीको सब राज चल्दछ जहाँ सम्झी उतै पुग्दछु ।
विद्याको, बलको सबै किरणको हो केन्द्र त्यो मान्दछु
गुल्मेली हुँ नि दूर - दूर छु परै कल्पेर यो लेख्तछु ॥

२. थाप्ले लेक छ पूर्वतर्फ छ हिले त्यो पूर्व झन् शान छ
कालीतीर छ साँध पर्वततिरै सौन्दर्यको स्रोत छ ।
बस्ती पातलिदै छ रे खबर छन् हो वेदनाको कुरो
गुल्मी ध्यान र ज्ञानकेन्द्र पनि हो सच्चाइको हो चुरो ॥

३. हर्मीचोर नि पर्छ पूर्वतिर नै प्यारो छ जन्मस्थल
भर्दाले भर लाग्छ त्यो शिरतिरै हाम्रै हिले निश्छल !
झाम्रे गीत र ख्यालिगीत सहसा गुन्जन्छ पाखातिर
गुल्मेली रसिला कथा र कविता पढ्दैन को? हैन र !

४. सारा विश्व घुमे नि प्यार भरिलो गुल्मीतिरैको हुने !
कालीको सुसहाट दिव्य सुषमा साँच्चै दिलैमा छुने !!
बढ्दा ताप कता- कता नि पुगियो गुल्मी पुगेरै रुने
सप्पै विश्व नि सम्झियो यदि भने गुल्मी निजी हो हुने ॥

५. विद्यावारिधि गर्नुपर्दछ भने गुल्मीतिरै पुग्नु छ
कालीतीर, हिले हुँदै नजर ली अर्घातिरै जानु छ ।

रेसुङ्गा वनभित्रका रसमयी प्राचीनका ती धन
रम्नेछन् सब दिव्यबोध नि हुँदा सङ्लिन्छ भित्री मन !

६. लेखिन्छन् कति काव्य भन् सहृदयी स्रष्टाहरू देख्छु म
गर्जन्छन् शशिवृन्द नै दिनदिनै पन्थीहरू भेट्छु म ।
भेट्छौँ रूद्र , रिडीविषे नदनदी काली कराली पनि
भर्दै छौँ कविता , कथा र रचना स्रष्टाहरूले पनि ॥

७. गुल्मी जाग्छ सधैंजसो म सहसा गुल्मीतिरै पुग्दछु
जन्मेको थल हो अपार ममता पाइन्छ यो जान्दछु।
जागोस् नित्य जगाउँदै मुलुक यो गुल्मी उठे पुग्दछ
गुल्मेली हुनुको महत्त्व - महिमा संसारले जान्दछ ॥

**गुल्मी (हाल - काठमाडौं)**

०००

# थाहा पाउनुभयो ?

किरण पुस्तकालय, गुल्मीबाट 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका १०७ अङ्क निस्किसकेका छन् । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?

# देशान्तर कि डायस्पोरा

✍हरिराज भट्टराई

एकपटक छात्र संसद्को अदालतमा म उभिन पुगेँ । शिक्षक मित्रहरूको माग थियो । त्यसै त धेरै पटक उभिन पुगेको हुँ । यो परिवेश केही भिन्न थियो । अर्थात् यसरी सयौँ कलासाहित्यतर्फ उदाउँदै गरेका नौजवान (टीनएजका) विद्यार्थी भरिएको सभाकक्षमा केही बोल्नुपर्ने भयो, सुरू गरे ।

सबैलाई मेरो तर्फबाट सेवारो, टाँसिदेले, तारेमाम, नमस्कार । मेरो परिचय संक्षेपमा यति नै हो । विधान्ले मलाई आर्य भनेर सबभन्दा माथिल्लो कोटिमा राखेको छ - अरूलाई झार्दै तल तल तल कैयौं तह तह सीमान्तक कालान्तकसम्म पुऱ्याएको छ । यस्तो अप्रिय र अवाञ्छित कुरा हाम्रो समाजमा उठाउनै नहुने । तर म अरूलाई आफूसरह ठान्छु- आयु, रुचि र गन्तव्यबाहेक ।

अँ, तपाईँहरूलाई मेरो व्यक्तिगत विषयमा सोध्नुपर्ने भए, यो सभा-संवाद सकिएपछि अथवा कुनै बेला पनि प्रश्न गर्न सक्नुहुन्छ । त्यो पक्ष सदैव खुला छ । त्यसै त रिटायर मान्छे, अहिले यायावर जस्तै छु । भ्रमण, सत्सङ्ग र अक्षरको उपासना गर्छु बेलाबेला ।

यो ठाउँमा मलाई उभ्याउनुभयो यसका लागि धन्यवाद ज्ञापन गर्छु यो परिवारलाई । यस स्कुलको न्यानो यो पनले मलाई लोभ्याउँदै रहोस् । आभार व्यक्त गर्दछु । यहाँका शिक्षक र विद्यार्थीहरूलाई प्रसंगवश अनुरोध पनि छ- प्रश्न गर्नुहोस् आफ्नो ज्ञान र योग्यताले भेटेजति बयान गर्ने यत्न गर्नेछु अन्यथा तारेख लिएर जान्छु । प्रश्न गर्न संकोच मान्नु हुने छैन । विवाद-प्रतिवाद र मन्थनले राम्रो परिणाम दिन्छ-आशा गरौं । अब त्यताबाट जिज्ञासा आऊन् । खत्री साहित्यबारे फेरि बोलौँला ।

- **सर डायस्पोराले भैँचालो गऱ्यो र स्खलन भयो । हामी आज डायस्पोराको गायनमा जुटेका छौं । यसको औचित्य र सान्दर्भिकताबारे प्रकाश पारिदिनुहोस् न- म कला कालिका १२ कक्षाकी विद्यार्थी हुँ । साहित्यमा रुचि छ ।**

प्रश्नका लागि धन्यवाद । प्रश्न आकाश र धर्ती जस्तै व्यापक छ । धेरै शाखा र धेरै पोया छन् यसमाकलाको प्रश्न कुनै खास विषयमा केन्द्रित गर्ने हो कि !

- **साहित्यकै सन्दर्भबाट जान्न खोजिएको हो किनभने डायस्पोरामा अध्ययन गर्ने प्राध्यापकले आत्महत्या गऱ्यो भन्ने लोकसंवाद । मान्छेले उसको अध्ययन क्षेत्रलाई होच्याए । अनि उसले नकाम गरिएछ भनेर आत्महत्या गऱ्यो भन्ने**

**भनाइ छ । त्यो सत्य लाग्दैन । त्यत्रो डायस्पोरा मेन जीवनबाट पलायन लिन्छ र ?**

यस बारे केही भन्न सकिन्न । उनका शोधनिर्देशकले केही भन्न सक्लान् । यो प्रसङ्ग प्रीतिकर रहेन उनी बाँचेको हुनुपर्छ । यति नै भनौं ।

तपाईँको पहिलो प्रश्नमा आएका दुई शब्द ज्यादै महत्त्वपूर्ण छन् औचित्य र सान्दर्भिकता । यिनै शब्दलाई आधार बनाएर म आफ्ना भनाइ राख्न सक्छु तर सक्षेपमा ।

"डायस्पोरा" भन्ने शब्दसँग म परिचित थिइनँ । पढ्दा पूर्वीय र पाश्चात्य समालोचना र साहित्यका वादहरूबारे अल्पाधिक जानकारी पाइयो । यो शब्दसँग म मात्र होइन धेरै साथी परिचित भएनौं । यदि दोष कसको हो भन्ने प्रश्न आयो भने म सजिलै भनिदिन्छु - मेरो (आफ्नो), मेरा प्रोफेसरको, मेरा पाठ्यसामग्रीको र विश्वविद्यालयको । यसलाई कारणमाला अलङ्कारको भावले हेर्छु । जेन्जीका विद्यार्थी मार्ने दोषी गोली हान्नेदेखि खद्योत प्रकाश नक्शालीसम्मका हुन् भने जस्तै हो । जहाँसम्म मेरो विवेकले भन्छ साहित्यिक भण्डारको शब्द होइन डायस्पोरा किन्तु यहाँ यति जोड्नु आवश्यक छ– ज्ञानका सबै क्षेत्रका शब्द ग्रहण गर्छ– साहित्यले । तर आवश्यकता र औचित्य हेरेर प्रयोग गरिन्छ - छेकबार छैन साहित्य संसद्मा हरेकले आफ्नो प्रतिभा वा क्षमता देखाउन अधिकार राख्द्छ । सुहाउने, पच्ने, उपयोगी र अनुमोदनयोग्य हुनुपर्छ । प्रश्न आयो भने खुलेर बुझाउन सकिन्छ । जस्तो भयवाद । भयवादका अभियन्ताले आफ्नो अभिप्रायलाई स्थापित गर्नका लागि प्रशस्त कसरत गरेका हुन् । यो आदरणीय पक्ष हो । मन्थन या विवाद भयो भने विषय जीवित रहन्छ । जस्तो महामहिम खद्योतप्रकाश नक्शाँलीले ज्यान पारेका हुनाले राज्यले जेलमा थुनेको थियो । किन्तु त्यो राजनीतिक मुद्दा थिएन । (यो उदाहरण अन्य फाटबाट लिइएको हो चर्चा गराउने सोचको) बिर्सनुपर्ने कुरालाई बारम्बार बिउँझाउनु हितकर पनि छैन । जीवित राख्नुपर्ने स्थितिमा उदाहरण अवश्य गरिन्छ । यो सर्वमान्य कुरा हो ।

- **शब्द प्रयोगको औचित्यबारे प्रसङ्ग छुट्यो भन्दै किशोरी उठिन् । कक्षा १२की छात्रा, म पनि साहित्यमा रुचि राख्छु- श्यामा शाश्वतीज्यू धन्यवाद ।**

सम्झाएकोमा श्यामा साश्वतीलाई धन्यवाद । अभिव्यक्तिलाई सबल बनाउन, पूर्णता दिन र सुहाउने बनाउन आफ्नो कोशबाट शब्द पुगेन भने अर्को भाषाबाट शब्द तान्ने, बनाउने वा अनुवाद गर्ने गरिन्छ यो प्रचलित परम्परा हो । तर औचित्य, औचित्य देखिनै पर्छ । जस्तो म आफ्नी जहानको परिचय दिंदा ठाउँ हेरी भन्छु– मेरी श्रीमती /पत्नी/ जहान/ बेहुली /स्वास्नी/ केटी/ जोई/ वाइफ । यदि परिवेश सुहाउँदो शब्द परेन भने निन्दा वा परिहासको विषय हुन्छ । त्यसैले देश, काल ,परिस्थितिअनुसार शब्द वा भाषाको प्रयोग हुनैपर्छ । यो कुरा हाम्रै गृह-परिवेशबाट

हामीले सिकेका हौं । झन् साहित्यतर्फ कलम चलाउँदा, अझ अभियान वा मान्यता अघि सार्दा, औचित्य देखिनै पर्छ । अन्यथा नुन र अमिलो विनाको चट्नी हुन जान्छ । दोहोरी (जुहारी)मा अन्ताक्षरी मिसाइदियो भने- परिहास र उदेकले ठाउँ लिन्छ कि ! त्यसैले औचित्य ! पतिव्रताहरूको तीजको उत्सवमा सेतो पहिरनमा कुनै प्रमन्दा पुगेर सहभागिता जनाउन खोजी भने अनर्थ गर्ला नारदवंशीले ? त्यसैले साहित्यमा औचित्यलाई स्थान दिइएको छ ।

- कसैले दर्शक दीर्घाबाट हात उठायो । ज्यू , म मल्लिका मस्तानी । सर, हाम्रो मुलुकमा पाश्चात्य जीवन जगत् वा कला-संस्कृतिका जानकार व्यक्तिहरूको अभाव त होइन ? के विज्ञ-प्राज्ञहरू डायस्पोरा शब्दसँग परिचित थिएनन् ? कि अध्ययनशील देखिएनन् विश्वराजनीतिक गतिविधिसँग उदासीन थिए वा पृथक् बसेका हुन् ? डायस्पोराको अभिप्राय र सीमा-शर्तसँग हामीलाई किन वञ्चित गराए ? के हामी हाम्रो गुरुपरम्पराबाट ज्ञानवञ्चित गराइएका हौँ भन्नु ?.... म यसै ज्ञानपिटकी कक्षा १२की छात्रा । म पनि साहित्यकै छात्रा हुँ ।

बडो मार्मिक प्रश्न । धन्यवाद मल्लिका मस्तानीलाई । म सकेसम्म संकेतमा भनौँ है ।

कुनै बेला माहिला गुरुज्यू पण्डितराज हेमराज पाण्डेको पुस्तकालयको प्रशंसा गर्ने विदेशी विद्वान् पनि भए । केशर पुस्ताकालयमा ग्रन्थहरूको संग्रह विशिष्ट मानिन्छ । फेरि प्रो. हृषीकेश शाह र प्रो. यदुनाथ खनालको निवास नै पुस्तकालयमय थियो । पछि ब्रिटिस, अमेरिका, फ्रेन्च पुस्ताकालयहरू खुले । इंडियन किताबखानाले अरू सुविधा प्रदान गऱ्यो । हाम्रा पाठकहरूलाई विश्वको, देशान्तरको ज्ञान सम्पदासँग निकट हुन कतै बाधा रहेन । झन् त्रि .वि पुस्तकालयले अध्येताहरूका लागि अधिकतम सुविधा प्रदान गरेकै हो । अनि ई. पू. ५८७ देखि सन् २००५ सम्म हामीले डायस्पोरा साहित्य चिन्न पाउनुको कारण यति नै हो - कोइलीले मौसम हेरेर गीत गाउँछ । यो पहिलो समाधान हो ।

दोस्रो समाधान के हो भने अनेक वैकल्पिक शब्द छन् डायस्पोराका लागि काम चलेकै थियो । त्यसैले यसको गृहण र प्रयोग औचित्य थिएन । हाम्रो देश, काल, परिस्थितिअनुकूल ठानिएन र विज्ञले प्रयोग गरेनन् । यो अर्को पहल हो । किनभने डायस्पोरा शब्दले लक्षित गरेको जीवनको स्थिति नेपालको परिवेशमा थिएन । त्यसैले त्यो शब्द आवश्यक परेन । "शहीद " गराएपछि शहीद शब्द प्रचलनमा आयो । त्यस्तै हो डायस्पोरा पनि ।

- बालिकाले हात उठाइन् - सर म स्वेता गौरी । म पत्रकारिता तर्फकी छात्रा हुँ । सन्देहछ ।

प्रो. कमलप्रकाश मल्ल , दुर्गाप्रसाद भण्डारी, श्रीधर खनाल , लीलाप्रसाद शर्मा, तारानाथ शर्मा (ताना शर्मा), अंगूरबाबा जोशी, चाँदनी चन्द तथा पछिल्लो समयका जयराज आचार्य र पद्मप्रसाद देवकोटाले पनि यो शब्द प्रयोग गरेनन् । देखिएन, यिनले कतै लेखेका, चर्चा गरेका वा पक्षमा भनेका हुन्थे भने त्यो शब्द कमसेकम कलेज र विश्वविद्यालयका विद्यार्थीहरू डायस्पोरा संस्कृतिसँग परिचित हुन्थे । ज्ञान र चेतनाको स्रोत नै बन्द गरिदिने ? हामी त आमाको स्तनपान गर्नबाट वञ्चित गराए जस्तै भएछौँ नि ! ई.पू. ५८७ देखि सन् २००५ सम्म हामीले डायस्पोराबारे सुन्न पर्दै नपर्ने ? यस्तो किन ? के शिक्षा नीति दोषी राजकीय चिन्तन ? सेमेस्टर शिक्षा प्रणालीले नयाँ आलोक दिएको होइन ? फेरि पनि डायस्पोरा शून्य चिन्तन किन ?

सर थोरै बाँकी छ । मौकामा थपिहालौँ- ब्रिटिश प्रोफेसर माइकल हट आएर सार्क मुलुकको सन्दर्भमा कार्यपत्र पढे, "मुगलान" पुस्तक पढेर डायस्पोरिक भनिदिए ! पछि प्रोफेसर गोविन्दराज भट्टराईले मुग्लानको चौथो संस्करण २०६० मा डायस्पोराबारे चर्चाको श्रीगणेश गरे । यो भो नेपालतर्फको कुरा ।

अनि अमेरिकातर्फ २०६२ /२००५ मा एउटा काव्यसंग्रह निस्कियो- सेतु ! यसको भूमिका खण्डमा "उत्तरआधुनिक पठनमा सेतुका कविता" शीर्षकभित्र प्रोफेसर कृष्ण गौतम भने- "... सेतुले नेपाली कविताको इतिहासको नयाँ पाटालाई उघारेको छ । यो एक अमेरिकाजिवी र नेपालजीवी कवि , पाठक एवं जनताका "सेतु" भएर , पुल भएर आएको छ । अनूदित भएर आएमा पश्चिमी अझ व्यापक समुदायलाई त्यसले समेट्न सक्नेछ । यो नेपाली डायस्पोराका निम्ति,सबल्टर्न वर्गका निम्ति पनि सुपाठ्य कृति बन्न जाने देखिन्छ यस रूपमा यदि यो पहिलो कृति भयो भने अझ यसले महत्त्व लिनेछ र यसका सुरूवातकर्ता भट्टराईलाई त्यसको श्रेय जानेछ र भावी सम्पादकहरूलाई अगाडि बढ्नका लागि हाँक हुनेछ ।

त्यसपछि के भो यसबारे मैले पढ्न भ्याइनँ सुनेअनुसार कैयौँ लेखक डायस्पोरिक भनेको अघाउँदैनन् । कैयौँलाई यो के हो थाहै छैन । मैले टुङ्ग्याएँ धन्यवाद ।

धन्यवाद स्वेतालाई पनि ।

यसपछि अमेरिकाका नेपाली काव्यसिर्जनाको परम्परामा दुवाली थुनंर नहर निकालियो र युरोपको डायस्पोरिक जीवनको परिस्थितिसँग अझ ई. पू. ५८७ को राज्यविप्लव र जनताको भागाभागको जीवनशैलीसँग जोडेर हेर्न कृतिलाई सन् २००७ देखि त्यसतर्फ डोऱ्याइयो । यहाँनिर संगति देखिँदैन ।

यहुँदीहरूको जीवन रक्षाको खोजीसँग नेपाली जातिको विदेश गमनलाई तुलना गरेर हेर्न मिल्दैन । यो लेखकमाथि गरिएको हीन र अपमानजनक अभियान हो । गल्ती अर्को पनि भयो- बाहिरकाले वा नेपालको भूमिबाट डायस्पोरिक साहित्य

भनून्, देशान्तर भनून् ठीक छ, तर जो स्वयं जापानमा छ, जो अमेरिकामा छ, ऊ आफ्नो सिर्जनालाई जापानी नेपाली साहित्य भन्छ, अमेरिकी नेपाली साहित्य भन्छ । आफ्नी छोरी आफ्नो घरमा सधैं छोरी नै रहन्छे तर त्यो बुहारी हुन्छे अर्को घरमा । त्यसैले यसबारे चिन्तन गर्नै पर्छ । सादृश्य मिल्छ के ? तर गएका वर्षहरूमा प्रोफेसर अभि सुवेदी ,प्रोफेसर गोविन्दराज भट्टराई र प्रोफेसर अरुण गुप्ताले डायस्पोरिक तत्त्वलाई मानसिक र मनो सांस्कृतिक पक्षबाट अनुशीलन गरेको पाइयो । लाग्छ परम्परागत सीमा शर्त ? धारणाहरू अब पन्छिएका छन् । नयाँ पद्धतिको अवलोकनले तात्त्विक सन्तुलन कायम होला आशा गरौं ।

अर्को व्याख्यानमा सुरूमा जसलाई डायस्पोरिक जीवन, मनोदशा वा अवस्थामा देखियो तिनको जीवन भोगाइ र नेपाली जनको स्थानान्तरणको आधार वा रूपलाई समान भन्न मिल्दैन । यसबारे फेरि । अहिले यही नै ठानौँ । डायस्पोरा खास घटनाको बोधक देखियो । खास क्षणमा जीवनको खास अवस्थाको बोध गराएर पन्छियो त्यो शब्द । जन्ती, मलामी, खास समयका लागि मानिने शब्द-दृश्य हुन् । फेरि हराउँछन्, फेरि ब्युँझन्छन् । डायस्पोरा एकपटक आयो, बजार बनायो, फेरि हरायो । निरन्तरताबारे चिन्तन गर्नैपर्छ किनभने यी मान्यताहरू फेरिँदै फेरिँदै गए । भर्खरै रक्ष राईको डायस्पोरा : अवधारणा र अभ्यास (२०८१ ) भन्ने ग्रन्थ भेटैँ । प्रोफेसर गोविन्दराज भट्टराईको भूमिका खण्डले यसको महत्त्व झन् बढाएको छ । डायस्पोरा त एउटा छाता शब्द भो अथवा विशाल अथवा विशाल प्राङ्गण ठानौँ, अथवा महासागर वा अमाजोनमा दुष्पार जङ्गल ।

साहित्यका सन्दर्भमा केवल एउटा सानो डोरी र अनेक पोरा र पोयाभित्रको चोए बराबर ठाने हुने रहेछ कि नेपाली साहित्यको डाइस्पोरिक उत्पादन । रक्षको लेखनले डायस्पोराभित्र ज्ञानका, विकासका संचरणको अनेक मार्गको दिग्दर्शन गराएको छ । कर्म स्तुत्य छ । तर अमेरिकी भूमिबाट आरम्भिक चरणमा नै रोगी विवाद जन्मियो, त्यसमा देखिएको आग्रह, उत्तेजना, आत्ममानी भावनाले हामी केहीलाई तटस्थ, केहीलाई क्रुद्ध, केहीलाई हीन र केहीलाई आढ्य पनि बनायो ।

म नबौलाएर बौलाएँ । कारण यत्रो परम्परा समेटेको फैलिएको डाइस्पोरा नेपालमा यतिका शताब्दी उपेक्षित, अचर्चित, अपठित रहनुको कारण के हो? भनेर मेरो चिन्तनले सोच्न सकेन । अनि आफैँलाई सम्झाएँ- औचित्य थिएन, खाँचो थिएन, खोजी भएन, तर ज्ञान थिएन चाहिँ नभनौँ कि ! आवश्यकताअनुसार ग्रहण गरिन्छ । भएको त्यही होला यो सामान्य धारणा हो । अँ कसैले आँखा दियो, मन्त्र सुनायो र द्रव्य देखायो भने चेतना र तुजुकको बिजुली चम्कन्छ । डायस्पोरा अभियानमा ।

आजको व्याख्यान- प्रश्नोत्तर लम्बिँदा छात्राहरूको रुचि र तत्परताप्रति धन्यवाद व्यक्त गर्दछु । शिक्षक मित्रहरूलाई आभार । सहयोगी मित्र र व्यवस्थापनतर्फ साधुवाद ।

आयोजक समितिका तर्फबाट कार्यक्रमलाई उपसंहार दिन प्रिन्सिपल अग्रसर भए । उनले मजबून दिँदै भने-

आजको साहित्य विभिन्न क्षेत्रका ज्ञानभण्डारबाट पोषित छ । जुन प्रक्रियाबाट नारीलाई जोडही बनाएर ल्याए पनि उनी पत्नीको दर्जाले सम्मानित हुन्छिन् । सन्तानको नाम सांस्कृतिक परम्पराभित्रैबाट राख्नु सहज हुन्छ भन्ने आग्रह अवश्य रहन्छ । गोपीनाथ उपाध्याय तामाङ यस्तो नाम अनौठो भन्ने समाज छ । भोलि छोरीको नाम डायस्पोरा र छोराको नाम डायस्पो राखौँला । बिस्तारै चेचे खतिवडा र तुतु तिवारी पनि भनौँला । अनि भनौँला नामै त हो ।

विवादको नाममा र सञ्चरणको प्रक्रियामा देखिएको रहेछ । हरेकको आफ्नो दृष्टिकोण र तराजु हुन्छ । विवाद संवादमन्थन र आंक्षेप हुँदै रहनुपर्छ । यसबाट लाभ हुन्छ । बाँचेको अनुभव हुन्छ ।

डायस्पोरा अब व्यापक अर्थमा प्रयुक्त छ । रक्ष राईको ग्रन्थबाट हामीले पनि जानकारी पायौँ । हाम्रो साहित्य विश्वसाहित्यको शृङ्खलामा अनेक डोरी, एउटा डोरीभित्रको एउटा पोया र पोयाभित्रको एउटा चोया मात्र हो । डायस्पोरा भन्नुभन्दा देशान्तरको साहित्य भन्नु श्रेयस्कर छ ।

आयो विद्वान्हरूले प्रयोग नगरेको वा विद्यार्थीहरू ज्ञानबाट वञ्चित भएको कुरा त्यो आधा सत्य हो । हृषीकेश शाह , यदुनाथ खनाल, जस्ता विश्व राजनीति र कूटनीतिक क्षेत्रका विद्वान्ले अनि मदनमणि दीक्षित, मनोरञ्जन जोशी, गोविन्द वियोगी वा होमनाथ दाहाल जस्ता पत्रकारले डाइस्पोराको स्थिति र गतिबारे अनभिज्ञ देखिनु सहज लाग्दैन ।

सार यति नै हो । औचित्य देखिएन । प्रयोगमा आएन । कि भनौँ विद्वान्को यत्रो शृङ्खलामा प्रोफेसर कृष्ण गौतम मात्र डायस्पोरिक प्रवृत्तिसँग परिचित हुनुहुन्थ्यो । आवश्यकताअनुसार शब्द गृहीत हुन्छ । यति नै हो आफ्नो नयाँ लुगा अर्काको पुरानो हेङ्गरमा टाङ्न उचित हो या हैन ।

आजको यो कार्यक्रम सफल गराइदिने हाम्रा विद्यार्थी र शिक्षक वर्गमा धन्यवाद ज्ञापन गर्छु, अन्य सहयोगी मित्र प्रति आभार । अतिथिज्यूप्रति कृतज्ञता ज्ञापन गर्दै यो सभा टुङ्गाउँदछु । उता चमेना कक्षमा प्रस्थान गरौं निमन्त्रणा छ । धन्यवाद ।

ooo

# सिकलेस यात्रा

**✍जीवननाथ ढुङ्गाना**

नववर्ष २०८२ लाई स्वागत गर्ने अभिप्रायका साथ २०८१ चैत ३० गतेका दिन मेरी श्रीमती सीता ढुङ्गाना चैनपुरमा अध्ययन गर्दाका साथीहरूको जोडीका साथ म पनि सिकलेस जानेमा परेँ । यसैको फलस्वरूप बिहान ११ बजे जाने निर्णयसमेत भयो तर नेपालीको बानी न हो, ११ बजे भनेकोमा पूर्वी चितवनबाट आउने गाडी भरतपुरमा लगभग २:३० बजे तीन जोडी र दुई जना बिनाजोडीका भएर आइपुग्यो - विद्युतीय गाडी (इ.भी.) । पहिले बस्ने सबै अगाडि-अगाडि बसेका रहेछन् हामी भरतपुरबाट हाम्रो जोडी र आमा छोरी गरी चार जना पछाडि चढ्नेमा पर्‍यौँ । पोखराबाट अरू दुई जना जाने गरी जम्मा चालकसहित १४ जनाको समूह हुने भयो । आजको दिन बन्दीपुरमा बस्ने लक्ष्य लिई गाडी ३ बजे मालपोत चोकबाट ११ जनालाई अगाडि बढ्यो । मैले 'मङ्गलम् भगवान् विष्णुः मङ्गलम् गरूडध्वजको मङ्गलवाचक श्लोकको मनमन वाचन गर्दै उत्तराभिमुख भएर अगाडि बढेँ । घोप्टेयुगको प्रभावले गर्दा गाडीमा वाइफाइको व्यवस्था भएकाले प्रायः सबै आ-आफ्नै मोबाइलमा घोप्टिन थाले । बाह्य दृश्यावलोकन त कता हो कता, कुराकानी पनि चलेको छैन । हाम्रो गाडी आँपटारी, रामनगर, दासढुङ्गा, गाईघाट, मुगलिन, आँबुखैरेनी, सत्रसयफाँट, खानीखोला, केबुलकार स्टेशन (मार्कीचोक), डुम्रे हुँदै अगाडि बढ्यौँ । डुम्रेबाट केही अगाडि बढेपछि हाम्रो गाडी पृथ्वी राजमार्गलाई छाडेर बन्दीपुर गेट हुँदै दक्षिणतर्फ उकालो लाग्यो । लगभग ५ बजेतिर बन्दीपुर पुग्नुअगावै लगभग बीच बाटोमा बन्दै गरेको र हामीले बुकिङ गरेको होटलमा पुग्यौँ । मुगलिन कटेपछि पानी पर्न थालेको थियो, यहाँ आउँदा पनि परिरहेकै थियो । बेलुका माथि बन्दीपुर घुम्न जाने कार्यक्रम क्यान्सिल भयो । सबैले आ-आफ्ना पोका-पुन्तुरा थन्क्याउन थाल्यौँ । भर्खरै निर्माणाधीन भएकाले होटल व्यवस्थित रहेनछ । जे होस्, खाना भने राम्रै थियो । कालिज, हाँस, कुखुरा होटलले नै पालेका रहेछन् भने तरकारी पनि आफैले लगाएका रहेछन् । एउटा कालिज काटेर पकाउन लगाइयो । तीन हजार पाँच सय पर्ने रहेछ, पकाएको समेत गरी । खाना पाक्दै थियो, कोही नाचगानमा मस्त थिए भने कोही पिएर रात रङ्गीन बनाइरहेका थिए । खाना पाक्यो, मांसाहारी जतिले त्यही कालिजको मासु र झोलसँग खाए । सबै खाना स्वादयुक्त थियो तर मासु भने स्वाद न ब्यादको रहेछ ।

हिस्स बुढी हरियाँ दाँत भयो । त्यो जाबो दुई-तीन किलो कालिजको आधा मासु पनि सकिएन । खानापछि केही समय रमाइलो गरी निद्रादेवीको शरणमा पर्न गइयो ।

भोलिपल्ट बिहान पनि पानी परिरहेकै थियो । त्यस यात्रामा रहेका दुई-तीन जना बन्दीपुर नपुगेका हुनाले रातो चिया र नास्ता खाएर हाम्रो गाडी पुनः उकालिन थाल्यो । पानीले गर्दा बल्लतल्ल गाडी माथि पुग्यो र कोही पनि नझरीकन बन्दीपुरलाई एक चक्कर लगाएर फर्कियौँ । होटलमा हिसाब-किताब चुक्ता गरेर हाम्रो गाडी गन्तव्य सिकलेसतर्फ अग्रसर हुन ओरालो लाग्यो । पानी परिरहेकाले गाडी एकदमै बिस्तारो चलेको थियो । गाडी केही समयपछि पृथ्वी राजमार्गमा आइपुग्यो र पश्चिमाभिमुख हुँदै अगाडि बढ्यो । नयाँ बाटोमा गाडी कुनै हलचल नगरीकन अगाडि बढिरहेको थियो । हाम्रो गाडी बेलभञ्ज्याङ, छिर्कन र त्यसको ओरालो, माछापोखरी, घाँसी कुवा, दमौली, गुनादी, निर्मल बस्ती, जामुने, सिमलटार, म्याग्दे, थर्पु, अकलादेवी मन्दिर, मौरी बजार, सेराफाँट, धारापानी, मालेबगर, कुम्ले खोला, खैरेनीटार, मिलडाँडा चोक, बेलचौतारा, ढोरबाराही मन्दिर जाने बाटो, गाछेपानी, हलेदी (नयाँ पुल), कोत्रे, गगनडाँडा, सैनिक बस्ती, पोखरा विश्वविद्यालय चोक, नागस्थान, तालचोक (बेगनास ताल जाने बाटो) पुगेर गाडी उत्तरतर्फ हानियो । केही अगाडि बढेपछि बाटो बन्दै गरेको हुनाले भित्री बाटो प्रयोग गर्नुपऱ्यो । लगभग ११:३० बजेतिर बेगनास तालको नजिकको बसपार्कमा पुगेर गाडी रोकियो । त्यहाँबाट दुई जना चढ्नुपर्ने रहेछन् र खानाको व्यवस्था पनि त्यही गरिएको रहेछ । खाना तयार भइनसकेको हुनाले केही समय बेगनास ताल घुम्ने उद्देश्य लिई पैदल अगाडि बढ्यौँ । लगभग १० मिनेटपछि हामी तालमा पुग्यौँ र केही समय फोटा खिच्न लाग्यौँ । छिटो गर्ने भन्दाभन्दै पनि लगभग डेढ घण्टा त्यहाँ बिताइयो । त्यहाँबाट फर्किएर उदरपूर्ति गरी अगाडि बढ्न लाग्यौँ ।

हाम्रो यात्रामा १४ जना हुन पुग्यौं । चालकले "माइक्रोमा मात्र १३ जना अट्ने हुनाले एक जनामात्र चढ्न पाइन्छ । १४ जना चढेमा प्रहरीले चलान काट्छ ।" हामी असमञ्जसमा पऱ्यौँ, के गर्ने-के नगर्ने ? चालकलाई "केही परेमा त्यसको क्षतिपूर्ति हामी नै बेहोर्छौं" भन्दा पनि मान्दैन । केही नलागेपछि दुई जना मोटरसाइकलमा जाने भइयो । लगभग आधा घण्टाजति त्यत्तिकै बित्यो । अन्त्यमा म र प्रवीण ढुङ्गाना मोटरसाइकलमा चढ्यौँ । पानी सिमसिम परिरहेकाले बाटो चिप्लो न चिप्लो छ । लगभग एक कि.मि. जति अगाडि बढेपछि एउटा खाल्टोमा परेर मोटर साइकल चिप्लियो । त्यो देखेर सबै जना डराए । तर के गर्नु ? बाध्यता थियो । एक जना त जसरी पनि मोटर साइकलमा नै जानु पर्ने थियो । सबैले एक्लै मोटरसाइकल चलाउन भन्दै थिए तर मैले यस्तो बाटोमा एक्लै जानुहुन्न

भनेँ । मोटरसाइकल चालककी श्रीमती (सुस्मिता ढुङ्गाना) "त्यसो भए म जान्छु, तपाईं गाडीमा बस्नुस् दाजु" भन्दै आइन् । हामीहरूले उनलाई "यस्तो बाटोमा तिमी नजाऊ" भन्दा मान्दै मानिनन् र अन्त्यमा उनी नै जाने भइन् । गाडीको अगाडि-अगाडि मोटरसाइकल अगाडि बढ्यो ।

पानी परिरहेकाले गाडी र मोटरसाइकल बिस्तारै अगाडि बढ्यो । गाडीमा फुल चार्ज गर्नुपर्छ भनेर चार्जिङ स्टेसन खोज्दै अगाडि बढ्यौँ । जहाँ पनि प्याक थियो । पर्स्याङ पुगेर बल्ल-तल्ल चार्ज गर्न पायौँ । लगभग एक घण्टा लाग्ने भएकाले म त्यही पेट्रोल पम्प नजिक रहेको मेरा माइला ससुराको घरमा गएँ र चिया पियौँ । केही समयको भलाकुसारीपछि गाडी रोकिएको ठाउँमा आइपुग्यौँ । त्यहाँ सबै जना चिया-नास्ता गरिरहेको देखेँ । म त्यहीँ उभिएर साथीहरूसँग कुरा गरिरहेको थिएँ, अकस्मात् "ठुला बाबा !" भन्ने चिरपरिचित आवाज सुनेँ । यसो आवाज आएतिर हेर्छु त मेरै कान्छो भाइको छोरा र छोरी पो देख्छु । आश्चर्यचकित हुँदै उनीहरूलाई सोधेँ - "कहाँबाट तिमीहरू यहाँ आयौ ?" उनीहरू दुबैले एकै स्वरमा भने, "हामी त मुक्तिनाथ र अपर मुस्ताङ जान आएको ।" उनीहरूसँग कुरा गर्दागर्दै भाइ र बुहारी पनि आइपुगे । उनीहरूलाई "हामीहरू सिकलेस घुम्न आएको" भनेँ । उनीहरूको बस पनि त्यहीँ डिजेल भर्न रोकिएको रहेछ र भेट हुन पुग्यो । केही समयपछि उनीहरूको बस अगाडि बढ्यो, हामीहरूलाई "बाई-बाई !" भन्दै ।

हाम्रो गाडीको पनि उदर भरिएछ । हामी पनि अगाडि बढ्यौँ, त्यहाँबाट ४१.८ कि.मि. टाडाको सुन्दर गुरुङ गाउँतर्फ । सेतीको पुल तरेर रामघाट पुगेपछि हाम्रो गाडी मोडियो उत्तरतर्फ । यो बाटोको नाम 'रामघाट मार्ग' रहेछ । दुई लेनको सानो बाटो, कतै राम्रै पिच, कतै खाल्टा-खुल्टी त कतै एकदमै बिग्रिएको । हाम्रो गाडी रानीपौवा रोडमा गएर मिसियो । बाटोको वरिपरि हरिया फाँट र वनजङ्गलले भरिएको प्राकृतिक पहाडको छेउबाट हामी अगाडि बढिरहेका छौँ । मोटरसाइकल हामीभन्दा अगाडि-अगाडि छ । हाम्रो गाडी पूर्वतर्फ अगाडि बढेर माछापोखरी भन्ने ठाउँमा पुगेर पुनः उत्तरतर्फ हानिन प्रारम्भ गऱ्यो । बाटोको दृश्यावलोकन गर्दै हामी मख्ख छौँ । प्रकृतिले यति धेरै सुन्दरता दिएको छ, हामी भने विदेश किन घुम्न जान्छौँ होला ? भन्ने खुल्दुली मनमा उब्जिरहेको छ । कुन्दर-विजयपुर कटेपछि रामघाट मार्गको नाम 'पुष्पलाल मार्ग' राखिएको रहेछ । अगाडि बढ्दै जाँदा बाटोको दाहिनेपट्टि 'महाकालेश्वर शिव मन्दिर' देखियो, सबैले भगवान्लाई सम्झिएर नमस्कार गऱ्यौँ । हामी सप्ताहको डिल, अर्बा ढाप, काफलघारी चोक, केशरी बसपार्क, विजयपुर खोला तरेर उकालो सुरू गऱ्यौँ ।

बाटो अप्ठेरो भएकाले मोटरसाइकलमा म गएँ र श्रीमान्-श्रीमतीलाई अलग-अलग पार्न सफल भएँ । बाटो पिच नै छ तर ठाडै उकालो र घुम्ती नै घुम्ती । पछाडि बस्दा कतैकतै त सिरिङ-सिरिङ हुने । जति उकालो लाग्छ बाटो त झन् डरलाग्दो हुँदै गएको छ । म मोटरसाइकलको पछाडि बसेर प्रकृतिको उपहारलाई आँखामा सजाउँदै छु । पोखराबाट लगभग १६ कि.मि. को दूरीमा छाचोक पर्ने रहेछ । त्यहाँबाट देखिने हिमाली शृङ्खलाको सुन्दरता त हजारौँ मुख भएका शेषनागले पनि वर्णन गर्न सक्दैनन् होला, म मनुवाको त के कुरा गर्नु ? यतिबेला लगभग साँझको ५:१५ बजेको छ । यही भएको एउटा सानो होटलमा चिया-नास्ता खायौँ । त्यहाँ केही मानिसहरूले "यस्तो ठाउँमा किन इ.भी. गाडी ल्याउनुभएको ? चार्ज सकियो भने के गर्नुहुन्छ ?" भनेपछि चालकले त्यहाँबाट गाडी अगाडि बढाउन मानेन । उनीहरू हाम्रो कुरा सुनेर फेरि भन्न लागे, "अब १-२ कि.मि. मात्र बाटो पिच छ । त्यसपछि त साह्रै अप्ठेरो छ ।" हामीहरू सोचमग्न भयौँ । हामीले भन्यौँ, "जे त पर्ला, केही गरी चार्ज सकिएमा अर्को गाडीमा बोकाएर फर्कौंला । अगाडि बढौँ गुरुजी !" भन्यौँ ।

चालक भाइ रिसाउँदै गाडी अगाडि बढाए । साँच्चै त्यहाँबाट लगभग २ कि.मि. जति अगाडि बढेपछि त साँच्चैको भर्खरै खनेको बाटो रहेछ । त्यहाँबाट लगभग ३०० जति मिटर अगाडि बढेपछि गाडी त चल्नै नसक्ने खाल्टाखुल्टी रहेछ । गाडी त्यहीँ फस्न पुग्यो । बल्लतल्ल घचेटेर गाडी फर्कायौँ र हामीहरू त्यहीँ आफ्ना झोली-झाम्टा झारेर बस्यौँ र खाजा खाएकै ठाउँमा गाडी फर्कायौँ । त्यही होटलका साहुले ५ हजार रूपैयाँ तिर्ने गरी सिकलेसमा एउटा गाडी अर्डर गरे । चालकसँग गएका एक जना केही समयपछि लखरलखर हिंड्दै आइपुगे । लगभग एक घण्टा जङ्गलको बीचमा बस्दा बल्ल एउटा जीप आइपुग्यो । भित्र कोचिंदा पनि जम्मा १२ जना मात्र अटियो । हामी तीन जना छतमा बस्नुपर्ने भयो ।

बाटो एक लेनको छ, त्यसमाथि पानी परेर खाल्टा र खुल्टीले भरिएको छ । लगभग साँझ परिसकेको थियो । लगभग आधा घण्टा हिंडेपछि पूरै अँध्यारो भयो । डाँडावारि र पारि बिजुली बत्तीको उज्यालो, झ्याउँकिरीको वैरागलाग्दो आवाज, गाउँ आइपुग्दा कुकुरको कर्कश स्वर, कताकति पानीको कलकल सुन्दै जीपको हेडलाईटको उज्यालोले जे देखिन्छ त्यही हेर्दै र छतको डण्डी समात्दै अगाडि बढ्दै छौँ । कतै कतै त झरिन्छ कि भन्ने पनि डर लागिरहेको हुन्छ । गाडीको उज्यालोले सिल्दजुरे, अनुषा, तप्राङ, मादी, चिप्ली गाउँ, न्यागु नयाँगाउँ, पार्चे आदि स्थानका बोर्ड देखिएका थिए । लगभग ८ बजे हाम्रो गाडी सिकलेस बसपार्कमा गएर रोकियो । हामीले पहिले नै एउटा होम स्टेमा बुकिङ गरेका हुनाले त्यहाँका सञ्चालकहरू आएर हामीलाई फूल, माला र खादाले स्वागत गरेर त्यहाँबाट लगभग

आधा कि.मि. जति उकालो हिँडाएर आफ्नो घरमा पुऱ्याउनुभयो । चितवनको उखर्माउलो गर्मीले पाकेका हामी त्यहाँको चिसो पानीले हात-मुख धुन नसक्ने भएका थियौँ । जे होस्, जसरी तसरी आफूलाई चिस्याइयो भनौँ । खाना तयार भइसक्न लागेको थियो । सबैले कालो र सेतो स्वेच्छिक चिया पियौँ । केहीले यसो सोमरसमा आफूलाई रङ्मङ्याउन सुरू गरे । खाना खाएपछि गाडीले थचारेको शरीर; सफा र सुन्दर ओछ्यानमा पल्टिनासाथ भुस भयौँ ।

भोलिपल्ट बिहानै उठ्यौँ - सूर्योदय हेर्ने लोभले । बिहान ५ बजे उठेर नित्य कार्य सकी तल झर्‍यौँ र एक-एक कप चिया, अण्डा, चनाको नास्ता गर्‍यौँ । उत्तरतर्फ पहाडको एक कुनामा उज्यालो देखिन सुरू भयो । बिस्तारै त्यो उज्यालो यति कडा भयो कि हेर्नै गाह्रो पर्‍यो । सबै जनाले आँखा बन्द गरेर मोबाइल र क्यामराबाट फोटा तथा भिडियो खिच्न सुरू गर्‍यौँ । भन्छन् - सूर्योदय दार्जिलिङको टाइगर हिल, इलामको अन्तुडाँडाबाट राम्रो देखिन्छ, तर मलाई लाग्यो - यहाँजस्तो सूर्योदयको मजा सायदै कही देखिन्छ होला ! सूर्योदयको अवर्णनीय दृश्यपछि हामीहरू त्यहाँबाट अन्नपूर्ण हिमालयको दृश्यावलोकनको लागि उकालो लाग्यौँ । ठाडो उकालो, चितवनको तातो पानी पिएकाहरूलाई सकसपूर्ण रह्यो । लगभग एक घण्टापछि अलिअलि फुलेको लालीगुराँस हेर्दै एउटा ठुलो नागी (चरन)मा पुग्यौँ । त्यहाँबाट देखिने अद्‍भुत दृश्यहरू र आश्चर्यजनक रूपले हिउँले ढाकिएका पहाडहरूका साथै वरपरका पहाडी बस्तीहरूका दृश्यहरूसहित गाईबस्तु र घोडाहरू चरिरहेको दृश्यले मन्त्रमुग्ध नबन्ने सायद कोही होलान् । जति बसे पनि बसूँबसूँ लाग्ने त्यो चरनबाट देखिने दृश्यलाई आँखाभरि र मनभरि सजाउँदै विवश भई लगभग दुई घण्टापछि हामी ओरालो ओर्लिन लाग्यौँ ।

होमस्टेमा आइपुगेपछि कोदोको ढिँडो, स्थानीय हरियो साग, घिउ, टमाटर र धनियाँको अचार, लोकल कुखुराको मासुका साथ खाना खायौँ र हिसाब-किताब गरी पुन:पुनः समय मिलेमा फर्किने वाचा गर्दै बसपार्कतर्फ ओरालो लाग्यौँ । बसपार्कबाट नजिकै रहेका परम्परागत घरहरू हेर्दै गुरुङ सङ्ग्रहालयमा पुग्यौँ । त्यहाँ रहेका विभिन्न परम्परागत सामग्रीहरूका साथै वर्तमान अवस्थाका सामानहरूलाई हेर्दै फोटाहरू खिच्यौँ । सबै घरहरूमा फूलको बगैँचा, चारैतर्फ सफा र सुग्घर परिवेश हेर्दै लगभग ११ बजेको बसमा चढेर फर्कियौँ । त्यहाँबाट लगभग दुई कि.मि. अगाडि एउटा लामो झोलुङ्गे पुल देख्यौँ । त्यसै बेला चालकले "कोही त्यो पुलबाट जान चाहनुहुन्छ ?" भने । हामीले "फेरि बस छुट्ला नि !" भन्यौँ । उनले भने, "के छुट्नु नि ! बसभन्दा तपाईंहरू छिटो पुग्नुहुन्छ ।" "त्यसो भए, मचाहिँ जान्छु" मैले भनेँ । बस रोकियो । म झरेपछि अरू तीन-चार जना पनि झरे । हामीहरू बाटो छोडेर पुलतर्फ लाग्यौँ । बस आफ्नै गतिमा अगाडि बढ्यो । लगभग ६-७ सय मिटर लामो

पुलको बीचमा पुग्दा त तल हेर्न नै नसकिने रहेछ । पुल हल्लिएकाले रेलिङ समाउँदै बिस्तारै अगाडि बढ्दै गयौँ । अघिसम्म कुरा गर्दै गएका हामी सबै चूपचाप हिँडिरहेका थियौँ । यसरी नै हामी पुलको अर्को छेउमा पुग्यौँ । साँच्चै बस त हामीभन्दा लगभग पाँच मिनेटपछि मात्र आइपुग्यो । बस आयो, हामी चढ्यौँ र बस अगाडि बढ्यो । हिजो अँध्यारो भएर केही नदेखिएको त्यो डरलाग्दो बाटो हेर्दा त "कसरी जीपको छतमा चढेर गइयो होला ?" भनेर जिल्ल परेँ । लगभग डेढ घण्टापछि बस हिजो हाम्रो गाडी रोकिएको ठाउँमा पुगेर रोकियो । हामी झर्‍यौँ र आफ्नै गाडी चढेर अगाडि बढ्यौँ । सबै जनाले छिटो भएमा कालीगण्डकी करिडोर हुँदै फर्किने कुरा गरेका थियौँ तर पोखरा आइपुग्दा नै ५ बजेकाले त्यो कुरा छोडी पुनः हिजैको बाटो जाने निर्णय भयो । त्यही चिया-नास्ता गरेर फर्कियौँ । रातको १० बजे सकुशल आफ्नै कटेरोमा आइपुग्यौँ ।

लगभग २००० मिटर उचाइ रहेको सिकलेसबाट अन्नपूर्ण र लमजुङ हिमाल, स्थानीय गुरुङ समुदायको संस्कृति, परम्परा र जीवनशैली, स्थानीय हस्तकला, पहाडी क्षेत्रमा हुने जडीबुटी, स्थानीय अन्न, ढिकी, जाँतो, हलो र घट्टको प्रयोग भएको अझसम्म पनि देख्न सकिन्छ । यसैले पोखरा र त्यसको वरपरको प्रकृति, संस्कृति, रहनसहनको बारेमा जान्न इच्छुक सबैका लागि सिकलेस यात्रा उत्कृष्ट स्थान हो भन्न सकिन्छ । जे-होस् यहाँ जाँदा इभी गाडी र साना कारहरूमा नजानु नै श्रेयस्कर रहनेछ ।

यात्रामा सहभागीहरू : पोखराका गौतम+कल्पना पौडेल, पूर्वी चितवनका प्रवीण+सुस्मिता ढुङ्गाना, सुवर्ण+सृजना खनाल, रामशरण+सञ्जु थपलिया, वीरबहादुर वि.क., मनबहादुर श्रेष्ठ (चालक), भरतपुरबाट जीवन+सीता ढुङ्गाना, अञ्जु भण्डारी र अस्मिता भण्डारी ।


ooo

**पुस्तक तथा पत्र-पत्रिकाहरू किनेर मात्र पढ्ने गर्नुहोस् ।**

**सित्तैमा पढ्न खोज्दा कवि, लेखक तथा पत्रकारहरूको श्रमको शोषण भएको ठहरिन्छ ।**

**श्रमको शोषण गर्नु महापाप हो ।**

# विशालको स्वभाव



✍पद्मप्रसाद शर्मा

नामले विशाल भए पनि उसको मन भने विशाल हुन सकेन । उसका दौंतरीमात्र होइन धेरैले यस्तै भन्छन् । कसै कसैले त यसको नाम विशाल राख्नु नै गलत भयो पनि भन्ने गर्छन् । नामले मानिसको आचरणमा फरक पार्छ यही कुरा एकदिन कक्षामा पढाउने गुरुले गौरवसंग भन्नुभएको थियो । संस्कृतको ज्ञान भएकाहरू कसै कसैले त यथा नाम तथा गुणसमेत भन्ने गर्दछन् ।

रमेशका बा र विशालका बाको सानैदेखि अति राम्रो मित्रता थियो । त्यसैले उनीहरूले आफ्ना सन्ततिको पनि यस्तै मेल हुन सकोस् भन्ने चाहन्थे । तर विशालको स्वभाव भने .....। रमेशले विशाल मनैदेखि फेरिए हुन्थ्यो भन्ने चाहन्छन् तर विशालले न आजसम्म कसैको मान गर्न जान्यो न कसैको सम्मान गर्न जान्यो । उसलाई त खाली मपाइँत्व भन्दा केही आउँदैन । कतिपयले भन्ने गर्छन् । विशालका बा र विशालको स्वभावमा आकाश पातालको फरक छ । विश्लेषकहरू कसैले कसैका सन्तानमा वंशानुगत गुण वा दोष आउँछ भन्ने गर्छन् तर विशालमा भने आफ्ना पूर्वजको सरल स्वभाव हजारमा एक पनि आएन भन्ने गर्छन् । विशाल जता फर्क्यो उतै चिथोऱ्यो स्वभावको छ । यही स्वभाव देखेर उसका बाबु–आमा आजित भएका छन् । कहिले त यो कुलको कलंक बनेर जन्म लिएछ समेत भन्ने गर्छन् । एकदिन गफको सन्दर्भमा विशालका बारेमा उनका एकजना राष्ट्रसेवक साथी गौरवले विशालका बारेमा कुरा गरे । त्यही समयमा उसका बाबुले त्यसका कुरा नगरौं हजुर ऊ त कुलको कलंक हो भनिहाले । गौरवको मनले पनि विशालको स्वभाव हेर्दा कुलको कलंक हो जस्तो ठान्यो । वास्तवमा आफ्नै बाबु–आमालाई सन्तुष्ट पार्न नसक्ने किचडले देश दुनियाँ कसरी सन्तुष्ट पार्न सक्ला राष्ट्रसेवक गौरवले मनमनै विश्लेषण गरे ।

एकदिनको कुरा हो गौरवले मनमनै विचार गरे विशाल जस्तै स्वभावका धेरैका छोरा–छोरी (सन्तान) हुने हो भने वृद्धाश्रम पनि हाम्रा लागि सुरक्षित हुने थिएनन् ।

**घोराही, दाङ ।**

# पुस्तकालयको अवलोकन भ्रमणलाई स्मरण गर्दा

✍रेशमबहादुर पोखरेल

श्री कमला सामुदायिक पुस्तकालय, कमलामाई न.पा.-४, ढुङ्गेवास सिन्धुलीको मिति २०८२ साल भदौ १५ गतेको वार्षिक साधारण सभाबाट नेपालका उत्कृष्ट सामुदायिक पुस्तकालयहरूको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय भएको थियो । सोही निर्णयको कार्यान्वयनका क्रममा चितवन जिल्लाको झुवानी सामुदायिक पुस्तकालय, कास्की जिल्लाको दीपशिखा सामुदायिक पुस्तकालय, पर्वत जिल्लाको मोती सामुदायिक पुस्तकालय र गुल्मी जिल्लाको किरण पुस्तकालय भ्रमण गर्ने कार्यसमितिबाट मिति २०८२ मंसिरको १८ गतेदेखि २० गतेको तालिकाबमोजिम भ्रमण टोलीमा सहभागी- उपाध्यक्ष श्री विश्वनाथ बराल, सचिव श्री रेशमबहादुर पोखरेल, कोषाध्यक्ष श्री नारायण प्याकुरेल, सदस्यहरू क्रमशः श्री मञ्जु बर्मा, श्री विवेचना थापा र श्री टंकमान श्रेष्ठ २०८२ मंसिर १८ गते बिहान ४ बजे सिन्धुली सदरमुकामबाट नेपालको चुरेपहाडको फेदीबाट निर्माण भएको पूर्वपश्चिम जोड्ने मदन भण्डारी राजमार्गबाट मनोरम दृश्यावलोकन गर्दै मकवानपुर हुँदै हामीहरू चितवनको झुवानी सामुदायिक पुस्तकालयलाई निशाना बनाउँदै प्रस्थान गर्‍यौं ।

मध्याह्न लगभग १२.३० बजे हामीहरू चितवन जिल्लाको झुवानी सामुदायिक पुस्तकालयमा पुग्यौं । हामीहरूलाई पुस्तकालयका अध्यक्ष श्री अनिल अर्याल, उपाध्यक्ष शेष सापकोटा र व्यवस्थापक छन्नुराम महत्तोले स्वागत गर्दै पुस्तकालयमा प्रवेश गराउनुभयो ।

पुस्तकालयको जन्म, मर्म र कर्मका बारेमा अध्यक्ष श्री अनिल अर्यालले परिचय प्रस्तुत गर्नुभयो । विक्रम संवत् २०५७ सालमा स्थापना भएको यो पुस्तकालय झुवानी युवा क्लबले पुल निर्माणको काम सम्पन्न गर्दा बाँकी रहेका सामग्रीलाई के गर्ने भन्ने समस्याको समधानका रूपमा जन्म हुन पुगेको र हालसम्म पनि स्थानीय युवाहरूको सक्रियतामा यो पुस्तकालय सञ्चालनमा रहेको रहेछ । हाल पुस्तकालयको अवस्था यस्तो रहेछ ।

- विद्यालयको प्रांगणमा २.५ कट्ठा जग्गामा ३ तलाको आर.सि.सि. भवन,
- ३१५ जना आजीवन सदस्यहरू,
- भवन निर्माण रिड नेपाल,स्थानीय सरकार, शिक्षाप्रेमी जनसमुदायको संयुक्त

पहलमा भएको,

- लगभग साढे १० हजार विभिन्न विधाका पुस्तकहरू,
- साहित्यिक पुस्तकहरूको संख्या बढिरहेको,




- १ जना लाइब्रेरियनले दैनिक १०-४ सञ्चालन गर्ने,
- आइतबार बन्द हुने र शनिबार खुल्ला रहने,
- पुस्तक अध्ययन कक्ष, बैठक कक्ष, सभाहल
- महिला सहकारी संस्थाको कार्यालय,
- पठन संस्कृति घट्दो क्रममा रहेको,
- पाठक वृद्धिका लागि इ-लाइब्रेरी विस्तार गर्ने योजना,
- ज्येष्ठ नागरिक विश्राम स्थलको व्यवस्थापन,
- विद्यालयका विद्यार्थीहरूलाई अध्ययनको व्यवस्थापन, पुस्तकालय र समुदाय जोड्न जन्मोत्सव, पूजा, पितृकार्यहरूमा इच्छा अनुसारको दान सहयोग संकलनबाट अक्षयकोष स्थापना, (हाल रु १,००,००० को अक्षयकोष रहेको)

**आर्थिक स्रोतको व्यवस्थापन**

- वडा कार्यालयबाट वार्षिक रूपमा बजेट विनियोजनबाट प्राप्त अनुदान रकम,
- भवनको छतमा एन.टि.सी. टेलिफोन टावर बापत रु१,००,०००।- भाडा रकम प्राप्त,

- २ वटा सटरबाट मासिक रू१६,०००।- प्राप्त भाडा रकम,
- सहकारी संस्थाको वार्षिक मुनाफाबाट शिक्षा कोषबाट प्राप्त हुने ५% रकम,सदस्यता शुल्कबाट प्राप्त हुने रकमहरू ।
- हामीलाई राम्रा लागेका पक्षहरू
- पुस्तकालयबाट नै महिला सहकारी संस्थाको स्थापना र सञ्चालन,
- पदेन सदस्य हुने व्यवस्था- सम्बन्धित वडाका वडा अध्यक्ष, सहकारी संस्थाको सञ्चालक समितिबाट-१ जना, जग्गादाता विद्यालय व्यवस्थापन समितिबाट-१ जना (जम्मा ३ जना)
- नगरपालिका र वडा कार्यालयबाट हरेक आ.व.मा रकम छुट्याउने व्यवस्था,

- अक्षयकोषको स्थापना र सञ्चालन, (सञ्चालन कार्यविधि नभएको)
- समुदायमा हुने धार्मिक र पितृकार्यबाट प्राप्त हुने दान, दातव्य,



- ज्येष्ठ नागरिक दिवा विश्राम स्थलको व्यवस्था, सभा हलको  व्यवस्था,
- लाइब्रेरियनलाई पुस्तकालयको पूर्ण जानकारी,
- कार्य समितिको सक्रियता ।

छलफलका क्रममा जोडिनुभएका पुस्तकालयका जमुना आचार्य र कृष्णप्रसाद रिमालसँग परिचयको अवसर प्राप्त भयो । पुस्तकालयले हालसम्म कुनै पनि किसिमको स्मारिका प्रकाशन नगरेको, पाठक र आर्थिक स्रोतको अभाव भेलिरहेको, पुस्तकालयलाई आधुनिक प्रविधिसँग नजोडेको अवस्था रहेको देखियो । यस पुस्तकालयलाई समाजको समग्र विकाससँग दिगो रूपमा जोड्ने हो भने स्थानीय सरकारले यसको स्वामित्व ग्रहण गरेर अगाडि बढाउनुपर्ने अवस्था देखियो ।

अन्तमा, हामी सिन्धुलीबासीको पहिचान बनेको जुनार मायाँको चिनो हस्तान्तण गर्दा भुवानीबाट पनि हामीलाई चितवनको हात्तीको प्रतिमा सहितले बिदाइ गर्नुभयो । बिदाइका हात हल्लाउदै हामीहरू सुन्दर नगरी पोखराको दीपशिखा सामुदायिक पुस्तकालयतर्फ प्रस्थान गऱ्यौं ।

हाम्रो यात्रा चितवन जिल्ला हुँदै मुगलिन बजारबाट पोखरा तर्फको नयाँ निर्माण भएको सडकको मनोरम दृश्यावलोकनसँगै बाटोमा पर्ने घाँसी कुवा, देवालयहरूको दर्शन गर्दै हामीहरू लगभग ३.३० बजे कास्की जिल्लाको दीपिशिखा सामुदायिक पुस्तकालयमा पुग्यौं । दीपशिखा सामुदायिक पुस्तकालयका आदरणीय व्यक्तित्व श्री कृष्णहरि भण्डारी र श्री माधव भण्डारीबाट हामीलाई न्यानो आतिथ्य दिनुभयो र हामीहरू पुस्तकालय भवनभित्र प्रवेश गर्दै दीपशिखा सामुदायिक पुस्तकालयका बारेमा साक्षात्कार हुने क्रममा, दीपशिखा सामुदायिक पुस्तकालय कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं.-२९, भण्डारढिकमा रहेको यो पुस्तकालय स्थानीय समुदायका अग्रज शिक्षाप्रेमीहरूले आवश्यकता महसुस गरी उहाँहरूकै पहलमा वि.स.-२०५८ सालमा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भई (द.नं.१०८५/२०५८) स्थापना भएको रहेछ । शिक्षा र ज्ञानलाई सबैसम्म पुऱ्याउने उद्देश्य राखेको यस पुस्तकालयले महिला सहकारीसँगको सहकार्यले महिलालाई पुस्तकालयमा आकर्षित गरेको । सफ्टवेयर प्रणाली प्रयोग गरेर पुस्तक व्यवस्थापनलाई आधुनिक बनाइएको र पुस्तकालयको विशेषता भनेको यसको आधुनिक व्यवस्थापन प्रणाली हो भने प्रमाणित गर्न सफ्टवेयर प्रयोग गरेर पुस्तक सूचीकरण, सदस्यता अभिलेख, खोज सुविधा र डिजिटल पहुँच पुर्‍याएको । एक हजारभन्दा बढी पाठकलाई नियमित सेवा पुऱ्याएको । १६१ जना आजीवन सदस्यले स्थायी योगदान पुऱ्याएको सुविधा सम्पन्न यस सामुदायिक पुस्तकालय आइतबार बन्द रहने र अन्य दिन कार्यालय समयमा खुल्ला रहने व्यवस्था गरिएको रहेछ ।

**हालको अवस्था**

- रू ५,०००।- मा आजीवन सदस्यता लिन पाउने । (हाल १६१ जना आजीवन सदस्य रहेका)
- वार्षिक रूपमा रू१००।-मा पाठक सदस्य बन्न पाउने । (हाल १००० जना पाठक रहेका)
- दैनिक रूपमा ३-४ सय जना पाठकहरू पुस्तकालयमा आउने, पुस्तक पढ्ने, अध्ययन गर्ने, छलफल गर्ने कार्यमा संलग्न हुने गरेका ।
- पाठक सदस्यहरूले १५ दिनका लागि पुस्तक घरमा नै लगेर पढ्न पाउने ।
- १५ दिनभन्दा बढी राखेमा जरिवाना तिर्नु पर्ने नियमानुसार ।

- पुस्तक समयमै फिर्ता गर्ने, शान्त भएर अध्ययन गर्ने, नियम रहेको ।
- पाठकहरूको अनुशासनले पुस्तकालयलाई सफल बनाएको ।
- पुस्तक सूचीकरण, सदस्यता अभिलेख, खोज सुविधा, डिजिटल पहुँच सबै सफ्टवेयर मार्फत सम्भव भएको छ भने पुस्तकालयले सफ्टवेयर प्रणाली प्रयोग गरेर पुस्तक व्यवस्थापनलाई आधुनिक बनाएको । (बारकोड राखिएको)
- पुस्तकालयमा ३-३ महिनामा नयाँ पुस्तक अद्यावधिक गर्ने प्रक्रिया अपनाइएको ।
- बजारमा आएका नयाँ पुस्तकहरूको छनोट साहित्य, विज्ञान, इतिहास, महिला सशक्तीकरण, बालबालिका शिक्षा, पाठकको मागअनुसार पुस्तक खरिद गर्ने गरिएको ।
- पाठकहरूले नयाँ पुस्तकको माग गर्छन्, अध्ययन सामग्रीको सुझाव दिन्छन् सफ्टवेयर प्रयोगमा सहजता अनुभव गर्छन् । यसले पुस्तकालयलाई आधुनिक र पाठकमैत्री बनाएको ।
- १३ सदस्यीय कार्यसमिति रहेको । अध्यक्ष श्री कृष्णहरि भण्डारी र कोषाध्यक्ष श्री माधव भण्डारी दैनिक पुस्तकालयमा उपस्थित रहनुहुन्छ र प्रशासनिक र आर्थिक कारोवार हेर्नुहुन्छ ।
- पुस्तकालयको संस्थागत संरचना व्यवस्थित रहेको ।
- महिला सहकारीसँग सहकार्य गरेर आर्थिक स्रोत विस्तार गरिएको ।
- पुस्तकालयले समाजमा सकारात्मक प्रभाव पारेको ।
- सहकारीसँगको सहकार्यले महिलालाई पुस्तकालयमा आकर्षित गरेको ।
- बालबालिका, युवा, महिलाहरूलाई अनुसन्धान, अध्ययन,साहित्यिक कार्यक्रममा संलग्न गराइन्छ ।
- सामुदायिक बैठक, छलफल, प्रशिक्षण, सामाजिक मुद्दा पुस्तकालयमा आयोजना गरिन्छ ।
- पुस्तकालयले समाजमा सकारात्मक प्रभाव पारेको ।
- वित्तीय व्यवस्थापन तथा आर्थिक पारदर्शिता सुनिश्चित गरिएको ।
- विद्यालय र मूल सडकसँगै १ कट्ठा जग्गामा ३ तलाको आर.सि.सि.भवन रहेको ।
- भवननिर्माण रिड नेपाल, केन्द्र सरकार, स्थानीय सरकार, शिक्षाप्रेमी, स्थानीय व्यापारी जनसमुदायको संयुक्त पहलमा सम्पन्न भएको ।
- लगभग १० हजार विभिन्न विधाका पुस्तकहरू रहेको ।
- पुस्तकअध्ययन कक्ष, बैठक कक्ष, सभाहल, इ-लाइब्रेरी कक्ष, बाल कक्ष, महिला सहकारी संस्थाको कार्यालय रहेको ।

- विश्वविद्यालय र विद्यालयबाट विद्यार्थीहरूलाई अध्ययन, अवलोकनको व्यवस्था मिलाइएको ।
- समुदायबाट जन्मोत्सव, पूजा, पितृकार्यहरूमा इच्छाअनुसारको दान, दातव्य सहयोग प्राप्त हुने गरेको ।

**आर्थिक स्रोत व्यवस्थापन**

- प्रदेश र स्थानीय सरकारबाट सानातिना रकम र निर्माण अवस्थामा केन्द्र सरकारबाट बजेट विनियोजन हुने गरेको,
- भुईँतलाको सटरबाट प्राप्त हुने भाडा रकम,
- पाठक सदस्यता शुल्कबाट प्राप्त हुने रकमहरू,
- पाठक सदस्यबाट जरिवाना बापतका रकमहरू,
- जन्मदिन, पूजा, पितृकार्यबाट प्राप्त हुने रकमहरू,
- सदस्यता शुल्कबाट प्राप्त हुने रकमहरू ।

**राम्रा अभ्यासहरू**

- पुस्तकालयबाट नै महिला सहकारी संस्थाको स्थापना र सञ्चालन हुनु ।
- महिला सहकारीसँगको सहकार्यले महिलालाई पुस्तकालयमा आकर्षित गर्नु ।
- सफ्टवेयर प्रणाली प्रयोग गरेर पुस्तकहरूको व्यवस्थापनलाई आधुनिकीकरण गर्नु ।
- समुदायसँग प्रत्यक्ष जोडिने कार्यक्रमहरू गर्दा आर्थिक र सामाजिक सम्बन्ध प्रगाढ हुनु ।
- पाठक संख्यामा कमी नआउनु । दैनिक ३-४ सय पाठक आउनु ।
- समुदायमा हुने धार्मिक र पितृकार्यबाट दान, दातव्य, प्राप्त भइ रहनु ।
- सुविधासम्पन्न सभा हल, कार्यकक्ष, बालकक्ष, इ-लाइब्रेरीको व्यवस्था हुनु ।
- पुस्तक समयमा नै फिर्ता हुनु, केरमेट पाना नच्यातिनु, पठन संस्कृति रहिरहनु ।
- कार्य समितिको सक्रियता । अध्यक्ष र कोषाध्यक्ष दैनिक उपस्थिति हुनु ।

दीपशिखा सामुदायिक पुस्तकालय डिजिटल सफ्टवेयर प्रयोग गर्ने अग्रणी सामुदायिक पुस्तकालय देखियो । महिला सहकारीसँगको सहकार्यले आर्थिक र सामाजिक सुदृढीकरणमा योगदान पु¥याएको पाइयो । पुस्तकालयले पोखरा विश्वविद्यालयका प्राध्यापक, उच्च शिक्षामा प्रवेश परीक्षा दिने परीक्षार्थीहरू,

बालबालिका तथा युवाहरूलाई प्रत्यक्ष लाभ पुऱ्याएको पाइयो । पुस्तकालयले भविष्यमा प्रविधिमैत्री बनाउने योजना बनाएको । महिला सहकारीसँग मिलेर आर्थिक कोष विस्तार गर्ने योजना रहेको । सामुदायिक विद्यालयसँग सहकार्य गर्ने योजना रहेको । अनुशासन, अद्यावधिक, सहकार्य र नेतृत्वले यसलाई सफल बनाएको । यस पुस्तकालयले पोखरामा सामुदायिक पुस्तकालयको आदर्श प्रस्तुत गरेको पाइयो ।

भविष्यमा अझ सुदृढ बनाउन निरन्तर प्रयास आवश्यक देखियो । मोबाइल एप्मार्फत पुस्तक खोज सुविधा उपलब्ध गराउने, अन्तर्राष्ट्रिय पुस्तकालयसँग नेटवर्किङ गर्ने, पुस्तकालयका गतिविधिहरूलाई लिपिबद्ध गरेर स्मारिका वा यस्तै पत्रिका, पुस्तिका आदि प्रकाशन गर्न सके यस पुस्तकालयको गरिमा युगयुगसम्म रहने देखिन्छ । सफलतासँगै केही चुनौतीहरू सामना गर्नुपरेको देखिन्छ । वित्तीय स्रोतको स्थायित्व सुनिश्चित नभएको । नयाँ पुस्तालाई आकर्षित गर्ने कार्यक्रमहरू ल्याउनु पर्ने । डिजिटल पहुँच विस्तार गर्नुपर्ने । ग्रामीण क्षेत्रका पाठकलाई अझ बढी संलग्न गराउनुपर्ने देखिन्छ ।

अन्तमा, यहाँ पनि हामी सिन्धुलीवासीको पहिचान बनेको जुनार मायाको चिनो हस्तान्तण गर्दा दीपशिखाबाट पनि हामीलाई संम्झनास्वरूप दीपशिखा लिखित कपसहित बिदाइ गर्नुभयो । मिठो सेलरोटीको खाजासँगै भलाकुसारीका बिदा माग्दै हामीहरू बेलुकाको बासका लागि सुन्दर नगरी पोखरातर्फ प्रस्थान गऱ्यौं । पोखरा पुगेपछि हाम्रा २ जना साथीहरू व्रतस्वरूप खाना नखाई बस्नुभएको थियो । किनकि समस्त हिन्दुहरूका देवता बिन्दवासिनी माताको दर्शनका लागि सन्ध्याकालीन पूजा आराधनामा हामीहरू सबै जना सरिक हुँदै पुन बिन्दवासिनी माताको आशीर्वाद लिदै ताल वाराहीको आरतीमा सरिक हुन हाम्रो टोली तालवाराही पुग्यौं र आरतीपश्चात् बासका लागि फो स्टार होटलमा पुग्यौं ।

भ्रमणको दोस्रो दिनको पहिलो चरण अर्थात् मिति २०८२/०८/१९ गते बिहानको नित्यकर्म गर्दै लगभग ६ बजे लजबाट बिदा माग्दै हामीहरू नयाँ उत्साहका साथ मनोरम पोखरा नगरीलाई बाइबाइ गर्दै ह्याम्जा, लुम्ले, हुँदै पर्वत जिल्लाको फलेवास नगरपालिका वडा नं.-५, खानीगाउँमा रहेको मोती सामुदायिक पुस्तकालयमा बिहानको लगभग ९.३० बजे पुग्यौं । हाम्रो स्वागतमा पुस्तकालयका पदाधिकारी र कर्मचारीहरू तयारी अवस्थामा रहनुभएको रहेछ । सिन्धुलीबाट प्रस्थान गरेदेखि नै मोती पुस्तकालयका संस्थापक अध्यक्ष आदरणीय भोलानाथ शर्माज्यूबाट कहाँ आइपुग्नुभयो, यात्रा कस्तो हुँदै छ, हाम्रोमा कति खेर आइपुग्नु हुन्छ भनेर बारम्बार मोबाइल सम्पर्कमा रहिरहनुभयो । उहाँप्रति कृतज्ञ छौं ।

हामीलाई खादा, टीकासहित कार्यालयमा स्वागतपश्चात् व्यक्तिगत परिचयबाट कार्यक्रमको औपचारिक शुरूवात भयो । मोती सामुदायिक पुस्तकालयका बारेमा पुस्तकालयका सचिव एवं वरिष्ठ लाइब्रेरियन श्री इन्द्रप्रसाद सापकोटा, लाइब्रेरियन श्री सुशीलादेवी शर्मा लम्साल र ट्याग कोअर्डिनेटर श्री रमा भुसाल पोखरेल कार्य समिति सदस्य श्री पूर्णप्रसाद सापकोटा, श्री सीताराम शर्मा लामिछाने, श्री ध्रुव लम्साल, श्री दीना शर्मालगायत सामुदायिक रेडियो पर्वतका स्टेशन म्यानेजर श्री रामचन्द्र भुसालसँग प्रत्यक्ष र संस्थाका संस्थापक अध्यक्ष श्री भोलानाथ शर्मासँग भर्चुअल मोडमा सम्पर्क भई पुस्तकालयको बारेमा विचारहरूको आदान प्रदान भयो । पुस्तकालय, सहकारी संस्था र ट्याग प्रोग्रामका बारेमा पालै-पालो प्रस्तुतिसँगै भएका सवाल जबाफ कुराकानीहरूसँगै स्थलगत रूपमा देखेका वस्तुपरक कुराहरू...

यस पुस्तकालयको स्थापना- विक्रम सम्वत् २०१६ सालमा ग्रामीण क्षेत्रमा शैक्षिक तथा सामाजिक विकास गर्ने उद्देश्यले फलेवासबाट काठमाडौं अध्ययनका लागि गएका भोलानाथ शर्मा, प्रेम शर्मा, पीताम्बर शर्मा, केशव शर्मालगायतका युवाले आफूले पढेका र सहयोगस्वरूप प्राप्त भएका पुस्तकहरूको संगालोबाट पुस्तकालयको स्वरूप तयार । २०२१ साल माघ १६ गते विधिवत् शुरूवात । यज्ञप्रसाद शर्माको घरको एउटा कोठाबाट पुस्तकालय सञ्चालन शुरूवात भएको रहेछ ।

**वर्तमान अवस्था**

- पुस्तकालयको आफ्नै नाममा २ रोपनी जग्गा, (१ रोपनी क्षेत्रफलमा १९ कोठे बहुउद्देश्यीय पुस्तकालय भवन र १ रोपनी क्षेत्रफलमा कम्युनिटी सेफ हाउस) सञ्चालनमा रहेको ।
- बहुउद्देश्यीय भवनमा १९ कोठा- भुइँतलाका ८ वटा कोठामा ५ वटा सटर, १ कोठा स्टोर, १ कोठामा कम्प्युटर कक्ष र १ कोठामा बालकक्ष रहेको ।
- भवनको पहिला तलामा- ३ वटा कोठा रहेका- भुइँतलाको ६ वटा कोठा बरावरको १ कोठामा पुस्तकालय कक्ष, १ कोठामा श्रव्य दृश्य र संङ्गीत कक्ष र बाँकी रहेको १ वटा कोठामा इ-लाइब्रेरी सञ्चालन रहेको ।
- भवनको दोस्रो तलामा- सभा हल, मोती सिलाइ कटाइ उद्योग कक्ष, बाँकी रहेको कोठामा सामुदायिक रेडियो पर्वतलाई भाडामा दिइएको ।
- भवनको तेस्रो तलामा- छतसहित नेपाल टेलिकमको रिपिटर टावर र सञ्चारसामग्री रहेको र बाँकी रहेको खाली जग्गा भाडा लगाएको पाइयो ।
- लगभग साढे १० हजार पुस्तकहरू र दैनिक र साप्ताहिक गरी पत्रपत्रिकाहरू रहेको ।

- १३ जना पुस्तकालय व्यवस्थापन समिति । ५ जना सल्लाहकार समिति रहेको ।
- ६ जना कर्मचारीहरू कार्यरत रहनुभएको ।
- पुस्तक अध्ययन कक्ष, बैठक कक्ष, सभाहल, सिकाइ केन्द्र, इ-लाइब्रेरी कक्ष, सिलाइ कटाइ प्रशिक्षण कक्ष, बालकक्ष व्यवस्थित रहेको ।
- महिला सहकारी संस्थाको कार्यालय सञ्चालनमा रहेको ।

**आन्तरिक आर्थिक स्रोत**

- सामुदायिक रेडियो पर्वत सञ्चालनबाट प्राप्त हुने भाडा रकम ।
- नेपाल टेलिकमको रिपिटर टावर र सञ्चार सामग्री राखेबापत प्राप्त हुने भाडा रकम ।
- ५ वटा सटरबाट मासिक प्राप्त हुने भाडा रकम ।
- दैनिक १ रूपैयाँ दान अभियानबाट प्राप्त हुने रकम ।
- स्वास्थ्यसामग्री विक्री-वितरणबाट प्राप्त हुने रकम ।
- जन्मदिनको शुभकामना फेसबुकबाट प्रसारण गरेबापत आउने रकम ।
- अक्षयकोषको ब्याजबाट प्राप्त हुने रकम, (हाल ५५ लाखको अक्षयकोष रहेको) ।
- २ वटा सभाहलबाट हलभाडा कार्यक्रम सञ्चालन हुँदा आउने रकम ।
- बाँकी रहेको खाली जग्गाबाट प्राप्त हुने भाडा रकम ।
- सदस्यता शुल्क बापतका रकमहरू ।

**बाह्य आर्थिक स्रोत**

- अमेरीकामा बस्ने पुस्तकालयप्रेमीबाट रू२४ सय डलर वार्षिक अनुदान प्राप्त रकम ।

**राम्रा अभ्यासहरू**

- पुस्तकालयबाट नै सहकारी संस्थाको स्थापना, (महिला मात्र सदस्य हुन पाउने) ।
- नगरपालिका र वडा कार्यालयसँगको समन्वयमा रकम छुट्याउने व्यवस्था ।
- अक्षयकोषको स्थापना र सञ्चालन ।

- समुदायसँग जोडिन धार्मिक र पितृकार्यमा फेसबुकबाट सन्देश प्रवाह कार्य ।
- व्यवस्थापन समितिका सचिव नै वरिष्ठ व्यवस्थापक (कर्मचारी) हुने व्यवस्था ।
- पुस्तक पढ्ने बानी विकासका लागि घुम्ती सेवा सञ्चालन ।
- अध्यक्ष स्थापना कालदेखि हालसम्म सक्रिय।एकै व्यक्ति लामो समय नेतृत्वमा ।
- स्रोत जुटाउने काम नेतृत्वले गरिरहेको पाइयो ।

८४ वर्षको उमेरमा पनि पुस्तकालयप्रति भोलानाथ शर्माको लगाव र चासोले हामीलाई धेरै नै प्रभावित बनायो । पुस्तकालयकर्मीहरू सबैको क्रियाशीलता, पुस्तकहरूको अध्ययन गर्ने गराउने कार्य, महिला सहकारी सञ्चालन, गृहिणी महिलाहरूको लागि कम्प्युटर कक्षा, सिकाइकेन्द्रको स्थापना, सेनेटरी प्याडको उत्पादन, सपिङ ब्यागको उत्पादन, महिलाहरूलाई सिलाइकटाइमा संलग्न गराउने, समुदायका सदस्यहरूलाई जन्म, पितृकार्य, देवकार्य, तथा वैवाहिक उत्सवमा पुस्तकालयसँग जोड्ने, सचिव एवं वरिष्ठ लाइब्रेरियन श्री इन्द्रप्रसाद सापकोटा दैनिक १२ घण्टा काममा खट्ने ट्याग कार्यक्रमका संयोजक श्री रमा पोखरेल भुसालको सक्रियता साच्चै नै प्रशंसा गर्नलायक थियो । पुस्तकालयको विकासमा स्थानीय सरकारको सहयोगी भूमिका राम्रै रहेको । हाल पढ्न आउने पाठकहरूको संख्या भने क्रमिक रूपमा घट्दै गएकोमा चिन्ता व्यक्त गरेको पाइयो ।

यो सामुदायिक पुस्तकालय ग्रामीण परिवेशमा मोती जस्तै चम्किएको पहिलो सामुदायिक पुस्तकालय हो भन्दा न्यायसंगत नै हुनेछ भन्ने लाग्यो । महिला सहकारीसँगको सहकार्यले आर्थिक र सामाजिक सुदृढीकरणमा योगदान पुर्‍याएको देखियो । पुस्तकालयले विद्यालयका प्राध्यापक, परीक्षा दिने परीक्षार्थीहरू, बालबालिका तथा युवाहरूलाई प्रत्यक्ष लाभ पुर्‍याएको । पुस्तकालयले भविष्यमा प्रविधिमैत्री बनाउने योजना बनाएको । महिला सहकारीसँग मिलेर आर्थिक कोष विस्तार गर्ने योजना रहेको । अक्षयकोषलाई अझ व्यवस्थित गर्ने योजना रहेको । अन्तर्राष्ट्रिय पुस्तकालयसँग नेटवर्किङ गर्ने रहेको । चुनौतीहरूमा वित्तीय स्रोतको स्थायित्व सुनिश्चित गर्नुपर्ने । नयाँ पुस्तालाई आकर्षित गर्न कार्यक्रमहरू ल्याउनु पर्ने । डिजिटल पहुँच विस्तार गर्नुपर्ने । पाठक संख्या वढाउन कार्यक्रमहरू गर्नु पर्ने । अन्तमा, यहाँ पनि हामी सिन्धुलीवासीको पहिचान बोकेको जुनार मायाँको चिनो हस्तान्तण गर्दा मोतीबाट पनि हामीलाई संम्झनास्वरूप मोती पुस्तक र मोती लिखित कपसहित बिदाइ गर्नुभयो बिहान करिब ११.३० बजेतिर स्वादिष्ट खानासँगै

बिदाइका हात हल्लाउँदै पुनः भेटघाट हुने आशाका साथ फलेवासबाट हाम्रो गन्तव्य गुल्मी जिल्लाको तम्घासमा रहेको किरण पुस्तकालयतर्फ मोडियो ।

भ्रमणको दोस्रो दिनको दोस्रो चरणमा हामीहरू काली गण्डकी कोरिडोर हुँदै काली गण्डकी को तिरैतिर अग्ला पहाडको बीच भाग हुँदै मिर्मिमुनि काली थुनेको भन्ने गीत सुनेकोमा प्रत्यक्ष देख्न पाउँदा हामीहरू एक छिन सोही ठाउँमा रोकिएर तस्वीर लिने काम भयो र समीक्षात्मक टिप्पणी गर्दै धार्मिक आस्थाको प्रतीक काली नदीलाई पूरै बाँध बाँधेर हाइड्रोपावर बनाइएको रहेछ । जसले गर्दा काली नदी पूरै थुनिएको धार्मिक संघसंस्थाहरूले विरोध जनाएको पत्रपत्रिकामा पढेको कुरालाई स्मरण गर्दै हामीहरू प्रसिद्ध धार्मिक स्थल रिडीधाम पुग्यौं । त्यहाँ पनि कालीमा रिडी मिसिएको गीतको सम्झना गर्दै ३ वटा जिल्लाको संगम स्थलमा एउटा खम्बाबाट पाल्पा, गुल्मी र स्याङ्जा जोडिएको स्थानलाई आ-आफनो मोबाइलमा कैद गर्दै तम्घास पुग्न ढिला हुन्छ भन्दै हृषीकेश मन्दिरको दर्शन नगरी हामीहरू सिधै तम्घासतर्फ लागियो । दिउँसो लगभग ३ बजे हामीहरू किरण पुस्तकालय रेसुङा- ८, तम्घास गुल्मीमा पुग्दा आदरणीय व्यक्तित्व एवं पुस्तकालयका अध्यक्ष श्री शशि पन्थी र उपाध्यक्ष श्री दीन पन्थीबाट स्वागत गरिंदै पुस्तकालयमा प्रवेश गर्‍यौं । उहाँहरू हामी आउने प्रतीक्षामा स्थानीय छरछिमेकीको निमन्त्रणमा समेत नगई पर्खी बस्नुभएको रहेछ । यात्रा अवधिभर सम्पर्कमा रहिरहनु भएको थियो । हामीहरूलाई स्वागत गर्न दिनभर कार्यलयमा कुरी बस्नुभएका उनै श्री शशि पन्थी र श्री दीन पन्थीले हामीहरूलाई पुस्तकालयको भुइँतलाबाट अवलोकन गराउँदै दोस्रो तला र तेस्रो तलासम्मको स्थलगत अवलोकनपश्चात् सभाहलमा बसी व्यक्तिगत परिचय, संस्थागत परिचयको औपचारिक कार्यक्रमको शुरूवात भयो ।

**वर्तमान अवस्था**

- स्थापना -२०२५ साल कार्तिक २० गते भएको ।
- स्थान - तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायत वडा नं.-१, हाल रेसुङ्गा न.पा.-८, चिदीचौर, तम्घास ।
- अनुमति - २०२८ साल भदौ ३ गते जिल्ला प्रशासन कार्यालय गुल्मीबाट ।
- विधान - स्वीकृत २०२८ साल चैत्र १४ गते जिल्ला शिक्षा कार्यालय पाल्पाबाट ।
- दर्ता - २०२९ साल असोज २९ गते जिल्ला शिक्षा कार्यालय पाल्पाबाट स्थायी स्वीकृतिको प्रमाणपत्र प्राप्त ।
- विधानतः जुनसुकै नेपाली नागरिकले सदस्यता लिन सक्ने । (हाल १६० भन्दा बढी संरक्षक, विशिष्ट, आजीवन सदस्य)

- निर्वाचन - प्रत्येक ३-३ वर्षमा ९ सदस्यीय व्यवस्थापन समिति गठन हुने ।
- पुस्तकालयको नाममा १३ आनाभन्दा बढी जग्गामा १० कोठे ३ तले आर.सि.सि. भवन ।
- आवश्यक फर्निचरहरू, वाचनालय, सभाहल, इ-लाइब्रेरी कक्ष, कार्य समिति कक्ष, बालकक्षहरू ।
- १२ हजारभन्दा बढी विविध विधाका पुस्तक तथा पत्रपत्रिकाहरूको संग्रह ।
- ३ जना स्वयम्सेवकहरूबाट दैनिक कार्यालय सञ्चालन ।
- वाचनलय र पुस्तकालयमा सबैले निःशुल्क अध्ययन गर्न पाउने ।

**प्रमुख गतिविधिहरू**

- समय-समयमा स्थानीय, जिल्ला, प्रदेश र केन्द्रस्तरका शैक्षिक र साहित्यिक गोष्ठी, सभा, सम्मेलनको आयोजना गरिने ।
- राष्ट्रिय कविहरूको जन्मजयन्ती विविध कार्यक्रमको आयोजना गरी मनाउने ।
- प्रत्येक वर्ष गुल्मी जिल्लामा जन्मेर साहित्य साधना गर्ने १ जना स्रष्टालाई रु . १० हजारको जानकी साहित्य पुरस्कार प्रदान गर्ने गरी कोषको व्यवस्था गरिएको ।
- हाम्रो पुरुषार्थ नामक राष्ट्रिय साहित्यिक पत्रिकाको प्रकाशन गर्ने गरिएको । (हाल सम्म १०८ अंक प्रकाशन गरिसकिएको)
- हाम्रो पुरुषार्थको १०० अंक अर्थात् स्वर्णवर्ष विशेषाङ्क दुई भागमा पाठकहरूको हात-हातमा ।
- स्वदेश र विदेशमा गरी १००० भन्दा बढी आजीवन र स्थायी ग्राहकहरू भएको ।
- स्वर्ण-जयन्ती वर्ष २०७५ सालमा ५ करोड लागतमा सुविधासम्पन्न भवन निर्माण कार्य प्रारम्भ गरी पूरा भएको ।

**आर्थिक स्रोतहरू**

- ५० लाखको अक्षयकोषबाट प्राप्त हुने ब्याज रकम ।
- भुईंतलामा अवस्थित नविल बैंकबाट प्राप्त हुने भाडा रकम ।
- पुस्तकालयबाट प्रकाशित पुस्तक तथा पत्रिका विक्रीबाट प्राप्त हुने रकम ।
- विज्ञापनबापत प्राप्त हुने रकम ।

- समुदायबाट प्राप्त हुने दान, दातव्य ।
- स्थानीय, प्रदेश र केन्द्र सरकारबाट पटके अनुदान सहयोग ।

**राम्रा अभ्यासहरू**

- त्रैमासिक रूपमा प्रकाशन हुने साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले किरण पुस्तकालयको प्रभावलाई नेपालमा मात्र हैन विदेशसम्म फैलाएको रहेछ ।
- पुस्तकालयमा जोडिएका व्यक्तिहरू राष्ट्रिय स्तरमा नाम कमाएका ।
- आफ्नै सुविधा सम्पन्न भवन ।
- सक्रिय व्यवस्थापन समिति ।
- कर्मठ, लगनशील, अनुशासित कर्मचारीहरू ।

किरण पुस्तकालयको अध्ययन अवलोकन हाम्रा लागि सौभाग्य साबित भयो । यात्राका क्रममा बाटोभरि नै फोन सम्पर्कमा रहनुहुने अध्यक्ष श्री शशि पन्थी र उपाध्यक्ष श्री दीन पन्थीको विद्वत्ता, शालनेता, उत्तरदायित्वको भावनाले भ्रमण टोलीका हामी सबैलाई द्रविभूत बनायो । त्यसै गरी कर्मचारीहरू श्री झवीन्द्र पन्थी, श्री ज्ञानराज मरासिनी र श्री कविता पोखरेलको शिष्टताले हामीहरू बीचको सम्बन्धलाई कहिल्यै भुल्न नसकिने गरी अझ कसिलो बनायो । पुस्तकालयको बारेमा उहाँहरूले हामीहरूलाई मौखिक र पावर प्वाइन्टको माध्यमबाट जानकारी गराउनुभयो । कार्यक्रम सकिंदा झण्डै साँझको सात बजिसेकेको थियो । कार्यक्रमको समाप्तिपछि उहाँहरूले हामीहरूलाई बस्नको लागि नीलगिरि होटलमा सम्पर्क गराउनुभयो । होटलमा हाम्रा सामानहरू थन्क्याएर स्वादिष्ट कफीको चुस्कीपश्चात् उहाँहरूसँगै केही समय हामी तम्घास बजार घुम्यौं र अभिवादनसहित हामीहरू बिदा भयौं ।

पहाडको काखमा रहेको तम्घासमा आफ्नै सुविधा सम्पन्न भवन भएको किरण पुस्तकालय निकै नै व्यवस्थित रहेको छ । यो कार्य संस्थाका अध्यक्ष श्री शशि पन्थी र उपाध्यक्ष श्री दीन पन्थीलगायत समूहको विद्वत्ता, सामाजिक कार्यप्रतिको निःस्वार्थ लगाव र निरन्तरताले मात्र संभव भएको कुरा सजिलै अनुमान लगाउन सकिन्थ्यो । आगामी दिनहरूमा पुस्तकालयको यो र यस्ता कार्यहरूलाई यत्तिकै वा योभन्दा बढी ओजपूर्ण रूपले बढाउन सक्ला या नसक्ला त्यो भविष्यको समयलाई छोड्दै हाम्रो भ्रमण दलको निर्धारित सम्पूर्ण कार्य मिति २०८२/०८/१९ गते साँझ सम्पन्न भइसकेकाले अब हामीलाई सिन्धुलीतर्फ फर्कनुथियो । नीलगिरि होटलमा बस्दा कर्मचारीहरूको मित्रवत् र मिजासिलो व्यवहारले हामीहरूलाई फेरि पनि तम्घास गएर त्यही होटलमा बसूँ बसूँ लाग्ने बनायो । भोलिपल्ट बिहानै ६:०० बजे बास बसेको होटलबाट तम्घासमाथिको रेसुङ्गा डाँडातर्फ हाम्रो यात्रा सोझियो । बिहान

अँध्यारै भएकाले होटलवाला भाइ हामीहरूलाई बाटो देखाउन केही माथिसम्म आई बाटो देखाई फर्कनुभयो । रेसुङ्गा डाँडाबाट सूर्योदयको सुन्दर दृश्यावलोकनले हामीमा साँच्चैको आनन्दानुभूति गरायो । रिडीमा हृषीकेश मन्दिरको दर्शनपश्चात् त्यहीँ खाजा खायौं । खाजा खाइसकेपछि पाल्पा हुँदै बुटवल झरेर पहिलाको पूर्वपश्चिम राजमार्ग अहिलेको एशियन मार्ग हुँदै दाउन्नेमा खाना खाई अघिल्लो दिनको सल्लाहबमोजिम शशि पन्थी सरलाई हाम्रो गन्तव्यको बारेमा समय-समयमा जानकारी गराउँदै पुनः हामीहरू बेलुका ९:३० बजे सिन्धुली आइपुग्यौं । तीन दिनको यात्रा अवधिभर सवारी चालक कृष्ण भुजेलको मित्रवत् तथा मिजासिलो व्यवहारले यात्रालाई झन् रमाइलो बनायो ।

सम्पूर्ण भ्रमणदलका सहकर्मी मित्रहरू, भ्रमणको निर्णय गरिदिनुहुने सभासद्हरू, व्यवस्थापन समिति, सवारी चालक कृष्ण भाइलगायत हामीलाई प्रेमपूर्वक स्वागत सत्कार गर्ने आदरणीय झुवानी पुस्तकालय, दीपशिखा पुस्तकालय, मोती पुस्तकालय र किरण पुस्तकालयका सञ्चालक, कर्मचारीहरूमा कमला सामुदायिक पुस्तकालय परिवार र मेरो व्यक्तिगत रूपमा हृदयदेखि आभार व्यक्त गर्दछु । धन्यवाद ।

**समग्र सिकाइहरू**

१. पछिल्लो समय ३ महिना यता बजारमा आएका पुस्तकहरू पुस्तकालयमा पढ्न पाइन्छ । गाइड बुक र टेक्स्टबुकहरू हटाइएको छ ; तर ऐतिहासिक महत्त्वका पुस्तकहरू संरक्षित छन् ।
२. सहकारी, रेडियो वा अन्य कुनै समूहमार्फत पुस्तकालयले समुदायसँग प्रत्यक्ष सम्बन्ध राख्न सफल भएको छ । समुदायका महत्त्वपूर्ण बैठकहरू पुस्तकालयमा सञ्चालन हुन्छन् ।
३. पुस्तकालयहरू प्रविधिमैत्री छन् । पुस्तक यवस्थापन सफ्टवेयर प्रविधि मार्फत गरिएको छ । कुन पुस्तक कसले लगेको र कहाँ भएको सजिलै थाहा पाउन सकिन्छ ।
४. पुस्तकालयका दैनिक पाठक कति जना हुन् ? पुस्तकहरूको वास्तविक सङ्ख्या कति हो ? इ-लाइब्रेरीमा कति पुस्तक छन् ? बालकक्षमा कति पुस्तक पत्रपत्रिका छन् ? वास्तविक तथ्याङ्क स्पष्ट छ ।
५. पुस्तकालय व्यवस्थापकहरू विनम्र, समुदायसँग राम्रो सम्बन्ध राख्न सक्ने र कम्प्युटर सञ्चालनमा राम्रो जानकारी राख्दछन् ।
६. पुस्तकहरूको सजावट आकर्षक देखिन्छ । पुस्तकालयहरू शान्त देखिन्छन् । ठूलो स्वरमा मोबाइल बजाउने पनि छैनन् ।
७. पठन संस्कृतिलाई जोड दिन घुम्ती पुस्तकालय सञ्चालन गरिएको छ ।

८. स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकार तीनवटै तहले पुस्तकालय सञ्चालनमा सहयोग पुऱ्याएको देखिन्छ ।
९. पुस्तकालयको विकासमा निरन्तर चिन्तन मनन गर्ने व्यवस्थापक र कार्यसमितिका सदस्यहरू छन् । चारवटा पद अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष कहीँ पनि पदेन देखिएन । सदस्यमा मात्र पदेन राखेको देखियो ।
१०. पुस्तकालयको आफ्नो फेसबुक पेज छ । त्यो पेजका एडमिन दुई तीन जना छन् । बिहान दिउँसो रात जतिखेर पनि सूचनाहरू अपडेटेड हुन्छन् ।
११. आफ्ना आजीवन सदस्यहरूलाई जन्मदिनको दिन पुस्तकालयको फेसबुक पेजले शुभकामना प्रकट गर्दछ । दाताहरूले दिनको १ रूपैयाँको दरले पुस्तकालयलाई आर्थिक योगदान गर्दछन् ।
१२. केही पुस्तकालयले प्राज्ञिक र सामाजिक दुबै कार्य गरेको पाइयो । केहीले भने देखिंदो प्राज्ञिक कार्य नगरेको भए तापनि समुदायसँग प्रत्यक्ष सम्बन्ध जोड्न सफल भएको देखियो ।
१३. पुस्तकालयको कार्यसमितिमा आबद्ध हुन पाउँदा धेरैजसोले गौरव महसुस गरेको अनुभव भयो । स्थानीय तह, प्रदेश र सङ्घ सबैले पुस्तकालय स्थापना र सञ्चालनमा पटकपटक ठूलै आर्थिक सहयोग गरेको देखियो ।
१४. किरण पुस्तकालयको ५० लाखको अक्षयकोष र मोती पुस्तकालयको ५५ लाखको अक्षयकोष रहेछ । किरण पुस्तकालयको साहित्यिक प्रकाशन "हाम्रो पुरुषार्थ" राष्ट्रिय स्तरमा चर्चित साहित्यिक प्रकाशन रहेछ । २०३० देखि अहिले सम्म १०८ औं अङ्क प्रकाशन भइसकेछन् । पोखराको दीपशिखा पुस्तकालयमा पाठकहरू घटेका रहेनछन् । अन्यत्र भने घटेको जानकारी आए पनि हाम्रो जस्तो सुनसान भने होइन रहेछ । पुस्तकालय कार्यसमिति, नगरपालिका, आजीवन सदस्यहरू, स्थानीय भद्रभलादमीहरूले गर्नैपर्ने कार्य थुप्रै रहेका छन् । अध्ययन गरेका सबै पुस्तकालयहरूमा स्थानीयहरूको चिन्ता, चासो, सहयोग राम्रो रहेको पाइयो । हाम्रो पुस्तकालयमा पनि स्थानीय र आजीवन सदस्यहरूलाई पुस्तकालयमा उपस्थित भई रचनात्मक सल्लाह सुझावका लागि हार्दिक अनुरोध गर्न चाहन्छौं ।

**सचिव**
**कमला सामुदायिक पुस्तकालय**
**कमलामाई नगरपालिका-४, ढुङ्ग्रेवास, सिन्धुली**

ooo

# सिलगढी देवकोटा भवनमा अगमसिंह गिरी जयन्ती एक भव्य महोत्सवको सम्झना

**✍वीरेन्द्र थोक्लिहाङ**

प्रा.डा. गोविन्दराज भट्टराईको साथमा लागेर म भारतको सिलगुढी अन्तर्गत महाकवि लक्ष्मीप्रसाद देवकोटा मार्ग, प्रधान नगर पुग्दा बिहानको नौँ बजेको थियो । भारतको सिलगुढी नै भए पनि हामी उत्रिएको ठाउँ नेपाली स्थाननाम भएकाले मलाई स्वदेशमै छुजस्तो लाग्यो । त्यसो त यो नेपाली माटो नै हो तर विश्वमानचित्रमा भारतको सीमाभित्र परेको मात्र न हो । मेचीपारिको भूमिलाई देख्दा मलाई यति दुःख लाग्छ जति मेरा हजुरबा र बुबाले बेचेको बैँसी खेत देख्दा लाग्छ । बेचिएको खेत भए पनि पहिले हाम्रो थियो भन्दा लाग्ने एक किसिमको गौरव दार्जिलिङ, कालिम्पोङ र सिक्किमलाई देख्दा लाग्छ मलाई । त्यसो त दुई देशले सीमाना लगाएर के भयो र ? हाम्रो नाता सम्बन्धमा कुनै सीमाना छैन । हामी कैयौँका मावल मेचीपारि छन् भने त्यताकाको मेचीवारि छन् । त्यसैले मलाई ती स्थानहरू त्यति धेरै विदेशजस्तो पनि लाग्दैन । अथवा नेपाली भूमि नै होजस्तो लाग्छ । वैदेशिक सिमाना आफ्नै ठाउँमा छ तर मेरो मनमा कुनै सीमारेखा कोरिएको छैन ।

वि.सं. २०८२ साल पौष १२ गते शनिबार बिहान तदनुसार २७ दिसम्बर २०२५का दिन त्यहाँ हामीलाई मिठो मुस्कानसाथ हँसिलो मुहार भएका सिलगढी देवकोटा संघका अध्यक्ष मिलन रुचाल स्वागत गर्न आइपुग्नुभयो । उहाँका साथमा देवकोटा संघका सचिव श्याम श्रेष्ठ, संघद्वारा प्रकाशित बाडुली पत्रिकाका सम्पादक प्रा. कृष्णराज धतानीलगायत अरू पनि आउनुभयो । हामी दमक नेपालका तर्फबाट बाइस जना साहित्यकारहरू गएका थियौं । हाम्रो समूहलाई अतिथि स्वागत कक्षमा लगियो । पौषको जाडो निकै थियो । त्यसैले हामीले तातो पानी पियौं । प्रा.डा. भट्टराईको निर्देशनमा हाम्रो नाम खेमराज पोखेल सरले पालैपालो वाचन गर्नुभयो । आफ्नो नाम वाचन हुँदा हामीले जुम्लिया हात गरेर उभियौँ । परिचयका लागि उभिएका हामीलाई प्रा.डा. भट्टराईले थप सिँगारपटार गर्दै हाम्रा विशेषतासहित परिचय गराउनुभयो । हामी उहाँको यही स्नेही विशेषताले लोभिएर त हो, महमा झिँगो टासिएझैँ उहाँसँग टासिइरहन्छौँ । उहाँलाई प्रकाशनार्थ कुनै कृतिको भूमिका लेखिदिन आग्रह गर्दा हौसला दिँदै त्यसको

पाण्डुलिपि अक्षरशः पढेर त्यहाँ भएका गल्ती कमजोरीहरूलाई औंल्याइदिनुहुन्छ । त्यतिमात्र कहाँ हो र हाम्रा कृतिहरूलाई पनि आफ्नैझैँ ठानी प्रचारप्रसार गर्नुहुन्छ । उहाँको यही मित्रवत् र अभिभावकीय भूमिकाको कारण हामी चुम्बकले तानिएझैँ तानिइरहन्छौँ ।

हामी सबै एकसे एक लेखक तथा साहित्यकार भएकाले किताब नलेख्ने कुरै भएन । अनि आफूले लेखेको किताब कुन मुर्खले नबोकोस्  र ? आआफ्नो परिचयको पालामा सिलगढी देवकोटा पुस्ताकालयका लागि हाम्रा पुस्तकहरू अध्यक्ष रुचालमार्फत बुझायौँ । मैले मेरो गुम्सिएको अभिव्यक्ति उपन्यास बुझाएँ ।

त्यसपछि उक्त भवनको सम्मुखमा रहेको झोल भात नामक होटलमा खाजानास्ता गर्न लगियो । त्यहाँ मिठो खाजाका साथै हामीले बिहानीको आ-आफ्ना औषधिका क्याप्सुलहरू कुखुराले मकै निलेझैँ किक्लिक्क निल्यौं । त्यहाँ केही समय कृति आदानप्रदान चल्यो ।

जलपानपश्चात् प्रमुख अतिथि प्रा.डा. गोविन्दराज भट्टराई, मुख्य अतिथि प्रा. मोहन पी. दाहाल र डा. रिन्जी वाङ्दीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णकदको सुनौलो सालिकमा माल्यार्पण गर्ने कार्यक्रम सुसम्पन्न भयो । त्यो सालिक देवकोटा भवनको प्रवेशद्वारको देब्रेतर्फ बनाएर सुरक्षार्थ फलामे बार लगाइको थियो ।

त्यहाँबाट भित्र पस्नासाथ टेबल, कुर्सी सजाइएको फराकिलो सिकुवामा पुगियो । त्यहाँ बुद्धको सुनौलो प्रतिमा थियो । हामी नेपालका पाहुनाहरूका तर्फबाट हाम्रा टोली नेता प्रतिभा निकेतन, दमकका अध्यक्ष कमलराज भट्टराईले उक्त प्रतिमामा माल्यार्पण गर्नुभयो ।

त्यसपछि हामीलाई ससम्मान भवनको तेस्रो तलामा रहेका सभाहलमा लगियो । त्यो देवकोटा संघको निजी सभाहल रहेछ । हामीभन्दा उहाँहरू भाषालाई कति माया गर्नु हुँदो रहेछ भने सभाहललाई उहाँहरूले प्रेक्षागृह भनेर लेख्नुभएका थियो । मैले नेपालमा तपाईं सीसी क्यामेराको निगारानीमा हुनुहुन्छ लेखिएको देखेको थिएँ र छु तर त्यहाँ तपाईं सीसी क्यामेराको आवेक्षणमा हुनुहुन्छ लेखिएको थियो । यहाँ मैले के बुझैँ भने भाषाको प्रेम सिमानाले होइन भावनाले गर्दो रहेछ । भारतको सिलगढीमा बसेर पनि उहाँहरूको भाषाप्रति उच्चप्रेम देखैँ ।

त्यो प्रेक्षागृह ज्यादै सफा त थियो नै त्यति नै सुन्दर पनि थियो । भित्तोमा सिलगढी देवकोटा संघ, महाकवि लक्ष्मीप्रसाद देवकोटा पथ, प्रधान नगर, ९८औं

अगमसिंह गिरी जयन्ती -२०२५, प्रमुख अतिथि प्रा.डा. गोविन्दराज भट्टराई, मुख्य अतिथि प्रो. मोहन पी. दाहाल र डा. रिन्जी वाङ्दी, देवकोटा साहित्य सेवा पुरस्कार-२०२५, श्रीमान् मनप्रसाद सुब्बा, गिरी साहित्य सेवा पुरस्कार-२०२५, श्रीमान् मुक्तिप्रसाद उपाध्याय बराल लेखेर देब्रोतर्फ मनप्रसाद सुब्बा र दाहिनेतर्फ मुक्तिप्रसाद उपाध्याय बरालको छायाछवि राखिएको थियो । त्योभन्दा तल वार्ताको शीर्षक समकालीन साहित्य चिन्तक र अगमसिंह गिरी र वार्ताकार डा. इन्द्रमान सुब्बा लेखिएको थियो । यहाँ मैले देखेको भिन्नता के भने हामी श्रीमान् त निवेदनमा बाध्य भएरमात्र प्रयोग गर्छौं । अरूलाई प्रयोग गर्नै परे श्रीसम्म प्रयोग गर्छौ तर प्रायः श्रीमान् प्रयोग गर्न कञ्जुस्याइँ गर्छौ तर त्यहाँ त ससम्मान प्रयोग गरिएको थियो । आहा, कस्तो राम्रो ! मञ्चमा नेपालको साहित्यिक कार्यक्रममा जस्तो खचाखच कुर्सी कोचिएको थिएन । त्यहाँ पाँचसातवटा प्लास्टिकका कुर्सीमात्र थिए । हामी प्रवेश गर्नसाथ माइकिङ भयो, "अतिथिगणहरू ! कृपया आआफ्नो नाम खोजेर आसन ग्रहण गर्नुहोला ।"

ओहो, त्यहाँ त सबै अतिथिको नाम लेखेर कुर्सीमा अघि नै टाँसिएको रहेछ । कति राम्रो व्यवस्था !

अतिथिहरू बस्नासाथ हातहातमा कार्यक्रम तालिका बाँडियो । त्यो तालिकाको राम्रो पक्ष त्यहाँ कार्यक्रमको रूपरेखामा मात्र थिएन, समयसमेत निर्धारण गरिएको थियो । त्यो कुरो मलाई यति मन पर्‍यो कि त्यसको तारिफ नगरी मनै मानेन । नेपालमा स्रोताभन्दा अतिथि धेरै भएको कार्यक्रम हेर्दा-हेर्दा दिक्क भएको मलाई त्यो व्यवस्था मन नपर्ने कुरो थिएन । ५८ मिनेट लामो स्वागत भाषण पनि नसुनेको होइन । डेढघण्टा लामो पट्यारलाग्दो कृति समीक्षा पनि सुन्नैपरेको थियो मैले । तर उहाँ त स्वागत् भाषणका लागि मात्र ५ मिनेट र सम्मानित व्यक्तिहरूको मन्तव्यका लागि मात्र १० मिनेट समय छुट्टाइएको थियो । हामी नेपालकाले सिक्नैपर्ने एउटा कुरो थियो यो । यसले हामी नेपालीहरू काममा थोरै र बोल्नमा धेरै समय खर्च गर्दारहेछौँ भन्ने बुझिँदैन र ? म गलत छैन भने मेरो बुझाइ यही हो ।

हातमा कार्यक्रम तालिका लिएर मैले त्यहाँ सप्रेम बाँडिएको नरिवल पानी खाँदै समय याद गरिरहेँ । ठ्याक्कै निर्धारित समयभन्दा एक मिनेट तलमाथि नगरी कार्यक्रम शुरू भयो । अनावश्यक विशेषता र उपमा नथपी सामान्य ढङ्गले प्रमुख अतिथि, मुख्य अतिथि र अन्य अतिथिको आसन ग्रहण उद्घोषक श्री देवराज शर्माबाट गराइयो । अचम्म त के देखियो भने धेरैले मञ्चमा नचढी तलैबाट आतिथ्य ग्रहण गरे । यो उहाँहरूको मञ्चप्रतिको सम्मान थियो । मलाई

पनि आसन ग्रहण गराउनुपर्छ अफ प्रमुख अतिथि बनाइनुपर्छ भन्दै दाबी गर्नेहरूको समाजमा हुर्केको मलाई यो अचम्म त लाग्ने नै भयो । डा.जसयोन्जन 'प्यासी', डा. एकलव्य, ...लगायत धेरैले तलै बसेर मञ्चको उच्चसम्मान गर्नुभयो । शायद उहाँहरूले सम्झनु भयोहोला, हामी मञ्चमा चढ्दा हामीलाई सम्मान भए पनि हामीभन्दा सम्मानितलाई त अपमान हुन्छ नि ।

प्रमुख र मुख्य अतिथिहरूले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन दीप प्रज्ज्वलन गरेर गर्नुभयो भने कार्यक्रम सञ्चालक शर्माले मन्त्रोच्चारण गर्नुभयो ।

त्यसपछि सबै अतिथिलाई मञ्चबाट झरेर आआफ्नो स्थानमा बस्न ससम्मान आग्रह गरियो । अतिथि स्वागतका लागि तृषादास पालले शास्त्रीय वन्दना नृत्य प्रस्तुत गरिन् । सभ्यताका नाममा विदेशी नाचमा हल्लिने हामी नेपालीका लागि यो (शास्त्रीय नृत्य) पनि गतिलो झापड थियो । यो कार्यक्रमबाट सिक्नै पर्ने अर्को कुरो के थियो भने कसैको पनि प्रस्तुति सकिनासाथ तुरुन्तै सम्मानस्वरूप खादा, मायाको चिनो दिइहाल्ने परिपाटी । जिउँदो बिरुवा उपहार दिएको देखेर मैले त्यसको अर्थ पर्गेल्न खोजेँ । मैले एउटा अर्थ लगाएँ, तपाईंको जीवन र कलासाहित्य यो बिरुवाजस्तै बढोस्, फलोस्, फुलोस् । यसलाई बचाउनुहोस्, हुर्काउनु होस् पनि हो । अर्को अर्थ लगाएँ, बिग्रँदो विश्व पर्यावरणमा एउटा भए पनि बिरूवा रोपिइयोस् जसले स्वच्छ वातावरणका लागि योगदान पुगोस् । भलै मेरो अर्थ सही होस् नहोस् तर मेरो बुद्धिविलास त भयो नि यति भए पनि, भएन र ?

तृषादासपाल त कुशल नृत्यकलाका लागि सम्मानित हुने नै हो तर संघले त्यसको अतिरिक्त उनका सासूससुरालाई पनि सम्मान गऱ्यो । ठुलो कुरो चाहिँ यो थियो किनभने बुहारीको कारणबाट सम्मानित हुन पाउँदा ती सासूससुराहरू साह्रै खुसी देखिए । मैले सोचेँ, पक्कै पनि उनीहरूले आफ्नी बुहारीलाई हीराको टुक्रो सम्झेनन् होलान् ? र नसम्झनुपर्ने कारण पनि थिएन । सायद यसैलाई भनिएको होला, फूलको सङ्गत गर्ने कीरो पनि मानिसको शिरमा पुग्न पाउँछ ।

त्यसपछि जुन ठाउँमा बसेका छौ, जहाँको दाना पानी खाएका छौँ त्यो ठाउँको स्तुति गान गर्नैपर्छ भनेर भारतीय राष्ट्रिय गीत संघका सबै सदस्यहरू शालनीताका साथ उभिएर गाए । हामीले पनि उठेर सम्मान र साथ दियौँ ।

त्यसपछि सचिव श्याम प्रधानले स्वागत भाषण गर्न पाएको ५ मिनेटलाई पनि पूरा खर्च नगरी चाँडै सकेर समय बचत गर्नुभयो । संघका १४ जना सेतो सारी र सुनौलो चोली लगाएका महिला र नेपाली टोपी ओडेका ४ पुरुष सदस्यले हात जोरेर स्वागत गीत गाए, "सत्यं शिवं सुन्दरं.....।"

तालिकाभन्दा तलमाथि केही भएन र नेपालमा जस्तो बीच-बीचमा उद्घोषकलाई यसो गर उसो गर भनेर अध्यक्ष वा अरू कसैले दवाव दिन पनि आएन । न कार्यक्रममा कुबेला आउने जति सबैलाई आसन ग्रहण नै गराइयो । नेपालमा जस्तो आसन ग्रहणको कार्यक्रम बाँकी राख्दै भनेर बारम्बार उद्घोषक चिच्याइरहेन पनि ।

त्यसपछि पालो थियो डा. इन्द्रमान सुब्बाले वार्ता सुनाउने । कलिलो उमेरमै विद्यावारिधि गरेका सुब्बाले आफ्नो वार्ता पनि निर्धारित समयमै सक्नुभयो । उहाँले वार्तामा लक्ष्मीप्रसाद देवकोटाले शङ्कर लामिछानेलाई मेरै बाटोमा हिँड्ने भए यस क्षेत्रमा नआउनुहोस् भनेको प्रसङ्गँ उठाउदै सबैले फरक ढङ्गबाट काम गर्नपर्छ भन्ने सन्देश दिनुभयो । असाध्य समाजमा साध्य भएर बाँचेका छौँ । समाजमा केही मिलेको छैन, हामी आवेशपूर्वक मिलाउन खोजिरहेका छौं भन्दै अगमसिंह गिरीको साहित्यिक योगदानको चर्चा गर्नुभयो । सभ्यता सिक्न त हामीले त्यो कार्यक्रमबाट पर्छ नै किनभने त्यहाँ सियो खस्दा पनि चाल पाइने स्तब्धता थियो ।

त्यसपछि कवि अगमसिंह गिरीको जन्मजयन्तीको अवसरमा उनको 'तिमी त नचिनिने भएछौ' कवितालाई प्रियांश राईले सस्वर वाचन गरिन् भने 'चिहान बोलिरहेछ' नितेश राईले । संघको मुखपत्र 'बाडुली' र 'जातीय कवि अगमसिंह गिरी' समीक्षा पुस्तकको लोकार्पण भयो । कृष्ण मग्रातीले 'बिर्ताको चिनो' गीत गाएर वीरताको स्मरण गराए । त्यति बेला गायक र श्रोता सबैको अनुहारमा गौरव देखियो । मैले नेपालमा यो गीतलाई सायदै गाएको सुनेको छु तर त्यहाँ त यति गौरव मानेर गाइयो कि गीतले साँच्चै न्याय पायो । मैले संघमा सदस्यहरू तथा त्यहाँ उपस्थित भएका नेपाली भाषीहरूको मुहार अध्ययन गर्दा साँच्चै नै उनीहरूले हृदयदेखिनै नेपालीपन चाहेको पाएँ । नेपालमा केही छैन भन्दै विदेशिनेहरूलाई यो शिक्षा कहिले प्राप्त होला । त्यसो त कुनै कुरो नगुमाएसम्म त्यसको महत्त्व हुँदैन नै । विदेशमा बस्नुको पीडा उनीहरूको गीतहरूमा पोखिएको पाएँ र देखेँ मैले ।

त्यसपछि बडो हर्षका साथ कवि मनप्रसाद सुब्बालाई देवकोटा साहित्य सेवा पुरस्कार-२०२५ प्रदान गरियो । खादा, दोसल्ला, टोपी, प्रमाणपत्र, बुद्धको प्रतिमा, जिउँदो बिरूवा र नगदनारायणले हृदय खोलेर सम्मान गरेको देखेँ । मैले मन नपराई नपराई ईर्ष्याभाव राखेर सम्मान गरिटोपलेको पनि धेरै देखेको छु तर यहाँ भने हृदयबाटै सम्मान गरेको भान भयो मलाई । त्यसरी नै एवम् रीतले साहित्यकार मुक्तिप्रसाद उपाध्याय बराललाई अगमसिंह गिरी साहित्य सेवा पुरस्कार- २०२५ले सम्मान गरियो । उपाध्यक्ष देविका मंग्राती राईले उहाँहरूको

सम्मान-पत्र वाचन गरेर योगदान सुनाउनुभयो । मैले त्यहाँ नेपालमा जस्तो दल देखिनँ, गुट देखिनँ, जात देखिनँ । त्यहाँ त मैले एउटै कुरोमात्र देखेँ । त्यो हो नेपालीभाषी ।

त्यसपछि चन्द्र भण्डारी र लीला अनमोलले आआफ्ना मन्तव्य राखी मायाको चिनो ग्रहण गर्ने कार्यक्रम भयो । अनि 'प्यारो प्यारो मेरो नेपाली' बोलको गीत पार्वती ठकुरीले र 'हे गोर्खाली....' गीत ममता प्रधानले प्रस्तुत गरे । स्नेह गुरुङले नेपाली पोसाकमा मारूनी भाकाको गीतमा नृत्य प्रस्तुत गरिन् । देवकोटलाई समर्पण गीत 'युग युगसम्म बाँचिरहोस्' (सरी, गायिकाको नाम टिप्न छुटेछ) ले गाएर सुनाउनुभयो । मुख्य अतिथि डा. वाङ्दीले आफ्नो अर्गानिक मन्तव्य राख्दै नेपालको विश्वविद्यालयमा अध्ययन गर्न आउँदा भएको कवि अगमसिंह गिरीको चर्चा गर्नुभयो । उहाँले दान खालिङ, अरूणा लामा र इन्द्रबहादुर राईको प्रसङ्ग पनि कोट्याउनुभयो ।

त्यसपछि अन्य प्रतिभाहरू अमर बानियाँ 'लोहोरो', युवा बराल, सुवास ठकुरी, साङ्गु लेप्चा आदिलाई सम्मान गरियो । तर २०८२ सालको मदन पुरस्कार विजेता छुदेन काविमो कार्यव्यस्तताले अनुपस्थित हुनुभएको जानकारी मिल्यो ।

अन्त्यमा प्रमुख अतिथि प्रा.डा. गोविन्दराज भट्टराईले कार्यक्रम आयोजकलाई सभ्य र भव्य कार्यक्रमको आयोजनाको लागि धन्यवाद दिँदै आफ्ना सारगर्भित मन्तव्य राख्नुभयो । आफूले अनुवाद विधामा विद्यावारिधि गर्दा कवि मनप्रसाद सुब्बाको कवितालाई पनि अनुवाद गरेको स्मरण गर्दै त्यस्ता विद्वत् कवि सम्मानित भएको देख्न पाउँदा अत्यन्तै खुसी लागेको बताउनुभयो । त्यसरी नै आफ्नो मुगलान उपन्यासलाई बङ्गाली भाषामा अनुवाद गर्ने बहुमुखी प्रतिभाशाली साहित्यकार मुक्तिप्रसाद उपाध्याय बराल सम्मानित भएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले नेपाली भाषाका महाकवि लक्ष्मीप्रसाद देवकोटालाई विश्वसाहित्यमा प्रतिस्थापन गर्न उहाँका बारेमा अङ्ग्रेजीमा केही कृतिहरू निकालेको भनेर पुस्तक नै देखाउनुभयो । निर्धारित समयमा मन्तव्य सिध्याएर प्रा.डा. भट्टराईले सबैसँग भलाकुसारी गरी बिदा लिनुभयो ।

ठिक ३ बजे मिठा मिठा खानाका परिकारहरू खाएर हामीले बाटो ततायौँ । बाटामा कार्यक्रमको गम्भीर समीक्षा भयो । वरिष्ठ पल्टेर ठालुपन नदेखाउने, सबैसँग हाँसेर विनाभेदभाव बोल्ने र सबैलाई बोल्न बराबर समय दिने प्रवृत्ति भएका प्रा.डा. भट्टराईले हामी सबैलाई कार्यक्रमको समीक्षा गर्न पालैपालो लगाउनुभयो । समीक्षाको निष्कर्षको रूपमा हामी सबैले अब नेपालमा त्यस्तै व्यवस्थित कार्यक्रम गरौं भन्ने भयो ।

हाम्रो सवारी सिलगढी हुँदै पानीटंकीतिर बढ्यो । हामी सवार गाडीमा प्रा.डा. गोविन्दराज भट्टराई, खेमलाल पोख्रेल, नारायण शर्मा फुयाल, विन्दुप्रसाद दाहाल 'मूकदर्शक', लक्ष्मण गाम्नागे, हरि गौतम , वैदिक अत्री र म गरी जम्मा ९ जना थियौँ भने एउटा गाडीमा डा. अन्जना वस्ती, डा. व्यञ्जना , निर्मला भट्टराई र डा. खगेन्द्र भट्टराई हुनुहुन्थ्यो । त्यसै गरी अर्को सवारीमा कमलराज भट्टराई, रेवतप्रसाद घिमिरे, इन्द्रप्रसाद घिमिरे, पूडामणि पौडेल,यज्ञ परिश्रमीलयायत ९ जना हुनुहुन्थ्यो भने प्रेमप्रकाश फलाहारी, देवीभक्त श्रेष्ठ, नवीन दाहाल, डिल्लीराम परदेशी, चन्द्र भण्डारी, लीला अनमोललगायत अरू बेग्लै सवारीमा सवार हुनुहुन्थ्यो ।

बाटामा दमक साहित्य सङ्गमका अध्यक्षसमेत रहेका छन्दकवि विन्दुप्रसाद दाहाल 'मूकदर्शक'ले केही छन्द कविता सुनाएर मनोरञ्जन गराउनुभयो । वैदिक अत्रीले गफ चुटेर यात्रालाई रमाइलो पार्नुभयो ।

धुलाबारीमा बसेर छुट्नेसी मिठो चिया खाइयो । पालै पालो गाडीमा बसेर सबैलाई आत्मीयता बाँड्ने प्रा.डा. भट्टराई चारालीदेखि अर्को सवारीमा स्थानान्तरण हुनुभयो । उहाँको अनुपस्थितिमा केही साथीहरूले उन्मुक्त हुँदै रमाइलोका लागि गफलाई लिकबाहिर लानुभयो ।

अन्त्यमा हामीले छुट्नै पर्थ्यो र छुटेर घरघर लाग्यौँ । मैले प्रा.डा. भट्टराई फूलको सङ्गतले म कीरो पनि मानिसको शिर चढ्न पाएँ (सिलगढीको अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा भाग लिन पाएँ) भन्ने सम्झँदै खुसी भएँ । कवि अगमसिंह गिरीको ९८ औं जयन्तीको अवसरमा उहाँप्रति हार्दिक श्रद्धाञ्जलि !

**झिलझिले, झापा**


# ५२ वर्षका

## हाम्रो पुरुषार्थका १०८ अङ्कमध्ये कुनै पढ्न छुट्यो भने किरण पुस्तकालयमा सम्पर्क गर्नुहोला ।

# पूर्वी नेपालको मनकामना र पाथीभरा यात्रा अनुभूति

✍ऋषभदेव शर्मा

म आफू वैयक्तिक रूपले यात्रा र संस्मरणको साहित्यिक विधा मनपराउँछु । नयाँ ठाउँ देख्ने र पाएसम्मका सूचना सामग्रीको अनुभूतिलाई अभिव्यक्त गर्ने मेरो कमजोरी भएको छ । हुन त जीवनको यात्रा आफैमा चरैवेति हो । विज्ञहरूले 'अथातो घुमक्कड जिज्ञाशा' भनेका छन् । संसारमा घुमक्कडहरूको लामो वृत्तान्त छ । जल, स्थल र आकाशबाहेक पैदल मार्गमा रुचि राख्नेहरू पनि छन् । घुमाइकै कुरा गर्दा हुयान साङ, मार्कोपोलो, कोलम्बस, भारतीय प्रसिद्ध साहित्यकार राहुल सांकृत्यायनलगायत खोज्दै जाने हो भने सयौँको नाम आउँछ । घुम्नका लागि घुम्नु एउटा कुरा हो, घुमेका कुराहरूलाई अनुभव, संस्मरण बनाउनु अर्को कुरा हो । नेपाली साहित्यमा गगनीराजको यात्रादेखि जङ्गबहादुरको बेलाईतयात्रा हुँदै हजारौँ नियात्राकार नेपालमा जन्मेका छन् । माध्यमिक काल, प्राथमिक कालमा नियात्रा विधा चर्चित नभए पनि आधुनिक काल लागेपछि भने धेरै नेपाली नियात्राकारहरू जन्मेका छन् । नियात्राकार केदारमणि दीक्षित, तारानाथ शर्मा, कर्ण शाक्य, घनश्याम राजकर्णिकार, जीवा लामिछानेहरूले यो क्षेत्रलाई उर्वर बनाएका छन् । चितवन जिल्लाको कुरा गर्दा नियात्रा र संस्मरणमा केदारनाथ खनालको नाम अग्रपङ्क्तिमा आउँछ भने अन्यमा कपिल अज्ञात, रामहरि श्रेष्ठ, गायत्री श्रेष्ठ, गीता रेग्मी, पूर्णप्रसाद अधिकारी, रह शर्मा, हरिहर खनाल, डी.आर. पोखरेल, नारायणप्रसाद खनाल, रणेन्द्र बराली, लकास पौडेल, घनश्याम पौडेल प्रमुख छन् ।

नियात्रालाई संस्मरणसँग जोडेर हेरिन्छ । त्यसो गर्दा एक कृति र अनेक कृति निकाल्नेहरू स्वदेश र विदेश यात्राका अनुभूतिलाई व्यक्त गर्नेहरू अनेकौँ भए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपले चितवनको माटाले जन्माएका हालसम्म जीवा लामिछाने मात्र हुन् । मेरा आफ्नै पनि नियात्रा र संस्मरणका चारवटा पुस्तक प्रकाशित छन् तर म आफू नियात्रा र संस्मरणकार हुँ भन्ने दावा गर्दिनँ तथापि भ्रमण गर्ने अवसर पाएमा नलेखी बस्न पनि सक्दिनँ । सन्दर्भ 'पूर्वी नेपालको मनकामना' भनेर इच्छा तथा कामना पूर्ण गर्ने पाथीभरा देवीको दर्शनसँग जोडिएका अनुभूतिको यात्रा र संस्मरण व्यक्त गर्ने तरखरमा छु ।

वि.सं. २०८२ असोज २२ गतेका दिन पाथीभरा जाने दलदले सम्धीको जोडी र उनका साढुभाइको जोडी, सालाकी श्रीमती रोसना, साढुदाइकी नातिनी आस्था र हामी दुईको एक जोडी, चालक नारायण पौडेल स्कार्पियो सवारी लिई ब्रह्मपुरी, पदमपुर, भरतपुरको गरी आठ जना भइयो । २२ गते बेलुका रुद्र ढकालको जोडीको मेरो घरमा आगमन भयो भने २३ गते बिहान ६ बजे नारायण पौडेल नामक चालक बाबुको कुशल सञ्चालनमा भोजाड र पदमपुर पुगी भौँतारिनेमा परियो । यो स्थान चितवनको व्यवस्थित बसोबास, उदीयमान शहरीकरणको मार्गचित्रमा छ । बिहान ८:३० बजे त्यहाँबाट प्रस्थान भई बकुलहर, टाँडी निस्केर पूर्व-पश्चिम लोकमार्ग हुँदै लोथरपारिको सडकछाप नास्ता घरमा फुटपाथ पसलको तातो रोटी र तरकारी खाएर अगाडि बढियो । रोशनीका दुई बच्चा-बच्चीको मामाघर सिमरा पुगेर छुट्टी मनाउने अभियानमा हामीले पथलैयाबाट चार कि.मि. अगाडि उनको मामाघरमा पुऱ्याई पुनः पथलैया आयौँ । पथलैयादेखि ढल्केबरसम्मको यो बाटो पूर्व सोभियत सङ्घको सहयोगमा बनेको दुई लेनको सडक हालसम्म पनि बिस्तार भएको छैन । जीर्ण पुल, भत्किएको बाटो पार गर्दै निजगढ, चन्द्रनिगाहपुर (चपुर) मलङ्गवा पार गर्दै बर्दिबासको गौतम होटल रिसोर्टमा दिनको १२ बजे खाना खाएर पूर्व लाग्दा १:३० बजेको थियो । सिराहा र सप्तरी, सुनसरी हुँदै इटहरिमा पुग्दा ५:३० बज्यो । सिमसिम पानी परेको भए पनि गर्मी बढी र शीतल कम थियो । भीड र जाम छिचोल्दै धनकुटा जिल्लाको भेडेटार पुगेर बास बसियो ।

भेडाको सालिक बनाएको चिसो ठाउँ, पहाडी व्यापारिक केन्द्र, पर्यटकहरूको रोजाइ, इटहरि, धरानेहरूको भोगविलासको आनन्ददायक क्षेत्र लाग्यो । भेडेटार चोकमा लोकसाहित्यका अनुसन्धाता नेपाली साहित्यकार इमानसिंह चेमजोङको पूर्णकदको सालिक रहेछ । वसन्तपुर, तेह्रथुम भई पाथिभरा गन्तव्यमा पुग्ने कार्यक्रम थियो । असोज १५ देखि १८ गतेसम्म आएको भीषण बाढीले इलामको बाटो अवरूद्ध भएकाले त्यो बाटो भई ताप्लेजुङ जाने योजना अलपत्र पऱ्यो । भेडेटार बसाइकै क्रममा तमोर करिडोर - धनकुटा र पाँचथर जोड्ने छोटो बाटो रहेछ । बाढी पहिरोका बीचमा पनि यसलाई पहिरो पन्छाएर खोलिएछ । यो बाटोले ताप्लेजुङ र धरानलाई जोड्न १५० कि.मि. कम बनाएको रहेछ । छवटा ठाडो खोलामा तीन-चार सय मिटरसम्मका पुल बन्दै छन् । पूर्वाञ्चलको यो बाटो नेपालको मुगलिन-नारायणगढ खण्डजस्तै हो । दूरी र निकटताका दृष्टिले त्यो दिन १२ बजे गोपेटार पुगेर खाना खाने काम भएपछि सिंहपुर, काबेली हुँदै माउन्टेन होटेल ताप्लेजुङ बजारमा चढेको गाडी राखेर केही झिटी-गुन्टाका साथ ११ कि.मि. कच्ची बितण्डापूर्ण सिण्डीकेटसहित एकतर्फी ४५०

रूपैयाँ भाडा तिरेर बोलेरो चढी पाथीभराको अन्तिम फेदीमा पुगे पनि बास बस्ने गन्तव्य आएको थिएन । पाँच कि.मि. उकालो सिँढी चढ्ने स्थितिका बीच बेलुका सात बजे पाथीभराबीचको फेदी, जसमा १, २ नम्बर गरी १२ नम्बरसम्मका आवासीय होटेल रहेछन् । जाडो लाग्ने स्थान भए तापनि मौसमका कारण रात्रिमा खासै जाडो भएन । पाथीभरा उकालो चढ्नेहरूमा रातिको १२ बजेदेखि नै यात्रीहरूको चहलपहल भए पनि हामी आठ जनाको टोली बिहानको तीन बजेको समयमा उकालो चढ्न थालियो । चार घण्टा चढेपछि पाथीभराको समतलीय भूभाग उकालो सिँढीमा बारसहित हिउँबाट समस्या नआओस् भनेर कर्कट लगाएको भन्ने अभिमत रहेछ भने मन्दिरमा गणेश पाञ्चायनका मूर्ति ससाना आकारमा छन् । पाथीभरा मन्दिर वा मूर्ति खुला स्थानमा छ । भाकल गरेका दर्शनार्थीहरू पङ्क्तिबद्ध भई दर्शन गर्न पुग्दछन् । चढाइएका रूपैयाँमा कुनै असभ्य व्यक्तिले पनि लामो हात गर्दैन । सुरक्षाकर्मी भए पनि मेलाको भीडलाई त्यति वास्ता गर्दैनन् । भीड आफैमा अनुशासित छ । परेवा, बोका, कुखुराका बलि दिने प्रचलन भए पनि बोका र कुखुराको बली दिएको देखियो तर परेवा उडाएर छोडिदो रहेछ ।

सफा मौसम भएका कारण चिसो सिरोटो त थियो नै, पूर्वी नेपालका सम्पूर्ण हिमालहरूले पाथीभरालाई परिक्रमा गरेको आभास भयो । सूर्योदयको रमणीय दृश्य मनमोहक रह्यो । नौ बजेपछि एकाएक कुहिरो आउने क्रममा हाम्रो टोली ओरालोतर्फ लाग्यो । फर्किंदा ओरालो भए पनि दुई घण्टाको समय लाग्यो । बीचको फेदीमा आएर खाना खाएपछि अन्तिम फेदीतर्फ ओरालो लागियो । ओर्लने क्रममा चितवनकी चेली प्रकृति अधिकारीसँग भेट भयो । ताप्लेजुङका कार्की काजीसँगको सम्बन्ध, प्रेमविवाह, शिक्षामा स्नातकोत्तर तहसम्मको योग्यता, दक्षता र लोकसेवाको तयारीलगायतकी चेली भएका कारण मानवीय सद्भाव बढी रह्यो । सम्धिनी र सम्धीलाई लेक लागेको आभास भयो । मैले चकलेट, अदुवा, लसुन, तितौरा बोकेर पानीसहित हिँडेका कारण समस्या आएन । शारीरिक थकावट त उमेरअनुसार हुने नै भयो । तीन बजे तल्लो फेदीबाट सिन्डीकेट एकाधिकारपूर्ण बोलेरो चढेर पुनः गोपेटारमा चिया-नास्ता गरेर फिदिम बजारको स्तरीय लजमा आइपुग्दा आठ बज्यो । ज्यान दुःखेर कुटेको लाखुजस्तो भएको थियो । सादा खानाको सुस्वाद्य परिकारयुक्त भोजनपश्चात् निद्राको आराधनामा पुग्यौँ ।

इलाम खुलेमा कन्यामका चिया बगान अवलोकन गर्ने योजना भए पनि खुल्ने-नखुल्ने अनिश्चयका बीच नखुलेका कारण पूर्ववत् तमोर करिडोर भएर धनकुटाको तमोर नदीको पुल अवलोकन, टिकटक निर्माण, कालो उखुको जुस पिएपछि नमस्ते झरनाको अवलोकन भयो । पहिरो गएका कारण टाढाबाट हेरियो,

नजिक पुग्न सकिएन । पुनः भेडेटार आइपुग्यौँ । एभोकाडो र अन्य फलफूल किनेर चिसो मौसमको स्वाद लिँदै बूढासुब्बा र दन्तकालीका साथै धरानको दर्शन गरियो । लिम्बू सभ्यताको पहिचान मानिने यी दुई शक्तिपीठबारेमा किम्वदन्तीको परिचयात्मक अभिलेख पाउन सकिएन । त्यो समस्या पाथीभरामा पनि भएको थियो । धरानबाट इटहरी पुग्दा दिनको साढे चार बज्यो । चालक महोदयको इटहरीमै रात बिताउने नियत र दलाली खर्च मतियारीमा होटल खोज्न थाले । यात्रामा रूपैयाँ हाम्रो, खर्चको मार्गनिर्देशन उनको मनपरीजस्तो देखियो । भनेस्तो होटल नपाएर डेढ घण्टाको समय बरबादीपश्चात् त्यहीँको कान्तिचोकबाट चतराधाम हुँदै कोशीको नयाँ पुल पार गरी उदयपुरको रामपुरमा बास बस्न पुगियो । होटल रङ्गमहल एण्ड लज रहेको स्थान विकट भए तापनि अत्याधुनिक, सुविधासम्पन्न रहेछ । सहुलियत दरमा राई प्रजातिका क्रिश्चियन भाइले चलाएका रहेछन् । रात्रिको बसाइ, खुवाइ र सुताइ आनन्दप्रद भए पनि सम्धिनीको शारीरिक अस्वस्थता बढ्दै जाँदा केही समस्या आयो ।

बिहान १० बजे उदयपुरको गाईघाट र कटारी हुँदै मदन भण्डारी लोकमार्ग (हेटौँडा-धरान खण्ड) हुँदै पश्चिम लाग्यौँ । सिन्धुलीको भीमादमा खाना खाएपछि बर्दिबास, बनेपा, धुलीखेल (बीपी राजमार्ग) हुँदै भीमानबाट ३० कि.मि.को दूरीमा रहेको सिन्धुली गढी अवलोकन गर्ने मनसाय रहेका कारण सेल्फीडाँडा हुँदै माथि पुगियो । नेपालमा विभिन्न ऐतिहासिक गढी तथा किल्लाहरू रहेका छन् । अङ्ग्रेजहरूका विरूद्ध लडेका वीर नेपालीहरूको गाथा, कथा र इतिहासलाई अन्य गढी तथा किल्लाहरूले जस्तै यस गढीले पनि उजागर गरेको अवस्था छ । यसमा सानोगढी र ठुलोगढी रहेछन् । सानोगढीको १५० वटा सिँढी चढी टुप्पामा पुगेपछि फलामे गोलो भऱ्याङमार्फत दूरवीनबाट चारैतिरका डाँडाकाँडा हेर्न पाइने रहेछ भने ठुलोगढी भने विशेषताले भरिपूर्ण छ । युद्धको किल्ला सङ्ग्रहालयका रूपमा यो गढी परिचित रहेछ । युद्धका स्मारक, अभिलेख, वीर योद्धाका चित्रात्मक ताम्रपत्रमा कुँदिएका वीरताको प्रतीक देखेर गर्व लाग्दछ । यसमा अङ्ग्रेजसँग प्रत्यक्ष युद्ध नलडेका भए पनि अङ्ग्रेजहरूलाई नेपाल पस्नबाट लखेटिएको अवस्था हो । पृथ्वीनारायण शाहको ‘दिव्योपदेश’ नेपाली र अङ्ग्रेजीमा रहेको छ । गढी प्रवेशमा प्रतिव्यक्ति १०५ रूपैयाँ लाग्ने रहेछ । यस गढीको संरक्षणमा खटिएका वीर योद्धाहरूमा काजी वंशराज पाण्डे, श्रीहर्ष पन्त, चम्पासिंह थापा, जयनारायण मगर, खजाञ्ची वीरभद्र उपाध्याय, सिकारी सरदार वंश गुरूङ, कृष्णविक्रम थापाको नाम भित्तामा टाँगिएको छ । राष्ट्रिय झण्डा फर्फराएको छ, सुगौली सन्धिअगाडिको नेपालको मानचित्र पनि राखिएको छ । सिन्धुली गढी युद्धमा प्रयोग गरिएका तत्कालीन समयका हातहतियारहरू पनि पर्यटकहरूलाई देखाउने अभिप्रायबाट सजाइएका छन् । सिन्धुली गढीमा शत्रुहरूलाई अत्याउने

२५ प्रकारका वनस्पतिहरू अङ्ग्रेजी बोक्सीफूल, अल्लो सिस्नु आदि रहेका छन् । २५०औँ विजयोत्सवमा स्टिल रेलिङ र त्यहाँ खै कुन प्रयोजनका लागि हो, मानवनिर्मित सिमेन्टेड कुवा छ । त्यसको अनुमानित गहिराइ १५ मिटर छ । उक्त स्थान अवलोकनपश्चात् सेल्फी डाँडामा आएर जुनारको जुस र घरको कोसेलीका रूपमा जुनार किनेपछि हेटौँडातर्फ लाग्ने मदन भण्डारी लोकमार्गबाट पश्चिमतर्फको यात्रा प्रारम्भ भयो ।

जापानी सहयोगमा जाइकाबाट निर्मित बाटो पुगनपुग दुई लेनको भए पनि धेरै घुम्ती रहेछन् । हामीले जहाँसम्म देख्यौँ सिन्धुली गढीसम्म पूर्णरूपले पर्खाल र नालीको व्यवस्था हुनु आफैमा नमुना रहेछ । सडकमा कतै भूस्खलन भएको देखिएन । सडकको इशारा पनि भित्तामा खोपिएको छ । बर्दिबासदेखि धुलीखेलसम्म पूर्ण भएको स्थितिमा गत सालको भीषण बाढीबाट १२ कि.मि. पूर्णरूपले बगाएका कारण जाइकाकै सहयोगमा पुनर्निर्माण भइरहेको भन्ने सूचना भए पनि सम्पन्न हुनेमा समय लाग्नेछ ।


हाम्रो यात्रा पश्चिम लाग्दै गर्दा अवलोकनका रूपमा कमला नदीमाथिको पुल नारायणीको पुलभन्दा लामो रहेछ । मरिन डाइभर्सन सुनिएको थियो । मरिन खोला र त्यसले ओगटेको लामो क्षेत्रफल पनि हेर्ने मौका मिल्यो । असोज १६ र १७ गतेको बाढीले मकवानपुर जिल्लाको विभिन्न क्षेत्रमा क्षति भएको रहेछ । फास्ट ट्र्याकको मार्गचित्र र मदन भण्डारी लोकमार्ग हिँड्ने तथा अवलोकन गर्ने क्रममा छतिवन नजिक जलपान गरी चितवन नयाँ पदमपुरमा घरबेटीले आफ्नै घरको मार्गमा हराउन पुगेको स्थिति थियो ।

पाथीभरा दर्शन र पुण्यार्जनभन्दा पनि यसपटकको यात्रा स्थानको अवलोकनमा आधारित रह्यो । मनको इच्छा र भाकल पूरा गर्ने इच्छाकामनाको रूपमा पूर्वी नेपालको पाथीभरा शक्तिपीठमा शारीरिक, मानसिक र आर्थिक सामर्थ्य भएका व्यक्तिहरू एकपटक अवश्य पुग्नुपर्ने रहेछ भन्ने लाग्यो । घुमक्कड वृत्ति आफैमा राम्रो स्वभाव हो । चोर आँखाले देखेका कुरालाई सौन्दर्य चिन्तनका साथ प्रस्तुत गर्दा अझ राम्रो हुन्थ्यो । पङ्क्तिकारमा त्यो क्षमता नभएका कारण यसलाई अनुभव वृत्तान्तका रूपमा लिनुहुन आदरणीय पाठकहरूमा हार्दिक अनुरोध गर्दछु ।

**भरतपुर-१०, चितवन**

ooo

# नेपालको प्रथम होमस्टे र रानीमहल अवलोकन



✍पूर्णप्रसाद अधिकारी

निवृत्त प्राध्यापक कर्मचारी सङ्गठन र उसकै नेतृत्वमा केन्द्रित प्रथम कर्मशील चरित्रको सक्रियतामा त्यसका संयोजक शशिकिरण रेग्मीले एउटा भ्रमणको प्रस्ताव राखे । अध्यक्ष रहेका प्रेमराज बस्यालको सक्रियतामा यो दुई दिने यात्रा सफल रह्यो । प्रारम्भमा जाने भनिए पनि शशिजी परिस्थितिवश आफै जान पाएनन् । त्रि.वि. सेवा निवृत्तहरूको सञ्जाल २०७५ सालपछि मात्र सबै क्याम्पसहरूमा गठन भयो । कतिपयले स्मारिका प्रकाशन, प्राज्ञिक पहिचानलाई प्राथमिकता दिएका छन् । म आफू दुई वर्षपूर्व निवृत्त भए पनि सञ्जालको यस कार्यक्रममा भने सदस्य बनेपछिको प्रथम भ्रमण वृत्तान्त भएको र प्राप्त अनुभूतिलाई टुटेफुटेका शब्दमा लिपिबद्ध गर्ने चाहना राखेँ । २०८१ साल चैत १५ गते शशिजीले फोन गरेपछि यो भ्रमणमा जाने सोच आयो । त्यसपछि यी दुई ठाउँ नयाँ भएका कारण भ्रमणमा जाने मानसिकताका साथ श्रीमतीसहित सहभागी भइयो ।

यस यात्रामा हामी १५ जना थियौँ, गाडी चालक र साहूसहित । निवृत्त प्राध्यापक कर्मचारी सङ्घका अध्यक्ष प्रेमराज-विष्णुदेवी बस्याल, डा. ईश्वरीराज लौडारी, लोकनाथ भण्डारी, प्रा.डा. रामचन्द्र-सरस्वती ढकाल, एम. शर्मा-करुणा शर्मा, पूर्णप्रसाद-सीतादेवी अधिकारी, भवनाथ सडौला, डा. कर्णवीर पौडेल र उहाँका पुत्ररत्न सुकेश पौडेल, गाडी मालिक जीवन मिश्र, चालक मनोज थापाको सहभागिता थियो । यो यात्रामा सबै नयाँ थियौँ । फोर्स कम्पनीको १४ सिटे गाडी, आरामदायी आसन व्यवस्थापन, शिष्ट, सभ्य र नम्र गाडी मालिक, भलादमी र युवा जोश भएका कुशल चालकको भद्र सहमतिमा यो यात्रा सम्पन्न भएको हो ।

२०८१ साल चैत १८ गते प्रातः हामी चार जना (डा. रामचन्द्र ढकाल, डा. कर्णवीर पौडेल, प्रेम बस्याल र पूर्णप्रसाद अधिकारी) जाने समय र दिनको मार्गचित्र र यात्राको सहमतिपछि चैत १९ गते बिहान ७ बजे नारायणगढको पुल्चोकमा चितवनतर्फका मित्रहरू सहभागी भई कालीगण्डकी चोक निवासी प्रतिनिधि मण्डलका अध्यक्ष प्रेम बस्यालज्यूको उपस्थितिमा सामूहिक चियापानपछि निर्माणाधीन कालीगण्डकी करिडोरको प्रवेशविन्दु यसै चोकबाट हाम्रो यात्राको प्रस्थान विन्दु रह्‍यो । स्मरण रहोस्- यस करिडोरको विकासको चर्चा र आरम्भ २०६४ सालपछि मात्र भएको हो । यसले लुम्बिनी प्रदेशका पाल्पा र गुल्मीसँगै नवलपरासी (बसुपू), स्याङ्जा, बागलुङ, म्याग्दी र मुस्ताङको भूभागलाई कालीको किनारैकिनार कोरला (उपल्लो मुस्ताङ/चीनको सिमाना) सम्म पुगेर समाप्त हुन्छ । पाल्पा लागेपछि सुनौली (रूपन्देही) र पूर्वतर्फ नवलपरासी (बर्दघाट सुस्तापूर्व) भएका कारण जनबोलीमा नवलपुर र नवलपरासी भनिन्छ । सतही रूपबाट भारतीय नाका सुनौली र चिनिया नाका कोरला भएका कारण कालीगण्डकी करिडोरलाई 'सुनौली-कोरला करिडोर' पनि भनिन्छ । पूर्वपश्चिम राजमार्गबाट पूर्वी नवलपरासीतर्फदेखि यस करिडोरलाई जोड्ने दलदले, भिमाद, पोखरा, कावासोती र अरूणखोला, दुम्किबासबाट पनि सहायक मार्गहरू तराईबाट पहाडतर्फ उकालो लागेको अवस्था छ । यस करिडोरबाट यात्रा गर्ने रहर तथा लहड भए पनि समय र सन्दर्भ जुट्नुपर्ने रहेछ । जसबाट मनका लहडलाई पूर्णता दिने काम भयो । यो वर्षको हिउँद यामभरि पानी नपरेका कारण धुलो, धुँवा र तुँवालोका कारण पर्यावरण पूर्ण रूपले प्रदूषणयुक्त रह्‍यो । यसको पीडा, प्रताडना, रोग हामी सबैले भोगेका छौँ ।

यात्राको रुटअनुसार ढोढेनी, बुलिङटार, डेढगाउँ, पूर्वी नवलपरासी, पाल्पा-रामपुरको लामोफाँट, स्याङ्जाको चापाकोट, गल्याङ, जिरो, मिर्मी, रुद्रवेणी, रानीमहल, वालिङ, पुतलीबजार, नैडाँडा, आँधीखोला गाउँपालिकाका विभिन्न वडाहरू हुँदै १ नम्बर वडामा पर्ने नेपालको प्रथम होमस्टे "दरौँ सिरूबारी होमस्टे"मा १९ गते बेलुका बस्ने कार्यक्रम थियो । योजनामुताबिक यात्राको व्यवस्थापन भयो । जाने क्रममा भर्खरै खोलिएको बाटो, गाडीहरू कम चल्ने भएका कारण होटलवालाहरूलाई खाना र नास्ताको व्यवस्थापनका लागि अग्रिम सूचना दिनुपर्ने रहेछ । फलस्वरूप हामीहरूले पनि तदनुसार जाँदा डेढगाउँमा नास्ता गर्ने अवसर पायौँ । गाडी मालिकले यात्री सङ्ख्या र खाने परिकारको सूचना प्रवाह अगाडिदेखि नै गरेका थिए भने होमस्टेको कोठा र यात्री सङ्ख्याको आवासीय व्यवस्थापनको उत्तरदायित्व डा. कर्णवीर पौडेलले गरेका थिए । गुरुङ समुदायबाट मात्र चलाएका कारण राष्ट्रिय स्तरको पहिचान बनाएका विद्वान् डा. गणेशमान गुरुङसँग समेत यस होमस्टेबारे सूचना, सम्भावना र यथार्थतालाई उनले अद्यावधिक गरेका थिए ।

रामपुर प्रवेश गरेपछि कृत्रिम ताल (पोखरी) बनाइएको रहेछ । पोखराको बाराही मन्दिरको झलक आउने गरी बीच भागमा मन्दिर बनाएर "तालपोखरा" नाम दिइएको रू. १० प्रवेश शुल्क तिरेपश्चात् गेटपास लिई भित्र पसेपछि चोर आँखाले हेर्ने र मोबाइल क्यामराबाट एकल र समूहमा फोटोसेसन गर्दा दिनको १२ बज्दै थियो । यो रामपुर बजारको निकट भए तापनि करिडोरबाट भित्री भागमा पर्नेहुँदा त्यतिबिधि चहलपहल थिएन । सबैलाई खाना खाने हतार भएका कारण गाडी साहूद्वारा "नमस्ते होटल एण्ड पार्टी प्यालेस" मा स्तरीय खाना खुवाउने कार्यक्रम सम्पन्न भयो । केही मित्रहरू भने मध्याह्नमै सूर्यास्तमा रमाउन थाले । लगभग डेढ घण्टा खाना खाने कार्यमा खर्चियौँ । हाम्रो यो दिनको गन्तव्य "सिरूबारी होमस्टे" भएका कारण चापाकोट नगरपालिका, वालिङ नगरपालिका, भीरकोट नगरपालिका र आँधीखोला गाउँपालिका हुँदै गन्तव्यमा पुग्नुथियो । यात्रीहरूमध्ये श्रवणकुमारले खर्पनमा राखेर तीर्थयात्रा हिँडेको मूर्तिपनि राम्रोसँग हेर्न पाएनन् ।

सूर्यनारायण अस्ताचलमा उन्मुख थिए । म आफूलाई भने उनै श्रवणकुमारका मातापिताको नाममा "अन्धीखोला" बाट "आँधीखोला" बनेको र राष्ट्रिय नेपाली जीवनका लोकगीतहरूमा बिम्बमा झल्किएको कथाप्रसङ्ग राम्रोसँग जानकारी छ - **आँधीखोला उर्लेर आयो, आउने थिइनँ मायाले बोलाई** र **आँधीखोलामा आँधीखोलामा के ल्याइदिऊँ कोसेली भिर्ने झोलामा ?** आदि गीतबाट परिवेश राम्रो बन्दै गएको थियो । उनै श्रवणकुमारका दृष्टिविहीन माता-पिताले दिएको श्राप (शाप)बाट हत्यारामा रूपान्तरित भएका रघुवंशका नायक दशरथलाई मृत्युको समयमा कुनै पनि छोराहरू उपस्थिति नहुनु, रामलाई वनबास पठाउनुपर्ने कारण र परिणामजन्य सजायँको भागीदार दशरथबारे यात्रामा सहभागी जनहरू केहीलाई मात्र थाहा थियो । बाटो ओरालो, त्यसपछि उकालो, केही पिच भएको, केही हुँदै गरेको लगभग २० कि.मि. टाढा पर्ने रहेछ "दरौँ सिरूबारी होमस्टे" ।

स्याङ्जा, नौडाँडाबाट हामीहरू तुँवालोयुक्त धुले बाटो हुँदै ६:३० मा हाम्रो निर्दिष्ट स्थान पुग्यौँ । गुरुङ संस्कृतिलाई प्रतिनिधित्व गर्ने ध्वजापताकायुक्त गुम्बा, दाउराको चाङ, पूर्ण विद्युतीकरणयुक्त गाउँ, पहाडै-पहाडको उकालो-ओरालोमा बनाइएका नयाँ र पुराना घर, ओम मणिपद्मे हुँको गुञ्जनको श्रव्यदृश्यले त्यहाँको परिवेश पूर्ण थियो । हामी जाँदाका दिन १५० जना होमस्टेमा रात्रि बस्न आएका यात्री सङ्ख्याको तथ्याङ्क थियो । गाडी जति सबै बाटामा नै पार्किङ गरिएका थिए । प्रायःजसो सार्वजनिक, थोरैमात्र निजी थिए । होमस्टेमा बस्न आउने जतिलाई टोली मिलाई नौमती बाजाका साथ सत्कार गर्ने क्रममा सबै यात्रीलाई फूलमाला लगाएर गीत गाउनुका साथै गन्तव्य विन्दुमा पुऱ्याएर टोलीअनुसार कालो चियाका साथ जुनेली मकै खाँदै नाच्ने, गाउने, रमाउने नरनारीको एकल र

सामूहिक नृत्य गरी नर्तक तथा नृत्याङ्गनाहरूलाई रुपैयाँद्वारा सत्कार गर्ने क्रम रह्यो । नियमानुसार महिला र पुरुष (श्रीमान् र श्रीमती नै भएतापनि) एकसाथ बस्न नपाउने व्यवस्था रहेछ । ७ बजेदेखि ८ बजेसम्म त्यहाँ बन्ने स्थानीय खाना दालभात, तरकारी, बहुप्रचलित स्थानीय कोदाको ढिँडो, स्थानीय कुखुरा, कोदोको बिजुलीपानी (एल.टी.) रू. १,४०० को प्याकेज आउने रहेछ । दुई गिलासभन्दा बढीको मापसे र मासुको अतिरिक्त शुल्क लाग्ने रहेछ । रू. १,००० घरबेटीले पाउने र बाँकी रू. ४०० वा त्योभन्दा माथिको समुदायमा पुगी भागबण्डा हुने रहेछ । यस मानेमा गाउने, बजाउने, नाच्ने सबैमा सामुदायिक नियम लागु हुने रहेछ ।

गुम्बामा "ॐ मणिपद्मे हुँ"को मन्त्रोच्चारणसँगै दुई पटकसम्म ने.का. को टिकटमा सांसद भएका स्व. रुद्रमान गुरुङको सालिकमा टाँसिएर अधिकांशले फोटा खिचे भने यो सामुदायिक होमस्टे बनाउनुमा ग्रामीण विद्युतीकरण र पिच बाटो निर्माण गरी यसलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपले ख्याति कमाउने बनाउनुमा उनको ठुलो योगदान रहेछ । नेपालीबाहेक हामी पुग्दाको दिन १५ जना विदेशी पर्यटक पनि भेटिए । अत्यन्तै स्वच्छ र शान्त वातावरण, धुलो र धुँवारहित इन्धन व्यवस्थापन, ढुङ्गाले छापेका आँगन र पेटी, प्राचीन तथा आधुनिक दुबैखाले घर, कमोड र साधारण दुबैखाले शौचालय, तातोपानीको पर्याप्त व्यवस्थापन आदि त्यस स्थानका सुविधा थिए । स्व. रुद्रमानलाई समाजसेवी र विकासप्रेमी नेताका रूपमा स्मरण गरिने रहेछ । ८ बजेदेखि १० बजेसम्म रात्रिकालीन गानाबजाना, नृत्याङ्गनाको रोधीमूलक सांस्कृतिक प्रस्तुति हुने रहेछ । पर्यटकहरूलाई मनोरञ्जनात्मक आनन्द दिने-दिलाउने कार्यक्रमसमेत भव्य, रोचक एवं आकर्षक थियो ।

प्रेम बस्याल, रामचन्द्र ढकाल र म एउटा कोठामा थियौँ भने डा. कर्णवीरका पिता-पुत्र र एम. शर्मा त्यसैसँग जोडिएको अर्को कोठामा बसे । बिजुलीपानीमा रमाउने अन्य बाँकी पुरुष साथीहरू अर्कै घरमा थिए । रात्रिकालीन बसाइ आरामदायी भए पनि हामी चार जना सुगर र प्रेसरका सिकार थियौँ, जसका कारण हामीहरू मापासेविहीन भयौँ । चिसो मौसम, तुँवालोका कारण पञ्चमूललगायत सूर्योदयको स्थान देख्ने र अवलोकन गर्ने आस्वादनमा रमाउन सकिएन । कोदाको रोटी, कुखुराको खण्डा, तारेको आलु र कागतीयुक्त चियाको सत्कारपश्चात् २० गते बिहान ६ बजे दिनको कार्यक्रमअनुसार प्रस्थान भइयो । फर्कने क्रममा नयाँ बाटोका बीच बाढखोला निस्केर उकालो-ओरालो हुँदै पुतलीबजार, वालिङ, भीरकोट, बयरघारी, राङखोला पार गर्दै गल्याङको जिरो भन्ने स्थानमा पुगेर सबैले बिहानको ताजा नास्ता तथा जलपान सम्पन्न गरियो । अब जैपाते हुँदै मिर्मी पुगेर बाँध

अवलोकनपछि कालीगण्डकी १४० मेगावाट विद्युत उत्पादनको तालमात्र अवलोकन भयो । समयको सीमाका कारण सेतीवेणीसम्मको नौका विहार हुन सकेन ।

ढलान गरेको भीरबाट पैदलै तालको किनारमा उत्रियौँ । २०६४ साल मङ्सिरमा मैले ९ कि.मि. नौका विहार गरेका कारण मलाई जानु थिएन । अरूण तेस्रो जलविद्युत् आयोजना रद्द भएपछि नेपाल सरकारकै पहलकदमीका बीचमा यो विद्युत उत्पादन केन्द्र बनेको हो । पोखरा र बुटवलतर्फ उत्पादित बिजुली राष्ट्रिय प्रसारण लाईनका माध्यमबाट वितरण भएको छ । निर्माण कम्पनी युरोपको इटालियन थियो । गुल्मीतर्फको पुल भत्काउन लागेपछि चर्को विरोधको सामना गर्नु र पछि हट्न बाध्य हुनु उक्त कम्पनीको नियति रह्यो । जुन पुलले आज कालीगण्डकी करिडोरलाई जोड्ने काम गरिरहेको छ । युरोपको छुच्चो देशको रूपमा नाम कमाएको इटालियन ठेकेदार कम्पनीले अन्तर्राष्ट्रिय न्यायलयमा मुद्दा पनि हालेको थियो तर पछि उसको हार भयो । यसरी नेपालको जलविद्युत् निर्माण र विदेशी कम्पनीको दलाली चरित्रका बीच तोकिएको समयभन्दा दुई वर्ष ढिलो गरी यो आयोजना सम्पन्न भएको हो । यो घटनाक्रमसँग विद्वान् प्रा.डा. हरू परिचित थिए-थिएनन् त्यसले अर्थ राख्दैन तर नेपालको विद्युत् विकासमा भने कालीगण्डकी-ए परियोजनाको योगदान मूल्यवान् र महत्त्वपूर्ण भने छ । हाम्रो यात्रा अगाडि बढेपछि दिन ढल्कने क्रममा भोकले पनि खानाको चारो खोजिरहेको अवस्थामा त्रिजनपद तीनवटा जिल्ला जोड्ने नमुना झोलुङ्गेपुलको गुल्मीतर्फ करिडोरसँगै जोडिएको चार तले होटल (होटल क्राउन) रुरुक्षेत्र रुद्रवेणीमा आफ्नै घरजग्गा जोडेर हवेली बनाएका गुल्मी थोर्गाका गौतम बन्धुको रहेछ । म आफूले उनीसँग परिचय गरेँ । शुद्ध, सफा र ताजा खाना स्वेच्छिक तरिकाले पस्कने व्यवस्थापन (बफे) रहेछ । गुल्मेली मान्छेको कर्मशील चरित्रको प्रशंसा गर्दै "तीनमुखे पुल" तरेर गुल्मीबाट पाल्पा हृषीकेश मन्दिर दर्शन भयो । स्याङ्जातर्फको झोलुङ्गे पुलमा जाने इच्छा हुँदा पनि समयको पावन्दी र जीवनसाथीहरूका हठका कारण जान सकिएन । जमिनबाट लगभग १२५ मिटर अग्लो कङ्क्रिट टावर बनाएर बीच भागबाट तीनवटा जिल्ला जोड्ने नमुना पुल नेपालकै पहिलो भएकोमा गर्व गर्न लाईक अनेक सन्दर्भहरू छन् । नदी किनारमा रहेको रुद्रवेणीको मन्दिर पनि अवलोकन भयो । पश्चिमबाट पूर्व आएको रुरुखोला वा रिडीखोला र उत्तरबाट दक्षिण आएको कृष्णागण्डकीको सङ्गमस्थल भएका कारण यसलाई "रुरुक्षेत्र" भनिंदो रहेछ ।

नदीको मध्यभागमा टावर निर्माण भएको र तीनतर्फ नै २५० मिटरभन्दा बढीको दूरी भएको झोलुङ्गे पुलको अनुमान गरियो । मोटरसाइकल चलाउन नपाइने, मान्छेमात्र वारपार हुने छ फिट चौडाइको स्टिल रडबाट निर्मित पुल नयाँ

भएर हो कि, पटक्कै हल्लिएन । रिडी खोलामा निर्मित पक्की पुलबाट हाम्रो गाडी आउँदै थियो । आर.सी. सपत्नी र म एकलमात्र हृषीकेश मन्दिर दर्शनार्थ गयौँ । तीनवटी आमाहरू सत्तलमा बसेर ज्योति काटिरहेका देखेर मेरो आफ्नै आमा र माहिली आमाको स्मृतिबिम्ब आयो । खुद्रा रुपैयाँ थिएन र १०० रूपैयाँ दिएर "बाँडी लिनु है" भनेर एउटी आमाको हातमा थमाएँ । बिहान राम्रोसँग नुहाउने अनुकूल नभएका कारण मन्दिरमा टाढैबाट दर्शन गरेँ तर आर.सी. र सरस्वतीले दर्शन गरे र टीका लगाए । रानीमहल दर्शन हेतु गाडी चालकले ध्वनियन्त्र बजाएपछि हतारका साथ अगाडि बढियो । सबैको आतुरता रानीमहलको अवलोकन थियो ।

## रानीमहलको भौतिक स्वरूप, प्रेम र करुणाको नमुना

विश्व सम्पदा सूचीमा रहेको भारतको ताजमहल आज पनि मानव निर्मित आश्चर्यमध्ये एक हो । भारतको उत्तर प्रदेशस्थित यमुना नदीको किनारमा रहेको शाहजहाँद्वारा मुमताजको स्मृतिमा ग्रेनाइट र मार्बलद्वारा निर्मित भएको छ । ताजमहलको भौतिक सौन्दर्यलाई मैले प्रत्यक्ष रूपमा अवलोकन नगरेको भए तापनि त्यसको सौन्दर्यबारे पढ्न भने पाएको छु । खासगरी सामाजिक सञ्जालमार्फत त्यसकै झलक मिल्ने गरी "नेपालको ताजमहल" भनेर ख्याति कमाएको राणाशासनको समयमा बी क्लासका निष्कासित राणाहरूलाई एकप्रकारले प्रशासकीय जिम्मेवारी दिइएका हुन्थे । यस्तै बी क्लासका खड्ग समशेरले आफ्नी प्रेयसी तेजकुमारीदेवीको स्मृतिमा निर्मित भएको रहेछ, यो रानीमहल । आज पनि आफ्नी धर्मपत्नी गुमाएको विरह र वेदनामा केन्द्रित भई स्रष्टाहरूले काव्य सिर्जना गर्ने, उनको नाममा अक्षयकोष स्थापना गरी पुरस्कारद्वारा स्रष्टाको सम्मान गर्ने प्रचलन व्यापक छ भने शासकहरूद्वारा स्मारक बनाउने ऐतिहासिक क्रम पनि चर्चित छ । त्यस्तै प्रतिबिम्बको झलकका रूपमा "नेपालको ताजमहल" लुम्बिनी प्रदेश, पाल्पा जिल्लामा कृष्णा गण्डकीको तटसँगै जोडेर नेपाली वास्तुकला प्रतिबिम्ब हुने गरी "रानीमहल"को निर्माण भएको रहेछ । २०७२ सालपछि मात्र राष्ट्रिय सम्पदा सूचीमा राखिएको यो स्मारकको संरक्षण, संवर्धन भने तानसेन नगरपालिकाद्वारा हुने गरेको रहेछ । नगरपालिकाद्वारा दिइएको सूचनामूलक ऐतिहासिक जानकारी निम्नानुसार राखिएको रहेछ :

## ऐतिहासिक रानीघाट दरबार

१. धीर समशेरका १७ भाइ छोरामध्येका एकअर्को भाइ वीर समशेरका प्रधानमन्त्रीत्वकालमा उनका भाइ खड्ग समशेर कमाण्डर इन चिफ भएको २८ महिनापश्चात् पदच्यूत भई पाल्पामा निर्वासित गरिए । वि.सं. १९४५ मा उनलाई

रूपन्देही, कपिलवस्तु, बागलुङ र पर्वतलगायतका क्षेत्रको जिम्मेवारीका साथ पाल्पाको गौँडामा पश्चिम कमाण्डरको रूपमा बस्ने अनुमति दिइयो । वि.सं. १९४५ सम्म आफ्नी अत्यन्त प्रिय रानी तेजकुमारीदेवीको मृत्युको समयमा भावविह्वल भएका खड्ग समशेरले रानीसँग उनको स्मृतिमा भारतको आगरामा रहेको ताजमहलजस्तै बगैँचासहितको दरबार निर्माण गर्ने अन्तिम वचन दिएका थिए । आफ्नी रानीको सम्झनामा भारतमा रहेका इन्जिनियरहरू झिकाई पाँच वर्ष लगाएर वि.सं. १९५४ मा निर्माण पूरा गरिएको यस दरबारलाई "नेपालको ताजमहल" भनेर चिनिन्छ ।

२. पाल्पाको तानसेनदेखि १३ कि.मि. उत्तर कालीगण्डकीको तिरमा भिरालो चट्टानमाथि ५-१५-०२ क्षेत्रफलमा रहेको यस दरबारसम्बन्धी दुईवटा पुल, अपल, वैकुण्ठे झरना, हात्तीढुङ्गा र वि.सं. १९९० मा हेलुङसम्म पु¥याइएको दुईवटा कुलो, तानसेनदेखि दरबार जाने बाटोको बीचमा पर्दछन् । यस दरबारमा आउने अर्को बाटो स्याङ्जाको मिर्मी, विर्घावैघा, बडीचौर, सटुकातर्फबाट समेत रहेको छ । जुन बाटोबाट खड्ग समशेरले हात्तीसमेत ल्याएका थिए भन्ने भनाइ छ । उत्तरतर्फको बुर्जाको जग कालीगण्डकी नदीको किनारबाटै रहेको यस दरबारमा २४ वटा कोठाहरू, २ वटा पोखरी, मन्दिर, बगैँचा, घोडा तबेला साथै भक्तिनी बस्ने स्थानसमेत रहेका छन् ।

३. खड्ग समशेर पाल्पाबाट पलाईन भएपछि संरक्षणको अभावमा यो दरबारका कैयौँ बहुमूल्य सामानहरू सड्ने, हराउने, बिग्रने, चोरी हुने र दरबार भग्नावशेषजस्तै हुँदै गयो । हिन्दू धर्मशास्त्रीहरूको भनाइअनुसार यस स्थानमा बगेकी नदी उत्तरतर्फ (उत्तरवाहिनी) हुनाले "यहाँ स्नान गर्नाले वा पानी छोएमात्र पनि पवित्र भइन्छ" भन्ने समेत रहेको र हाल स्वदेशी तथा विदेशी पर्यटकहरूका अलावा तीर्थयात्रीहरूसमेत यहाँ आउने गर्दछन् । यो सुन्दर दरबार रानी तेजकुमारीको सम्झनामा नेपालकै ऐतिहासिक र पुरातात्त्विक महत्त्वको धरोहरको रूपमा रहेको छ ।

४. २०७२ साल साउन १० गते नेपाल सरकार, पुरातत्त्व विभागबाट तानसेन नगरपालिकालाई हस्तान्तरण भएको छ ।

(स्रोत : तानसेन नगरपालिका, पाल्पा र स्मारकको बोर्डमा रहेको सूचनापाटी)

रू. ५० को टिकट काटेर भवन संरचनाको अवलोकन भयो । पुराना पूजा सामग्री, तामाका पाला, पञ्चपाला, अङ्खोरा, शिवलिङ्ग र शङ्खमात्र थिए भने ८-८ को ब्यानरमा खड्ग समशेर र तेजकुमारीको चित्र बनाइएको रहेछ । यो सक्कली नभई

आकृतिको अनुमानका भरमा कोरिएको प्रतीत हुन्छ । चित्रमा भनेअनुसार वा सूचना पाटीका अनुसार हेर्न सकिएन । हिँड्न नै हतार भयो । नदीको पानीसमेत स्पर्श गर्न पाइएन, त्यो भने पश्चात्तापकै विषय भयो ।

रानीमहलको आडबाट वा उत्तरपूर्व हुँदै श्रीनगर डाँडाको पछाडिको भागबाट गाउँबस्ती छिचोल्दै नयाँ बाटो आर्यभञ्ज्याङ पुऱ्याई सिद्धार्थ राजमार्गमा जोडिन्छ, जसलाई पूर्वी पाल्पा वा रामपुर जाने प्रवेशद्वार मानिन्छ । २०५२ सालमा हेल्भेटासबाट खोलिएको कच्ची बाटोबाट रामपुरको शिरमा १० बजे रात्रिमा पुगेर बसभित्र नै सुतेको राजाराम सुवेदीज्यूका साथ सँगै बसेको ऐतिहासिक स्मृति आज पनि ताजै छ । त्यो समयको रामपुर र आजको रामपुर जुम्लाबाट अमेरिका हेरेजस्तो छ । समयको गति र भौतिक विकासको पूर्वाधार केही दिन वा वर्षमा मात्र हुँदैन, समय लाग्दछ । यसको लागि धैर्य गर्न पनि जरूरी छ भन्ने आम पर्यवेक्षकको धारणा उचित लाग्छ ।

रानीमहलको आडबाट पूर्वतर्फको नयाँ बाटो आर्यभञ्ज्याङसम्म पुगियो । रामपुर प्रवेश मार्गबाट उत्तर लागेर रामदीको किनारैकिनार रामपुर नगरपालिकाका उतारचढावयुक्त क्षेत्र पार गर्दै बुलिङ आउँदा ५:३० बज्यो । ८ बजेसम्म गैँडाकोट पुग्ने योजनाका साथ अगाडि बढे पनि समय र परिवेश हाम्रो नियन्त्रणमा थिएन । बुलिङको चियापन, आत्मीय व्यवहार, स्वादिष्ट चियाको चुस्की, समग्र कुराकानीसँगै मित्रवर भवनाथ सडौलाजीको सौजन्य प्रभावकारी रह्यो । त्यसपछि यात्रामा भए-गरेका विशेषता र कमजोरीको समीक्षा पनि भयो । १९ गतेका दिन एम. शर्माकी श्रीमती करुणा शर्माको स्वास्थ्यमा समस्या आउँदा यात्रारत सबैको सहानुभूति उनले पाइन् । गन्तव्य विन्दुमा पुग्ने हतार भएका कारण अन्य कुराहरू सोच्ने कर्म भएनन् । २० गते भने स्थान अवलोकनको दृश्यावलोकनसम्बद्ध विषयका बीच समय कम भएका कारण नौकाविहार छुटेकोमा केहीको गुनासो पनि रह्यो । हतारमा नगरेर धैर्य र संयमका साथ यात्रा गर्नु उपयुक्त हुन्छ भन्ने सबेको सारभूत निष्कर्ष थियो ।

यात्राका सूचक र व्यवस्थापक प्रेमराज बस्याललाई सबै साथीहरूको भावनात्मक रूपबाट साथ र सहयोग थियो । किरण घिमिरे नामका काठमाडौँ निवासी भाइको कार बुलिङको सुख्खा पहिरोमा अड्किएको र त्यसलाई उद्धार गर्न लाग्दा थप दुई घण्टा हाम्रो गन्तव्यमा विलम्ब भयो । महिला र बच्चा लिई नयाँ बाटो हिँडेका भाइलाई मानवीय सहयोग गरेर सबै यात्रीहरूले पुण्य कमाएको अनुभूति गरे । यात्रा गर्दा सबैलाई समस्या आउन सक्दछ भन्ने अवस्थाको मानवीय मूल्याङ्कन भयो । सिरूबारीमा सात जना महिलाको समूह पोखरा लेखनाथबाट

आएको रहेछ । तीमध्ये कुमारी, पराजुली र सुवेदीको गुणात्मक शील-स्वभाव देखेर ईश्वरीजीले परिचय मागे । उनी त चूडामणि चूडेकी नातिनी-बुहारी र तारेकी कान्छी बुहारी परेकी नातामा पूर्णभद्र तिमिल्सिनाकी भान्जी पो परेछन् । २०३८ सालमा लेखनाथ ढुङ्गेपाटन आउनुको पछाडि खम्भे, घुमै, व्याङ्ग्रो, तारे, घुमेको परिवारलाई चुट्ने-चुटाउने, पिट्ने, पिटाउने मतियार कहलाएका वेदहरि सुवेदीको चर्तिकला र माथि नाम लिइएका पात्रको सामन्ती र शोषक चरित्रबाट विस्थापित गर्ने-गराउने अवस्था व्यापक रूपमा थियो । अन्ततः उपर्युक्त उपनामधारी सबै लखेटिएको बिम्ब मेरो अगाडि आयो तथापि उनी "एम.फिल. र विद्यावारिधि होल्डरका साथै बोर्डिङको प्राचार्य हुँ" भनेर परिचय दिइन् । उनको पैत्रिक वा अन्तरङ्ग धरातलको विस्तृत विवरणको ज्ञाता ममात्र भएका कारण थप कुरा भएनन्, आवश्यक पनि थिएनन् । संयोग नै भन्नुपर्दछ - ती मैया उही सामन्त तारापति (तारे)की कान्छी बुहारी पर्न गइछन् ।

समय, स्थान र वातावरणले मान्छेको उन्नति र प्रगति हुने हो । यात्राकै क्रममा कुनै विद्यावारिधि महोदयले घर-घडेरी, जग्गा-जमिनको चलखेलसँग सम्बन्धित कुरा उठाएर उपहास गर्ने धृष्टता गरेको पनि म आफूले अनुभूति गरेँ तथापि त्यसैलाई मानसिक रूपबाट बोझ मान्ने कुरा भएन । यस्ता कुरामा कोलम्बस नामधारी पात्र पनि चर्चित छन् । तर घुमाऊ प्रवृत्तिले कसैको पनि कल्याण गर्दैन । "अल्पविद्या भयङ्करी" भन्ने सूत्रमात्र मुखरित हुन्छ ।

कालीगण्डकी चोकमा आइपुगेपछि अध्यक्षका दम्पती त्यहीँ उत्रिए । काठमाडौँका किरण घिमिरे भाइले सबै यात्रारत अग्रजहरूप्रति आफूलाई गरिएको मानवीय सहयोगका प्रति हार्दिक कृतज्ञता व्यक्त गरे । रात्रिको समय भएका कारण गाडीसाहू र चालक भाइले सबैलाई गन्तव्य विन्दुमा पुऱ्याएर छोडिएको मानवीय गुण सबैले अविस्मरणीय रूपमा मनन गरे । निवृत्त प्राध्यापक कर्मचारीहरूको चैत ३०, २०८१ को अधिवेशनलाई लक्षित गरी इच्छुक एवम् कर्मशील साथीहरूले यस निवृत्त मापदण्डको सोचका साथ यो यात्रा सम्पन्न भयो । यात्रा ४८ घण्टे भए पनि आफैमा पूर्ण थियो भन्ने कुरा मनन गरियो । "चरैवेती चरैवेती, अथातो घुमक्कड जिज्ञाशा" भन्ने सूत्र चरितार्थ भयो ।

ooo

# कविताको भूगोल

✍माधव काफ्ले

कविताको बारेमा संसारमा व्याख्या विश्लेषण धेरै भएका छन् । घाटघाटको पानी पिएर विद्वान्, विदुषीहरूले जुन मीमासाको मियो विश्वसाहित्यमा गाडेर चुलिनुभएको छ त्यसको न्यानो राप तापेर कविता विधा सदावहार रूपमा निकै फैलँदै, तन्कँदै, फुल्दै, मग्मगाउँदै आएको पनि देखिन्छ । त्यसैको छहारीमुनि बसेर म अक्षर माझ्न र मस्काउन थालिरहेछु ।

धेरै सुर, ताल, प्रवाहका बार, बन्देज छिचल्दै मानक रूपमा कविता जसरी स्थापित हुँदै आएको छ त्यसको इतिहास पनि औतारी किसिमले विकसित भएको देखिन्छ ।

परिभाषाको बृहत् वृत्तभित्र छिरेपछि म नेपाली कविताको स्थान खोज्न थाल्छु । पाखा, पखेरातिर हुर्केको मानिस परेँ । नेपाली जनबोली र जीवन शैली अन्तर्यमा पसेर बालवयदेखि नै मन, मानसिकतालाई उरालधुराल पार्दै आएका हुनाले किन हो म यसको प्रभावबाट अछुतो रहन सकिनँ ।

मैले साहित्य घोकेर, देखेर बुझेर, रटेर सिकेको जानेको हैन । अरूको भाका टिप्तै र त्यसमा आफ्नो भाका खाप्तै सुसेलेको भरमा सिकेको हुँ । गाउँमा हुर्के, बढेको हुनाले त्यहाँ बेठी, बेगारी हुन्थ्यो । मेला, पात हुन्थ्यो । विवाह व्रतबन्ध हुन्थ्यो । भरारत सिलोक भन्ने तीव्र प्रतिस्पर्धा हुन्थ्यो र जीतलाई पुरुषार्थ र प्रतिष्ठाको अग्लो मुकाम ठानिन्थ्यो । रोधी, दोहोरी हुन्थ्यो । जात्रा, पर्व हुन्थ्यो र फुर्सद मिलेको क्षणमा धेरै युगल जोडीहरू घाटु नाच, चण्डी नाच, मैजारो, एकादशी, माघे संक्रान्ति, तीज, फागुपूर्णिमा आदिमा भाका फेरीफेरी मनमोहक किसिमले अन्तर्मनको अनुराग पगालेर अवषादित मूर्च्छनाको महाजालबाट मोक्ष पार्न मूल बाटोमा आकर्षक नृत्य मञ्चन गर्दै परिस्थितिलाई रसमय बनाउँदै लैजान्थे ।

दशैँको मालश्री, तिहारको देउसी, भैलोमा आश्रित शब्द संयोजनको आकर्षित प्रवाह मेरो नसानसामा पसेर हुँडलिन थाल्थ्यो । मेरो बाल मानसिकताको धमिलो पक्षलाई पखालेर यी कार्य श्रृङ्खलाहरूले सिर्जनात्मक रुचि र चासो बढाउँदै लगेका थिए ।

कविता भनेको भावमा आश्रित शब्द प्रवाह नभएर लयमा अनुगुञ्जित भुक्तभोगी जीवनको रसमय महिमा ठान्दै हिँडिरहेँ निकै वर्षसम्म ।
मेरो वंश विरादरीमा त्यस किसिमका कार्य वर्जित थिए ।
भनौं गायन र नृत्य ।
बाहुन हुनुको अभिशाप र पुरेत हुनुको जिम्बेवारीले हरदम मानसिकता थिचिरहेको हुन्थ्यो ।
फुक्काफाल भएर न त मैले नाच्न नै सिकैँ अर्थात् सकैँ, गाउन नै सिकैँ अर्थात् सकैँ ।
बाजा त गाउँमा दमाई जातिले मात्र बजाउँथे र ती बाजाहरू छुन अघोषित निषेध नै गरिएको थियो ।
गीतको भाका र पञ्चेबाजाको मनोहारी सङ्गीतको आकर्षणले भने भित्रभित्रै काउकुती लगाएर तानिरहन्थ्यो ।
जातीय विभेद र वर्जनाको दाम्लो चुँडालेर त्यसैमा समाहित हुनखोज्थ्यो मन ।
र पनि मैले आँट गरेर त्यस यात्रामा हामफाल्न सकिनँ ।

सोच्तैछु त्यति जङ्गी साहस त्यसबेला गर्न सकको भए म आज सहज रूपमा अलि पर पुगेर आफ्नो छुट्टै तर विशिष्ट मुकामसहित आकर्षक पहिचान बनाउन सक्ने रहेछु ।

त्यसको मेख मार्न बा अथवा हजुर्बा नभएको बेलामा आमाले गाउनुहुने प्रल्हादभक्ति कथा, सुब्बा होमनाथ, केदारनाथ लिखित भगवती स्तोत्र, रामायण, गुणरत्न माला, चक्रपाणी चालिसेको महाभारत आदिका श्लोकहरू पूरा मनयोगका साथ सुन्ने गर्दथैं ।

पछि बानी पनि पऱ्यो । आफैँ पनि ती काव्यहरू पढ्न सक्ने भएँ र धेरैलाई खिर्लिप्प पार्नपट्टि लागैँ ।

मरेको बाउलाई केरा भनेजस्तै हुन पुगेको छु अहिले । साहित्यको क्षेत्रमा आफू अपाहिज र सोचको क्षेत्रमा अशक्त हुनुको मूल कारण नै अहिले महसुस गर्दैछु लोकनृत्य, लोकलय, लोक साहित्य, लोक गीत, लोक भाकामा समाहित भएर छडछडाउन नसक्नुको परिणाम हो यो । नाइटामा कस्तुरी राखेर सुगन्धको पछि दौडने हिमाली मृगको नियतिले लाग्छ मेरा समस्त पाइन र पुरुषार्थका तेजोमय प्रवाह निचरी सकेको छ र चुसेर फ्याँकेको आँपको कोयोजस्तै हुन पुग्दैछन् मेरा उपलब्धिहरू ।

लाग्छ लक्ष्मीप्रसादलाई शिखरको चुली पुऱ्याउने कृति हो मुनामदन । यो लोकलयमा आधारित नेपाली साहित्यको उत्तम कृति हो । सिकारु लेखकको लागि स्थापित नजिरका शास्त्रीय ज्ञानका दर्शन ढुङ्गा चपाउनु भन्दा सजिलो आफ्नै

बोलीचालीको लोकभाका नै प्रस्तुतिका लागि सहज र स्वाभाविक हुने कुरा उनले धेरथोर बुझे र त्यसैमा अभ्यास गरे । उनी कविताको छिपछिपे शास्त्रीय ज्ञानको जगमा अगाडि बढ्दै आएका भए तापनि उनले पहिलो प्रयोग लोकलयमा नै गरेर सफल हुन सके ।

विश्व साहित्यमा सफल हुने अत्यधिक मानिस लोकलयको माध्यमबाट नै यो महारथ हासिल गर्न सफल भएको निकै दृष्टान्त छन् ।

अनुमान गर्छु साहित्य बुझ्नको लागि लोकलय अथवा साहित्यको स्कुलिङमध्य एउटाको अभ्यास नगरी साधनामा लाग्ने मानिस सधैँ धर्मरिन पुग्दो रहेछ । ऊ गुह्यज्ञानको गुदी नभएर पगटाको तहकिकातमा रुमल्लिएर आफ्ना कटमिरा ज्ञानगङ्गामा गोता खाँदै पौडिन खोज्ने हुनाले ऊद्वारा सिर्जित रचना संसार फितलो र फतलफाँडो हुनपुग्ने रहेछन् । कुनै सफल भए पनि त्यसलाई कागताली नै मान्नु पर्ने रहेछ ।

मानव, मन, शिरीषको फूल, सिंहदरबार, शरणार्थी लेख्नेहरूले त्यही सीप, त्यही स्तरमा अर्को कृति जन्माउन नसक्नु पनि साहित्यको पाठशाला फितलो भएको लख काट्तैछु आज ।

सुकरातको पालादेखि लिएर नयराज पन्तसम्मको पाठशालाको उपादेयता र यसको सार्वभौम प्रभावले पनि हामीलाई धेरै कुरा देखाउन, सिकाउन खोजेको छ । शिरध्वज जनकको विद्वत् परम्पराको पाठशाला र त्यहाँबाट निःसृत विशेषतः उपनिषद्, वेद प्रणयनका सङ्कथन ज्ञानगङ्गाको त्यो राजसी अभ्यास चानचुने खालको थिएन । शस्त्रार्थपरम्परामार्फत विश्वले पाएका अनमोल बौद्धिक वैभव र त्यसको सन्दिसर्पनमा विकसित हुँदै आएको ज्ञानको बिरासतले आजपर्यन्त पारेको प्रभाव पनि चानचुने खालको थिएन । त्यही शास्त्रार्थ परम्पराबाट पूर्वीय वाङ्मयले पाएका अनमोल ज्ञानरश्मिको आलो प्रभाव आज पनि यथावत् रहेको छ र त्यसैको जगमा टेकेर हामी साहित्यिक अभ्यास गरिरहेका छौँ । र पनि हाम्रो साहित्यमा सङ्ख्या बढ्नुभन्दा ठूलो अरू कुनै उपलब्धि हासिल हुन सकेको देखिँदैन ।

साहित्य दिनानुदिन फितलो, फोस्रो र फतलफाँडो बन्दै गइरहेको छ । लेखक सिसिफसका कथामा अनुवाद हुँदै गइरहेका छन् । कलात्मक हुना साथ साहित्यका कुनै पनि विधा स्वतः काव्यात्मक हुन पुग्दछन् । रस, अलङ्कार, प्रभाव, झङ्कार र त्यसबाट निःसृत हुने मनोहारी स्वर जीवनचक्रका अनमोल अनुभूतिलाई अक्षर, अक्षरमा उनेर, उतारेर पाठकलाई मोहित पार्दै युगौँयुगसम्म छङछङाउन सक्ने सामर्थ्य राख्ने रहेछन् ।

मन नउमाली, मानसिकता नओढाली, अनुभूति नचोक्ट्याई, मुटु नचिरिई, साविक बाटो छोडेर अनुरागको अरण्यमा नभौंतारिई सुकिलो र सर्वप्रिय साहित्य सम्भव नहुने कुरा पनि सोमनाथ सिग्द्याल पढेर अनुभूत गर्दै छु । साहित्य हुनका लागि चाहिने सामल खाजाका पोकापन्तुरा नबाँधी सिधै भावनामा हेलिएर कागज रङ्गाउने परिपाटी स्थिर परिपाटी होइन रहेछ । यसले आभ्यासिक लेखकलाई अधमरो हुनबाट त जेनतेन जोगाउला तर सकुशल मुकाममा पुऱ्याउने कुरामा भने सधैं दुविधा नै हुनेरहेछ ।

छिपछिपे ज्ञानको छपनीमा टेकी हामी कविताको चपरी पल्टाएर परिभाषा गर्न थालिरहेका छौं ।

मानौं लेखन सीप हाम्रो अन्तर्यमा अपाहिज भएर बसेको छ । त्यसलाई तपसिलमा तन्किएको देखाउन पनि प्रवचनमार्फत उचालिन खोजिहेका छौं । उचालिनु हाम्रो कला र गर्वको एकाइ बनिदिने गर्दछ । अज्ञानताको भ्रुणलाई आडम्बरको भष्मले छपक्क छोपी गर्जिनु हाम्रो धर्म बन्छ र अस्पष्टताले ङ्याँकेर यथार्थमा पछारेपछि सिताङ्ग हुँदै सतह छाम्न पुग्छौं ।

होमर, भर्जिल, जोन मिल्टनको नाम सुनेको/जपेको भरमा राम्रा कविता लेख्न किमार्थ सकिन्न । विचार मन नपराए पनि नित्सेको ज्ञानमा गुदी छ । लाओत्से, कन्फुसियस, सुकरात, बुद्ध, चाणक्य, विदुर प्रभृति विज्ञहरूले हामीलाई सदैव अँध्यारोबाट उज्यालोतिरको यात्रामा पथप्रदर्शन गर्दै आइरहेका छन् र पनि अहङ्कारको पाञ्चजन्य फुकेर हामी आधुनिकताका हिमायती हुँदै गइरहेका छौं । 'एन अपोलोजी अन पोइट्री'मा सर फिलिप सिड्नीले भनेझैं भर्जिलका कविता गुन्गुनाएर कैदीहरूले चट्टान फोर्न सकेझैं आफ्नो अन्तर्मनमा गुम्फित भावातिरेकका जन्तर नफुटाली सहज रूपमा छङछङाउन नसकिने यथार्थलाई नस्वीकारी अगाडि बढ्ने हो भने अभरमा परेर कुनै पनि दिन हामी अनायास पछारिन सक्छौं र त्यस बखत नेपथ्यमा बसेका मान्छे केवल खित्खिताएर हाँस्नमात्र थाल्नेछन् । भर गरेर उठाउन कोही खोज्ने छैनन् ।

कवितामा अचम्मको सम्मोहनी कला हुँदो रहेछ । भाव, अर्थ नबुझे पनि लय समाएर सहज रूपमा सम्प्रेषणको रुमानी धुन टिप्तै गुन्गुनाउने गुण प्रत्येक श्रोतामा हुने गर्दछ र त्यही गुणको जगमा टेकेर मानिस सन्तुष्टि सौन्दर्यको रागमा डुबेर चलमलाउन पुग्छ ।

म फारसी बुझ्दिनँ र पनि जेबुन्निसा, फिरदौसी पढ्छु । उर्दूलाई पछ्याउँदै गालिव, मीरलाई छाम्न खोज्छु । पस्तो नजाने पनि याकुव खान, पीर गिलानीलाई सुँघ्न पुग्छु । त्यहाँ रहेको जीवनवादी कलाको सुरिलो सम्मोहनी स्वरले मरेर जर्कँटिंदै जान थालेको अन्तश्चेतनालाई छामेर र विषादलाई सुमरेर आशान्वित

बनाउँदै लैजाने भावले भबाएको मानसिकता लिपपोत गरी चोख्याउन खोज्ने हुनाले पनि म नेपाली अथवा हिन्दीको दशगजा छिचलेर बुर्कुसी मार्न पुग्छु ।

बाङ्लाको त कुरा नै के गरूँ ?
जब कतै "जोदी तोर डाक्सुने केयु आसे

तबे एक्ला चलो रे" सुनेपछि त नबुझे पनि खुट्टा लर्बरिँदै बटारिन खोज्छन् र तिनको विखण्डित ताल समाउँदै हर बङ्याउन थाल्छु ।

लाग्छ कविता रगरगमा हुने रहेछ । रक्तप्रवाह नलीका प्रत्येक धमनीहरूलाई पल्टाउने हो भने त्यहाँ अनुभूतिको विशाल सरोवर कवितासँगै टाँसिएर छङछङाएको देख्न सकिने रहेछ ।

कविता किताबका पानामा मात्र होइन म व्यथामा पनि कविता देख्न सक्छु । विरही सुस्केराहरूमा पनि कविता सल्बलाउन थालेको सङ्केत देख्छु । अग्ला पहाड वा हिमाच्छादित चुलीहरू हुन्, क्षितिज छिचल्न खोज्ने आँट र अभ्यास हुन् वा आकाशगङ्गाका जादूमय प्रवाह, निरवच्छिन्न चल्ने वायुको प्रवाह होस् वा संसार विदग्ध पार्न उडेका उल्का पिण्डहरू हुन्, आफ्नै अनुरागमा उर्लिँदै गएका अहर्निश यायावर हुन् या व्यथाले बिथर्लिँदै जान थालेका बटोही हुन्, एकै ठाउँमा जमट लिन विवश प्रौढ व्यक्तिहरूको अनुहारमा पर्दै जान थालेको चाउरीको भूगोलभित्र एउटा सिङ्गो महाकाव्य देख्दै जान्छु ।

ठूलो विषय वा प्रसङ्गहरू मात्र कविता हुन सक्तैनन् । अन्तरमनका सङ्ला र सुकिला सचेतनाबाट निःसृत अनुभूतिका फराकिला र तेजोमय आयामहरू भित्र खोज्दै जाने हो कविताको विशद संसार देख्न सकिने यथार्थ किमार्थ अस्वीकार गर्न सकिने विषय होइन रहेछ ।

लाग्छ कविताको भूगोल निकै ठूलो छ । यो अपरिमेय संसारमा भाषा र लालित्यका जुन मोहक रङ सिर्जनामा सफलतापूर्वक लेपिएको हुन्छ त्यसले मन मस्तिष्क नै आलोडित पार्दै जाने रहेछ । त्यसको विशाल साम्राज्यभित्र रसबोधका रङ्गीन सरोवरमा डुबुल्की मार्न पाउँदा परमतृप्तिको भाव मनभरि ढकमक्क फुल्नथाल्छ । अनि आफ्नै अनुरागका छिप्छिपे जानकारीमा बाँकटे हानेर छङछङाउन थाल्दै आफ्नै शब्दविन्यासमा अल्झिएर कविताको भूगोल नाप्न थाल्छु ।

ooo

# भुईंमान्छेका सुखदुःख



✍लीलाराज दाहाल

सूर्यप्रसाद लाकोजू भन्ने बित्तिकै धेरैको स्मृतिमा एउटा भद्र, गम्भीर र कल्पनाशील अनुहार प्रकट हुन्छ ! उनी के हुन् भन्दा पनि के होइनन् भन्ने सबालको जबाफ खोज्नु पर्ने हुन्छ पहिले ! उनले मुक्तक लेखे, उनी मुक्तककार हुन् ! उनले साह्रै स्वादिला कविता लेखे, उनी कवि हुन् ! साहित्यिक पत्रिका प्रकाशन गरेर सयौं नव लेखकहरूलाई पाठक माझ पु¥याउँछन्, उनी कुशल सम्पादक हुन् ! आफ्ना कलमहरूलाई हाइकुमा कुदाए, उनी हाइजिन हुन् ! यात्रा-संस्मरण लेखेर आफ्ना तमाम पाठकलाई आफूसँगै यात्रा गराए, उनी यात्रा-संस्मरणकार हुन् ! संस्कृतिको जगेर्ना खातिर सांस्कृतिक लेख लेख्छन्, गतिविधि गर्छन्, संस्कृतिका संरक्षक हुन् ! साहित्यका ठूलाठूला कार्यक्रम आयोजना गर्छन्, साहित्यका अभियन्ता पनि हुन् ! विद्यालय सञ्चालन गरेर धेरै छात्रछात्राको जीवनमा शिक्षा र चेतनाको प्रकाश छर्दै आएका छन्, उनी प्राचार्य हुन् ! आखिर के होइनन् सूर्य ? एउटा व्यक्तिभित्र यतिका प्रतिभा र व्यक्तित्व विद्यमान रहनु चानचुने कुरा होइन !

काठमाडौंभन्दा केही पर संस्कृति र सभ्यताको संरक्षणमा रमाएको सुन्दर नगर पनौतीमा बसेर साहित्य सिर्जनामार्फत अग्लो उचाइ हासिल गरेका छन् उनले ! त्यसैले त उनलाई काठमाडौंबाट मात्रै होइन, सारा देशबाट मात्रै पनि होइन, परदेशबाट पनि प्रष्ट देख्न सकिन्छ ! उनलाई सजिलोसँग चिनिन्छ ! उनको यो पहिचान साहित्यले दिलाएको हो ! सम्पादन कला र सांस्कृतिक चेतनाले दिलाएको हो !

सूर्यप्रसाद लाकोजुको अब अर्को पनि परिचय स्थापित भएको छ ! कथाकार परिचय ! कथाकार व्यक्तित्व ! उनले लेखेका ११ वटा कथाहरू एकै

ठाउँ सङ्गृहीत भएर आएका छन् " सत्याग्रह " मा ! यो उनको प्रथम सङ्ग्रह हो कथाको ! किताब पढिरहँदा कतै पनि प्रथम सङ्ग्रह जस्तो लाग्दैन ! कथाहरू अभ्यस्त कथाकारले लेखेका जस्ता छन् ! परिपाक पुगेका जस्ता ! पाठकलाई लठ्याउन सक्ने खालका ! पाठकलाई च्वास्स छुन्छन् कथाले ! कतै सोचमग्न बनाउँछन् पाठकलाई ! कतै द्रविभूत बनाउँछन् ! त्यसैले यी कथाहरू कथाकारको भर्खरको सिकारु लेखाइका उपज हुन् जस्ता लाग्दैनन् !

यस सङ्ग्रहभित्रका कथाका शीर्षकहरू पनि सरल नै छन् ! जनजीवनमा भिजिसकेका शव्दहरू ! शब्दका अर्थ नबुझेर पाठकलाई कतै पनि शव्दकोश पल्टाइरहनु पर्दैन ! सरलताभित्र गम्भीर सन्देश र सन्दर्भहरू छन् ! सत्याग्रह, कमाल, अव्यक्त प्रेम, घडेरी, लाले, आमा, स्मृतिका, उद्धार, उपहार, बुनू र छबिलाल काका ! कथाकारले आफू वरिपरिका घटना र पात्रहरूलाई टपक्क टिपेर यथार्थपरक कथाहरू सिर्जना गरेका छन् ! सामाजिक यथार्थको सुनमा अलिअलि कल्पनाको जर्ती मिसाएर पठनीय कथाहरू लेखेका छन् !

सङ्ग्रहभित्रको पहिलो कथा हो - सत्याग्रह ! यसकी प्रमुख पात्र हुन् नसना ! प्रथम पुरुषवाचक शैलीमा कथा बुनिएको छ ! नसनाको आत्मकथन स्वरूप कथा अगाडि बढेको छ ! विद्यार्थी सङ्गठनमा आबद्ध बीस वर्षिया नारीमा स्वतन्त्रता र प्रजातन्त्रप्रति अगाध प्रेम छ ! उनका बाबु-आमा छोरीको बिहेका लागि आतुर छन् ! उनको विवाहको लागि केटाको कुरा लिएर आउने लमी पात्र हुन् राजकृष्ण काका ! सरिता नसनाकी मिल्ने साथी हुन् ! स्वार्थको कोट पहिरेको केटासँग उनको विवाहको कुरा अगाडि बढ्छ ! विवाहपछि पनि नसनाको अभियानमा सघाउँछु भनेर उनलाई आफूतिर आकर्षित गर्छ ! नसना पनि सुमनसँग विवाह गर्न राजी मात्रै हुन्नन्, जिन्दगीका मीठामीठा सपना बुन्न थाल्छिन् ! सत्याग्रहको आन्दोलनमा होमिएकी नसना पक्राउ परी तीन महिनाका लागि थुनिएपछि केटापक्षले नसनासँगको विवाह रद्द गर्छन् ! अन्तमा विवाह तोडेको सुमनसँग नसनाको भेट हुँदा केटाले नजर उठाएर हेर्न नसकेको घटनाबाट कथा अन्त्य भएको छ ! यस कथामा छोरीको विवाह गरिदिन पाए ढुक्क हुन्थ्यो, बाबु-आमाको कर्तव्य पूरा हुन्थ्यो भन्ने पुरातन सोचका बाबु-आमा पात्र, स्वतन्त्रताप्रति समर्पित नारी पात्र नसना र विवाहपछि सघाउँछु भनेर ठिक्क पार्ने, दुःख पर्दा भाग्ने स्वार्थी पात्रको रूपमा सुमनलाई खडा गरेर कथाकारले सुन्दर कथा सिर्जना गरेका छन् !

सङ्ग्रहभित्रको दोस्रो कथा हो कमाल ! यस कथाको मुख्य पात्र कमाल हो ! कमालको चरित्र चित्रण राम्रो छ कथामा ! सानैमा बाबु-आमा गुमाएको

कमाल गाउँबाट बजारमा आएर साहूको रिक्सा चलाउँछ र भाइलाई पढाउँछ ! यदाकदा आफ्नो रिक्सामा म पात्रको सामान पुऱ्याउने काम गर्छ ! ज्यालामा मोलमोलाई नगरी जति दियो त्यति हात थाप्छ ! उसको सङ्घर्षशील जीवन, उसको सरलता र उसलाई साहूले दिएको दुःख थाहा पाएपछि ऊप्रति प्रभावित भएका म पात्रले उसलाई रिक्सा उपहार दिएको कथानक निर्माण गरेर कथाकारले कमालको सङ्घर्ष र म पात्रको मानवता देखाएर कथालाई नवीन र पठनीय बनाएका छन् !

तेस्रो कथा हो अव्यक्त प्रेम ! यो निकै उत्कृष्ट कथा हो ! बाल्यकालीन साथीहरू सुमन र तिमिला बालसुलभ मित्रतामा रमाउँदा रमाउँदै तिमीलाले सुमनलाई प्रेम गर्न थाल्छिन् ! दुबैले व्यक्त नगरे पनि दुबैको मनमा प्रेमको टुसा पलाउन थाल्छ ! विद्यालयको पढाइ पूरा गरी उच्च शिक्षाको लागि छुट्टिनु पर्दा भने बल्ल दुबैले प्रेमको अनुभूति गर्छन् ! सुमनलाई छाड्ने मन नभईनभई तिमिला पढ्न शहर गएकी ! यता गाउँमा बाध्यतामा परेर सुमनले अर्कैसँग विवाह गरेको ! त्यो सुनेपछि तिमिला अगाडिको संसार नै अन्धकारमय भएको घटनाले पाठकको मनमा गहिरो छाप छोडेको छ ! कथाकारले पूर्णरूपमा नखुलाए पनि काजीबाले छोरीलाई पढाउन शहरमा राख्नु, यता गाउँमा सुमनको विवाह गराइदिने कपटपूर्ण कार्यले उनले छोरीलाई सुमनबाट छुट्याएको प्रष्ट हुन्छ ! दशैंमा घर जाने र सुमनलाई भेटेर मनभरिको प्रेम पोख्ने तिमीलाको सपना सुमनको पत्रले चकनाचुर बनाइदिएको छ कथामा !

अर्को कथा हो घडेरी ! यसमा पनि एउटा गरीब परिवारको मीठो कल्पना भत्केको कथा छ ! दुःखजिलो गरी किनेको घडेरीमा घर बनाएर सुखी जीवन बाँच्ने रामदास र उसकी श्रीमतीको सपना बाटो बिस्तार भएर पूरै घडेरी बाटोमा पर्न लागेको घटनाले दुबैलाई रातभर निद्रा लाग्दैन ! कसैले सहयोग गरे भने घडेरी बाँकी रहन्छ कि भन्ने आशा र घडेरी सकिन लागेको निराशाको अन्तर्द्वन्द्वले गर्दा एउटा गरीब परिवारमा कस्तो मानसिक घात पर्छ भन्ने कुरा देखाएका कारण यो सामाजिक यथार्थवादी कथा हो र यसले धेरै नेपाली परिवारको प्रतिनिधित्व गर्दछ !

लाले कथामा रामलाल अर्थात् लालेको चरित्र चित्रणमा कथाकारले प्रशस्त ध्यान दिएको देखिन्छ ! घर घरमा काम सघाउँदै हिँड्ने लालेको जीवन संघर्षमय छ ! बलियो हुँदासम्म गाउँलेहरूले लालेलाई काममा दलाउनु दलाए ! बिरामी परेर उसको पाटीमा बास हुँदा उसलाई कसैले वास्ता गर्दैनन् ! एकदिन अचानक

बेपत्ता भएको लालेलाई नजिकै बग्ने रोशीले आफ्नो अँगालोमा बेरेको कथा कारुणिक छ ! यो पनि जीवन्त कथा हो !

दुई भाइ छोराहरू हुँदा पनि कसैको हेरचाह नपाएकी लक्ष्मीको कथा हो आमा ! उपचार नपाएर घरमै मृत्युवरण गरेको कारुणिक दृश्यले पाठकलाई भित्रसम्म छुन पुग्छ !

प्रेम र धोकाको कथा हो स्मृतिका ! यसमा पनि शुरूमा प्रेमभाव जगाएर अन्तमा चिठी लेख्दै प्रेमी पात्र गाउँ फर्केको कथाले पाठकलाई एकपटक सोचमग्न बनाउँछ !

बेरोजगारी समस्याको हल गर्न वैदेशिक रोजगारीका लागि मलेसिया पुगेको सुधिरले पाएको दुःखको कथा हो उद्धार ! यो कथाले पनि सामयिक समस्यालाई नै उजागर गरेको छ ! कतैबाट उद्धार नभएपछि समुद्रमा हेलिएको सुधिरको अवस्था अज्ञात रहेको देखाएर कथाको अन्त्य भएको छ !

जीवनमा बाबुको महत्त्व दर्शाएको भावनाप्रधान कथा हो उपहार ! परदेश गएका बाबुको घर फिर्तीको घटनाले सबै परिवारमा खुसी फर्किएको देखाएर एउटा मीठो कथाको सिर्जना भएको छ ! यस कथाले पाठकलाई दुःख भए पनि परिवारमा सँगै बस्नुपर्छ भन्ने सन्देश दिएको छ !

बुनु सुन्दर कथानक भएको पारिवारिक कथा हो ! बनीतालाई प्यारले बुनु भनिएको ! उनको वरिपरि कथानक घुमेका कारण कथा पठनीय छ ! प्रजातान्त्रिक आन्दोलनका मिहेनती अगुवा छविलाल काकाको चरित्र चित्रण पनि दमदार रहेको छ ! प्रजातन्त्र ल्याउन शहर गएका छविलाल काका देशमा प्रजातन्त्र आए पनि उनी गाउँ फर्केर नआएको घटनाक्रमबाट कथा समाप्त भएको छ ! यो पनि सफल कथाको सचीमा पर्न सक्ने कथा हो !

सूर्यप्रसाद लाकोजूको कथा-सङ्ग्रह "सत्याग्रह" अहिले चलिरहेको कथा लेखनको धारभन्दा केही फरक रहेको सहजै महसुस गर्न सकिन्छ ! सामान्य र बौद्धिक दुबै प्रकारका पाठकलाई उत्तिकै छुन सक्ने कथाहरू हुन् यी ! सामान्यभन्दा सामान्य विषयलाई पनि सुन्दर ढङ्गले कथामा खिपेका छन् उनले ! हुन त यी विषयहरू नयाँ होइनन् तर पनि कथाकारको लेखन शिल्पका कारण हरेक कथाहरू पृथक् र स्वादिला बनेका छन् ! कथाकारले सामयिक चेत र सामाजिक यथार्थवादी धरातललाई बलियोसँग पक्डेका छन् ! अनि कथाहरू कथाजस्ता लाग्छन् !

यति भन्दै गर्दा मनको एउटा भागबाट स्वाभाविक रूपमा प्रश्न उठ्न सक्छ ! के यी कथाहरू सर्वगुण सम्पन्न छन् त ? के यी कथाहरूमा कुनै कमजोरी नै छैनन् त ? स्तरीयताको तुलोमा तौलँदा कति प्रतिशत सफल होलान् यी कथाहरू ? त्यसो त सूर्य मूलतः कवि नै हुन् ! जतिसुकै राम्रो लेख्ने प्रयास गरे पनि उनको यो कथा-सङ्ग्रह पहिलो नै हो ! त्यसो हुँदा उनका कमजोरी पनि छन् ! नभएका होइनन् ! उनको पहिलो कमजोरी हो - उनका अधिकांश कथाहरू वर्णनात्मक शैलीका छन् ! कथामा अधिकाधिक सम्वादात्मक शैली प्रयोग गर्नु राम्रो हो ! कथाकारले महत्त्वपूर्ण कुरा जे भन्नु पर्ने हो, त्यो आफैंले नभनेर पात्रमार्फत भन्न लगाउनु कथाकारको सफलता हुन जान्छ ! हरेक कथाहरूमा कथाकारले गहन र प्रभावकारी अभिव्यक्तिहरू व्यक्त गरेको अवस्था छ ! ती पात्रमार्फत भनाइएको भए कति राम्रो हुने थियो !

कथाकारको दोस्रो कमजोरी भनेको वर्णविन्यास र शुद्धाशुद्धिमा हो ! कतिपय ठाउँमा पदसङ्गति मिलेको पाइँदैन ! पेज नम्बर २३ मा "उनीहरू टुहुरो भए", पेज नम्बर ३३ मा "पोको मारेर", पेज नम्बर ३५ मा "जाति हुनुहुन्छ" का सट्टामा "उनीहरू टुहुरा भए", "पोको पारेर", "जाती हुनुहुन्छ" लेख्न पाएको भए पक्कै पनि पाठकको दाँतमा ढुङ्गा लाग्ने थिएन ! दुईभन्दा बढी पात्रहरूका भनाइहरूलाई पनि एउटै अनुच्छेदमा राख्नाले अलिअलि खल्लो बनाएको अवश्य छ कथालाई !

यी र यस्ता कमजोरीहरू सामान्य नै हुन् ! पाठकले लेखकलाई माफै गर्न नसक्ने खालका कमजोरी होइनन् ! आगामी संस्करणमा यस्ता कमजोरीहरू हट्नेछन् भन्ने विश्वास गर्न सकिन्छ ! यस्ता सानातिना कमजोरीमा आँखा चिम्लँदा " सत्याग्रह " पठनीय छ ! स्तरीय छ !

**वागमती ११, कर्मैया, सर्लाही**

०००

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।**

लेख

# मुकुन्डो

**✍काशीनाथ मिश्रित**



म साँच्चै म होइन । मेरो अनुहार पनि यो होइन । अहिलेसम्म मलाई कसैले चिन्न सकेको छैन । यसैमा म गौरवान्वित छु । मलाई चिन्न मेरो मुकुन्डो फुकाल्नुपर्छ । नक्कली अनुहार उतार्नुपर्छ । तर त्यसो गर्ने दुस्साहस कसले गर्ने ? म सक्कली रूपमा देखिनै सक्दिनँ । केवल मुकुन्डोधारीका रूपमा मात्र प्रकट हुन सक्छु । यो मेरो मात्र होइन तँ, तिमी, तपाईँ र हजुर सबैको बाध्यता हो । मान्छे मान्छे जस्तो लाग्ने हाम्रो टाउको साँच्चै मान्छेको हो होइन कसैले चिन्न सकेको छैन । अब सायदै सक्ला । मैले भनिहालेँ नि म सक्कली म हैन भनेर । देखिएको म त केवल मेरो मुकुन्डो हो । मैले ठोकुवा गर्छु कि यो संसारै मुकुन्डाहरूको संसार हो, मान्छेहरूको होइन ।

अब हामी मान्छे हौँ भनेर कसैले विश्वास गर्छ भने त्यसलाई महामूर्ख भनिदिए हुन्छ । मान्छे हुनका लागि मान्छेको व्यवहार चाहिन्छ, आचरण चाहिन्छ, मानवता चाहिन्छ । खप्पर मात्र मान्छे जस्तो देखिने भएर हुँदैन । खप्पर एउटा र व्यवहार अर्को भएपछि कसरी मान्छे भन्ने ? मुकुन्डो नै भनिदिए के फरक पर्छ र ? तर यस कुरामा झट्टै कोही सहमत हुँदैन । अझ पनि उसले आफूलाई मुकुन्डो भनेको मन पराउँदैन । आफूलाई मान्छे नै भन्न रुचाउँछ । यस्तो खराब नाम किन राखौँ भनेर उसलाई कसैले राम, कसैले श्याम त कसैले गणेश वा गोबरगणेश जे पनि भनिरहेका हुन्छन् । मलाई पनि त त्यस्तै केही भनिरहेका छन् - घनश्याम, बिस्नु, दाइ, बा, बाजे, भाइ, ज्वाइँ आदि ।

म एक दिन मान्छेको खोजीमा निस्कैँ सहरतिर । सम्भवतः त्यो नेपालको राजधानी काठमाण्डौ नै होला । निकै भौतारिएँ । अँहँ, कतै मान्छे देखिएन । घचेटाघचेट गरेर दौडिरहेका थिए मुकुन्डाहरू ! कतै बस चढ्दै थिए, कतै सामान किन्दै र कतै बेच्दै थिए । कतै खुला मन्चमा भाषण गर्दै थिए । तर सबै म जस्तै मुकुन्डाहरू नै थिए तिनीहरू । परिचितभन्दा अपरिचित मुकुन्डाहरू निकै धेरै । रत्नपार्कको छेउमा एउटा मान्छे हो कि जस्तो केही देखेर नजिकै पुगेँ । मैले अनुमानले हनुमान उतारेको थिइन । नभन्दै त्यो मान्छे नै रहेछ । अरू मुकुन्डाहरू वरिपरिबाट उसलाई गिज्याइरहेका थिए । ऊ सत्य बोलिरहेको थियो । यथार्थ कुरा गरिरहेको थियो । वास्तविकता ओकलिरहेको थियो । कस्तो उल्लु रहेछ त्यो मान्छे? यो मुकुन्डाहरूको संसार हो भन्ने पनि नबुझेको । सबैले उसको कुरालाई तिरस्कार गर्दै पिच्च भुइँमा थुकेर भन्दै थिए 'हैट् पागल पो रहेछ !' अनि लागेँ भोले बाबाको मन्दिरतिर ।

पशुपतिको बगलमा एउटा मुकुन्डो प्रवचन दिइरहेको थियो । यसो नियालेँ, परिचित मुकुन्डो रहेछ । मेरो मुकुन्डोभित्रको गिदी घुम्न थाल्यो विगततिर । त्यो मुकुन्डो त्यही थियो जसले सात कक्षामा पढ्दा एउटी केटीलाई लभ लेटर पठाउने गरेको थाहा पाएर हेड मास्टरले तोरीका फूल देखुन्जेल गाला चड्काएपछि स्कुल छोडेर बेपत्तिएको थियो । सुन्थेँ भागेर हरिद्वारतिर लाग्यो रे ! अहिले स्वामी सद्गुरु श्री सच्चिदानन्द सत्येश्वर सरस्वती बनेर आएछ । वरिपरि थुप्रै अन्धभक्त मुकुन्डाहरू उसको प्रवचनमा लट्ठिएका देखिन्थे । अझ बीच बीचमा ५ सयका नोट फ्याँकेको देख्दा त पैसा कमाउन मुकुन्डो नभिरी नहुने ठहर गरेर बटारिएँ बानेश्वरतिर ।

बानेश्वरमा बडेमानको बिल्डिङभित्र बस्ने वरिष्ठ बेपारी बिर्खबहादुर बानियालाई मैले नचिन्ने कुरै भएन । ऊ मेरो बालककालदेखिको सहपाठी । सात कक्षामा पढ्दा सत्र वर्षको हुँदो हो । सनक्क सन्कन र फनक्क फन्कन उसलाई कसैले भेटाउँदैनथ्यो । सातवटै विषयमा सातभन्दा माथि अङ्क ल्याएको कहिल्यै जानिएन । सात चोटि फेल भएपछि स्कुल आउन छोडेको थियो । छिमेकी साहिँली आमैको सुनको सित्री सट्काएर सिलाङतिर सुइँकेको थियो मोरो । सात वर्षपछि आउँदा साहूको सन्दुस सुइँक्याएर ल्याएछ र सात तले घर ठड्याएर बेपार थालेछ । दिउसो सेतो धन्धा, राती कालो धन्धा र साँझमा खैरो खैरो जस्तो रङ नछुटिने धन्धा चलाउँछ भन्ने त पहिले नै सुनेको थिएँ । अहिले प्रत्यक्ष देखेँ । त्यो मुकुन्डोले पनि मलाई चिन्ने कुरै भएन । सत्ताइस साल भएछ भेट नभएको । मैले पनि त कतिवटा मुकुन्डा थपेँ त्यसलाई के थाहा ? एक मनले त भनेको थियो पुरानो परिचय पुनर्जागरण गराएर पापका पोका फुकाइदिऊँ तर अर्को मनले छोड्दे भन्यो र कीर्तिपुरतिर जान कम्मर कसेँ ।

प्रोफेसर पटपटानन्द पाण्डे पुरानो परिचित मुकुन्डो हो मेरो । भुटेका भटमास पड्के जस्तो पटपट बोलिरहनु उसको मुख्य विशेषता हो । अरू कसैको नमिले पनि नामअनुसारको काम उसलाई मिलेको रहेछ । प्रत्येक दिन बिहान दिउसो र साँझ गरेर पाँच पिरियड पट्पटाउन पाउँदोरहेछ । ऊसित भेटेपछि डाक्टरको दर्जा पनि थपेको नयाँ ढङ्को परिपाठ लाइी । कति चाँडै बिर्सिसकेछ उसले विगत ! एसएलसीमा धेरै अङ्क ल्याउनका लागि नङमा चिट च्यापेर मेरै अगाडि भनेको थियो 'यति भए पनि सङ्केत त भैहाल्छ नि !' प्रमाणपत्र तहमा पढ्दा राजनीतिमा लागेर स्ववियु जितेपछि गार्डलाई धम्क्याएर पुस्तक पसलबाटै परीक्षा दिएको कथा मलाई आफैले सुनाएको थियो । स्नातक पढ्दा ग्यास पेपर सारेको कुरा सबैलाई भनेन होला तर डिग्रीको थेसिस भने किनेर दिएको कुरा उसले नबताए पनि विश्वस्त सूत्रले मलाई बताएको हो । यी सबै उसका मुकुन्डाहरू उतार्ने हो भने कसले पत्याउँछ र, त्यही मुकुन्डो हो भनेर । साथीको सत्कारस्वरूप टकारेको टर्रो चियाको चुस्की लिएपछि लागेँ चोभारतिर ।

चोभार पुग्दा अचानक जम्का भेट भयो पत्रकार चटपटानन्द चतुरचरण चौलागाईंसित । उसलाई चलाखीमा चाणक्यलेसमेत भेटाउन सक्दैनथे भने अरूको कुरै गर्नु परेन । पत्रकार बनेको चार वर्षमै चौराहामा चार तले महल ठड्याएको थियो । तस्करहरूको ताबेदारी गरेर होस् वा गुन्डाहरूको ग्याङलाई पुलिसको फन्दाबाट बचाएर होस् ; भ्रष्टाचारीको पोल खोल्ने धम्की दिएर होस् वा ठगदारहरूसित कमिसन लिएर होस् उसले टन्नै दाम कमाएको थियो । द्वन्द्व कालमा उसको त्यो प्रगति चाल पाएका विद्रोहीहरूले धम्क्याएपछि भने आफू अपहरणमा परेको नाटक गरेर अमेरिका हानिएको थियो । अहिले यताको भिजिट भिसामा पो आएको रहेछ मुकुन्डो । मलाई देखेपछि यो जैरे देशमा के बस्छौ ? हिँड जाऊँ अमेरिका भनेर ङिच्च दाँत देखायो । मैले पनि 'जहाँ गए पनि तरबारको धारमा हो जीवन चलाउने, भएको घरबार छोडेर जान्नँ म अमेरिकासमेरिका !' भनेर लागेँ सिंहदरबारतिर ।

प्रिय पाठकवर्ग ! मेरो ठोकुवा छ तपाईंहरू पनि मुकुन्डोधारी नै हुनुहुन्छ । नपत्याए फर्कनुहोस् विगततिर र खोल्नुहोस् क्रमशः आफ्ना मुकुन्डाहरू । होइन, म मुकुन्डो होइन भन्नुहुन्छ भने तपाईं आफैलाई ढाँट्दै हुनुहुन्छ । अब म मेरा एकदुईवटा मुकुन्डाहरू तपाईंहरूसमक्ष खोलेर पछार्नेछु । हेर्दै जानुहोस् ।

अँ त म जाँदै थिएँ क्यारे सिंहदरबार । गेटमा दायाँ बायाँ बसेका दुईवटै पुलिसका मुकुन्डाहरूलाई मैले चिनेँ । उनीहरूले त मलाई के चिन्थे ! गेट पास माग्यो बायाँतिरकाले । मैले बाहिरी मुकुन्डो खोलेँ अँहँ चिनेन । मैले उसलाई

चिनाउन खोजेको मुकुन्डो थियो चेलीबेटी बेचबिखनको । त्यसबेला मैले सीमा कटाउन किर्ते बिहे गरेर हिँडालेकी केटी साह्रै राम्री थिई जसलाई देखेर उसले सिनो देख्दा स्यालले ऱ्याल काढेझैँ ऱ्याल काढेको थियो । मलाई गिरफ्तार गरेर केटीलाई उन्मुक्ति दिलाउने नाममा गाडीमा अज्ञात स्थलतिर लगी भोग गरेको थियो । आफ्नो रहर सकिएपछि अर्को र फेरि अर्को गर्दै अस्मिता लुटेका थिए ती मुकुन्डाहरूले । त्यसपछि बेश्यावृत्तिमा लाग्न बाध्य भएकी थिई ऊ देशभित्रै । यो काण्डपछि मैले त्यस व्यवसायबाट हात धोएर अर्कै पेशा थालेको थिएँ ।

दायाँतिर फर्केर मैले फेरि अर्को मुकुन्डो खोलिदिएँ । त्यस पुलिसले भने स्पष्ट चिन्यो । नचिन्नुपर्ने कारणै थिएन । मैले गाँजा, चरेस र सुन तस्करी गर्दा उसैसित मिलेर गरेको थिएँ । आधा आधा रकम बाँडेर लिने सम्झौता भएको थियो ऊसित । ऊ सरुवा भएपछि साह्रै सट पऱ्यो । मैले पनि त्यो पेशाबाट सरुवा हुनुपरेकै हो । छर्लङ्ग चिनेपछि उसले बायाँको पुलिसलाई हप्काउँदै भन्यो, 'साला जान दे, मान्छे चिन्दैनस् ?' उसले मुस्काउँदै आँखा सन्काएपछि छिरेँ सिंहदरबारभित्र छेपारालेझैँ रङ बदलेर ।

सिंहदरबार छिरेपछि सरासर लागेँ युवा, महिला तथा बालबालिका मन्त्रालयतिर । उक्त मन्त्रालयको मन्त्री मुकुन्डो मेरै पहलमा चुनाव जितेर गएको कमलकान्त कटुवाल थियो । उसलाई भूमिगत कालमा आफ्नै घरमा पालेको बुढो गोरूको ह्याँकुलो पोलेर खुवाएको हुँ । यतिमात्र हो र उसका आसेपासेलाई कैयौँ छाक खाना खुवाएर लुकाउनुपरेको थियो । पछि बैङ्क लुट्ने कार्यमा उनीहरूसितै हिँडियो । नत्र त आज कसरी चुनाव जित्न सक्थ्यो र ? सबैलाई थाहा छ चुनाव जित्न आँट मात्र भएर हुँदैन गाँठ पनि चाहिन्छ । मलाई देख्नासाथ भन्यो, 'ओहो ! लम्फुदास लम्सालजी, भन्नोस् के सहयोग गरूँ ?' मैले पनि चाकडीको भाषा बोलिदिएँ 'यहाँको सधै आशीर्वाद रहोस् मन्त्रीज्यू, परेका बेला मागिहाल्छु नि, अहिलेलाई ठिक छ ।'

मैले खोलेका केही मुकुन्डाहरूका आधारमा अनुमान गर्नुभयो होला म को हुँ भनेर । तर चिन्न भने अझै सक्नुहुन्न । मेरा यस्ता थुप्रै मुकुन्डाहरू हुन सक्छन् । ती सबैलाई क्रमशः उघार्दै जाने हो भने पनि म फेला पर्ने छैन । अन्त्यमा पनि मेरो मुकुन्डो नै देखापर्नेछ । वास्तविक म देखिने हो भने मलाई रत्नपार्कको मान्छेलाईझैँ तपाईहरूले पनि पागल भन्नुहुनेछ । त्यसैले अहिलेलाई मेरो परिचय मुकुन्डोमै सीमित राखौँ कि !!

**रुरुक्षेत्र ५, गुल्मी ।**

लेख

# कवि नारद गौतमको शब्दका छर्रा सर्सर्ती पढ्दा



✍प्रा. डा. हिरण्यलाल ज्ञवाली

वि.स.२०११ साल श्रावण २४ गते पिता जीवलाल गौतम र माता केशवकुमारी गौतमका सुपुत्रका रूपमा गुल्मी जिल्लाअन्तर्गत रुरुक्षेत्र-४ बलेटक्सार, चौतारामा जन्मी हाल तिलोत्तमा न.पा. रूपन्देहीमा बसोवास गर्नुहुने नारद गौतम बाल्यकालदेखि नै साहित्यसिर्जनामा लाग्नुभएको हो । प्रारम्भिक शिक्षा घरमै लिई भारतको हृषीकेशबाट एस.ई.ई. सरहको पूर्वमध्यमा र कक्षा १२ सरहको उत्तरमध्यमा पूरा गर्नुभएका उहाँले नेपाल संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा स्नातक तहको अध्ययन पूरा गर्नुभएको छ । लामो समयसम्म शिक्षण पेसामा संलग्न रही हाल सेवानिवृत्त हुनुभएका गौतम अद्यावधि साहित्यसिर्जनामा सक्रिय देखिनुहुन्छ । उहाँ नेपाली साहित्यको आधुनिक कालका वरिष्ठ छन्दकविका रूपमा सुपरिचित हुनुहुन्छ । वि.स. २०२८ मा तत्कालीन संस्कृत प्रधान पाठशाला (हाल : संस्कृत तथा साधारण मा.वि., रिडी) द्वारा प्रकाशित 'कालीगण्डकी' पत्रिकामा 'आमा' शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्यिक यात्राको आरम्भ गर्नुभएका गौतमको प्रथम पुस्तकाकार कृति 'रमा' शोककाव्य (२०५१) हो । साहित्य-सिर्जनामा निरन्तर संलग्न उहाँको गीत तथा सङ्गीतका क्षेत्रमा समेत उत्तिकै रुचि रहेको पाइन्छ । उहाँद्वारा सिर्जित गुल्मीगान निकै लोकप्रिय छ जसको स्वरबद्ध र छायाङ्कनसमेत गरिएको छ । त्यसका अतिरिक्त उहाँको 'हेर हेर सगरमाथा' बोलको गीत पनि स्वरबद्ध तथा छायाङ्कन गरिएको छ । दुवै गीतका सङ्गीतकार उहाँ नै हुनुहुन्छ । जीवन-यात्राका सातदशक र साहित्यिक-यात्राका साढे पाँचदशक पार गरिसक्नुएका कवि नारद गौतमका पुस्तकाकार कृतिको सङ्ख्या न्यून भए पनि उहाँका कृतितुल्य फुटकर रचना प्रशस्त छन् ।

संस्कृत भाषा, व्याकरण, साहित्य आदिको अध्ययन गर्नुभएका गौतमका सिर्जनामा पूर्वीय दर्शनको प्रभाव परेको पाइन्छ । विशेषतः उहाँ संस्कृत साहित्यका महाकवि कालिदासका साथै भारवि, माघ आदिबाट प्रभावित देखिनुहुन्छ । वैचारिक भावधाराका दृष्टिले स्वच्छन्दतावादी कविका रूपमा चिनिने कवि गौतम शैलीका दृष्टिले परिष्कारवादी धाराका कवि मानिनुहुन्छ । विगत साढेपाँच दशकभन्दा लामो समयदेखि अविश्रान्त साधनारत भई नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान पुऱ्याएबापत उहाँ विभिन्न साहित्यिक तथा सामाजिक संस्थाहरूद्वारा पुरस्कृत तथा सम्मानित हुनुभएको छ । प्रलेस नेपाल, अलिमियाँ लोकसाहित्य प्रतिष्ठान, किरण पुस्तकालय, लोकवार्ता परिषद्, लुम्बिनी वाङ्मय प्रतिष्ठान रूपन्देही, बुल्डेक गुल्मी, जनता क्याम्पस दाङ, संस्कृत मा.वि. रिडी, आदर्श मा.वि. दिगाम, नेपाली छात्रसङ्घ ऋषिकेश आदि सङ्घ-संस्थाहरूबाट पुरस्कृत तथा सम्मानित गौतम किरण पुस्तकालय, तम्घासबाट प्रदान गरिने जानकीदेवी साहित्य पुरस्कारबाट र नव जागृति पुस्तकालयद्वारा स्थापित राष्ट्रकवि माधवप्रसाद घिमिरे साहित्य पुरस्कार-२०८० बाट समेत पुरस्कृत तथा सम्मानित हुनुभएको छ । यी पुरस्कारका अतिरिक्त उहाँले अन्य विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ ।

कवि नारद गौतमको हालै प्रकाशित कवितासङ्ग्रह 'शब्दका छर्रा' लोकार्पित हुनुपूर्व यो लेख लेखिंदैछ । यसमा उक्त कृतिको सङ्क्षिप्त परिचय मात्र दिइएकाले यसलाई समीक्षात्मक नभएर कृतिपरिचयात्मक लेख भन्दा उपयुक्त होला । प्रस्तुत कृतिको नाम 'शब्दका छर्रा' दुई शब्दले बनेको छ जो प्रतीकात्मक तथा आकर्षक देखिन्छ । 'शब्दका' भेदक विशेषण हो भने 'छर्रा' विशेष्य (नाम) हो । छर्रा भन्नाले बन्दुक पड्कँदा छरिने बारूद वा काँचका स-साना टुक्रा भन्ने बुझिन्छ । त्यस्तै बगरको बालुवा तथा ढुङ्गा पिंधेर बनाइएका ससाना कणहरूलाई पनि छर्रा भनिन्छ । जुनसुकै अर्थमा यसको नाम सार्थक देखिए तापनि यसमा सङ्गृहीत अधिकांश कविताहरूको अध्ययन गर्दा पहिलो अर्थ बढी उपयुक्त देखिन्छ । प्रस्तुत सङ्ग्रहमा सामाजिक, धार्मिक र उत्तरापेक्षी गरी तीन खण्ड रहेका छन् । सामाजिक खण्डअन्तर्गत ८१ वटा कविता र धार्मिकअन्तर्गत २८ गरी यसमा जम्मा १०९ शीर्षकका कविता रहेका छन् भने उत्तरापेक्षी खण्डको पहिलो चरणमा १४ र दोस्रो चरणमा २८ गरी जम्मा ४२ वटा पद्य रहेका छन् ।

विषयका दृष्टिले यसमा सामाजिक, धार्मिक, विषयका कविता सङ्गृहीत छन् । सामाजिक विषयअन्तर्गत नेपाली संस्कृति, प्रकृति, राजनीति, राष्ट्र, राष्ट्रियता, देशप्रेम, नैतिकता, मानवता, शिक्षक, विद्यार्थी, दर्शन, धनको महत्त्व, शिक्षाको महत्त्व, गुरुभक्ति, नारीशक्ति, मातापिताप्रतिको भक्ति आदि अनेक कुरा समेटिएका छन् । यसमा सङ्गृहीत अधिकांश कविता नैतिक सन्देशमूलक रहेका छन् । धार्मिक विषयअन्तर्गत स्नान, तुलसी, बेलपत्र, अमलाको वृक्ष, देवी-देवता, परम्परागत मूल्य र

मान्यता, शुद्ध आहार र विहार, श्राद्धकर्म, षष्ठीपूजा, षष्ठीदेवी, गौमाता, काली गण्डकी, स्मृतिवचन आदि विषय र शीर्षकका कविताहरू समाविष्ट छन् । त्यस्तै उत्तरापेक्षी शीर्षकको तेस्रो खण्डअन्तर्गत ४२ वटा प्रश्नात्मक श्लोक रहेका छन् । ती श्लोकले पाठक तथा श्रोताबाट उत्तरको अपेक्षा गरेका छन् । पाठक वा श्रोताले पहिल्याउन सकेमा कतिपय प्रश्नको उत्तर सम्बद्ध श्लोकमा नै अन्तर्निहित रहेको बुझिन्छ । नेपाली लोकसाहित्यअन्तर्गत पर्ने यस्तै प्रकृतिका श्लोकलाई अड्को थाप्ने, सिलोक, कवित्त, कूटपद्य, प्रहेलिका आदि नाम दिएको पनि पाइन्छ । पहिले पहिले कतिपय ठाउँमा बिहेका अवसरमा वरपक्षबाट बेहुलीपक्षका घरमा जन्ती पुगेपछि वरपक्ष र वधूपक्षका बीच यस्तै श्लोक भनेर बौद्धिकताको परीक्षण हुने गर्थ्यो । यसलाई शास्त्रीय बहस वा शास्त्रार्थको संज्ञा पनि दिने  गरिन्छ ।

लयका दृष्टिले हेर्दा यसमा सङ्गृहीत सम्पूर्ण कविता लयबद्ध देखिन्छन् । यस सङ्ग्रहका तीनवटा कविता गीति लयका छन् भने बाँकी सम्पूर्ण कविता शास्त्रीय छन्दमा रचिएका छन् जसअन्तर्गत शार्दूलविक्रीडित छन्दका ६९, अनुष्टुप् छन्दका १०, वसन्ततिलका छन्दका ९, उपेन्द्रवज्रा छन्दका ५ र इन्द्रवज्रा छन्दका ४ वटा कविता रहेका छन् । त्यस्तै मन्दाक्रान्ता, उपजाति र वंशस्थ छन्दका दुई-दुईवटा कविता रहेका छन् भने स्रग्धरा, शिखरिणी र द्रुतविलम्बित छन्दका एक-एकवटा कविता समाविष्ट छन् । यसमा सङ्गृहीत चन्द्र-सूर्यसंवाद, गुल्मीगान र देवप्रार्थना नामक तीनवटा कविता गीति लयमा आबद्ध देखिन्छन् । उत्तरापेक्षी खण्डका ४२ श्लोकमध्ये ४१ वटा श्लोक शार्दूलविक्रीडित छन्दमा र एउटा श्लोक वसन्ततिलका छन्दमा रचिएको पाइन्छ ।

यसमा सबभन्दा लामो कविता हाम्रो पुरुषार्थको पुरुषार्थ हो जो १० श्लोकमा रचिएको छ । त्यस्तै दोस्रो लामो कविता 'सरस्वतीको सराप लक्ष्मीलाई' हो । उक्त कविता ७ श्लोकमा रचिएको छ । यी कविताका अतिरिक्त अन्य सबै कविता छ श्लोकी छन् । यसमा रहेका अधिकांश कविताका माध्यमबाट कविले सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भाषिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृतिमाथि शब्दका छर्रा प्रहार गरेर सम्बद्ध व्यक्तिलाई सचेत गराएका छन् । ती छर्रा घातक होइनन् सचेतक हुन् । कतै भ्रष्ट तथा बेइमान नेता र शासकलाई शब्दका छर्राले हिर्काउँदै सही बाटामा लाग्नका लागि पथप्रदर्शन गरेका छन् भने कतै मानवताको गुणगान गरेका छन् ।

अलङ्कारप्रयोगका दृष्टिले पनि यो कृति निकै महत्त्वपूर्ण देखिन्छ । यसमा विभिन्न प्रकारका शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ; सबै कवितामा अन्त्यानुप्रास मिलेको पाइन्छ । कतिपय शब्दालङ्कारको प्रयोग सचेततापूर्वक गरिएको

छ । यसरी अनेक अलङ्कारहरूद्वारा सुसज्जित यो कृति थरीथरीका रसले भरिएको छ ।

प्रायः छन्दमा कविता लेख्ने अधिकांश कविले छन्द मिलाउनका लागि व्याकरणको नियमलाई लत्याउने, अनावश्यक शब्दको प्रयोग गर्ने गरेको पाइन्छ । यो कृति पढ्दा कवि नारदजी त्यस रोगबाट धेरै मात्रामा मुक्त भएको बुझिन्छ । यसमा समाविष्ट कतिपय कविताहरू विद्यालयीय अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि उपयोगी हुने खालका छन् भने कतिपय कविता वयष्कहरूका लागि र कतिपय कविता जीवनको उत्तरार्धमा पुगेका वा सेवाबाट अवकाशप्राप्त जीवन यापन गरिरहेका व्यक्तिहरूलाई लक्षित गरी लेखिएका छन् । राजनीतिक, प्रशासनिक, आर्थिक आदि क्षेत्रमा संलग्न विशेष जिम्मेवारी वहन गरिरहेका व्यक्तिहरूले यो कृति पढ्नुपर्ने र यसमा लेखिएका कुरालाई आत्मसात् गरी आ-आफ्ना कमीकमजोरीहरूलाई सच्याउनुपर्ने देखिन्छ । यसरी यसमा समाविष्ट कविता हरेक क्षेत्र र उमेरसमूहका लागि उपयोगी छन्; पठनीय छन् । कतिपय ठाउँमा गुल्मीतिर बोलिने स्थानीय भाषिकाको प्रयोग भए तापनि अन्य क्षेत्रका पाठकहरूका लागि यसमा सङ्गृहीत कविता दुर्बोध्य देखिदैनन् । प्रस्तुत कृतिको नाम सार्थक र उपयुक्त भएजस्तै डा.नेत्रप्रसाद न्यौपानेद्वारा लेखिएको 'शब्दका छर्रा' कवितासङ्ग्रहमाथि समीक्षात्मक भूमिका नाम दिइएको भूमिका पनि नामअनुरूप सार्थक र उपयुक्त देखिन्छ जसअन्तर्गत यसको साङ्गोपाङ्ग समीक्षा गरिएको छ ।

लेखन, टङ्कण र मुद्रणका क्रममा कतैकतै स-साना त्रुटि भए तापनि ती त्रुटि नगण्य मानिन्छन् । त्यो स्वाभाविक पनि हो । भनिएको पनि छ

**गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः**
**हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ।**
अर्थात्
**हिंड्दा हिंड्दै कुनै यात्री लड्न सक्छ कतै कहीं**
**दिन्छन् सज्जनले साथ हाँस्छन् दुष्टहरू त्यहीं ।**

यसै सन्दर्भमा प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत (पृष्ठसङ्ख्या ८०मा रहेको) 'साहित्यविधा र मूल्याङ्कन' शीर्षक कविता निकै मननीय देखिन्छ । त्यसका केही अंश यस प्रकार रहेका छन् :

**छन् साहित्यविधा विभिन्न, रुचिमा व्यक्तिन्छ त्यो सिर्जना**
**शैली हुन्छ पृथक्-पृथक् स्वविधिमा जन्मन्छ त्यो साधना**
**त्यस्को भाव र सीप-शब्द सतही जान्दैन त्यस्तै बस्यो**
**केलाएन नि भिन्नता र क्षमता यो रोग यस्मा पस्यो ।**

साहित्यको मूल्याङ्कनमा हुने गम्भीर त्रुटिलाई तलका पङ्क्तिमा देखाइएको छ :

**टप्क्यो एक चिनिन्न व्यक्ति, रचना राम्रो छ उत्कृष्ट छ**
**त्यस्मा घात हुँदो रहेछ बुझियो श्रोता त आकृष्ट छ ।**

राम्रो होइन हाम्रा मान्छेको रचनालाई पुरस्कृत गर्ने कुप्रवत्तिलाई यसमा यसरी प्रस्तुत गरिएको छ :

**लाग्यो रोग छ भेदभाव अहिले गर्दिन्छ दाँज्ने जन**
**आफन्ती र बसाउठी निकटका भेटे खुलायो मन**
**आफ्नो हैन समूहको यदि भने त्यो निम्नमा पर्दियो**
**खुम्च्याए यसरी अनेक प्रतिभा गर्ने यसै गर्दियो ।**

अयोग्य व्यक्तिको मूल्याङ्कन हुँदाको परिणतिलाई यसरी देखाइएको छ :

**जेमा दख्खल छैन हेर्न त्यसमा आउन्न है अक्कल**
**छन् मूल्याङ्कनमा त्यसै किसिमका आफै छ त्यो दुर्बल**
**जे हेर्ने छ विधा त्यता छ रचना गर्ने भने जान्दछ**
**जस्को छैन त्यता बुता पहुँच नै सामान्य त्यो मान्दछ ।**

यसको अन्त्यमा तलका श्लोकमा छन्दोबद्ध कविताको महत्त्व दर्साउँदै त्यसको र अन्य विधाको मूल्याङ्कनकर्ता बनाउँदा कुरामा विशेष सजगता अपनाउनका लागि आग्रह गरिएको छ :

**बाँच्छन् भावक छन्दमा छ रचना बुझ्दैन सामान्यले**
**जस्मा मिल्दछ छन्दशिल्प त्यसले तौलन्छ सामर्थ्यले**
**त्यस्तै हो नि सबै विधा गहिरिई होओस् न मूल्याङ्कन**
**होला मित्र परन्तु छैन क्षमता त्यस्मा नराखौं जन ।**

यसै कवितालाई ध्यानमा राखी यहाँ प्रस्तुत कृतिको समीक्षण गर्दा विशेष सतर्कता अपनाइएको छ ।

मथुरा गौतमद्वारा प्रकाशन अभिभारा वहन गरिएको सुन्दर आवरण र कलेवरमा सजिएको, बाह्य आवरणबाहेक १७६ पृष्ठ रहेको यस कृतिको मूल्य रू. ४००/०० रहेको छ । यसमा उल्लेख गरिएका कुराहरू जीवनोपयोगी, ज्ञानवर्धक र मननीय छन् । त्यसैले यो कृति पठनीय र सङ्ग्रहणीय छ । समष्टिमा समकालीन नेपाली साहित्यका छन्दोबद्ध कविता-सङ्ग्रहमध्ये यस कृतिले अग्रणी स्थान पाउने कुरामा विश्वस्त हुन सकिन्छ ।

आजभन्दा ३१ वर्षअघि 'रमा'नामक बाल शोककाव्य प्रकाशन गरिसक्नुभएका नारद गौतमजीले ३१ वर्षपछि मात्र यो कृति प्रकाशन गरे पनि भविष्यमा उहाँबाट साहित्यिक कृतिहरू धमाधम प्रकाशन भइरहनेछन्, यही विश्वासका साथ अन्त्यमा केही कवितात्मक शुभेच्छाका साथ बिदा हुन्छु :

**कवि नारदको नौलो कृति हात पर्‍यो जसै**
**अत्यन्त रुचिका साथ पढिहालें खुसी हुँदै**
**पढ्दा-पढ्दै अरू सारा काम मैले भुलें सबै**
**समीक्षात्मक मन्तव्य पद्यमा यी दिंदैछु है ।**

**कविले शब्दका छर्रा बर्साई सृष्टि गर्दछन्**
**सुतेका जनतालाई जुरुक्क उठ भन्दछन्**
**रोमरोम खडा हुन्छ यी छर्रा पढियो भने**
**मन-मस्तिष्कमा झट्का दिन्छ वर्षा भयो भने ।**

**छर्रामा देख्न पाइन्छ कतै पूर्वीय दर्शन**
**कविबाट भएको छ यहाँ राष्ट्रिय चिन्तन**
**यहाँ प्रकृति पाइन्छ यहीं नै धर्म-संस्कृति**
**कविले गर्दछन् चिन्ता देखी सर्वत्र विकृति ।**

**कूटपद्य यहाँ पाएँ मथिङ्गल खियाउने**
**तीखो व्यङ्ग्य यसैमा छ भ्रष्टलाई रूवाउने**
**बन्दुकबाट निस्केका छर्रा बारूदका नयाँ**
**प्रहार गरिएको छ सिधै लक्षित ठाउँमा ।**

**सिङ्गो समाजको रूप छ सामाजिक खण्डमा**
**धर्म-संस्कृति देखिन्छ दोस्रो धार्मिक खण्डमा**
**कूटपद्यहरूद्वारा तेस्रो खण्ड छ सज्जित**
**गरिएर यहाँ प्रश्न छ उत्तर प्रतीक्षित ।**

**रस-भाव-अलङ्कार शब्दशक्ति समन्वित**
**विचार कल्पनायुक्त भाषा-शैली परिष्कृत**
**यसरी नै यहाँबाट आऊन् कृति नयाँनयाँ**
**बधाई छ बधाईका साथमा शुभकामना !**


**-तिलोत्तमा, रूपन्देही ।**

**ooo**

# हुलाक टिकटमा स्व.पं. ऋषिराम पन्थी

✍डा. रामराज पन्थी

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले हुलाक टिकटको माध्यमबाट नेपालको संस्कृति, कला, इतिहास र मौलिक परम्पराको प्रवर्धन गरिनुपर्नेमा जोड दिनुभएको छ । मन्त्री तथा सरकारका प्रवक्ता गुरूङले हुलाक सेवा विभागद्वारा शुक्रबार राजधानीमा आयोजित विभिन्न १४ वटा हुलाक टिकटमा प्रथम दिवसीय टाँचा प्रदान गर्दै सो धारणा व्यक्त गर्नुभएको हो । उहाँले जनक शिक्षा सामग्रीको छापाखानामा छापिँदै आएको हुलाक टिकट सञ्चार मन्त्रालयअन्तर्गत रहेको सुरक्षण मुद्रण केन्द्रबाट यही वर्षभित्रै छाप्ने तयारी गरिरहेको जानकारी




दिनुभयो । उहाँले बैङ्कको नोटबाहेक अन्य आवश्यक राष्ट्रिय कागजात सुरक्षण मुद्रण केन्द्रबाटै छापिने जानकारी दिनुभयो । प्रथम दिवसीय टाँचा लगाइएका टिकटमा नेपालका जात्राअन्तर्गत बिस्केट, हाँडीगाउँ, गाईजात्रा, बालकुमारी मन्दिर (ठेचो ललितपुर), सप्त देवल (दैलेख), कोटदेवी मन्दिर (चाँगुनारायण, भक्तपुर), भीमसेन मन्दिर (गोरखा), वैतेश्वर महादेव मन्दिर (दोलखा), नेपालका प्राचीन प्रस्तर मूर्तिअन्तर्गत भगवान् विष्णु कौडेना (सर्लाही), १२ औँ/१३ औँ शताब्दी र

श्रीस्वस्थानीको प्रस्तर मूर्ति छन् । त्यसै गरी नेपालका शिक्षाविद्अन्तर्गत ई. कुलरत्न तुलाधर, शङ्करदेव पन्त, पं. ऋषिराम पन्थीसहित १४ वटा टिकट प्रकाशित छन् । कार्यक्रममा 'नेपाल हुलाक टिकट' (विसं १९३५-२०८२) लोकार्पण गरिएको थियो । सो पुस्तकमा विसं १९३५ देखि २०८२ सालसम्म प्रकाशन भएका हुलाक टिकटको विवरण उल्लेख छ । विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले मुलुकको इतिहास स्मरण गराउने एउटा सुन्दर दस्ताबेजका रूपमा हुलाक रहेको बताउनुभयो ।

**(साभारः वि.सं. २०८२ साल श्रावण १७ गतेको गोरखा-पत्र)**

## स्व.पं.ऋषिराम पन्थी (संक्षिप्त परिचय)

पिता : स्व.पं.श्रीकृष्ण उपाध्याय पन्थी

माता : स्व. यदुकुमारी पन्थी

जन्म : वि.सं. १९५२ साल (आषाढ शुक्लपञ्चमी )

जन्मस्थान : गुल्मी जिल्ला धुर्कोट, रजस्थल

धर्मपत्नी : स्व.वाग्मती देवी पन्थी

अध्ययन : मध्यमा - तीनधारा संस्कृत प्रधान पाठशाला रानीपोखरी, काठमाडौं

स्वर्गारोहण : वि.सं. २०२९ साल कार्तिक कृष्ण अमावश्या

विशिष्ट कार्य : स्व. पण्डित ऋषिराम पन्थीले वि.सं १९७१ सालमा सरकारी स्तरबाट नियुक्ती भई बाग्लुङ्ग जिल्लाको सदरमुकाम बाग्लुङ्ग बजारको चौरमा संस्कृत शिक्षाको भाषा पाठशाला स्थापना गरी सोही ठाउँमा वि.सं. १९८० सालसंम (१० वर्ष) अध्यापन गर्नुभएको थियो । यसरी बाग्लुङ्ग जिल्लामा सर्वप्रथम शैक्षिक जागरण अभियान प्रारंभ गरिएको हो ।

त्यसै गरी वि.सं. १९८१ सालमा गुल्मी जिल्लाको धुर्कोट वस्तुमा सरकारी स्तरबाट सरूवा भई स्व. पं. ऋषिराम पन्थीले संस्कृत शिक्षाको भाषा पाठशाला स्थापना गरी संस्थागत रूपमा अध्यापन शुरु गर्नुभई यस क्षेत्रमा शिक्षाको आधारशिला कायम गर्नु भएको हो ।

गुल्मी धुर्कोट वस्तुमा स्थापना भएको पाठशाला यस भेकको पहिलो सरकारी पाठशालाको रूपमा मानिएको छ । स्व. पं. ऋषिरामले वि.सं. २०११ सालसंम (३० वर्ष) अध्यापन गर्नुभएको देखिन्छ । यसै पाठशालालाई पहिले मिडिल स्कूल बनाइयो । त्यसपछि मिडिल स्कूललाई हिमालय हाईस्कूलको रूपमा र नयाँ शिक्षा योजना लागु भएपछि वि.सं. २०३१ पछि श्री हिमालय माध्यमिक विद्यालयको रूपमा अद्यावधि पठन-पाठनको रूपमा सञ्चालन भइरहेको छ ।

गुल्मी जिल्लाको धुर्कोट गाउँपालिकाले स्थानीय पाठ्यक्रमअन्तरगत कक्षा२, कक्षा३ र कक्षा ८को पाठ्यपुस्तकमा स्व.पं.ऋषिराम पन्थीको जीवनीसंग सम्बन्धित पाठ समावेस गरेको छ । धुर्कोट गाउँपालिकाद्वारा श्री हिमालय माध्यमिक विद्यालय व्यवस्थापन समिति र स्व.पं.ऋषिराम पन्थीका सन्ततिको समन्वयमा सोही स्कूलको प्राङ्गणमा शालिक स्थापना गरिएको छ । स्व.पं.ऋषिराम पन्थीको नाममा जग्गा उपलव्ध भइसकेको र सोही जग्गामा शैक्षिक कार्यक्रमको लागि ऋषिराम पन्थी भवन निर्माण गरिने कार्यक्रमसमेत रहेको छ ।

शिक्षाविद्हरू प्राचार्य शंकरदेव पन्त, ई.कुलरत्न तुलाधर र पं.ऋषिराम पन्थीले नेपालको शैक्षिक तथा विकास निर्माणको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको उच्च कदर गर्दै उहाँहरूको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न सञ्चार तथा सुचना प्रविधि मन्त्रालयबाट मिति २०८१ चैत्र १२ गते निर्णय भएको थियो । सोही बमोजिम हुलाक सेवा विभागले रू.१० (दश) दरको हुलाक टिकट प्रकाशनमा ल्याएको छ ।

**साभार : नेपाल सरकार, हुलाक सेवा विभाग, बबरमहल, काठमाडौ**
**(वि.सं. २०८२ साल श्रावण १६ गते शुक्रवार.)**

Pandit Rishiram Panthee (Brief Introduction)

Father: Late Pandit Shree Krishna Panthee.
Mother: Late Yadukumari Panthee.
Date of Birth: BS1952 (Ashad Shukla Panchami).
Birth place: Gulmi District Dhurkot , Rajasthal
Spouse: Late Bagmati Devi Panthee.
Study: Madhama- Teendhara Shanskrit Pradhan Pathshala, Ranipokhari,Kathmandu.
Ascension : BS 2029 Kartik Krsishna Amavasya,

Contribution of late Pandit Rishiram Panthee (Brief Introduction)

Late pandit Rishiram Panthee was appointed by the government in BS 1971 and established a Sanskrit language school in the square of Baglung Bazaar, the headquarter of Baglung district, and taught there until BS1980(10 years). Thus,the first educational awareness campaign was started in Baglung district. Similarly,BS in 1981, the late Pandit Rishiram Panthee was transferred from the government level to Dhurkot Vastu in Gulmi distrit and started teaching instutionally,laying foundation of education in this area. The school established in Gulmi Dhurkot Vastu is considered the first government school in this region. It is seen that the late Pt.Rishiram Panthee taught until BS 2011(30years). This school was first made a middle school, then the middle school was converted into Himalaya High School and after the implementation of the new education plan, BS 2031,it is being operated as Himalaya Secondary School.

Dhurkot Rural Municipality of Gulmi district has included lessons related to the biography of the late Pt.Rishiram Panthee in the textbooks of Class 2,Class 3,and Class 8 under the local curriculum.

Dhurkot Rural Municipality included lessons related to the life of Shree Himalaya Secondary High School Management Committee and the late Pt.Rishiram's statue has been installed in the premises of the same school in coordination with the descendants of late Pt.Rishiram Panthee. Land has been made available in the name of the late pandit Rishiram Panthee and there is also a program to construct the the Rishiram Panthee building for educational programs on the same land.

In appreciation of the contribution made by the late Shankar Dev Panta, Er.Kul Ratna Tuladhar and late Pt.Rishiram Panthee to the development of the education and development sector, the ministry of communications and information Technology decided on 12 Chaitra 2081 to publish a postal stamp with their pictures. Accordingly, the department of Postal Services has issued postal stamps of denomination Ten Rupee.

(Ref: Government of Nepal, Department of Post services)

BS 2082/04/16 : Aug.01-2025

## हुलाक टिकट किन प्रकाशित गरिन्छ र यसको के महत्त्व छ ?

संसारका हरेक देशले आफ्नो विशिष्ट पहिचान र महत्त्व दर्शाउने खालको विषयमा हुलाक टिकट प्रकाशन गर्ने गर्दछन् । यसै टिकटको माध्यमबाट पनि आफ्नो देशको पहिचान देश विदेशमा प्रचार-प्रसार गर्दछन् । हुलाक टिकट प्रकाशन गर्ने देशको अन्तर्राष्ट्रिय संगठन छ । नेपाल पनि यसको सदस्य राष्ट्र हो । नेपालमा प्रकाशन गरेको टिकटले अन्तर्राष्ट्रिय स्तरमा समेत स्थान पाउँछ । नेपालमा हुलाक टिकट प्रकाशन गर्ने कार्य वि.सं.१९३५ देखि प्रारंभ भएको हो । नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभागले हुलाक टिकटको प्रकाशन पुस्तक वि.सं. १९३५ देखि वि.सं. २०८२ सालसम्म तर (२०८२ साल श्रावण १६ गतेको टिकट प्रकाशन र पहिलो दिवसीय टाँचा समावेस छैन) औपचारिक रूपमा एक समारोहका बीच सार्वजनिक ग-यो ।

### हुलाक टिकटको महत्त्व :

१. नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभागले मात्र हुलाक टिकट प्रकाशन गर्ने गर्दछ ।
२. हुलाक टिकट विशिष्ट व्यक्ति, धार्मिक पुरातात्त्विक महत्त्वका मन्दिर, स्मारक, राष्ट्रिय चिह्न जस्तैः गाई, चरा, हिमाल आदि विषयमा प्रकाशित गरिन्छ ।

३. हुलाक टिकट प्रकाशन गरी प्रचार-प्रसार गर्नाले कुनै पनि देशको बारेमा संक्षिप्त चिनारी गराउँछ  र इज्जत, प्रतिष्ठा बढ्छ ।
४. स्व.पं.ऋषिराम पन्थी शैक्षिक अभियन्ता भएकोले आज भन्दा ११२ वर्ष अगाडि देशमा शैक्षिक जागरणको लागि गरेको योगदान अतुलनीय देखिन्छ ।
५. पश्चिम नेपालको गुल्मी जिल्ला वा त्यसको सेरोफेरोमा त्यति बेलाको पाठ्यपुस्तक र शिक्षण संस्था कस्तो अवस्था थियो भन्ने जानकारी प्राप्त गर्न सकिन्छ ।
६. स्व.पं.ऋषिराम पन्थी धुर्कोटबाट काठमाडौं तीन धारा संस्कृत प्रधान पाठशाला रानी पोखरी काठमाडौं कसरी जानुभयो होला ? कति दिनमा पुग्नु भयो होला ? उच्च शिक्षाको अवस्था कस्तो थियो होला ? उहाँको शिक्षा प्राप्त गर्ने उत्कट अभिलाषा  सहजै अनुमान  गर्न सकिन्छ ।
७. सस्कृत भाषा पाठशाला स्थापना गर्दा  आधुनिक शिक्षाको स्कूल खोल्न कठिन थियो होला ? किन कठिन थियो ?  सायद त्यति बेला राणा शासन कालमा शिक्षा नियंत्रणमा थियो भन्ने अनुमान गर्न गाह्रो पर्दैन ।
८. हाम्रो धर्म संस्कृतिसंग मेल खाने संस्कृत भाषा पाठशाला पठन-पाठनका लागि त्यो समयको आवश्यकता थियो । जस्को कारणले वेद,उपनिषद्, श्रीमद्भागवत पुराण वा अन्य पुराणहरू कथा वाचन वा श्रवण गर्न सहज हुने थियो । अमरकोष, लघुकौमुदी हितोपदेश आदि अध्ययन-अध्यापन गरिन्थ्यो त्यो समयमा ।
९. हालको आधुनिक शिक्षा र  विद्यालयको आधारशिला नै त्यस बेलाको संस्कृत भाषा पाठशाला थियो ।
११. शिक्षाको विकासमा कटिबद्ध व्यक्ति हुनुहुन्थ्यो स्व.पं.ऋषिराम पन्थी । किनभने उहाँले गुल्मी धुर्कोट र बाग्लुङ्ग जिल्लामा गरेर ४० वर्ष अध्यापन गर्नुभयो । अनौपचारिक अध्यापनको  यहाँ उल्लेख गरिएन ।
१२. हुलाक टिकट अड्डा अदालत वा जहाँ पनि सरकारी कामकाज गर्ने ठाउँमा टाँस गरेपछि रितपूर्वकको निवेदन मानिन्छ । यसले गर्दा सर्वसाधारण मानिसले टिकट अंकित व्यक्तिको बारेमा जानकारी प्राप्त गर्न सक्छन् ।
१३. स्व.पं.ऋषिराम पन्थीको हुलाक टिकट प्रकाशनबाट हालको शिक्षा विकासक्रमको रूपरेखा बारेमा जानकारी पाउन सकिन्छ ।
१४. हाल स्कूल/कलेजमा अध्यनरत युवामा स्व.पं. ऋषिराम पन्थीको शैक्षिक अभियानले सकारात्मक सन्देश दिनेछ ।  शिक्षाको योगदान १०० वर्षपछि पनि मननीय र स्मरणयोग्य हुने रहेछ भन्ने भाव यो टिकट प्रकाशनले प्रमाणित गरेको  छ ।
१५. आफ्ना पूर्वजको योगदानलाई जोगाउनुपर्छ, संरक्षण गर्नुपर्छ समय घटनाक्रममा सरकारबाट  त्यसको खोजविन हुन्छ र सम्मान पनि हुन्छ । अन्ततः राष्ट्रको अमुल्य सम्पत्ति बन्न जान्छ ।

१६. व्यक्तित्वको हिसाबले स्व.पं.ऋषिराम पन्थी गुल्मी जिल्लाबाट पहिलो हुलाक टिकट अंकित व्यक्ति हुनुभएको छ जस्तो मलाइ लाग्छ ।

ooo

**लघुकथा**

# स्वर्णाक्षरी

**✍मित्र 'उराठी' गौतम**

"आहा ! कस्तो युनिक ? ", रेविकाले अनौठो भाव व्यक्त गर्दै सोधिन् ,"अनि कसरी जुरायौ त ?"

"कम्ती मिहिनेत लागेको हो र, यो नाम जुराउन ? जब हामीले सन्तानको योजना गर्यौं अनि नाम सङ्कलनमा लाग्यौं दुबैजना । कहिले शब्दकोश पल्टाउने, कहिले गुगल भ्रमण गर्ने । अनि दुबैले सुने, जानेका नामहरू डायरीमा टिप्ने । ", सिवानीले अतीतको पोको फुकाइन् ।

"के छोरी नै हुने पक्का थियो र ? ", रेविकाले जिज्ञासा पोखिन् ।
"त्यस्तो त कहाँ हुन्थ्यो र ? छोरो भए यो नाम, छोरी भए यो नाम भनेर जन्मपूर्व नै तय गरेका थियौं । ", प्रष्ट्याउन खोजिन् सिवानीले ।
वर्षौंपछि भेट भएका उनीहरू चिया खाजा खाँदै गफिँदै थिए ।
त्यत्तिकैमा टुप्लुक्क आइपुगिन् स्वर्णाक्षरी ।
"ल हेर, यिनै हुन् मेरी छोरी ।", सिवानीले रेविकासँग छोरीको परिचय गराइन् ।
"कति भाग्यमानी छोरी ? कस्तो युनिक नाम जुराइदिएका बाबाममीले ! क्या मन पर्‍यो मलाई त ।", रेविकाले प्रशंसा गरिन् छोरीको।
"ह्या...अन्टी, केको भाग्यमानी हुनु ? यही युनिक नामले गर्दा कति हण्डर खानुपरेको छ, तपाईंलाई के थाहा ?", स्वर्णाक्षरीले असन्तुष्टि पोखिन् ।
"हैन के हण्डर खानुपर्‍यो ? ", प्रष्ट हुन खोजिन् रेविका ।
"साथीहरूका कति सजिला नाम छन्, तनावै छैन । आफ्नो भने नाम बताउँदा न एकपटकमा कसैले बुझ्छन् । न शुद्धसँग लेखिदिन्छन् । स्कूल, कलेजका प्रमाणपत्र र अन्य डकुमेण्टमा नामको हिज्जे बिगारिदिएर कम्ती हैरानी खेप्नु परेको छ ? ", आमातिर आँखा तर्दै छोरीले तितो पोखिन् ।

**अमरपुर -गुल्मी, हाल:तिलोत्तमा -२, रूपन्देही**

ooo

# आफ्नै गाउँ-ठाउँ जाती

✍एकमाया मरासिनी



(गुल्मीको रेसुङ्गा नगरपालिका वडा नं. ९, उपल्ला तम्घास निवासी ९२ वर्षीया एकमाया मरासिनीका अनुभवहरूको बारेमा हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले गरेको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)

**१.) आमा सञ्चै हुनुहुन्छ ?**

◆ सञ्चै छु । यस्तै छु । हिंडडुल गर्न हरायो । बसेर खान, कुरा गर्न ठिकै छु ।

**२.) हिंडडुल गर्न नसक्ने कसरी हुनुभयो ?**

◆ गएको साल साउन महिनामा घरैमा लोटेँ (लडेँ) । लोटेरै खुट्टा फ्याक्चर भएछ । फेरि असोजमा घरको धारामा चिप्लेर पछारिएँ । पछारिएपछि हलन चल भएर विछौनामा बसिरहने भएकी छु ।

**३.) आज म तपाईँजस्तै बुढाबुढीका पुराना कुरा थाहा पाउन, अनुभव सुन्न र केही नयाँ जानकारी लिन तपाईँलाई भेट्न आएको हुँ । तपाईंलाई आफूले देखे-भोगेका र सुनेका कुरा बताउन अप्ठ्यारो लाग्दैन भने मैले केही कुरा सोध्छु, झर्को नमानीकन बताइदिनुहोस् है त ?**

◆ हुन्छ बाबू, हुन्छ । आफूले थाहा पाएको कुरा भन्न किन अप्ठ्यारो मान्नुपर्‍यो र ! सोधे भइहाल्छ । मैले के पो जानेकी छु र ! तैपनि मैले भन्न सक्ने खालको केही कुरा भए भन्छु । मलाई थाहा नभएको कुरा त कसरी भनूँ ?

**४.) तपाईँलाई थाहा नभएको कुरा बताउनु पर्दैन । जे थाहा छ त्यत्ति मात्रै बताए भइहाल्छ । तपाईंको माइतीघरतिरबाट मैले कुरा सुरु गर्छु । अँ, तपाईँको माइतीघर कहाँ हो रे !**

- ए, मेरो माइतीघर त यहीँ गुल्मी चारपाला अहिलेको गुल्मी दरबार गाउँपालिका ठूलापोखरामा पर्छ । मेरा माइती पनि पन्थी नै हुन् नि !

**५.) तपाईँका बाबुबाजेहरू कहाँबाट गुल्मी चारपाला ठूलापोखरामा आएका हुन् नि ?**

- म त ठूलापोखरामै जन्मेकी हुँ । हाम्रा बुढाबा नारायणदत्त पन्थी अहिलेको अर्घाखाँची, हाम्रो खर्ज्याङ्भन्दा उतै खिदिमतिरबाट दाङ्जा भन्ने ठाउँमा आउनुभएको रहेछ । त्यतातिर पहिले हाम्रो खेत पनि थियो अरे । हाम्रा बा बुद्धिराज पन्थी दाङ्जामा जन्मनुभएको रहेछ । दाङ्जाबाट गुल्मी दरबार मुनिको रिपटोला भन्ने ठाउँको जग्गा किन्नु भएछ र त्यहीँ बसाइ सर्नुभएछ । त्यहाँको जग्गा पनि आफ्ना दाइहरूलाई दिएर हाम्रो बा ठूलापोखरामा बस्न आउनुभएको रहेछ ।

**६.) तपाईँहरू कति भाइबहिनीहरू हो ?**

- हामीहरू दुई गुणका हौं । दुईतिर गरेर हामीहरू १४ भाइबहिनीहरू हौँ । हाम्रो आमातिरका हामीहरू ११ भाइबहिनीहरू हौँ । दाजुभाइ ८ र हामी छोरीहरू ३ गरी जम्मा ११ भाइबहिनीहरूमध्ये म जेठी छोरी हुँ । मेरो नाम एकमाया हो । मेरा नौ भाइहरूमध्ये एउटा कान्छा भाइ वेदप्रसाद पन्थी हाल रूपन्देहीको तिलोत्तमा नगरपालिकाअन्तर्गतको शंकरनगर , वनवाटिका नजिकै घर बनाएर बस्छन् । अरू सबै भाइ हरू दिवंगत भइसके ।

**७.) तपाईँको जन्म कहिले भएको हो ?**

- मेरो जन्म १९९० सालको जेठ २७ गते गुल्मी चारपाला ठूलाचौरमा भएको हो ।

**८.) तपाईँको विवाह कहिले कोसँग भयो ?**

- मेरो विवाह १० वर्ष पुगेर ११ वर्ष लाग्दा उपल्ला तम्घास तालेघर वेदुवा जगन्नाथका नाती नारायणदत्त (नामदेव) मरासिनीका कान्छा छोरा भीमलाल मरासिनीसँग भएको हो । उपल्ला तम्घासका तालेघरे वेदुवाका कान्छा नाती भीमलाल योग्य वर छन् भन्ने विचार गरेर मेरा बाले नै मागेर विवाह

गरिदिनुभएको हो । १५ वर्षमा लागेपछि दिन छोपेर घर आएकी हुँ । घरमा आउँदा माहिला जेठाजू चेतनारायण उपाध्याय बर्मा जानुभएको थियो । नन्द, आमाजूहरू आ-आफ्ना घरमा जानुभएको थियो । घरमा सासू, श्रीमान् र म मात्र थियौँ । घरमा गाई, गोरु, भैँसी थिए । खेतीपाती गर्ने, वनपात जाने , घरको सबै काम गर्नु पर्ने, पँधेराबाट गाग्रीमा पानी बोक्नुपर्ने , अझ मङ्गलबारी भएर रेसुङ्गा गइरहनुपर्ने , यस्तै कामहरू गर्नुपर्थ्यो । ढिकी, झाँतो चलाएर कुटानी, पिसानीका सबै कामहरू गर्नुपर्थ्यो । चैतमा वरपर दिदीबहिनीहरूसँग मिलेर ३५ पाथीसम्म मकै एकै दिनमा पिसिन्थ्यो । त्यो बेलाका दिनहरू निकै दुःखकष्टका थिए ।

**९.) मङ्गलबारी भएर रेसुङ्गा जानुपर्थ्यो भनेको के हो नि ? अलि स्पष्ट पारेर भन्नुस् न ।**

◆ रेसुङ्गामा यदुकानन्द भन्ने प्रभु बस्नुहुन्थ्यो । हामी माइतमा छँदा पनि बा-आमाका पछि लागेर रेसुङ्गा प्रभुका आश्रममा जान्थ्यौं । त्यहाँ ठूला खड्करा (ताउला)मा कालो चिया पकाइराखेका हुन्थे । माटाका भाँडामा हामीलाई खान दिन्थे । पहिलोपटक चिया देखेको र खाएको त्यहीँ हो । पछि घर आएपछि मङ्गलबारीमा परियो । रेसुङ्गा प्रभुको आश्रमको सरसफाइ, लिपपोत गर्ने, पानी बोक्ने आदि काम गर्नका लागि १०८ जना महिलाहरूको नाम तोकिएको थियो । ती महिलाहरू पालैपालोसँग त्यहाँ जानुपर्थ्यो । हाम्रो पालो मङ्गलबार पर्थ्यो । त्यो पालोमा १०-१२ जना महिला पर्थ्यौं । मङ्गलबार जानेहरूलाई मङ्गलबारी भनिन्थ्यो । प्रभुको आश्रममा एक महिनाको यज्ञ हुन्थ्यो । ५४ जना ब्राह्मणले वैशाखमा पाठ गर्थे । मेरा श्रीमान्‌ले पनि प्रभुसँग गायत्री मन्त्र सुन्नुभएको थियो । गुरुको आश्रमको लिपपोतका निम्ति पनि त्यो नियममा बसेर काम गर्न जानुपर्थ्यो । मङ्गलबारी महिलालाई प्रभुले वर्षमा एकपटक धोती, चोलो, पछ्यौरा दिनुहुन्थ्यो । यो क्रम प्रभु काठमाडौँ नजाँदासम्म चलिरह्यो । पछि प्रभु बस्न छोडेपछि यो चलन आफैँ हराएर गयो ।

**१०.) रेसुङ्गामा गुल्मी चारपालातिरका गोठालाहरूले गाईगोठ राखेर पनि बस्ने गर्थे । त्यो कुराको तपाईँलाई पनि जानकारी छ कि ?**

◆ छ, किन नहुनु ? गुल्मी चारपाला, खिर्तिप, ठूलाचौरका भाइहरू गाईगोठ राखेर रेसुङ्गामा बस्ने गर्थे । खेतीपाती गर्ने ,जोत्ने बेलामा गाई-गोरु घरतिर

लैजान्थे । अघिपछि रेसुङ्गामा गाईगोठ बनाएर राख्ने, चराउने र बस्ने पनि गर्थे ।

## ११.) तपाईंहरूको तम्घासमा व्यापार व्यवसाय गर्ने काम कसरी सुरु भयो ?

◆ तम्घास नयाँ बजारमा अहिले घर पसल भएको जग्गा पहिले पन्थीहरूकै रहेछ । त्यहाँ हामीले चर्चन थालेपछि साध-सिमानामा एक दुई पटक पाण्डेहरूसँग सामान्य भै-भगडा पनि भयो । २००६ सालमा हामीले त्यहाँ घर बनायौँ । दैनिक डेढ रुपैयाँ ज्यालामा काम गर्ने मान्छे पाइन्थे । घर बनाएपछि हाम्रो घरको पारिपट्टि तम्घासमा अड्डा अदालत बस्न थाले । मान्छेहरूको आवतजावत बढी हुन थाल्यो । अनि हाम्रो घरमा चिया पसल राख्न सुरु गरियो । २०१३ सालबाट कपडा, किराना पसल सुरु गरेर धेरै वर्ष चलाइयो । पछि मिल राखियो । अहिले घरका सबै मान्छेहरू यताउता हुँदै गएपछि बजारका सबै घर, पसल भाडामा गएका छन् ।

## १२.) तपाईंका छोराछोरी के कति छन् र यताउता हुँदै गए ?

◆ मेरा चार छोरी र पाँच छोरा गरी ९ सन्तान छन् । छोरीहरू भगवती, लक्ष्मी, सरिता र पवित्रा हुन् । छोराहरू माधवलाल, भविलाल, धर्मराज, नारायण र भीष्म हुन् । जति सन्तान जन्मिए सबै ठिक छन्, स्वस्थ छन्, उत्साही छन् र उद्यमी पनि छन् । सबैले आ-आफ्नो व्यवस्था राम्रो गरेका छन् । कसैले दुःख पाएका छैनन् ।

## १३.) छोराहरू कहाँ कहाँ के के गर्दैछन् ?

◆ ठूला छोरा माधवलाल मरासिनी र बुहारी जानकीसँग म अहिले यहीँ घरमै बसिरहेकी छु । ठूला बाबू माधवले पनि पहिले व्यापार उद्योग गरे । २०४४ सालमा तम्घासमा पहिलो पटक पानी मिल चलाए बिजुली निकालेर बजारभरि २०७ घरमा वितरण गरे । अहिले तीन भाइ नातीहरू विदेशमा छन् । आफूहरू घुम्न जाने आउने गर्छन् । माहिला भविलालका छोराहरू पनि विदेशमै छन् । आफूहरू यहीँ व्यापार व्यावसाय गर्दछन् । अरू तीन भाइ धर्मराज, नारायण र भीष्म अमेरिकामा बस्छन् । छोरीहरू सबै घर-घर गए । तिनीहरू पनि कोही काठमाडौँ कोही विदेश जताततै छरिएका छन् । सबैले आ-आफ्नो इलम, उद्योग गरेका छन् ।

**१४.) यति धेरै छोराछोरी, नातिनातिनाहरू भए, देशविदेश पुगे । तपाई पनि विदेशतिर घुमेर आउनुभयो होला नि, होइन ?**

- अचेल विदेश नजाने को छैन र ! मलाई पनि छोराछोरी बुहारीहरूले धेरै पटक विदेश बोलाइरहन्छन् । यतै बस्न आउनुहोस् भन्छन् । सातपटक अमेरिका गएँ । केही वर्ष बसेँ । म त अब आउन्न भनेकी छु । हामीलाई त यहीँ राम्रो लाग्छ । जे भए पनि आफ्नै गाउँ-ठाउँ जाती ।

**१५.) आफ्नै गाउँ-ठाउँको विकासका निम्ति तपाईंको परिवारको तर्फबाट कुनै राम्रा कामहरू भएको तपाईंलाई केही सम्झना छ कि ?**

- तम्घासमा बजार बसाउन र बजारको बाटो खोल्न मेरा श्रीमान्को महत्त्वपूर्ण भूमिका रहेको थियो । अहिले हाम्रा घरअगाडिको चोकलाई भीमचोक भन्छन् । बजारमा खानेपानीको व्यवस्था गर्न, प्रमुख जिल्ला अधिकारी बस्ने जग्गा उपलब्ध गराउन र बजारको सुधार गर्न उहाँले निकै काम गर्नुभयो । उहाँको अलि चाँडै २०३५ साल चैत्र ७ गते स्वर्गारोहण भयो । धेरै काम गर्न पाउनुभएन । उहाँको बाटोलाई पछ्याएर हामीहरूले पनि केही न केही गर्नुपर्छ भन्ने हामी सबैलाई लागेको छ । हाम्रा परिवारबाट पनि स्कुल, क्याम्पस, पुस्तकालय आदिलाई चन्दा दिने, सहयोग गर्ने, सदस्यता प्राप्त गर्ने काम भइरहेका छन् । धार्मिक संघ-संस्थाहरूलाई पनि हामीले सहयोग गरिरहेका छौं ।

**१७.) तपाईंले आफ्नो जीवनमा भूत-प्रेत भन्ने केही देख्ने-सुन्ने गर्नुभयो ?**

- सुन्न त अरूले भनेको सुनेँ । मेरो सासूले पनि मलाई रातिमा घरको जस्केलाको ढोकाबाट बाहिर ननिस्कनु , त्यताबाट फेटा गुथेको मान्छे जस्तो भूत देखिन्छ भन्नुहुन्थ्यो । राति ११-१२ बजेसम्म मकै पिस्न बसेको बेलामा कहिलेकाहीँ पारितिर देलराँके भन्ने झलल बत्ती बालेर तल-माथि गरेको देखिन्थ्यो । नजिकबाट त्यस्ता डराउन दिने भूत प्रेतसँग मेरो जम्का भेट भएको छैन र म बिरामी भएर धामी झाँक्री हेराउने, फुकफाक गराउने पनि मैले अहिलेसम्म गराएकी छैन ।

**१८.) अस्पतालको औषधि केही खाने गर्नुभएको छ ?**

- केही वर्षदेखि सुगरको र प्रेसरको औषधि लिने गरेकी छु । अरू केही खान्नँ ।

ooo

# कमला सामुदायिक पुस्तकालय
## ढुङ्ग्रेबास, सिन्धुलीको परिचय

✍प्रस्तुतकर्ता : विश्वनाथ बराल
(उपाध्यक्ष)

**क.) कमला शब्दको परिचय :**

कमलामाई मन्दिर नेपालको एक सुप्रसिद्ध शक्ति पीठ हो । हजारौं वर्षको इतिहास बोकेको यस मन्दिर र कमला नदीको महत्त्व पौराणिक वाङ्मयमा यत्रतत्र सर्वत्र पोखिएको छ । सिन्धुलीस्थित विद्यालयदेखि कलेजहरू, प्रिन्ट र इलेक्ट्रोनिक मिडियाहरू, प्रतिष्ठित संघ-संस्थाहरूलगायतको परिचय कमला शब्दसँग जोडिएको छ ।

**ख.) अवस्थिति :**

कमला सामुदायिक पुस्तकालय ढुंग्रेबास जिल्ला सदरमुकाम सिन्धुलीको कमलामाई नगरपालिका वडा नम्बर ४ मा रहेको छ । बिपी कोइराला राजमार्गबाट ५ मिनेटको दूरीमा रहेको यो पुस्तकालय जिल्लाको सबैभन्दा पुरानो स्कुल कमला माध्यमिक विद्यालय र सबैभन्दा पुरानो कलेज सिन्धुली बहुमुखी क्याम्पस परिसरको करिब मध्यभागमा अवस्थित छ । विक्रम सम्वत् २०१४ - १५ देखि नै सिन्धुलीमा पुस्तकालयहरू खुल्दै र बन्द हुँदै गएको परिप्रेक्ष्यमा दिगो रूपमा स्कुल कलेजका विद्यार्थीहरू, अध्यापकहरू र आम पाठकहरूलाई प्राज्ञिक सहयोग पुऱ्याउने अभिलाषाका साथ विक्रम सम्वत् २०५८ मा यो पुस्तकालयको स्थापना गरिएको हो । रिड नेपाल, तत्कालीन जिल्ला विकास समिति, सिन्धुली कमलामाई नगरपालिकाको विशेष आर्थिक सहयोगमा यो पुस्तकालयको स्थापना गरिएको हो । सिन्धुलीका बौद्धिक वर्ग,समाजसेवी र जनप्रतिनिधिहरूको संयुक्त प्रयासमा यो पुस्तकालय स्थापना गरिएको थियो । यही पुस्तकालयको अवलोकन गराउँदै नजिकका क्याम्पसहरूले विभिन्न

संकायमा स्नातकदेखि स्नातकोत्तरसम्मका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने अनुमति त्रिविबाट पाएका थिए ।

## ग.) संस्थाको संक्षिप्त विवरण :

संस्थाको पूरा नाम : कमला सामुदायिक पुस्तकालय
ठेगाना : कमलामाई नगरपालिका वडा नम्बर ४
स्थापना : विक्रम सम्वत् २०५७
जिल्ला प्रशासन कार्यालयमा दर्ता नम्बर : ३१६
मितिः २०५८- ११-१२
समाज कल्याण परिषद्मा आबद्धता नम्बर :४५५७९
फोन नम्बर : ०४७ - ५२०५७४
मेल आईडि : kamala.clrc@gmail.com
प्यान नम्बर :६०१२०४४४६९
संस्थाको नामको भौतिक सम्पत्ति : भुइँतलाबाहेक दुई तले भवन
जग्गा : एक कट्ठा ( कमला माविको स्वामित्वमा रहेको, पुस्तकालयले निःशुल्क प्रयोग गरिरहेको )
कर्मचारी सङ्ख्या : १ जना पुस्तकालय व्यवस्थापक
आजीवन सदस्य सङ्ख्या : २५३ जना

पुस्तक संख्या : हाल करिब ८ हजार (दुर्लभ र ऐतिहासिक महत्त्वका पुस्तकहरू संरक्षण गर्दै पुरानो पाठ्यक्रमका कलेजमा पढाइ हुने रेफरेन्स बुकहरू हटाइएकाले सङ्ख्या केही तल माथि हुन सक्ने)

## घ.) पुस्तकालयका मुख्य चुनौतीहरू

१) पुस्तकालयमा बालबालिकाहरू उल्लेख्य मात्रामा आए पनि समुदाय / वयस्क पाठकको उपस्थिति कम देखिएको ।
२) हरेक वर्ष भदौ १५ मा यथार्थमा थोरै सदस्यको उपस्थितिमा वार्षिक साधारणसभा गर्ने गरिएको । कतिपय आजीवन सदस्यहरू देशविदेश गइसक्नुभएको र कोही स्वर्गीय हुनुभएकोले ५०% सामान्य बहुमत पुऱ्याउन पनि धेरै कठिनाइ भएको
३) पुस्तकालयको छतमा नगरपालिकाले गरेको सोलार बत्ती जडान पश्चात् छाना केही ठाउँमा चुहिने भएको । नगरपालिकाबाट प्रतिबद्धताअनुसारको रकम प्राप्त नभएकोले छानामा ट्रस हाल्न नसकिएको ।

## ङ.) पुस्तकालयका मुख्य गतिविधिहरू :

१) प्रत्येक वर्ष भदौ १५ मा पुस्तकालय दिवसको दिन मुख्य कार्यक्रमको अतिरिक्त ज्येष्ठ सदस्यहरू सम्मान कार्यक्रम, हाजिरी जबाफ प्रतियोगिता , उत्कृष्ट पाठक सम्मान कार्यक्रम,विद्यावारिधि उपाधि प्राप्त सदस्य सम्मान, कानूनी सचेतना कार्यक्रम, प्राविधिक ज्ञान सेवालगायत कार्य गर्ने गरिएको ।

२) सामाजिक सञ्जालमार्फत सूचना प्रेषण गरी सेवाग्राही पाठकको चाहनाअनुसार हरेक वर्ष पुस्तकहरू थप गरिएको ।

३) पाठकको सुविधालाई मध्यनजर गरी पुस्तकालय बुधबार बन्द गर्ने र शनिबार खुलाउने गरिएको । नियमित समय बिहान १० बजेदेखि ५ बजेसम्म तय गरिएको ।

४) बुढ्यौली साहित्य समाज सिन्धुलीसँगको सहकार्यमा महाकवि देवकोटा जन्मजयन्ती, चेतन कार्की जन्मजयन्तीलगायत विभिन्न साहित्यिक गतिविधिहरू गरिएको ।

५) यो वर्ष पुस्तकालय हलमा तीनवटा सिसी क्यामेरा जडान गरिएको । यही वर्ष वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको रू ५ लाखको आर्थिक सहयोगमा ५ वटा कम्प्युटर, १ ल्यापटप सहित e library जडान गरिएको ।

६) वैधानिक प्रावधानअनुसार साधारण रु. २५००/- मा आजीवन , २५,०००/- मा विशिष्ट र ५०००० मा यशस्कर सदस्यता प्रदान गर्ने व्यवस्था भएको । प्रायः जसोले आजीवन सदस्यता ग्रहण गरेको ।

## च.) पुस्तक अध्ययनसम्बन्धी व्यवस्था :

१) हरेक वर्ष नवीकरण गर्नुपर्ने साधारण सदस्यबाहेक आजीवन सदस्यलगायत अरू सदस्यहरूले घरैमा पुस्तक लगेर अध्ययन गर्न पाउने प्रावधान छ ।

२) लगेको पुस्तक १५ दिनभित्र पुस्तकालयमा फर्काउनुपर्दछ ।

३) विद्यालय र क्याम्पसको जिम्मामा विद्यार्थी परिचय-पत्रको आधारमा पुस्तकालयद्वारा १५ दिनको लागि विद्यार्थीहरूलाई पुस्तक दिने गरिन्थ्यो । अहिले दुबै संस्थामा आन्तरिक पुस्तकालयको व्यवस्था भएकोले पाठ्यपुस्तकबाहेकका पुस्तक अध्ययन गर्न मात्रै विद्यार्थी आउँछन् ।

४) पुस्तकालयको स्वामित्वमा भुइँतलासहित तीन तले भवन रहेको छ । बीचको तलामा पुस्तकालय सञ्चालनमा छ भने भुइँ तलाको छवटा सटर एउटा खाद्य व्यवसाय गर्ने कम्पनीलाई र माथिल्लो तला सहकारीलाई भाडामा

दिइएको छ । प्राप्त आयले एकजना व्यवस्थापकको मासिक पारिश्रमिक र अन्य आवश्यकीय खर्चहरूको व्यवस्थापन गरिएको छ ।

## छ.) कार्यसमिति गठन प्रक्रिया

नौ जनाको कार्यसमिति रहने । पुस्तकालयको अध्यक्ष भने कमला माविको अध्यक्ष नै पदेन रूपमा रहने व्यवस्था भएको । राजनीति वा अन्य कुनै कारणले विद्यालयको अध्यक्ष चयन हुन ढिलो हुँदा पुस्तकालय पनि प्रभावित भइरहेकोले गत वार्षिक साधारणसभापश्चात् अब पुस्तकालय अध्यक्ष पनि निर्वाचित गराउने गरी प्रक्रिया अगाडि बढेको छ ।

ooo


किरण पुस्तकालय
तम्घास, गुल्मी

किरण पुस्तकालयका नियमित वार्षिक कार्यक्रम

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २९ असार | दिउँस ४ बजे | भानुजयन्ती |
| २. | १५ भदौ | दिउँस ४ बजे | राष्ट्रिय पुस्तकालय दिवस |
| ३. | कुशे औंसी | दिउँस ४ बजे | मोतीजयन्ती तथा जानकी साहित्य पुरस्कार वितरण |
| ४. | २७ कातिक | दिउँस ३ बजे | देवकोटाजयन्ती तथा किरण पुस्तकालयको वार्षिकोत्सव |
| ५. | १५ पुस | दिउँस ३ बजे | लेखनाथजयन्ती |

उपर्युक्त कार्यक्रमहरूमा पुस्तकालयका सम्पूर्ण संरक्षक सदस्य विशिष्ट सदस्य एवं आजीवन सदस्यहरू, पुस्तकालयप्रेमी साहित्यप्रेमी, साहित्यस्रष्टा र पाठक महानुभावहरूलाई किरण पुस्तकालयमा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

किरण पुस्तकालय
तम्घास, गुल्मी

# उपलब्धि हात पार्न कठोर त्याग र तपस्याको आवश्यकता

- किरण पुस्तकालयको पातोअन्तर्गत हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १०७ मा हामीले आर्थिक वर्ष २०८१/०८२ लाई उपलब्धिको वर्ष भनी उल्लेख गरेका थियौँ ।

- आर्थिक वर्ष २०८२/०८३ लाई पनि हामीले उपलब्धिको वर्षको रूपमा उल्लेख गर्नु पर्ने आवश्यकता छ । उपलब्धिको वर्ष मनाउन हामीले कठोर त्याग र तपस्या गर्न बाँकी छ । सानो त्याग र तपस्या विना उपलब्धि हात लाग्न सक्दैन ।

- यस वर्ष पनि अक्षयकोषमा वृद्धि गर्नुपर्ने छ, हाम्रो पुरुषार्थको रेसुङ्गाक्षेत्र विशेषाङ्क निकाल्नुपर्ने छ, सभा र गोष्ठीहरूको आयोजना गर्नुपर्ने छ, इ-लाइब्रेरीलाई व्यवस्थित गर्नुपर्ने छ, भवनको सामान्य मरमत-सुधार र केही खण्डमा रङरोगन गर्नुपर्ने छ, पुस्तकालयको आर्थिक, प्रशासनिक, सञ्चालन कार्यविधि तयार गर्नुपर्ने छ ।

- मिति २०८२/०७/२७ गते किरण पुस्तकालयको ५८औं पुस्तकालय सभा, महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११७ औं जन्मजयन्ती र किरण पुस्तकालयको ५७औं वार्षिकोत्सव तथा 'हाम्रो पुरुषार्थ' को ५२औं वार्षिकोत्सवका कार्यक्रमहरू उत्साहका साथ मनाइएका थिए ।


- ५८औं पुस्तकालय सभाबाट सचिव तथा कोषाध्यक्षका प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन र आर्थिक वर्ष २०८२/०८३ का लागि अनुमित आय-व्ययक पारित गरिएको छ ।

- मिति २०८२/०८/१९मा कमला सामुदायिक पुस्तकालय, सिन्धुलीबाट पुस्तकालयका उपाध्यक्ष विश्वनाथ बरालसहितको ६ सदस्यीय टोलीले किरण पुस्तकालयको अवलोकन भ्रमण गरेको थियो ।

- मिति २०८२/०९/१५ गते कविशिरोमणि लेखनाथ पौडेलको १४२औं जन्मजयन्ती विविध कार्यक्रमका साथ मनाइयो ।

**-सचिव**

## १.) श्रीमद्‌भगवत गीता : अध्यात्मकला र विज्ञान




डा. बाबुराम ज्ञवाली पूर्वीय अर्थशास्त्र र आध्यात्मिक चिन्तनका क्षेत्रमा निरन्तर खोज अनुसन्धान गर्ने क्रियाशील वरिष्ठ विद्वान् तथा अन्वेषक हुनुहुन्छ । श्रीमद्‌भागवत गीता पूर्वीय तथा पाश्चात्य दर्शनसमेतमा उत्कृष्ट ग्रन्थका रूपमा सम्मानित छ । गीतादर्शन सामान्य पाठकका लागि अबोधगम्य छ । श्रीमद्‌भागवत गीता भन्ने बित्तिकै सबै हुरूक्कै हुने तर यसको प्रसङ्ग र यथार्थ प्रस्तुतितर्फ पुग्न नसक्नु अधिकांश पाठकहरूको समस्या हो । सायद यही समस्यालाई मध्यनजर गरेर डा. ज्ञवालीले यस पवित्र ग्रन्थलाई यस रूपमा प्रस्तुत गर्नुभएको छ ।

प्रस्तुत ग्रन्थलाई ज्ञानखण्ड, उपासना खण्ड र कर्मखण्ड गरी अलग-अलग छुट्याएर प्रस्तुत गरिएको छ । हरेक अध्यायलाई शीर्षक दिइएको छ । श्लोकहरूमा व्यक्त गरिएका भावलाई पनि संक्षिप्त शीर्षकमा राखिएको छ । जस्तै आत्मकेन्द्रित धृतराष्ट्र (श्लोक१-३), असाधारण दुर्योधन (श्लोक ४-१३) एवं रितले सबै अध्यायमा अत्यन्तै परिश्रमपूर्वक प्रस्तुत गरी तयार गरिएको छ । विषय सन्दर्भलाई बुझाउन विभिन्न शीर्षकअनुसारका चित्रहरू राखिएको छ भने आवश्यक प्रसङ्गअनुसारका तालिकाहरू पनि प्रस्तुत गरिएको छ ।


हरेक अध्याय प्रवेश गर्नुपूर्व उक्त अध्यायभित्र के कुरा व्यक्त गरिएको छ ? जान्न पाउनु हरेक पाठकलाई सहज प्रसङ्ग हो । जस्तै : अध्याय एक : अर्जुन विषाद- गीताको प्रस्तावना, अध्याय दुई : गीताको सार-साख्य, अध्याय तीन : कर्म र कर्तव्य, अध्याय चार : ज्ञान , संन्यास र कर्म, अध्याय पाँच : कर्म संन्यास एवं रितले सबै अध्यायभित्र के छ ? बुझ्न सहज छ । बक्सभित्र मिरा बाई, रामकृष्ण परमहंस, स्वर्गद्वारी महाप्रभु, योगमाया, सन्त शशिधर स्वामी, बालागुरु षडानन्दसमेतका तस्वीर र उनीहरूको जीवन-दर्शन संक्षेपमा दिइएको छ । सन्दर्भ

शीर्षक दिएर गीता पाठका विधिहरू, गीताध्यान, गीता आरती जस्ता अमूल्य प्रसङ्ग पस्किएको छ । स्रष्टाले जति मैले जानेँ शीर्षक दिएर महाभारत र गीताको परिचय र ग्रन्थनायक श्रीकृष्ण र अर्जुनलाई पनि चिनाउनुभएको छ । अन्त्यमा प्रस्तुत ग्रन्थको प्रकाशनमा सहयोग गर्ने दाताज्यूहरूका तस्वीरहरू छन् ।

डा. ज्ञवालीको यो प्रयास अत्यन्त स्तुत्य छ । संस्कृत भाषाका अल्पज्ञले यस ग्रन्थबाट प्रशस्त लाभ लिन सक्नुहुनेछ । स्रष्टा डा. ज्ञवालीको उत्तरोत्तर प्रगतिको कामना सहित यो अनुकरणीय कार्यलाई शतशः नमन ।

## २. गान्तोक हाँसेको बिहानी


वि.सं. २०५२ मा 'अस्तित्वबोध' कविता-संग्रहबाट साहित्यका फाँटमा उदाएका हेमराज पाण्डेको तेस्रो नियात्रा-संग्रह गान्तोक हाँसेको बिहानी (२०८१) अकिञ्चनका हातमा परेको छ । भारतीय भूभाग, मलेसिया, कोरिया, सिंगापुर, चिनलगायतका देशमा गरेका यात्रा वृत्तान्तलाई समेटेर विभिन्न २७ वटा नियात्राहरू यस संग्रहकै शीर्षकबाट प्रस्तुत गरिएको छ । छोटामा पाँच पृष्ठदेखि १९ पृष्ठ लामा नियात्राहरू प्रस्तुत कृतिमा समावेश छन् ।




यात्रा गरिएका स्थानहरू चिनाउन राखिएका शीर्षकहरू सकेसम्म आकर्षक र कतिपयमा अनुप्रासयुक्त भाषा प्रयोग गरिएको छ । शीर्षक हेर्दा नियात्रा एक पटक पढूँ-पढूँ लाग्ने बनाइएको छ तर निबन्धभित्र पस्दा भने पाठक कतै अल्मलिने गरी प्रतीकात्मक र अनुप्रासयुक्त लामा पदावलीभित्र भाव र वर्ण्य विषय खजमजिएको अनुभव हुन्छ ।

स्रष्टाले यात्रा-वृत्तान्तमा निकै परिश्रमपूर्वक इतिवृत्तान्त दिने प्रयास गर्नुभएको छ । इतिहास, समसामयिक नेपाली समाजसँग जोड्ने प्रयास सह्रानीय छ तर लेखकीय विद्वताको भारले थिच्नाले वर्ण्य परिवेश बुझ्न सामान्य पाठकलाई हम्मे पर्नु चन्द्रमामा देखिएका काला दाग हुन् । आगामी रचना सरल र थप परिष्कृत बनून् । भाव, भाषा र वर्ण्य विषय सलल बगोस्, शुभकामना ।

## ३. धरौट




भीमलाल सापकोटा प्रवासको व्यस्त जीवन शैलीमा पनि सामाजिक यथार्थवादी ढाँचाको उपन्यास रचना गरेका स्रष्टा हुन् । द्वन्द्वकालीन नेपाली ग्रामीण परिवेश साँच्चै भयावह थियो । कतिपय परिवारमा द्वन्द्वकालका घाउहरू कहिल्यै निको नहुने गरी बल्झिएका छन् । त्यस्तै घाउहरूमध्येको प्रतिनिधि घाउलाई आधार बनाएर प्रस्तुत उपन्यास तयार गरिएको छ ।

फिर्ता लिने गरी विश्वासिला व्यक्तिलाई राख्न दिइएको वस्तु वा नासो नै धरौट हो । जङ्गेले आफ्ना दुःख र पीडाहरूलाई लिपिबद्ध गऱ्यो । दुई छोरा छापामार बने । अत्तोपत्तो भएन अपाङ्ग छोरी बलात्कृत भएर मारिई । श्रीमती कमाएको पैसा लिएर पोइल हिंडी । द्वन्द्वकालीन समयले जङ्गेलाई कहिल्यै नबल्झिने घाउ दियो । आफू जन्मेदखि विक्षिप्त हुनुपूर्वसम्मका पीडाका कथाहरूलाई लिपिबद्ध गरेर जङ्गेले पर्शुरामका बा बुढाघरे काकालाई दियो । आफ्ना छोराहरू गाउँ फर्किएर आएमा दिने भन्दै दिएको धरौट अर्थात् नासो नै प्रस्तुत कृति हो ।


जङ्गेको जन्मपूर्वदेखि विक्षिप्त बनेर अनन्तको यात्रातर्फ लाग्ने बेलासम्मको कथावस्तु यहाँ प्रस्तुत छ । यो त एउटा प्रतिनिधि घटना र जङ्गे त प्रतिनिधि पात्र मात्र हो । यस्ता धेरै गाउँका धेरै जङ्गेहरूले यस्ता पीडा भोग्नुपरेको थियो । यस उपन्यासमा सोही अवस्थाको चित्रण छ । यस उपन्यासले द्वन्द्वकालीन परिवेश उक्त समयका जङ्गेजस्ता पीडितहरूको पीडा ओकलेको छ । सरल, भाषाशैलीमा रचित प्रस्तुत उपन्यास पठनीय छ ।

## ४ कर्ण

कवि गणेश ज्ञवालीको तेस्रो र्कति कर्ण (गीतिकाव्य) प्रकाशित भएको छ । महाभारतको चर्चित पात्र कर्णलाई नायक बनाएर रचना गरिएको प्रस्तुत काव्यमा कर्णले जीवनभर भोगेका अन्याय विभेद अपमान र दुःखद निधनका प्रसङ्गसमेत समेटिएको छ । आफ्नै आमा कुन्तीबाट समेत अन्यायमा परेको कर्ण कृष्ण, द्रौपदी,

जात, देवता आदि सबैबाट अपमानित र तिरस्कृतसमेत भएको पात्र हो । आफन्त, समाज, गुरु सबैबाट तिरस्कृत भएपछि उसमा उत्पन्न अहम्ले एउटा विद्रोही प्रकृतिको पात्रका रूपमा विकसित गर्न पुगेको छ ।

कर्णमा देखिएका यिनै सन्दर्भहरूलाई समेटेर कवि ज्ञवालीले यो गीतिकाव्य रचना गर्नुभएको छ । महाभारतकालीन समयमा कर्णले भोगेका नियतिलाई आधार बनाएर तयार पारिएको यस गीतिकाव्यमा वर्तमान समयमा पनि शक्तिशाली व्यक्ति अग्रज, गुरु र अन्य व्यक्तिहरूले सिधासाधा व्यक्तिबाट लिने गरेको फाइदा एवं अरूको जीवन लिएर पनि आफ्नो अभिष्ट कुरा गर्न खोज्ने चलनको पनि चित्रण गरिएको छ । गुरु द्रोणचार्यले कर्णलाई शिक्षा दिन गरेको विभेदलाई कवि प्रश्न गर्छन् :




**आकाशबाट वर्षिदा झरी गर्छ र विभेद ?**
**घामले यहाँ किरण छर्दा गर्छ र विभेद ?**
**धर्तीले कहाँ उमार्न बीज गर्छ र विभेद ?**
**हावाले कहाँ सुगन्ध छानी गर्छ र विभेद ?**
कर्ण : ३:८

कर्ण ठगिएका छन् । विभेद नगरी शिक्षा दिएका परशुरामसमेतले उल्टो श्राप दिएर भन्दछन् :


**सत्कार्य गरी पारेर खुसी पाएको दिव्यास्त्र**
**अप्ठ्यारो परी बोलाको बेला नआओस् त्यो अस्त्र ॥** (कर्ण ५:११)

पद, माया आदि केहीमा पनि नबिक्ने कर्णले आमा कुन्ती र श्रीकृष्णलाई समेत रित्तै फर्काए तर किसान र गुरु परशुरामको श्राप अनि आफ्नो छोरो अर्जुन जोगाउन इन्द्रले गरेको छल अनि महादानीको कमजोरीबाट युद्धभूमिमा मारिन पुगे ।

उता दानवीर कर्णले आफ्नो पहिचानलाई जीवनसँग साटे, जन्मदाको घडीमै आमाले खोलामा बगाएपछि उनमा सुरू भएको अन्याय, अत्याचार, अपमान, छलछामको शृङ्खला मृत्युशय्यामा गएर समाप्त भएको छ । यही शाश्वत तथ्यलाई उजागर गर्न र वर्तमान समाजमा देखिएका विकृतिहरूको लाक्षणिक रूपमा पर्दाफास

गर्न प्रस्तुत गीतिकाव्य सफल देखिन्छ । कवि ज्ञवालीको कलम निर्बाध अगाडि बढी नवीन ग्रन्थ जन्माउन सकोस् । शुभकामना ।

## ५. थमादेवी भुसाल (स्मृति ग्रन्थ)





आफ्ना पिताको स्मृतिमा कविराम भुसाल स्मृतिग्रन्थ २०६२ प्रकाशित गरिसकेका युवराज भुसालले आफ्नी ममतामयी माताको स्मृतिमा थमादेवी भुसाल स्मृति ग्रन्थ २०८२ पनि प्रकाशित गरेका छन् । प्रारम्भिक खण्डमा शुभकामना, प्रकाशकीय सम्पादकको भनाइ, स्व. थमादेवी भुसाल शब्दचित्रमा, वंशचार्ट स्मरणीय भनाइ छन् भने मूल अंशलाई तीन खण्डमा विभाजन गरेर प्रस्तुत गरिएको छ ।

यस स्मृतिग्रन्थको पहिलो खण्डमा पुर्कोट भेगका व्यक्तिहरूका अभिव्यक्ति प्रस्तुत छन् । जसअन्तर्गत सूर्यबहादुर सेन ओली, टीकाराम भुसाल, दानबहादुर के.सी. लगायतका १९ वटा लेखहरू सङ्कलन गरिएको छ । दोस्रो खण्डमा स्व. थमादेवीप्रति नाताकुटुम्बका धारणाहरू प्रस्तुत छन् । यसअन्तर्गत उहाँका छोरी ज्वाइँ, नाति, नातिनीलगायतका विभिन्न १४ वटा लेखहरू समावेश छन् । खण्ड ३ मा परिवारका सदस्यहरूका भावनाहरू छन् । यसभित्र पनि छोराबुहारी नाति, नातिनी आदिका १२ वटा लेखहरू छन् । परिशिष्ट खण्डमा माइती परिवारको वंशावली, कर्मघरको जानकारी, दाहसंस्कार, श्रद्धाञ्जलि, समवेदना पत्रहरूसमेत छन् । यसको अन्त्यमा थमादेवीसँग गाँसिएका विभिन्न तस्वीरहरू छन् । झन्डै ३०० पृष्ठको हाराहारीमा तयार पारिएको प्रस्तुत ग्रन्थले थमादेवीको दृष्टिकोण , एक असल गृहिणीले तत्कालीन समयमा घरपरिवार र समाजमा पूरा गरेका कर्तव्य र देखाएको बाटो प्रस्तुत गरेको छ । सङ्कलक तथा सम्पादक भुसालले आफ्नी ममतामयी मातासँग सुपरिचित व्यक्तित्व तथा आफन्तहरूबाट लेखहरू सङ्कलन गरेर कृतिमा प्राण थप्नुभएको छ । सामाजिक चालचलन व्यवहार

सम्बन्धका कुरा उहाँले गर्नुभएका मार्गदर्शनका विषयहरूलाई समावेश गरिएको यस स्मृतिग्रन्थले हरेक गृहिणीलाई सुशिक्षा दिने अपेक्षा गर्न सकिन्छ ।

## ६.) आमाको ममता





गुल्मी जिल्ला जुभुङ्मा वि.सं. २०१० मा जन्मिएका तुलबहादुर रास्कोटी मगरले आफूले दैनिक जीवनमा भोगे, देखेका र समाज तथा परिस्थिति देखेर आफ्नो मनमा उब्जिएका भावनाहरूलाई समेटेर "आमाको ममता" कविता-संग्रह प्रकाशित गर्नुभएको छ । जीवित खड्का मगर प्रकाशक भई प्रकाशित भएको प्रस्तुत कृतिमा विभिन्न शीर्षकमा ३७ वटा लामा-छोटा कविताहरू संकलित छन् । आमाको ममता , आमाको आँसु, छोरीको गुनासो जस्ता शीर्षकले हाम्रो समाजमा नारीहरूले गर्ने सङ्घर्ष र उनीहरूप्रति समाजको दृष्टिकोण चित्रण गर्न खोजिएको छ । पृष्ठभूमिमा उल्लेख भएअनुसार तीन वर्षकै उमेरमा बाबा गुमाएका कविले आमाले गरेको सङ्घर्ष र त्याग बुझेका छन् । त्यसैले पनि प्रस्तुत शीर्षक रोजेको भान हुन्छ । त्यस्तै कतै पुत्रवियोगको आलाप पनि छ । छोराको वियोगमा "तिमी बाँच र फर्की आऊ" शीर्षकमा यस्तै भाव व्यक्त गरिएको छ । " ए गुल्मेली मगर दाइ" कवितामा सिधा साधा तर अत्यन्तै परिश्रमी वीर मगरहरूको इतिहास र वर्तमान चित्रण गर्ने प्रयास गरिएको छ । कवि कतै "आगो भई दन्कने छ क्रान्ति" भन्दै दमन शोषण विरूद्ध क्रान्तिको बिगुल फुक्ने घोषणा गर्दैछन् भने कतै शिक्षा, स्वास्थ्य र जनचेतनाका आञ्चलिक भाव र स्वरहरू गुञ्जाएका छन् ।

सामान्य शिक्षा हासिल गरेका कविले स्वाध्ययन, अनुभव र जीवन भोगाइका विविध पक्षलाई प्रस्तुत संग्रहमा व्यक्त गरेका छन् । कविको कलम खारिँदै जाओस् । शुभकामना ।

## ७.) यात्रा खुसीको

डा. विष्णुबहादुर जि. सी शिक्षा क्षेत्रमा समर्पित व्यक्तिको नाम हो । उनले "यात्रा खुसीको" नामक लेख-संग्रह प्रकाशित गरेका छन् । अंग्रेजी भाषामा चारवटा र

बाँकी २१ वटा लेख नेपाली भाषामा छन् ।यसभित्रका लेखहरू केही नियात्रा छन् त केही लेखकका निजी विचारका संवाहक बनेर आएका छन् । पारिवारिक विषयसन्दर्भमा पनि लेखक रमाएका छन् । मनको चञ्चलता र अस्थिरताका विषयलाई पनि जोडेर लेखकले आफ्ना विचारहरू पस्केका छन् ।




नियात्रामा लेखकले नेपालभित्र र बाहिरका स्थानमा गरेका भ्रमणको वर्णन गरेका छन् । नेपालभित्र पहिलो पटक हिमाल टेक्दा, सगरमाथा यात्रा र जुरेका अवसर राराको निलो क्यान्भास जस्ता छन् भने अंग्रेजी माध्यमका चारवटा लेखमा मार्च २८ को स्मृति, अस्ट्रेलियामा रहँदाका प्रेमिल क्षणहरू, तस्मानिया यात्राका अविस्मरणीय क्षण र चीन मेरो दृष्टिमा जस्ता लेखहरू छन् । अंग्रेजी लेख सुरू हुनु अगावै विमला जि.सी.द्वारा लिखित यात्रा शीर्षकको कवितात्मक अभिव्यक्ति छ ।

लेखक डा. जि.सी.ले जीवनजगत्का सन्दर्भ केही दार्शनिक चिन्तनका साथै पारिवारिक सन्दर्भलाई जोडेर खुसीको यात्रा मनभित्रै रहन्छ । मन नै खुसीको कारक तत्त्व हो । सत्कर्मले खुसी प्राप्त गर्न सकिन्छ भन्ने निचोड दिन खोजेको पाइन्छ । डा. जी.सी. ले आगामी दिनमा व्यक्तिगत र पारिवारिक चिन्तनबाट माथि उठेर सार्वभौम चिन्तन र अभिव्यक्ति पस्कन सकून् । शुभकामना ।

## ८. बन्न नसकेका कविताहरू

राजेन्द्र गोपाल सिंह पाल्पा साहित्य समाज र सम्पदा प्रतिष्ठानका क्रमशः संस्थापक, सचिव, पूर्व अध्यक्ष र संस्थापक अध्यक्षको पहिचान बोकेको नाम हो । उहाँले विभिन्न पत्रपत्रिका तथा संगालोहरूमा विभिन्न लेख रचना प्रकाशित गर्नुका साथै पाल्पाको साहित्यिक इतिहास , पाल्पामा नेपाल भाषा साहित्यको इतिहास जस्ता कृतिहरू सहलेखन गर्नुभएको छ । एकल लेखनका हिसाबबाट सम्झनामा पोखरेली सर्जकहरूपछि बन्न नसकेका कविताहरू २०८२ दोस्रो कृति हो ।

बन्न नसकेका कविताहरू संग्रहभित्र विभिन्न प्रकृतिका ५१ वटा कविताहरू छन् । कविताक्रमको ५१औं कविताबाट प्रस्तुत संग्रहको शीर्षक चयन गरिएको छ ।

कतिपय कविता छोटाछोटा चार पाँच पंक्तिका छन् भने कतिपय लामालामा पनि छन् । प्रिय-अप्रिय, नशा, विकृति, राजनीति, योजना आदि संक्षिप्त (मुक्तक) ढाँचाका कविता हुन् । कविले प्रेमी- प्रेमिकामा देखिएको अवसरवादी प्रेमलाई सङ्केत गर्दै अग्रेजी शीर्षक दिएर - "मन मिले वी टु नमिले मि टु" भन्दै "वि टु , मि टु" शीर्षक राखेका छन् । कविले समसामयिक राजनीतिक परिवेश, नेताको दम्भ, भ्रष्टाचार सामाजिक विकृति तथा विसंगतिका विरूद्धमा प्रत्यक्ष वा परोक्ष रूपमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । कवि सिंहले बन्न नसकेका कविता भनेपनि कविता दमदार बनेका छन् । सफल स्रष्टालाई शुभकामना, कविताहरू बन्दै प्रकाशित हुँदै जाऊन् । शुभेच्छा ।

## ९. शीत-यात्रा

कथा, उपन्यास, बालगीत, बालकथा, बाल उपन्यास, सुसेली सङ्गालो जस्ता कृति प्रकाशित गरिसकेका दामोदर ढकाल "दीपक" को दशौं कृति शीतयात्रा ( शीतोपन्यास) २०८१ अकिञ्चनका हातमा परेको छ । दुई अक्षरको पंक्ति र चार पंक्तिको आठ अक्षरको एक श्लोक भएर नै शीत सिर्जना हुन्छ । यही शीतका माध्यमबाट प्रस्तुत शीतोपन्यास तयार भएको छ ।


प्रस्तुत शीतोपन्यास मङ्गला चारणबाट आरम्भ गरिएको छ :

शिव

तिम्रो

भक्ति

गर्छु




भन्दै ५२ वटा शीतका थोपा मङ्गलाचारणमा छन् । भाग १ मा शीतोपन्यास नायक "दामु" को परिचय प्रस्तुत गरिएको छ । उसका साथी तुलसीको परिचय र उनीहरू दुबैका रुचि पनि प्रस्तुत छन् । जुन कुरा स्रष्टाले गद्यमा प्रस्तुत गरी पुनः शीतका थोपा बगाउँदै साथी तुलसीसित काठमाडौँबाट छुट्टिएर दामु हिमशिखर चढ्न हिँडेको प्रसङ्गबाट पहिलो भाग सुरू गरिएको छ । यस भागमा पनि ५२

वटा शीत छन् । भाग २ मा नायक दामु बसयात्रामा छ । एक दिनको बसयात्रा पूरा गरेर पिप्ले बेसीमा बास बसेको प्रसङ्गसहित १३२ शीतमा दोस्रो भाग समाप्त भएको छ । तेस्रो भागमा हिमशिखर चढ्न गएको दामुको पदयात्रा सुरू हुन्छ । बाटोमा शीतसाधक पाल्पाली चेली नीता पनि हिमाल चढ्नै हिँडेकी तर असम्भव लागेपछि रोएको र दुबैले शिखर आरोहणको यात्रासँगै सुरू गरेको प्रसङ्ग छ । दामु र नीता दुबैको शिखर आरोहणको एउटै लक्ष्य देखिन्छ । दुबै संवाद मनोवाद गर्दै अगाडि बढ्छन् । चौथो र पाँचौं भागमा पनि दामु र नीताका संवाद, मनोवाद, तर्क-वितर्कका प्रसङ्ग छन् । छैठौँ र सातौँमा शिखरआरोहणकै प्रसङ्ग छन् भने आठौँमा उनीहरू दुबैले हिमशिखर सफलतापूर्वक आरोहण गर्छन् । आठौँमा नीताले दामुसँग विवाहको प्रस्ताव राख्छिन् । दामुले स्वीकार गर्छन् नीताले दामुलाई लिएर पाल्पा घर जान्छिन् । नीताका बाबाले दामु सामान्य वर्गको हुनाले आफ्नी छोरी नदिने घोषणा गर्छन् । घर परिवारले तिरस्कार गरेपछि दामुमाथि आक्रमण गर्छन् । दामुले लडेर सबैलाई परास्त गरी नीतालाई भगाएर लैजान्छ । दुबै दामुको घरमा पुग्छन् । दामु र नीताले सफल शिखरआरोहण गरेको शीत-ईश्वर उपाधि हासिल गरेको प्रसङ्गसहित प्रस्तुत शीतोपन्यास समाप्त भएको छ ।

शितोपन्यास नेपाली साहित्यको इतिहासमा एउटा छुट्टै संरचना हो । पाल्पामा जन्मेको शीत काव्यलाई पूर्व भोजपुरका स्रष्टाले शीतोपन्यास जन्माए । स्रष्टालाई साधुवाद निरन्तर प्रगतिको कामना ।

**–अकिञ्चन**

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका हाम्रो पुरुषार्थका
आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल
फोन नं. : ०७१५४१००९ मा सम्पर्क गरी आफ्नो प्रति
पत्रिका लैजानु हुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# गुल्मीको गौरव किरण पुस्तकालय : वार्षिकोत्सव, पुस्तकालय सभा र देवकोटा जयन्ती मनाइयो ।

**२०८२ कार्तिक २७ बिहीबार**




**मनु सुनार, गुल्मी :** 'हाम्रो पुस्तकालय हाम्रो भविष्य' भन्ने मूल नाराका साथ किरण पुस्तकालय रेसुंगा नगरपालिका-८ तम्घास, गुल्मीले ५८ औं पुस्तकालय सभा, ५७औं वार्षिकोत्सव तथा ११७ औं देवकोटा-जयन्ती त्रिवेणी कार्यक्रम गरी धुमधामका साथ मनाएको छ । प्रमुख अतिथि लुम्बिनी प्रदेश सांसद डिल्लीराज भुसालले पुस्तकालय जस्तो संस्था समाजको ज्ञान, चेतना र संस्कृति जोगाउने अभिन्न हिस्सा भएको बताउँदै यसको संरक्षण र विस्तार गर्नु सबैको जिम्मेवारी रहेको उल्लेख गर्नुभयो ।

उहाँले फरक प्रसँगमा युवाहरूको निराशा र देशमा उत्पन्न अस्थिरताप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, "जनताको निराशा बेलैमा चिर्न नसक्नु नै आजको अवस्थाको कारण हो । परिवर्तन सम्भव भए पनि जेन्जीहरूले चाहेअनुसारको सुधार हुन सकेको छैन ।" उहाँले थप्नुभयो,-"ठूलो पार्टी बनाउनेबाहेक नेताहरूमा देश र

युवाप्रतिको चिन्ता देखिँदैन । युवालाई रोक्ने होइन, अवसर दिनुपर्छ । राम्रो स्वास्थ्य, शिक्षा र कृषिलाई प्राथमिकता दिन आवश्यक छ ।" सोही अवसरमा सांसद भुसालले किरण पुस्तकालयलाई एक लाख रुपैयाँको चेक हस्तान्तरण गर्दै पुस्तकालयको आगामी कार्यक्रमका लागि शुभकामना दिनुभयो ।

समाजसेवी तथा पुस्तकालयका आजीवन सदस्य भुवनप्रसाद श्रेष्ठले अहिले किरण पुस्तकालय आफ्नै खुट्टामा उभिन सक्षम भएको र गुल्मीको गहना बनेको बताउनुभयो । ज्ञान बाड्ने भण्डारका रूपमा किरण पुस्तकालयले जिल्लालाई चिनाएको बताउँदै श्रेष्ठले एक फरक प्रसँगमा देश अहंकार र दम्भको भुमरीमा फसेको बताउनुभयो । उहाँले भन्नुभयो : "देश स्थिरतातिर जाने सम्भावना न्यून देखिन्छ, तर निर्वाचन नै मुलुकलाई निकास दिने एक मात्र विकल्प हो ।"

त्यसैगरी पुस्तकालयप्रेमी गणेश खनालले धरानबाट ल्याइएका जमुना भट्टराईद्वारा लिखित पुस्तकहरू पुस्तकालयलाई हस्तान्तरण गर्दै पुस्तकालयसँग आफ्नो जीवन्त लगाव र साहित्यप्रतिको समर्पण रहिरहने बताउनुभयो । उहाँले पुस्तकालयलाई समाज बदल्ने हुटहुटी भएका विशाल हृदयहरूको संगम भन्दै यसको योगदानको प्रशंसा गर्नुभयो ।

वरिष्ठ साहित्यकार तथा पुस्तकालयका उपाध्यक्ष दीन पन्थीले महाकवि लक्ष्मीप्रसाद देवकोटा विराट् प्रतिभा र उहाँको मानवतावादी सोच नेपाली साहित्यको शिखरका रूपमा रहेको बताउनुभयो । उहाँले भन्नुभयो,– "देवकोटाको साहित्यले नेपाली कवितामा युगान्तकारी परिवर्तन ल्याएको हो । उहाँका कवितामा भावुकता, वैचारिकता र मानवता पाइन्छ ।"

पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थी र शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख थानेश्वर घिमिरेले पनि देवकोटाको मानवतावादी सोच र साहित्यमा तल्लो वर्गको प्रतिनिधित्वको चर्चा गर्दै साहित्यलाई समाज सुधारको साधनका रूपमा हेर्नुपर्ने धारणा राख्नुभयो । सोही अवसरमा रेडियो रेसुङ्गाका समाचार प्रमुख मनु सुनार (मनसुन) र हाम्रो पुरुषार्थका सम्पादन सहयोगी ईश्वर विश्वकर्मालाई पुस्तकालयले सम्मान गरेको थियो । पुस्तकालयका अध्यक्ष शशि पन्थीका अनुसार, रेसुंगा नगरपालिका-१४, पराल्मी रातामाटा निवासी पत्रकार सुनारले गुल्मीको सदरमुकाम तम्घासलाई केन्द्र बनाएर एक दशकदेखि पत्रकारितामार्फत नेपाली भाषा, साहित्य र संस्कृतिको प्रचारप्रसारमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

त्यस्तै, रेसुंगा नगरपालिका-८ निवासी 'हाम्रो पुरुषार्थ' पत्रिकामा लामो समयदेखि सम्पादन र मुद्रण कार्यमा सहयोग पुऱ्याउँदै आउनुभएका ईश्वर विश्वकर्मालाई पनि सम्मान गरिएको थियो । विश्वकर्मा १९ वर्षदेखि ग्राफिक्स डिजाइनरका रूपमा सक्रिय रहनुभएको छ । दुबै जनालाई सांसद डिल्लीराज भुसाल र पुस्तकालय अध्यक्ष शशि पन्थीले दोसल्ला, सम्मानपत्र तथा नगद पुरस्कारद्वारा सम्मान र पुरस्कृत गर्नुभएको थियो ।



त्यस अवसरमा कोषाध्यक्षको प्रतिवेदन पुस्तकालय सदस्य गोपाल पन्थीले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सुरुवातमा पुस्तकालय व्यवस्थापन समिति सदस्य शंकरप्रसाद गौतमले स्वागत मन्तव्यद्वारा युवालाई पुस्तकालयसँग जोड्नु आजको आवश्यकता रहेको बताउनुभयो । 'हाम्रो पुरुषार्थ' पत्रिकाका सहायक सम्पादक भुवनप्रसाद अर्यालले महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृति वाचन गर्दै देवकोटाको विराट् व्यक्तित्व र सिर्जनशीलताको सम्झना गराउनुभएको थियो । कविहरू रामप्रसाद पन्थी र नमोनारायण पन्थीले स्वकीय रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन सचिव चनकबहादुर कुँवरले गर्नुभएको थियो । साथै उहाँले पुस्तकालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको प्रगतिबारे जानकारी गराउनुभएको थियो । त्यस अवसरमा विभिन्न व्यक्तित्वहरूले राष्ट्रियस्तरका कवि,

साहित्यकार तथा विविध विधामा विशिष्ट योगदान पुऱ्याउनुभएका व्यक्तिहरूका तस्वीरहरू पुस्तकालयलाई हस्तान्तरण गर्नुभएको थियो ।

किरण पुस्तकालयका अध्यक्ष पन्थीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व क्याम्पसप्रमुख ढुण्डिराज पोखरेल, इन्जिनियर हीराबहादुर भलामी, समाजसेवी रूद्रबहादुर भुजेल, मोहन भलामी, सुरेशचन्द्र भुसाल र गुल्मी उद्योग वाणिज्य संघका अध्यक्ष मृगेन्द्रप्रसाद श्रेष्ठलगायतको उपस्थितिले कार्यक्रम भव्य बनेको थियो ।

वि.सं.२०२५ साल कार्तिक २० गते स्थापित किरण पुस्तकालयले स्थापना कालदेखि नै नेपाली भाषा, साहित्य, कला, संस्कृति, इतिहास र ज्ञान-विज्ञानको चेतना विस्तारमा निरन्तर योगदान दिँदै आएको छ । अध्यक्ष शशि पन्थीका अनुसार हालसम्म पुस्तकालयका संरक्षक १८ जना, विशिष्ट सदस्य १७ जना, आजीवन सदस्य १४६ जना र मानार्थ सदस्य १ जना गरी कुल १८२ सदस्य रहनुभएको छ ।

उक्त संख्या मध्ये २१ जना दिवंगत हुनुभएको छ । हाल पुस्तकालयमा नेपाली र अंग्रेजी भाषाका विभिन्न विधाका १२ हजार ६ सय पुस्तकहरू सङ्गृहीत रहेका छन् । वि.सं. २०३० सालदेखि "हाम्रो पुरुषार्थ नामक त्रैमासिक साहित्यिक पत्रिका नियमित रूपमा प्रकाशन गर्दै आएको पुस्तकालयले हालसम्म २१ वटा विशेषाङ्कसहित सम्पूर्णाङ्क १०७ अंक प्रकाशन गरिसकेको छ ।

०००

**काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको**

# भण्डारी बुक्स एण्ड स्टेशनरीज

**फोन : ०१-४२४१४८५ / ९८४१२०२६९६ / ९८६१०५०८७०**

**बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

**५० वर्ष पहिलेको समचार**

# पुस्तकालय खाँचो पूर्ति गर्न तयार

**(निर्णय प्रतिनिधिबाट)**

**तम्घास ।**

केही समय पहिलेदेखि नै स्थापित भएर सेवा गर्दै आइरहेको किरण पुस्तकालयले **'कलेजका छात्रहरू योग्य पुस्तकालयको आशा राख्दछन्'** भन्ने उक्तिलाई पूरा गर्न निकै प्रयास गर्दै आइरहेको छ । कलेज; स्कुललाई उपयोगी पुस्तकहरू सङ्कलन गर्ने काम पनि किरण पुस्तकालयले गर्दै आएको छ र केही मात्रामा गरेको पनि छ । अहिले यहाँ सङ्कलन गरिएका पुस्तकहरूको संख्या प्रतिदिन बढ्दै गएको छ । विभिन्न पत्रपत्रिकाहरू यहाँ आउनाले वाचनालय पनि राम्ररी चलेको छ । वर्तमान समयमा यसलाई योग्य रूप दिन कलेजका प्राध्यापक, स्कुलका अध्यापक, स्थानीय चेतनशील नव युवा तथा पुस्तकालयका कार्यकर्ता दत्त-चित्त भएर सक्रिय रूपमा काम गर्दैछन् ।

## गुल्मी इन्टर कलेज दिनमा सञ्चालन

**(हाम्रा प्रतिनिधिबाट)**

**तम्घास ।**

यहाँ स्थापित भएको गुल्मी इन्टरकलेजमा केही दिनदेखि यता अध्यापन कार्य दिनमा सञ्चालन गरिएको छ । साँझ बिहानको समय अपुग भएको र छात्रहरूको कमजोरीलाई ध्यानमा राखी दिनमा सञ्चालन गरिएको छ ।

-साभार : **दैनिक निर्णय**
वर्ष ६, अङ्क १११, भैरहवा, २०२८
वैशाख ४ गते शनिवार (१७, अप्रेल १९७१)

# पत्रिका निकै नै उपयोगी

किरण पुस्तकालय, रेसुङ्गा नगरपालिका-८, तम्घास, गुल्मीद्वारा त्रैमासिक रूपमा प्रकाशन हुने साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले किरण पुस्तकालयको प्रभावलाई नेपालमा मात्र हैन विदेशमा समेत फैलाएको पाएँ । स्थापनाको पाँच वर्षपछि अर्थात् वि. सं. २०३० सालदेखि हालसम्म निरन्तर प्रकाशन हुँदै आएको हाम्रो पुरुषार्थको वर्ष ५२ को १०७ औं अङ्क (साउन-असोज, २०८२) मेरो हातमा परेको छ । यस अङ्कमा विद्वता, परिपक्वता, अनुभव आदिले खारिएका विशिष्ट व्यक्तित्वहरूको अन्तर्वार्ता, लेख, संस्मरण, समीक्षा, आलेख, जीवनवृत्त, समालोचना, यात्रा-संस्मरण, कथा, कविता, मुक्तक, गजल, स्थायी स्तम्भहरू समावेश भएका छन् । स्थायी स्तम्भमा भएको पुस्तकालय परिचय, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका आजीवन/मानार्थ सदस्यहरूको परिचय आदिले पुस्तकालयको जीवन्ततालाई टेवा पुऱ्याएको छ ।

पत्रिकाले परिवर्तनको सच्चाइलाई सबैले बुझ्नुपर्ने, निष्ठा, त्याग आदि जीवनका अनमोल सम्पत्ति हुन् । धन, यौवन क्षणिक छन् भन्ने कुरामा जोड दिएको छ । वर्तमान भ्रष्ट विकृत राजनीति र हाम्रो पहिचानका मौलिक मूल्य मान्यतामा आएको विचलनप्रति पाठकहरूलाई सजग र सतर्क गराउन पत्रिका निकै नै उपयोगी रहेको पाएँ । कार्यसमितिका अध्यक्ष श्री शशि पन्थी र उपाध्यक्ष श्री दीन पन्थीलगायत समूहको विद्वता, सामाजिक कार्यप्रतिको निःस्वार्थ लगाव र निरन्तरताले देश तथा विदेशसम्म ज्ञानको किरण फैलाउन किरण पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ पत्रिका सफल भएकोमा कुनै दुई मत छैन । आगामी दिनहरूमा पत्रिकाले देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहनीता, भेदभाव, वहिष्करण, अन्याय, सामाजिक आर्थिक असमानताविरूद्ध विशेष गरी युवा पुस्तामा चेतनाको किरण बाल्न सकोस् भनी हाम्रो पुरुषार्थ पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**नारायण प्याकुरेल**
**कोषाध्यक्ष, कमला सामुदायिक पुस्तकालय**
**कमलामाई नगरपालिका-४, दुङ्गेवास, सिन्धुली**

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



**<u>आजीवन सदस्य</u>**

नाम : उत्तमकुमार अर्याल
जन्ममिति : २०४१/०७/०८
माता/पिता : देवीप्रसाद अर्याल
पत्नी : दुर्गा अर्याल
शिक्षा : एस. एल. सी.
अभिरुचि : अध्ययन, भ्रमण, समाजसेवा
मोवाइल : ९८४७२४८८९७ (नेपाल) / ९९७१७७११८३ (भारत)
ईमेल : deviuttam@gmail.com
ठेगाना : तिलोत्तमा वडा नं. १, शङ्करनगर, रूपन्देही
हाल : १०९२/१ फलेट नं. ७, तिसरी मन्जील मेहरोली नईदिल्ली, भारत ।

---

## हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकको नामावली

**<u>आजीवन ग्राहक</u>**

| क्र.सं. ग्राहकको नाम | ठेगाना |
|---|---|
| ९७९. श्री उत्तमकुमार अर्याल | तिलोत्तमा वडा नं. १, शङ्करनगर रूपन्देही<br>मो.नं.: ९८४७२४८८९७ |

ooo

**किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य र ग्राहक बन्न चाहने व्यक्तिहरूले क्रमशः रु. १०,०००/- र रु. ५,०००/- गरी जम्मा रु. १५ हजार रा.वा.बैंक गुल्मीको च.हि.नं. : ३०१०१००३४२७८७००१ खातामा पठाई पुस्तकालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**किरण पुस्तकालय**
**गुल्मी**




५८औं पुस्तकालय सभाको समापन कार्यत्रमका
सहभागीहरू ।




पुस्तकालयप्रेमी श्री गणेश खनालले धरानबाट ल्याइएका जमुना भट्टराईद्वारा
लिखित औपन्यासिक कृति "मर्नुअघि" पुस्तकालयलाई हस्तान्तरण गर्दै ।




२०८२ पुस १५ गते १४२औं लेखनाथजयन्ती समारोहमा कविता सुन्दै सहभागीहरू

जि.का., गुल्मी द.नं. : ०१/२०३५/०३६

# हाम्रो पुरुषार्थको

**सम्पूर्णाङ्क ११०**

## रेसुङ्गाक्षेत्र विशेषाङ्क

**हुनेछ ।**

उक्त अङ्कका लागि २०८२ फाल्गुन मासान्तभित्र आफ्ना बहुमूल्य लेख-रचनाहरू पठाई सहयोग गर्नुहोस् ।

लेख-रचनाहरू ऐतिहासिक पावन तपोभूमि रेसुङ्गाका बहुपक्षीय विशेषताहरूमध्ये कुनै एक विषयमा केन्द्रित भएर लेख्नुपर्ने छ ।

रेसुङ्गाको ऐतिहासिक, पौराणिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक, वानस्पतिक, भौगोलिक विशेषता र पर्यटन प्रवर्धन तथा पर्यावरणीय महत्त्वका लेख-रचनाहरू बढी ग्राह्य हुनेछन् ।

## हाम्रो पुरुषार्थ

(राष्ट्रिय त्रैमासिक)

## किरण पुस्तकालय

तम्घास, गुल्मी

फोन : ०७९-५२०२८७, ९७६९२९७७८७

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com